जि.प्र.का. काठमाडौं, द.नं. ३६३/०७४/०७५

# साकोस आवाज
# SACCOS AAWAJ

नेफ्स्कून

नेफ्स्कूनको त्रैमासिक प्रकाशन

वर्ष ४ | अंक ११ | मुल्य रू.१००/- | जेष्ठ - श्रावण (२०७६)




## साकोस संरक्षणमा स्थिरीकरण कोष

नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेलः nefscun@nefscun.org.np

www.nefscun.org.np

# संघका विविध गतिविधिका झलकहरू


















"समृद्ध जीवनको आधार, कोलिय देवदहमा कारोवार"

# कोलिय देवदह
## बचत तथा ऋण सहकारी संस्था लि.
## KOLIYA DEVDAHA Saving & Credit Co-operative Society Ltd.

नेफ्स्कून

ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

EXCELLENCE PROBATION

### संस्थाको परिचय (Introduction):

महामानव गौतम बुद्धको मावली स्थल प्राचिन कोलिय गणराज्यको राजधानी प्राचिन देवदहमा सहकारी मुल्य मान्यता र सिद्धान्त अनुरूप सदस्यको आयबाट नियमीत रूपमा बचत गरी सदस्यको सीप र क्षमता अभिवृद्धि गरी आयआर्जन कार्यमा टेवा पुऱ्याउने उद्देश्य अनुरूप मिति २०६२ कार्तिक १९ गतेको प्रारम्भिक भेलाले संस्थापक अध्यक्ष श्री कृष्ण प्रसाद पौडेलको अध्यक्षतामा गठन गरेको देवदह बचत तथा ऋण सहकारी संस्था लि. र २०६१ साउन १ गतेको प्रारम्भिक भेलाले संस्थापक अध्यक्ष श्री तुल्सीराम शर्माको अध्यक्षतामा गठन गरेको कोलिय बचत तथा ऋण सहकारी संस्था लि. बिच २०७५ माघ ५ गते एकीकरण घोषणा सभा सम्पन्न गरी कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि. लाई विधिवत् रूपमा २०७५ चैत्र २० गतेका दिन एकीकरण प्रमाण-पत्र प्राप्त गरी अगाडि बढेका छौ ।

### परिकल्पना (Vision):

"सर्वोत्कृष्ट, दीगो, प्रविधियुक्त र व्यवसायिक समृद्ध वित्तीय सहकारी"

### ध्येय (Mission):

"सदस्यहरूको समृद्ध जीवनस्तरका लागि सहकारी मूल्य, मान्यता र सिद्धान्तमा आधारित सम्पूर्ण वित्तीय सेवा प्रदान गर्ने सहकारी संस्था"

### कार्यक्षेत्र :

देवदह नगरपालिका सहित रूपन्देहीका सबै गाउँपालिकाहरू

### कार्यालय तथा जनशक्ति व्यवस्थापना :

संस्थामा ३० जना कर्मचारीहरू कार्यरत छन् । संस्थाको मुख्य कार्यालय देवदह नगरपालिका वडा न. ७ खैरेनीमा रहेको छ भने देवदह न.पा.-७, सितलनगर, देवदह न.पा.-१, ६ नं. चोक, देवदह न.पा.-९, घोडाहा र देवदह न.पा.-१२, शंकरपुरमासेवा केन्द्र सञ्चालन गरेको छ भने देवदह न.पा.-१० चरङ्गेमा बचत संकलन केन्द्र सञ्चालन गरेको छ। संस्थाको मुख्य कार्यालय आफ्नै भवनमा रहेको छ भने अन्य कार्यालयहरू भाडामा रहेका छन ।

### बचत योजनाहरू :

सदस्यहरूलाई बचत गर्ने बानीको विकास गरी भविश्यमा उक्त बचतको परिचालन गरी समृद्ध सदस्य बनाउने उद्देश्यले सदस्यहरूको आवश्यकता र चाहाना अनुरूपका नियमित बचत, धन सिर्जना गर्ने बचत तथा ऐच्छिक बचतका उत्पादनहरू सञ्चालनमा ल्याएका छौ ।

- नियमित बचत
- साधारण बचत
- कृषक बचत
- विशेष बचत
- नारी बचत
- कर्मचारी बचत
- जेष्ठ सदस्य बचत
- पालुवा बचत
- नव किरण बचत
- व्यापारिक बचत
- शेयर वृद्धि बचत
- चाडपर्व बचत
- घर गहना बचत
- हायर पर्चेज बचत
- दैनिक बचत
- रेमिट्यान्स बचत

### ऋण :

सदस्यहरूको व्यवसाय वृद्धि तथा आय आर्जनका लागि छिटो छरितो तथा सुविधाजनक तरिकाबाट ऋण प्रवाहका लागि तपसिल अनुसारका ऋण सेवाहरूको विकास गरिएको छ ।

- कृषि ऋण
- व्यापारिक ऋण
- सेवा व्यवसाय ऋण
- औद्योगिक ऋण
- लघु उद्यम ऋण
- आवास ऋण
- शैक्षिकऋण
- हायर पर्चेज ऋण
- घर खाचो ऋण
- उद्यमी ऋण
- दैनिक व्यापार ऋण
- घर मर्मत ऋण
- वैदेशिक रोजगार ऋण
- कर्मचारी सहुलियत ऋण

### संस्थाको वितीय अवस्था

| | |
|---|---|
| संस्थागत पूँजी | रू. ६ करोड ७ लाख |
| शेयर पूँजी | रू. ८ करोड ३० लाख |
| बचत | रू. ७२ करोड ३३ लाख |
| ऋण लगानी | रू. ७६ करोड ४० लाख |
| कुल सम्पती | रू. ९० करोड ४७ लाख |

### विप्रेषण सेवा (रेमीट्यान्स सेवा)

वैदेशिक रोजगारमा रहनुभएका सदस्यका परिवारले पठाएको रकम सजिलै सँग उपलब्ध गराउन तथा स्वेदशमै रकम पठाउन तथा प्राप्त गर्न विभिन्न रेमीट्यान्स कम्पनीहरूसँग सम्झौता गरि विप्रेषण सेवा प्रभावकारी रूपमा सञ्चालन गरेका छौ ।

### कार्यक्रमहरू

- सदस्यहरूको २ लाखको दुर्घटना मृत्यु बीमा
- सदस्यको मृत्युमा २० हजार राहत वितरण
- सदस्यको जटिल रोग जस्तै क्यान्सर, मुटुको अपरेशन तथा किडनी फेल भएका सदस्यहरूलाई रू. १५ हजारसम्म राहत वितरण
- जेष्ठ सदस्यहरूलाई पेन्सन सहित सम्मान
- जेष्ठ सदस्य जन्मोत्सव
- मासिक रूपमा उत्कृष्ट सदस्य तथा रेमीट्यान्स बिजेतालाई सम्मान
- विभिन्न शीर्षकहरूमा पुरस्कार एवं सम्मान
- दिदी बहिनी क्लबहरूका बिचमा सहकारी तिज गित प्रतियोगिता
- स्वास्थ्य शिविर

**सेवा केन्द्रहरू:**

देवदह-७, सितलनगर, फोन नं.: ०७१-५७७५०८, ५७७१४७
देवदह-१, छ नं., फोन नं.: ०७१-६२०५९६
देवदह-९, घोडाहा, फोन नं.: ०७१-५७७९०७
देवदह-११, शंकरपुर

**बचत संकलन केन्द्र:**
देवदह -१०, चरङ्गे

**केन्द्रीय कार्यालय** : देवहद-७, कोलियमार्ग,
फोन नं.: ०७१-५७७५९६, ५७७५९८, ५७७१०३
इमेल: koliyadevdahasaccos@gmail.com
koliyadevdahasaccos.org.np

दर्ता नं.: ८३-०५०/०५१ पान नं.: ३०३२०९८१८

"वित्तीय क्षेत्रको पहिलो छनौट"

नेफ्स्कून

# मिलिजुली

## बचत तथा ऋण सहकारी संस्था लि.

ACCESS SILVER

| | |
|---|---|
| स्थापना मिति | : २०५० भाद्र ७ गते |
| कार्यक्षेत्र | : भीमेश्वर नगरपालिका, शैलुङ्ग गा.पा. वडा नम्बर ३, ४, ५, ६, ७, बैतेश्वर गा.पा. वडा नम्बर ६, ७, ८, कालिञ्चोक गा.पा. २, ३, ४, ५, ६, ७, ८, ९ र बिगु गा.पा. वडा नम्बर ४, ५ रहेको छ । |
| शेयर सदस्य | : २०,०१३ जना |
| बालबचतकर्ता | : ७,९२९ जना |
| सञ्चालक समिति | : १३ जना |
| कर्मचारी | : ३८ जना |
| सेवाकेन्द्र | : ७ वटा |
| कुल वासलात | : १,०१,३६,९१,४९३/- |
| सहकारी एकीकरण | : ११ वटा |




संस्थाका अध्यक्ष श्री नारायण बहादुर श्रेष्ठज्यूलाई ACCU का अध्यक्ष श्री ऋषिराज घिमिरेज्यूद्वारा ACCESS SILVER Brand प्रदान गर्दै



माननीय कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री श्री पदमा अर्यालज्यूसँग सहकारीका CEO हरु (मिजन सञ्चार नेपालद्वारा आयोजित कार्यक्रम)



रणनीतिक योजना निर्माणमा सहभागीहरू

### सकोसका सेवा तथा कार्यक्रमहरू :

१. बचत सेवा
२. ऋण सेवा
३. विप्रेषण सेवा
४. मोबाईल बैंकिङ्ग सेवा
५. ए.टी.एम. सेवा
६. बीमा सेवा
७. सामाजिक कार्यक्रम
८. वित्तीय, कानूनी, प्राविधिक, स्वास्थ्य र भावी विपत्ति सम्बन्धी साक्षरता
९. बाल वित्तीय साक्षरता
१०. मिलिजुली दर्पण रेडियो कार्यक्रमबाट सहकारी सचेतना
११. शेयर सदस्यलाई ऋण सदुपयोगिता तालिम
१२. सदस्यसँग मिलिजुली कार्यक्रम
१३. विस्तारित मञ्च कार्यक्रम
१४. स्वास्थ्य शिविर
१५. स्ट्रेचर वितरण
१६. जेष्ठ शेयर सदस्यलाई टेक्ने ली वितरण आदि

### साकोसका प्रमुख सफलताहरू :

- २०६९ सालमा राष्ट्रिय सहकारी बैंक लि. बाट मध्यमाञ्चल विकास क्षेत्र उत्कृष्ट,
- २०७१ सालमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) बाट नेपाल भरीकै बचत तथा ऋण सहकारी संस्थाहरू मध्ये सबैभन्दा उत्कृष्ट,
- नेपाल सरकार आन्तरीक राजश्व कार्यालयबाट २०७२ र २०७४ सालमा गरी दुई पटक उत्कृष्ट करदाता,
- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) द्वारा सञ्चालित एशिया स्तरको एक्सेस ब्राण्डिङ्ग कार्यक्रममा सहभागी भई :
  क) सन् २०१७ को परीक्षणबाट ब्रोन्ज ब्राण्ड प्राप्त,
  ख) सन् २०१८ को परीक्षणबाट सिल्भर ब्राण्ड प्राप्त ।

www.milijuli.coop.np

भीमेश्वर न.पा.-६, चरिकोट, दोलखा
फोन नं.: ९७७-४९-४२१३९७, ४२१९४३, फ्याक्स: ४२१५३९
इमेल: milijuli50.saccos@gmail.com

**प्रकाशक**

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून)

**संरक्षक**

डी.बी. बस्नेत

अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति-संयोजक**

चन्द्र प्रसाद ढकाल

महासचिव

**सूचना तथा प्रकाशन उपसमिति सदस्यहरू**

नवराज अर्याल

जगदिश शर्मा

हरेराम प्रसाद पट्टेल

पुण्यराज पुडासैनी

**सम्पादक**

शिवजी सापकोटा

**सह-सम्पादक**

राधा पौडेल

सूचना तथा सञ्चार अधिकृत

**मुद्रण**

एक्सिस प्रिन्टर्स प्रा. लि.

न्यूप्लाजा, काठमाडौं

०१-४४३६८६१

**मुल्य**

रू.१००/-





**सम्पादकीय**


*भियतनाम सम्मेलन र यसको सन्देश... ९*

*समाज, संसार र समृद्धिमा वित्तीय सहकारीको जिम्मेवारी... १९*

*गुणात्मक विकास र एकीकरणको चरणमा ध्यान दिनुपर्ने पक्षहरु... २३*

*पद्धतिसंगत ढंगले अघि बढ्न खोज्ने सबै साकोसहरु नेफ्स्कूनमा आउँछन्... २७*

*सहकारी ऐन, २०७४ को प्रभावकारी कार्यान्वयनका आधारहरु... ३३*

*सहकारी संस्थाहरुमा कोषको व्यवस्था र प्रयोगको अवस्था... ३९*

*खरिदमा शुद्धता र लेखा समितिको भूमिका... ४५*

*नेफ्स्कूनको वृद्धि र विकासमा मेरो १२ वर्ष... ४९*

*रणनीतिक तथा व्यवसायिक योजनाको निर्माण... ५३*

*बचत ऋण अभियानमा स्थिरीकरण कोष... ५९*

*सहकारी संघहरु र संघका सदस्यको अपेक्षा... ६३*



© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)



केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-४७८१९६३, ४७८०२०१

इमेलः nefscun@nefscun.org.np, adcom@nefscun.org.np

वेबसाइटः www.nefscun.org.np



**यस साकोस आवाजमा प्रकाशित सबै धारणाहरु लेखकका निजी धारणा हुन् । -सम्पादक**

# सम्पादकीय

नेफ्स्कूनको इतिहासले आज ३१ औं बसन्त पार गर्दै अगाडि बढेसँगै सहकारी अभियानको समग्र उपलब्धीहरूको समीक्षा गर्नु र आगामी दिनका लागि योजना बनाउनुनै वर्तमानको जिम्मेवारी छ । सहकारीको प्रारम्भ वि.सं. २०४८ देखि यताका अवधिलाई लिनेहो भने पनि सहकारी मार्फत जनताले, जनताका लागि र जनताद्वारा नै प्रवर्द्धित, सञ्चालित र नियन्त्रित स्वायत्त संस्थाका रूपमा विकास गरी सामाजिक, सांस्कृतिक एवं आर्थिक लक्ष्य सहित आय आर्जनको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हाँसिल गरिसकेका छन् ।

नेफ्स्कूनले विगत १० वर्षदेखि नै नेपालमा वित्तीय कारोवार गर्ने सहकारीहरूमा वित्तीय स्थिरता र सुशासन कायम गराउन पृथक ऐनको माग राखी बचत तथा ऋण सहकारी संघसंस्थाहरूको वृद्धि र विकासको लागि पहल गरिरहेको छ । बचत तथा ऋण सहकारी क्षेत्रमा उठेका नीतिगत सवाल र बचत तथा ऋण सहकारीको लागि छुट्टै ऐनको आवश्यकताको विषयमा वृहत छलफल गरी यसको पूर्णताका लागि नीतिगत पहल अगाडि बढाएको छ ।

सहकारी ऐनले बचत तथा ऋण सहकारीको सबै भावना समेट्न नसक्ने हुँदा छुट्टै बचत तथा सहकारी ऐनको पक्षमा नेफ्स्कूनले वहश तथा पैरवी गर्दै आईरहेको हो । नेफ्स्कूनले यही मिति २०७६ असार २५ गते बचत तथा ऋण सहकारी सम्बन्धी छुट्टै बचत तथा ऋण ऐन बनाउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्यालसलाई प्रस्तावित मस्यौदा समेत पेश गरिसकेको छ । बचत तथा ऋण सहकारी संस्था पूँजी संकलन गर्ने संयन्त्रको रूपमा अन्य सहकारीभन्दा अग्रस्थानमा छन् । मुलुकले अंगिकार गरेको तीन खम्बे अर्थनीति भित्रको एक प्रमुख खम्बा सहकारी क्षेत्र र आर्थिक समृद्धिको एक आधार बनेको सहकारी क्षेत्रमा सबैभन्दा ठूलो योगदान बचत तथा ऋण सहकारीको रहेको छ ।

पूँजी संकलनको क्षेत्रमा देखा परेका ठूला बैंक तथा वित्तीय संस्थाका लगानीका क्षेत्र ठूला हुन्छन् । ठूलो पूँजी र ठूलै लगानीको कार्यक्षेत्रबाट मध्यम र न्यून आय अवस्था भएका मानिसहरूको आर्थिक आवश्यकता सहजै पुरा हुन सक्दैन । हाम्रो जस्तो २५ प्रतिशत गरिबीको रेखा मुनी रहेका जनता र त्यसपछि झण्डै ३० प्रतिशत कम आय भएका जनताले ओगटेको गरीव मुलुकका लागि ठूला वित्तीय संस्थाहरूको भन्दा सहकारी संस्थाहरूको वित्तीय सेवा लाभप्रद रहेको देखिन्छ । विभिन्न उद्देश्य केन्द्रित कुल ३४,५१२ सहकारीको संख्या मध्येमा करिब १५ हजारको हाराहारीमा बचत तथा ऋण सहकारीहरू छन् सबैभन्दा ठूलो हिस्सा ओगटेको बचत तथा ऋण सहकारी पूँजी संकलन गर्ने संयन्त्रको रूपमा अग्रस्थानमा रहेको र दीगो विकासका क्षेत्रमा सहायक सिद्ध छ । सहकारीले समुदायमा अपनत्वको भावना जागृत गराएर आफैं मालिक बन्ने संस्थाको रूपमा विकास गरिदिएको छ । स्थानीय तहमा जनतालाई एकत्रित गरी बचत गर्ने बानी बसाल्ने र संकलित पूँजी आय आर्जन हुने खालका परियोजनाहरूमा लगाएर वितरण र सञ्चालनको जिम्मा उनीहरूलाई नै सुम्पिएको छ ।

समाज र समुदाय भित्र आर्थिक तथा सामाजिक विकासका लागि अभियान ल्याउने संयन्त्रका रूपमा बचत तथा ऋण सहकारी अभियानलाई केन्द्रीकृत गरेर प्रस्तावित बचत तथा ऋण सहकारी ऐन स्वीकृत गरी वित्तीय कारेवारमा संलग्न सहकारी संस्थाहरूलाई स्वतः त्यसै ऐन भित्र रूपान्तरित गर्नु आजको आवश्यकता ठहर्छ । छुट्टै बचत तथा ऋण सहकारी ऐनसँग सरोकार राख्ने विषय विज्ञहरूलाई समावेश गराई यथाशिघ्र बचत तथा ऋण सहकारी ऐनको विषयमा बहश, छलफल तथा परामर्श गरी तालुक मन्त्रालयले प्रस्तावित मस्यौदा उपर तत्काल आवश्यक परिमार्जन गरी बचत ऋण ऐन स्वीकृत गर्नुको विकल्प छैन ।

**संरक्षकः** डी.बी. बस्नेत, अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति संयोजकः** चन्द्र प्रसाद ढकाल । **सदस्यहरूः** नवराज अर्याल, जगदिश शर्मा, हरेराम प्रसाद पट्टेल, पुण्यराज पुडासैनी

**सम्पादकः** शिवजी सापकोटा, प्रमुख कार्यकारी अधिकृत, नेफ्स्कून

**सह-सम्पादकः** राधा पौडेल, सूचना तथा सञ्चार अधिकृत, नेफ्स्कून

**© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**

केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ०१-४७८१९६३, ४७८०२०१, इमेलः nefscun@nefscun.org.np, वेबसाइटः www.nefscun.org.np



# अध्यक्षको कलम...✍

**सफलताको श्रेय**

नेफ्स्कून ३२ औं वर्षसम्म प्रवेश गर्दा समग्र मुलुकको सहकारी आन्दोलनलाई मर्यादित, स्तरीय र सुशासित बनाएर लैजान यसले महत्वपूर्ण भूमिका खेलको छ । यसलाई नेतृत्व दिने पूर्व अध्यक्षहरू एवम् सबैले धेरै मेहनत गर्नुभएको छ । उहाँहरूकै कारणले नेफ्स्कून आज यो अवस्थामा आइपुगेको हो । यस अवस्थामा ल्याउन सहयोग पुऱ्याउने पूर्व सञ्चालक समितिहरू, कर्मचारीहरू, अभियानकर्मी केन्द्रीय निकाय तथा व्यक्तित्वहरू लगायत सबै प्रति आभारी छौं । यसलाई स्थापना गर्ने संस्थापक अध्यक्ष भोजराज घिमिरे, लामो समय नेतृत्व प्रदान गर्ने कैलाशभक्त प्रधानाङ्ग, मिनराज कँडेल र निवर्तमान अध्यक्ष ऋषिराज घिमिरेले पूर्ण वैज्ञानिक र प्राविधिक रूपले अघि बढाउनुभएको छ । उहाँहरूले बनाएको दुरगामी सोच र कार्ययोजना समातेर हिड्नाले हामीले सफलता पाएका हौं । कुनै पनि संस्थाको महत्वपूर्ण व्यक्ति भनेको त्यसको नेतृत्वकर्ता हुन्, नेफ्स्कूनमा पनि त्यही हो र विगतका नेतृत्वहरूको हामी सदैव उच्च मुल्यांकन गर्दछौं । उहाँहरूको योगदान नेपालको बचत तथा ऋण सहकारीको अभियानमा सदैव अविस्मरणीय रहनेछ । आजको यो पूनित अवसरमा म उहाँहरूलाई विशेष आभार व्यक्त गर्न चाहन्छु ।

**मेरो कार्यकाल**

म अध्यक्ष भएर आउँदा संघका विधिगत धेरै पूर्वाधारहरू पहिल्यै तयार भैसकेका थिए । तिनको सफल कार्यान्वयनको पाटो हाम्रो काँधमा थियो । बनेका नीति नियमहरू कार्यान्वयन गर्ने/गराउने अवसर मेरो टिमले पायो । तिनमा मेरो योगदान रह्यो भन्ने लाग्छ । हाम्रो कार्यकालमा निक्कै समयदेखि बाँकी रहेको सहकारी ऐन तथा नियमावली जारी भए । तिनमा नेफ्स्कूनका काम र क्षेत्राधिकार स्पष्ट भएर समावेश भए । सहकारीमा सन्दर्भ ब्याजदरको कुरालाई हामीले एउटा टुङ्गोमा पुऱ्याउन सफल भयौं । साकोस एकरूपता प्रणालीमा हामी अघि बढ्न सक्यौं । स्थिरीकरण कोषको कार्यक्रमलाई हामीले अघि लैजान सक्यौं । सदस्यहरूको मागका आधारमा सेवा, सदस्य संख्या, शाखा तथा फिल्ड कार्यालय विस्तार गर्न सक्यौं । संस्थाहरूलाई स्तरीकरण गरी दीगो साकोस सञ्चालनमा सहयोगी हुने राष्ट्रिय अन्तर्राष्ट्रिय ब्राण्डिङको कार्यक्रममा यसै वर्षदेखि ६ सयको हाराहारीमा संस्थाहरूलाई समावेश गराउन सफल भयौं । त्यस्तै, अन्तर्राष्ट्रिय क्षेत्रको कुरा गर्दा निक्कै लामो प्रयासपछि विश्व ऋण परिषद् (WOCCU) को सदस्यता लिन हामी सफल भयौ । अहिले हाम्रो संस्थागत अवस्था हेर्दा नेफ्स्कूनलाई सेवा, तालिम आदिका दृष्टिकोणले एउटा वैज्ञानिक र आधुनिक प्रक्रियाबाट अघि बढाउन हामी सफल भएका छौं । प्रविधिको दृष्टिकोणले हामीले हाम्रो सूचना सञ्चार र त्यसमा पनि सदस्य सूचना प्रणालीलाई थप चुस्त दुरूस्त बनाउँदै लैजाने क्रममा छौं ।

**सम्भावना र चुनौती**

सहकारी क्षेत्रमा चुनौती सबैलाई हुने भएपनि वित्तीय कारोवार गर्ने संस्थाहरूलाई अझ बढी छ । प्रतिस्पर्धी संस्थाहरू धेरै छन् । सरकारले सन्दर्भ ब्याजदर निर्धारण गरिसकेको छ । यो क्षेत्रको सामु मुख्य चुनौती भनेको साकोसहरूले जनताले जम्मा गरेको रकमको सुरक्षा/प्रत्याभूति दिनु हो । आर्थिक भाषामा भन्दा बचत सुरक्षण । यस किसिमको सुरक्षा स्थिरिकरण कोषमार्फत हुन्छ जुन विषयको अवगत हामीले सरकारलाई पनि गरायौं । हामीले खोजेको अथवा साकोसको आवश्यकता अनुरूप त्यस विषय ऐनमा नसमेटिए पनि सुरूवात भने भएको छ । यस कोषमा रकम जम्मा गर्न सुरू गरेपछि साकोसप्रति जनविश्वास बढ्ने आधार तय हुन्छ । कर्जा सूचना केन्द्रको विषयलाई पनि विशिष्टीकृत सहकारीमार्फत अघि बढाउने कुरा ऐनमा समेटिएको छ । कर्जा सूचना केन्द्र को स्थापना र स्थिरीकरण कोषको व्यवस्थापछि धेरै हदसम्म सहकारी अभियानलाई विधिसंगत ढंगले अघि लैजान सकिन्छ भन्ने मलाई लाग्छ । हामीले बनाउन खोजेको नेफ्स्कून भनेको, जो नेपाली जनता यसको सदस्य साकोसमार्फत कारोवार गर्छन्, उनीहरूले कुनै खालको डर एवम् शंका मान्नुनपर्ने अवस्थामा पुऱ्याउनु हो । अबको केही वर्षमा हामी पूर्ण रूपमा यस किसिमको प्रतिवद्धता आधार र प्रमाणहरू सहित प्रस्तुत गर्ने अवस्थामा पुऱ्याउँछौ । अहिले पनि धेरै हदसम्म त्यो अवस्था छ । नेपाली सहकारीको वित्त बजार अत्यन्त अस्वस्थ्य प्रतिस्पर्धामा आधारित छ, ऐन नियमको पालनामा बिलकुलै ध्यान नदिई आफ्नो हिसाबले चल्ने परिपाटी

छ, यसतर्फ प्रभावकारी सरकारी अनुगमनको आवश्यकता छ भन्ने हाम्रो धारणा हो । हामीले पनि आफ्ना सदस्यमार्फत काम गर्दा उनीहरूलाई नमान्दा पनि कानूनी कारवाही गर्ने ठाउँ भनेको सरकारमार्फत नै हो ।

### छुट्टै साकोस ऐनको आवश्यकता र औचित्य

दुई दशकभन्दा अघिदेखि नै हामीले छुट्टै बचत तथा ऋण सहकारी ऐन आवश्क रहेको विषयमा वकालत गर्दै आएका छौं । अहिले पनि हाम्रो माग त्यही हो । सौभाग्यवश यो पटक सहकारी मन्त्री आफैले अब छुट्टै बचत तथा ऋण ऐन जारी गर्छौ भन्नुभएको छ । सरकार सकारात्मक देखिएको छ । हामीले मस्यौदा ऐन सरकारलाई बुझाएका छौं । सरकारले छिटो ऐन जारी गर्नुपर्छ भन्ने हाम्रो माग हो । यो ऐन आयो भने नेपालको वित्तीय सहकारीहरूको सुशासनका लागि एकदमै राम्रो हुन्छ । संघ संस्थाहरूलाई नियमन अनुगमन गर्न र विधिसम्मत् अगाडि बढाउन धेरै हदसम्म सहयोग पुऱ्याउँछ भन्ने मलाई लाग्छ । अभियानकर्मीहरूले पनि छुट्टै बचत तथा ऋण ऐन नआओस् भनेर भन्नुपर्ने कारण छ जस्तो मलाई लाग्दैन । हामी पनि छुट्टै कृषि सहकारी ऐन, सहकारी बैंक ऐन, बहुउद्देश्यीय सहकारी ऐन बनोस् भन्ने पक्षमा छौं । अरू सहकारीहरूलाई होच्याउनुपर्ने वा बेवास्ता गर्नुपर्ने हाम्रो आशय छैन । सबै सहकारीहरू समानरूपमा अघि बढुन् भन्ने हाम्रो चाहना हो ।

### अन्तरसहकारी सम्बन्ध

राष्ट्रिय सहकारी महासंघले बनाएको अन्तरसहकारी सञ्जालमा हामी पनि आवद्ध छौं । अरू विषयगत सहकारीहरूलाई हरसम्भव सहयोग गर्न हामी तयार छौं । अरूको वित्तीय वा व्यावसायिक कारोवारमा हस्तक्षेप गर्ने हाम्रो सोच छैन । हाम्रा सदस्यहरूको बचत गर्ने बानीको विकास तथा उनीहरूलाई उत्पादनको क्षेत्रमा तथा अन्य उद्यमशीलता विकास गर्ने काममा बढी समय खर्चिरहेका छौं । तिनै विषयका लागि कहाँबाट कुन नियम ऐन कानून वा कुन देशको मोडेलले काम गर्छ, हामी त्यतैतिर बढी केन्द्रित छौं । नेफ्स्कूनको अहिलेको सम्पूर्ण संयन्त्रले त्यसतर्फनै बढी ध्यान दिएको छ ।

### अनुरोध

अहिले १४ हजार बचत तथा ऋण सहकारीहरूमध्ये २-३ हजार निस्कृय छन् भन्ने लाग्छ । बाँकीमध्ये ९ हजारको हाराहारीमा जिल्ला बचत संघमा आवद्ध भएकाहरूलाई हेर्दा हामी धेरै साकोसको माझमा पुग्यौ भन्ने लाग्छ । केही सिधै आउनुभएको छ, केही जिल्ला संघमा रहनुभएको छ, त्यो सञ्जाललाई हेर्दा हामी अब थोरैसँग मात्र पुग्न बाँकी छ । यद्यपि, नेफ्स्कूनले जहिले पनि सदस्यताका लागि २४ औ घन्टा आफ्नो ढोका खुल्ला राखेको छ । कुनै पनि बेला संस्थाहरूले हाम्रो शाखा कार्यालय एवं जिल्ला संघहरूमार्फत आवेदन दिन सक्ने व्यवस्था मिलाएका छौं । सदस्यता वृद्धिका लागि हरेक वर्ष हामीले उत्प्रेरणात्मक कार्य पनि सञ्चालन गर्दै आएका छौं । नेपालमा दर्ता भएका सबै बचत तथा ऋण सहकारी संस्थाहरूलाई चाँडो भन्दा चाँडो नेफ्स्कून अभियानभित्र सामेल भई सुरक्षित र दीगो साकोस सञ्चालन गर्नुहुन हामी अनुरोध पनि गर्दछौं ।

(वार्तामा आधारित)









# नेफ्स्कूनको ३२ औं स्थापना दिवसको अवसरमा प्रकाशित साकोस आवाज पत्रिका मार्फत सहकारी अभियानकै शीर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघ लगायत राष्ट्रिय सहकारी बैंक र सहकारी विभागको तर्फबाट व्यक्त शुभकामना सन्देश:



**केशव बडाल**
अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ

नेफ्स्कून, नेपालका बचत तथा ऋण सहकारी संस्थाहरूको शीर्षस्थ निकाय हो । यसको इतिहासलाई वर्तमानसँग तुलना गर्ने हो भने आकार, गुण, व्यवस्थापन र गतिशीलतामा उल्लेख्य वृद्वि भएको छ र अबको दिनमा प्रभावकारीता थप बढ्दै जाने अपेक्षा र कामना गर्दछु । नेफ्स्कून स्थापना दिवसको अवसरमा यसका अध्यक्ष सहित सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यहरू, व्यवस्थापन र सबै कर्मचारी तथा यसमा आवद्ध साकोसहरूलाई हार्दिक शुभकामना दिन चाहन्छु । उहाँहरू सबैले सहकारीको दर्शन, सिद्धान्त, आचरण र कार्यपद्धति भित्र रहेर आफ्ना गतिविधिलाई थप सशक्त बनाएर लानुहुनेछ भन्ने आशा लिएको छु । यसैगरी, भविष्यमा सहकारी अभियानको शीर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघ र नेफ्स्कूनबिचको हार्दिकता थप प्रभावकारी हुँदै जाने पनि मैले विश्वास लिएको छु ।



**केबी उप्रेती**
अध्यक्ष, राष्ट्रिय सहकारी बैंक

नेफ्स्कून ऐतिहासिक संस्थाका रूपमा सहकारी ऐन २०४८ आउनुअघि नै स्थापना भएको हो । यसको माध्यमबाट धेरै सहकारी संघसंस्थाहरूमा सुशासन र वित्तीय अनुशासनको प्रवर्द्धन भएको छ । यसैगरी, यसले उपल्लो तहमा सहकारी अभियानलाई अघि बढाउन बहस पैरवीमा खेलेको भूमिका पनि अत्यन्तै महत्वपूर्ण छ । केन्द्रीय निकायका रूपमा भोलीका दिनमा यसले आफ्ना भूमिकालाई थप प्रभावकारी बनाएर अघि बढ्नेछ भन्ने विश्वास लिएको छु । वित्तीय कारोवार गर्ने संघसंस्थाको संख्या दिन-प्रति-दिन बढ्दै गइरहेको सन्दर्भमा तिनमा वित्तीय सुशासन कायम गर्ने सवालमा यसको भूमिका बढ्दै जाने भएकाले त्यस कार्यमा खरो उत्रन सकोस भन्ने कामना गर्न चाहन्छु । आगामी दिनमा राष्ट्रिय सहकारी बैंक लगायत सहकारीका अन्य विषयगत केन्द्रीय निकायहरूसँग थप समन्वय गरेर अघि बढ्नुपर्ने आवश्यकता समेत म देख्छु । नेफ्स्कूनलाई स्थापना दिवसको अवसरमा व्यक्तिगत एवं राष्ट्रिय सहकारी बैंक परिवारका तर्फबाट उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।



**डा.टोकराज पाण्डे**
रजिष्ट्रार, सहकारी विभाग

सर्वप्रथम म नेफ्स्कूनलाई ३२ औं वर्ष प्रवेशको हार्दिक शुभकामना दिन चाहन्छु । लामो र कठिन यात्रा पार गर्दै नेफ्स्कून यो परिपक्कताको अवस्थामा आइपुग्नु पक्कै खुसीको कुरा हो । यस अवसरमा म समस्त सहकारीकर्मीहरूलाई सहकारीका सिद्धान्त, मूल्य मान्यता, नियम र कानूको परिधिभित्र रहेर थप प्रभावकारी रूपमा अभियानलाई अघि बढाउने प्रेरणा जागृत होस भन्ने कामना गर्न चाहन्छु । यसका साथै सरकारद्वारा हालै जारी सन्दर्भ ब्याजदर कार्यान्वयन, कोपोमिस लागू, सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी निर्देशन पालना आदि सान्दर्भिक क्षेत्रहरूमा एउटा महत्वपूर्ण केन्द्रीय निकायका रूपमा यसको सक्रिय भूमिकाको अपेक्षाका साथ उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु ।

# विभागले तोक्यो सहकारीको ब्याजदर

## ऋणमा बढीमा १६ प्रतिशत मात्र ब्याज लिन पाइने




सहकारीहरूले साउन १९ गतेबाट ऋणमा १६ प्रतिशतभन्दा बढीमा कारोवार गर्न नपाउने भएका छन् । सहकारी ऐन २०७४ अनुसार सहकारीमा ब्याजदर निर्धारणका सम्बन्धमा निर्णय गर्न गठित सन्दर्भ ब्याजदर निर्धारण समितिले सो निर्णय गरेको हो । सहकारी विभागका रजिष्ट्रार डा.टोकराज पाण्डेले सहकारी ऐन र नियमावलीले दिएको अधिकार र सीमाभित्र बसेर देशैभरका सहकारीका लागि सन्दर्भ ब्याजदरको सीमा तोकिएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "समितिले ५ पटक बैठक बसेर यो सर्वसम्मत निर्णयमा पुगेको हो । निर्णय तुरुन्त लागू हुन्छ र कार्यान्वयन भए नभएको अनुगमन पनि हुन्छ ।" सन्दर्भ ब्याजदर तोक्ने पछिल्लो निर्णयसँगै ब्याजदरका सम्बन्धमा सहकारीमा देखिएका समस्या न्यून हुने रजिष्ट्रार पाण्डेले दावी गर्नुभयो । बचत तथा ऋणको कारोवार गर्ने सहकारीहरूले कर्जा लगानीमा चर्को ब्याजदर लिएको भन्ने आम गुनासोकाबिच पहिलोपटक सन्दर्भ ब्याजदर तोक्ने काम भएको हो । बचत तथा ऋणको कारोवार गर्ने सहकारीहरूमा सन्दर्भ ब्याज तोक्ने विषयमा सहकारी ऐन २०७४ को दफा ५१ र सहकारी नियमावली २०७५ को नियम २३ मा कानूनी व्यवस्था गरिएको छ ।

बचत तथा ऋणको ब्याजदरको अन्तर (स्प्रेड) ६ प्रतिशतभन्दा घटी रहनेगरी सन्दर्भ ब्याजदर तोकिएको रजिष्ट्रार पाण्डेले बताउनुभयो । विभागको कार्यकक्षमा आयोजित पत्रकार सम्मेलनमा उहाँले कार्यान्वयनका सिलसिलामा आउने जटिलताहरूलाई ३ महिनापछि फेरि बसेर सम्बोधन गर्न सकिने बताउनुभयो ।

पत्रकार सम्मेलनमा समिति सदस्य एवं नेफस्कूनका अध्यक्ष डी.वी. बस्नेतले विगतमा केही सहकारीहरू जनउत्तरदायी र सुशासनको परिधिभित्र नबसेकालेनै सन्दर्भ ब्याजदर तोक्नुपर्ने अवस्था आएको धारणा व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "सबै सहकारीहरू सेन्ट्रल नेटवर्कभित्र आउनै पर्छ, प्रणालीभित्र आउनै पर्छ, ब्याजदरको सीमा तोक्ने काम त्यसै तर्फ लक्षित छ ।" विस्तारै नियम कानूनको परिधिभित्र सहकारीहरू आउनुपर्नेमा उहाँले जोड दिनुभयो । नियम तोकिएको समयबाटै लागू हुन्छ भन्नुको मतलब अबको कारोवारहरू त्यो सीमा भित्र रहनुपर्छ भन्ने हो, पहिले नै भएका निर्णयहरूलाई विस्तारै समायोजन गर्दै लानुपर्छ, अध्यक्ष बस्नेतले व्यवहारिक कठिनाईलाई पनि क्रमशः फुकाउँदै लानुपर्ने कुरामा समेत जोड दिनुभयो ।

# प्रोबेशन राजधानी क्लष्टर प्रथमको अन्तरक्रियात्मक गोष्ठी

प्रोबेशन राजधानी क्लष्टरमा आवद्ध संस्थाहरूलाई लक्षित गरी एक दिवसीय अन्तर्क्रियात्मक गोष्ठी काभ्रेको पनौतीमा यही साउन १८ गते सम्पन्न भयो । ज्योति मिर्मिरे सामूहिक साकोसको आयोजनामा सम्पन्न गोष्ठी नेफस्कूनका सञ्चालक सदस्य उद्धव सापकोटाको सभापतित्वमा भएको थियो । गोष्ठीको सहजीकरण नेफस्कून सदस्य सेवा विभाग प्रमुख दुर्गाप्रसाद ढकाल र कार्यक्रम अधिकृत कोमलराज अधिकारीले गर्नुभएको थियो ।

ज्योति मिर्मिरे सामूहिक साकोसका सचिव दिपकप्रसाद दाहालले उद्घाटन कार्यक्रमको उद्घोषण गर्नु भएको थियो । गोष्ठीमा नेफस्कून सदस्य सेवा विभाग प्रमुख ढकालले प्रोबेसनका परिमार्जित सूचकांक लगायतका विषयमा सहभागीहरूको जिज्ञासाको सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा राजधानी प्रथम क्लस्टरमा आवद्ध १० संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, प्रबन्धक लगायत सञ्चालक एवं कर्मचारी गरी ५८ जनाको सहभागिता रहेको थियो ।

# सन्दर्भ ब्याजदरको समस्या सहमतिमा हल गर्न सकिने

सरकार र सहकारी अभियान दुवैले सन्दर्भ ब्याजदर लागू गर्ने सम्बन्धमा हाल देखा परेका व्यावहारिक कठिनाई संवाद र सहमतिका आधारमा हल गर्न सकिने बताएका छन् । ललितपुर जिल्ला सहकारी संघ लि., जिल्ला बचत तथा ऋण सहकारी संघ लि., बहुउद्देश्यीय सहकारी संघ लि. र कृषि सहकारी संघ लि. ले संयुक्त रूपमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले एक अर्कालाई आरोप नलगाई आपसी छलफलका आधारमा अघि बढ्न सकिने निष्कर्ष निकालेका हुन् ।



कार्यक्रममा सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डेले सन्दर्भ ब्याजदर लागू गर्ने क्रममा उब्जिएका समस्या सरकार र सहकारी अभियानको आपसी सहमतिमा समाधान गर्न सकिने बताउनुभयो । नयाँ ब्याजदर कार्यान्वयनका सम्बन्धमा केही समस्या आइपर्नु स्वाभाविक भएको बताउँदै उहाँले तिनलाई बल्झाउने उद्देश्य विभागको नभएको स्पष्ट पार्नुभयो ।

रजिष्ट्रार पाण्डेले भन्नुभयो, "तपाईलाई मैले औंला ठड्याएर र मलाई तपाईले औंला ठड्याएर होइन कि तपाई र म हातमा हात मिलाएर अघि बढ्न सक्छौं ।" समस्याको सहजीकरणका लागि सहकारी विभाग तयार रहेको उहाँले स्पष्ट पार्नुभयो । सहमतिको प्रक्रिया र आधारमा सम्बन्धमा भने उहाँले केही खुलाउनुभएन । सहकारी ऐन र नियमावलीले दिएको अधिकारको आधारमा सन्दर्भ ब्याजदर तोकिएको रजिष्ट्रार पाण्डेले दोहोऱ्याउनुभयो ।

विभागले साउन १९ गते आइतबारबाट लागू हुने गरी सहकारीहरूलाई ऋण लगानीमा अधिकतम १६ प्रतिशत ब्याजदरको सिलिङ तोकेसँगै सहकारीकर्मीहरूले कार्यान्वयनमा जान नसकिने आवाजहरू उठाउँदै आएका छन् । सोही प्रसङ्गमा विभागको उक्त भनाई आएको हो ।

---

# दमौलीमा साकोससँग नेफ्स्कून अन्तरक्रिया

नेफ्स्कून पोखरा फिल्ड कार्यालयको आयोजनामा यही साउन १६ गते तनहुँको दमौली बजारमा नेफ्स्कून सेवा विस्तार सम्बन्धमा सदस्य संघ र संस्थाहरूबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा नेफ्स्कूनका वरिष्ठ उपाध्यक्ष परितोष पौड्याल, सञ्चालक सदस्य एवं नेफ्स्कून गण्डकी प्रदेश संयोजक भिम गुरूङ, नेफ्स्कूनका सञ्चालक सदस्य शान्ति अधिकारी, तनहुँ बचत तथा ऋण सहकारी संघ लि. का अध्यक्ष देवी बहादुर बस्नेत, जिल्ला सहकारी संघ लि. का मदन प्रसाद पण्डित र राष्ट्रिय सहकारी बैंक लि. का शाखा प्रमुख उपेन्द्र दाहाल लगायत विभिन्न संघ र साकोसबाट गरी ४१ जनाको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा नेफ्स्कूनका वरिष्ठ उपाध्यक्ष परितोष पौड्याल, सञ्चालक सदस्य भिम गुरूङ र शान्ति अधिकारीले साकोसको विकास र गुणात्मक वृद्धिका लागि नेफ्स्कूनले सरोकार पक्षहरूसँग छलफल अघि बढाउँदै महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गर्नुभयो । वक्ताहरूले नेफ्स्कूनको सेवा केन्द्र मार्फत तनहुँका साकोसहरूको थप प्रवर्द्धनमा सहयोग पुग्ने धारणा समेत राख्नुभएको थियो ।

❑ ❑ ❑

# एक्सेस ब्राण्डिङ कार्यक्रममा सहभागी

**चन्द्रागिरि साकोस**



चन्द्रागिरी नगरपालिका थानकोट काठमाडौं स्थित चन्द्रागिरी बचत तथा ऋण सहकारी संस्था नेफ्स्कूनद्वारा प्रवर्द्धित साकोस गुणस्तर सुनिश्चितता कार्यक्रम अन्तर्गत एक्सेस ब्राण्डिङ कार्यक्रममा आवद्ध भएको छ ।

यही जेठ ७ गते चन्द्रागिरी साकोसमा आयोजित एक कार्यक्रममा बिच नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटा, साकोसका अध्यक्ष शिव शंकर मानन्धर, सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत कृष्ण कुमार श्रेष्ठ लगायत कर्मचारीहरूको उपस्थितिमा एक्सेस कार्यक्रम आवद्धतामा द्विपक्षिय सम्झौता सम्पन्न भएको हो । ११ हजार ८ सय सदस्यहरूमा वित्तीय सेवा प्रवाह गरिरहेको उक्त संस्थाको कुल कारोवार १ अर्ब ६६ करोड रहेको छ ।

एक्सेस कार्यक्रम एशियाली ऋण महासंघ को प्राविधिक सहयोगमा एशियाली स्तरमा साकोस क्षेत्रका विकासलाई आन्तरिकीकरण गर्ने उद्देश्यसहित नेफ्स्कूनले वि.सं. २०६३ सालदेखि सञ्चालनमा ल्याएको कार्यक्रम हो । एक्सेस ब्राण्डिङ कार्यक्रमले संस्थामा ४ आयामहरू अन्तर्गत वित्तीय पक्ष, सदस्यता पक्ष, आन्तरिक कार्यसञ्चालन प्रक्रियाको पक्ष र सिकाई तथा वृद्धि पक्षको अनुगमन गर्दछ । साकोस व्यवसायमा रहेको जोखिम विश्लेषण गरी स्व व्यवस्थापनको माध्यमबाट संस्थालाई सुरक्षित गर्न, गुणस्तर सुनिश्चितता गर्न, दीगो संस्थागत विकास गर्न, व्यवस्थापन र व्यावसायिकता अभिवृद्धि गर्नका लागि संघले स्थलगत रूपमा सहजीकरण सेवा उपलब्ध गराउँदै आईरहेको छ । हाल ६० वटा बचत तथा ऋण सहकारी संस्थाहरू एक्सेस कार्यक्रममा आवद्ध छन् भने यी मध्ये २० वटा एशियाली मापदण्डमा प्रमाणीकरण भईसकेका छन् ।

---

**सयपत्री साकोस**



नवलपरासी सुनवल नगरपालिका बर्दघाट सुस्ता पश्चिम नवलपरासी स्थित सयपत्री बचत तथा ऋण सहकारी संस्था नेफ्स्कून र एसियाली ऋण महासंघद्वारा प्रवर्द्धित साकोस गुणस्तर सुनिश्चितता कार्यक्रम अन्तर्गत एक्सेस (ACCESS) ब्राण्डिङ कार्यक्रममा आवद्ध भएको छ ।

संस्थाले सहकारी विभाग र नेफ्स्कूनको संयुक्त रूपमा सञ्चालित प्रोबेसन कार्यक्रममा विगत २ वर्षअघि सहभागी भई गुणस्तरीय ब्राण्ड प्रोबेसन प्राप्त गर्न सफल भएको छ । सयपत्री साकोसमा आयोजित एक कार्यक्रमका बिच नेफ्स्कूनका सञ्चालक कृष्ण प्रसाद नेपाल, बरिष्ठ कार्यक्रम अधिकृत बल्लभ तिमिल्सिना, फिल्ड कार्यालय बुटवलका कार्यक्रम अधिकृत राधाकुमारी पोखरेल साकोसका अध्यक्ष कृष्णप्रसाद पौडेल, सचिव नारायण पौडेल कोषाध्यक्ष कमला थापा, सञ्चालक समिति सदस्यहरू, संस्थाका व्यवस्थापक टिकाराम तिमिल्सिना लगायत कर्मचारीहरूको उपस्थितिमा एक्सेस कार्यक्रम आवद्धतामा द्विपक्षिय सम्झौता सम्पन्न भएको हो ।

२ हजार सदस्यहरूमा वित्तीय सेवा प्रवाह गरिरहेको उक्त संस्थाको वासलात २६ करोड ४५ लाख रहेको छ ।

# भियतनाम सम्मेलन र यसको सन्देश

**केशव प्रसाद बडाल**

अध्यक्ष
राष्ट्रिय सहकारी महासंघ



> भियतनाममा सहकारीको विकास र विस्तारको महत्व बढ्दै गएको छ । भियतनामी जनता आपसमा लडेर केही जितिदैन सबै जात, भाषा, धर्म, संस्कृति, रुपसँग र लिङ्गका जनताबिचको एकतालाई सबल बनाउँदै आर्थिक, सामाजिक सांस्कृतिक र वातावरणीय विकासबाट स्वतन्त्रता, शान्ति र सम्वृद्धि हासिल गर्ने दर्शन र सिद्धान्त सहकारी नै हो भन्नेमा पुगे भियतनामीहरु ।

एक्काइसौं शताब्दीमा दीगो विकास लक्ष्य हासिल गर्न, त्यसका लागि विश्वको दुई तिहाई भन्दा बढी जनसंख्या भएको एसिया प्रशान्त क्षेत्रका देशहरूमा सहकारीको नीतिगत र कानूनी आधार सशक्त बनाउन मद्दत पुऱ्याउने उद्देश्य लिएर सन् २०१९ को अप्रिलमा भियतनाममा एसिया प्रशान्त क्षेत्रको दोस्रो सहकारी रजिष्ट्रार फोरम भएको थियो । यसैसँगै एसिया प्रशान्त क्षेत्रको बोर्ड बैठकको पनि आयोजना भएको थियो । सन् २०१९ अप्रिल १६ देखि २० सम्मको अवधिमा प्राप्त अनुभव समेटेर भियतनाम र उक्त कार्यक्रमबाट प्राप्त अनुभवको सार खिचेर नेपालको सहकारी आन्दोलनलाई थप जानकारी दिने ध्येयका साथ यो लेख तयार पारेको छु ।

पहिले संसारका विरलै देशले व्यहोर्नु परेको संकट र समस्या भोगेका भियतनामी जनताको देश भक्तिपूर्ण संघर्षको सन्दर्भलाई पनि उजागर गर्ने कोशिस गरेको छु । एसिया प्रसान्त क्षेत्रका अरू देशभन्दा छुट्टै पहिचान बनाएको देश भएकोले त्यसबारे हाम्रा सहकारी आन्दोलनका सहयात्रीहरूको विज्ञासा हुनु स्वभाविकै हो ।

### विशेषतायुक्त भियतनाम

भियतनाम दक्षिण पूर्व एसियाको पूर्व दक्षिणतर्फको एउटा विशेषतायुक्त महत्वपूर्ण राष्ट्र हो । भियतनामको क्षेत्रफल ३,३१,११४ वर्ग किलोमिटर छ । जनसख्या ९,४४,६९,०७२ रहेको छ । प्रति वर्गकिलोमिटर जनधनत्व २७६.०३ रहेको छ । भियतनाम उत्तर दक्षिण लाँम्चो अर्थात लम्पसार परेको र मुखमा ठूलो आहारा हालेको अजिंगर जस्तै देखिने विशेष खालको छ । पश्चिमतर्फ कम्बोडिया र लाओस, उत्तरतर्फ चीन तथा दक्षिण र पूर्वतर्फ साउथ चाइना सि रहेको छ । भियतनामको उत्तर दक्षिण लम्बाई १६ सय किलोमिटर छ भने चौडाई मध्य भागको साँधुरो ठाउँमा त ४० किलोमिटर मात्र छ । उत्तरतर्फ रातु नदी र त्यसले बनाएको फाँट छ भने दक्षिणतर्फ मेकङ नदि र त्यस्ले बनाएको फाँट छ । यो राम्रो र उर्वर जमिन हो ।

भियतनामको गार्हस्थ उत्पादन (पीपीपी) ७,४८२ डलर छ भने नोमिनलको कुल गार्हस्थ उत्पादन २,५५२ डलर प्रतिव्यक्ति आय छ ।

८२ दशमलब ७ प्रतिशत भियतनामी छन् भने १४ दशमलब ३ प्रतिशत

अन्य विविध ५४ समुदाय भियतनाममा बसोबास गर्दछन् ।

| धर्म | |
|---|---|
| कुनै पनि धर्म नमान्ने | ७३.२% |
| वुद्धिष्ट | १२.२% |
| क्रिश्चियन | ८.३% |
| काओइजम | ४.८% |
| हाएहाओइजम | १.४% |
| अन्य | ०.१% |

**अन्य जानकारी**

- भियतनामको बाउण्ड्री ४६३९ किलोमिटर छ ।
- भियनामको समुन्द्री किनारमात्रै ३,४४४ किलोमिटर छ ।
- ४० प्रतिशत पहाड छ भने धनाजंगल ४२ प्रतिशत रहेको छ ।
- डेल्टामात्रै ४० हजार वर्गकिलोमिटर छ । (समुन्द्र सतहबाट बढीमा ६० मिटरमात्र उचाईमा रहेको जमिन डेल्टा हो) ।

**भियतनामको कृषि**

- विश्वको दोस्रो ठूलो धान निर्यातकर्ता हो भियतनाम ।
- विश्वको धेरै मरिच र काजु उत्पादक देश, भियतनामले मात्र लगभग विश्वको एक तिहाई मरिच र काजु उत्पादन गर्दछ ।
- यो विश्वकै दोस्रो ठूलो कफि निर्यातकर्ता हो भने माछा रबर उत्पादनमा पनि भियतनाम अगाडि छ ।
- कुल ग्राहस्थ उत्पादनमा कृषिको योगदान २० प्रतिशत रहेको छ ।

**भियतनामको सामान्य इतिहास**

संसारका अरू देशको भन्दा फरक खालको अन्याय अत्याचार बेहोर्दै आएको देशको नाम हो – भियतनाम । भियतनामी जनताको चहराई रहेको घाउमा हामी मलम लगाउँछौं भन्दै फ्रान्सेलीहरू आएर हामी भियतनामी जनतालाई स्वतन्त्रता, समानता, सभ्यता र सामूहिकता दिन्छौं भनेर आएका थिए तर यसरी आएका फ्रान्सेलीहरूले सन् १८५८ देखि १९४१ सम्म ८० वर्ष शासन गरे । तीनको कालमा झन धेरै अन्याय, अत्याचार शोषण विभेद र अशिक्षामा पिल्सन पऱ्यो । भोक, रोग, अशिक्षा र अभाव भियतनामी जनतामाथि लादियो । ९४ प्रतिशत भियतनामी निरक्षर थिए । यस्तै अवस्थामा दोस्रो विश्व युद्धको सुरुमा फ्रांन्स पनि फासिस्ट विरोधी मोर्चामा सामेल भएकोले फ्रान्सले भियतनाम थेग्न सकेन । १९४१ सालमा पुग्दा जापानले पूर्व र दक्षिण पूर्व एसियामा आफ्नो पकड जमाउँदै गएको थियो । १९४१ देखि १९४५ सम्म जापानदेखि पुरै दक्षिण पूर्वि एसियामा जापानले नै कब्जा जमाएको थियो । १९४५ मा जापानी सेनाले भियतनाममा रहेका ब्रिटिससेना सामु आत्म समर्पण गरेका थिए । यसै बेलादेखि भियतनाम अघोषित रूपमा उत्तर र दक्षिणमा विभाजित जस्तै भएको थिए ।

जापानको नागासाकी र हिरोसिमामा अमेरिकाले आणविक बम आक्रमण गरेपछि र जापानले आत्मसमर्पण गरेपछि फ्रान्सले फेरि भियतनाममा आफ्नो उपनिवेश कायम गर्ने इच्छा राख्यो । तर १९४१ बाट भियतनाम कम्यूनिष्ट पार्टी र त्यसका नेता होचिमिन्हको नेतृत्वमा स्वाधिनता, स्वतन्त्रता र समानताको झन्डा उठाइसकेका थिए । होचिमिन्हको नेतृत्वको समर्थनमा चीन र रूस उभिएका थिए ।

१९४६ बाट स्वतन्त्र भियतनामका लागि भियतनाम कम्यूनिष्ट पार्टी नेतृत्वमा इण्डो चाइना युद्ध नै सुरू भयो । १९५४ मा पुग्दा फ्रान्स र उसका पक्षधर विरूद्धको भियतनामी युद्धको नेतृत्व होचिमिन्हले गरेका थिए । यो ठूलो युद्धमा भियतनामी जनताको देशभक्ति पूर्ण युद्धबाट विश्व जनसमुदायले समेत साथ दिन थालेपछि १९५४ को जेनेभा शान्ति सम्झौतामार्फत फ्रॉन्सपछि हट्न बाध्य भयो । यसै बेलादेखि भियतनाम उत्तर र दक्षिणमा विभाजित भए । उत्तर भियतनामको नेतृत्व भियतनाम कम्युनिष्ट पार्टी र त्यसका नेता होचिमिन्हले गरेका थिए । होचिमिन्हको देश भक्ति पूर्ण संघर्षलाई चीन र रूसले समर्थन गरेका थिए । दक्षिण भियतनाममा दीगोडिन्हले नेतृत्व गरेका थिए । यीनलाई अमेरिका र बेलायतलगायतले समर्थन गरेका थिए । दीगोडिन्हको नेतृत्वको दक्षिण भियतनामले चरम अत्याचार गर्न थाल्यो । वुद्धिष्टलाई देख्नै नसक्ने गरी अत्याचार गर्न थाल्यो । क्रिश्चियन दिडोडिन्ह शासकले शान्ति सम्झौता विपरित चरम दमन गर्न थाल्यो । त्यसलाई दक्षिण भियतनामका जनताले सहेनन् र प्रतिरोधमा उत्रन थाले । यसैक्रममा १९६४ मा अमेरिकाले आफ्ना सेना दक्षिण भियतनाममा उतार्‍यो । यसरी प्रत्यक्ष सैनिक शक्ति साथ उत्रनका लागि उसले उत्तरी भियतनामको समुन्द्री तटमा अमेरिकाको एउटा पनि जहाजमा आफै बम हानेर त्यसको दोष उत्तर भियतनामलाई लगाएर युद्धको बहाना बनायो ।

त्यही दोषलाई १९६७ मा अमेरिकी राष्ट्रपति लिण्डन वि जोन्सनले अत्याधुनिक हतियार सहित ५ लाख भन्दा बढी अमेरिकी सेना दक्षिण भियतनाममा उतार्‍यो । सुपेरियर एयरपावर सहितको युद्ध सामाग्रीको विशाल भण्डार दक्षिण भियतनाममा जम्मा गर्‍यो । प्रत्येक ३० मिटरमा बम पड्काएर पुरै भियतनामलाई ध्वस्त बनाउन थाल्यो ।

यस्तो अवस्थामा हिलोमा कमल फूलेजस्तै काँडै काडामा गुलाफ फूलेजस्तै, पहरामा सुनगाभा फूलेजस्तै, समुन्द्रको गहिराईमा मोती भएजस्तै अनेक कष्ट व्यहोरी रहेका भियतनामीबिच भियतनामकै माटोबाट जनता र राष्ट्रको पिडा बुझ्न् र मुक्तिका लागि साहस र दुरदृष्टि भएका व्यक्तित्व होचिमिन्हले पार्टीका कार्यकर्तामार्फत भियतनामको ढुकढुकी बुझे । क्रान्ति माटोबाटै हुन्छ । आर्थिक सामाजिक सांस्कृतिक आधार माटो नै हो । माटोको माया जनताको माया बोकेर आए होचिमिन्ह ।

बस्ने, बाँच्ने, खन्ने खोस्रने, रोप्ने, काट्ने, बाल्ने, बनाउने जीवन बिसाउने माटो नै हो । माटोको माया, माटोको हक, माटोको उपयोग, उपभोग हकको रक्षा नभै जनताको रक्षा हुँदैन भन्ने भावना होचिमिन्हले भियतनामी जनतामा जगाए ।

यहि भावनाले गर्दा संसारको शक्तिशाली राष्ट्र र उसका सहयोगीविरूद्धको लडाई जित्न सकिन्छ किनकी भियतनामी जनतामा त्यो भावना जागि सकेको छ भनेर विचार दिने होचिमिन्हजस्तो नेता पाएका भियतनामी जनता निरन्तरता र धैर्यताकासाथ स्वाधिनताका लागि लड्न तयार भएर अघि बढे ।

यसरी १९६८ को सुरूङ युद्ध पुरै जितमा परिणत हुन नसकेपनि विश्वको सामू भियतनाम के हो ? भन्ने देखाई दिए । अमेरिकी सेनाले देखाएको क्रुरता संसारले बुझ्यो । भियतनामी जनताको पक्षमा संसारभर जुलुस निस्कन थाल्यो । अमेरिकैमा पनि अमेरिकी क्रुरता विरूद्ध जनमत उठ्न थाल्यो । यसबेला भएको अमेरिकी निर्वाचनमा रिचार्ड निकसनले आफू राष्ट्रपति भए भियतनामबाट सेना फिर्ता गर्ने संकल्प पनि गरे । १९७२ मा अमेरिकाले चिनसँग हात मिलायो । क्रमशः हतियारले मात्र युद्ध जितिदो रहेनछ भन्ने कुरा पेन्टागनलाई पनि महसुस हुँदै गयो । १९७३ मा पेरिसमा शान्ति सम्झौता भयो । यो युद्धमा १५ देखि ३० लाख भियतनामी मारिए । ५८ हजार अमेरिकी सेना मारिए । अमेरिकाको ८ हजार साना ठूला हवाईजहाज ध्वस्त भए । ६४ लाख टन बम भियतनाममा खसालियो । आखिर पेरिस सम्झौतापछि भियतनामबाट अमेरिकी सेना हटाउने क्रम अघी बढ्यो । सिँगै भियतनाम एक भयो । हतियारले जे पनि गर्न सकिन्छ भन्ने होइन रहेछ भन्ने कुरा अमेरिकाले महशुस गर्‍यो । यसरी आजको भियतनाम स्वतन्त्र मात्र भएन यो भेगमा शान्ति र विकासको आधार पनि बन्यो । आखिर १९७५ अप्रिल ३० मा भियतनाम स्वतन्त्र घोषणा भयो । सोसलिस्ट रिपब्लिक अफ भियतनामको स्थापना भयो ।

यसपछि भियतनाममा सहकारीको विकास र विस्तारको महत्व बढ्दै गएको छ । भियतनामी जनता आपसमा लडेर केही जितिदैन सबै जात, भाषा, लिङ्ग धर्म, सस्कृति र रूपसँग जनताबिचको एकतालाई सबल बनाउँदै आर्थिक, सामाजिक सांस्कृतिक र वातावरणीय विकासबाट स्वतन्त्रता, शान्ति र सम्वृद्धि हासिल गर्ने दर्शन र सिद्धान्त सहकारी नै हो भन्नेमा पुगे भियतनामीहरू ।

### भियतनाममा सहकारीको विकास

भियतनाममा १९३८ तिरबाट नै सहकारी संस्थाहरू स्थापित हुनेक्रम शुरू भएको पाइन्छ । सुरूमा अन्तर्राष्ट्रिय सहकारी आन्दोलन अनुरूप अघि बढेको भए पनि १९५४ पछि उत्तर भियतनाममा र १९७५ पछि दक्षिण भियतनाम समेत सम्पूर्ण भियतनाममा राज्य नियन्त्रित र निर्देशित प्रकृतिका सहकारी सञ्चालन हुन थाल्यो । यस्ले सहकारी दर्शन सिद्धान्त, मूल्य मान्यता अनुसार संचालन नभएकाले खासै प्रगति हुन सकेको थिएन । १९८६ पछि आर्थिक सुधार कार्यक्रम सँगै सहकारी क्षेत्र पनि विश्व सहकारी आन्दोलनकै आधारमा क्रमशः सहकारी दर्शन र सिद्धान्त अनुसार सञ्चालन हुन थाल्यो । भियतनाममा पहिले सहकारी ऐन १९९६ मा पारित भयो, यो ऐन २००३ मा केही संशोधन भयो । १९५४ देखि १९८३ सम्म राज्य नियन्त्रित रूपमा स्थापित भएका सहकारी पनि क्रमशः सहकारी ऐन १९९६ अनुरूप परिमार्जन हुँदै गए । त्यसै अनुसार सहकारी संघ तथा संस्थाहरू विकास र विस्तार हुँदै गए । २००८ मा १७,२०० संस्था भएकोमा हरेक वर्ष सबै खाल्का गरिकन करिब १००० संस्था थपिदै गएका छन् । भियतनाममा सहकारी संस्था बन्नु अघि अनौपचारिक सहकारी समूह बनाएर काम गर्ने गरिएको थियो । १३ परिवार र त्योभन्दा माथिका समूह बनाएर काम गर्ने गरिएको छ कतै कतै ८० देखि १०० जना श्रमिकको समूह पनि बनाएर सहकारी अभ्यास गर्ने गरिएको छ ।

यस्ता समूह ठूलै सँख्यामा छन् । यस्ता समूह कृषि, उद्योग, निर्माण क्षेत्र, बचत समूहको रूपमा क्रियाशील छन् । यस्ता समूहमा आवद्ध सदस्यहरू करिब ४० लाख छन् । सबै खाले सहकारी र समूहहरूले लगभग १ करोड रोजगारी सिर्जना गरेको छ र कुल गार्हस्थ उत्पादनमा १० प्रतिशतभन्दा बढी योगदान गरेका छन् । उक्त हजारौ सहकारी र लाखौं समूहमध्ये १० प्रतिशतभन्दा बढी कमजोर र घाटामा छन् भने करिब ९० प्रतिशत सफल रहेको तथ्यांकले देखाउँछ । समग्रहमा भियतनामको सहकारी आन्दोलन एसिया प्रशान्त क्षेत्रको गतिशील आन्दोलनको रूपमा विकसित भैरहेको छ । यसमा हामी नेपालीहरूले पनि सिक्नु पर्ने धेरै कुरा छन् ।



सन् २०१९ अप्रिल १७ देखि १९ सम्म भियतनामको सबैभन्दा ठूलो सहर होचिमिन्ह सिटीमा आयोजित एसिया प्रशान्त क्षेत्रको दोस्रो रजिष्ट्रारहरूको फोरम आयोजना भएको थियो । यो कार्यक्रमको मुख्य थिम २१ औं शताब्दीमा दीगो विकास लक्ष्य हासिल गर्न सहकारीका लागि सकारात्मक कानूनी खाका र नीतिहरूको विकास विषयको गोष्ठी आयोजना भएको थियो । यो कार्यक्रममा नेपालको तर्फबाट म,

राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष दक्ष पौडेल, चत्र बहादुर पराजुली, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केवी उप्रेती, सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डे, अनन्त अर्याल, प्रकाश सुवेदीसमेत ७ जना थियौं । यसमा राष्ट्रिय सहकारी महासंघकोतर्फबाट मैले कार्यपत्र प्रस्तुत गरेको थिए । को–अपरेटिभ वकिङ इन पार्टनसिप विथ गभरमेन्ट टु इम्पिमेन्ट द एसडिजी विषयक पेपर प्रस्तुति गरेका थिए । यसैगरी सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डेजी इन्क्रिजिङ इम्प्लिमेन्ट एण्ड इन्टरप्रिनरसिप थ्रो को–अपरेटिभ विषयको छलफलको प्यानलिष्ट हुनुहुन्थ्यो ।




उहाँले त्यहाँ पेपर पनि प्रस्तुत गर्नुभयो । औपचारिक कार्यक्रम बाहेक जम्मा २३ वटा प्रस्तुतिमा नेपालको तर्फबाट २ वटा पेपर थियो । एसिया प्रसान्त क्षेत्रका ३३ देश सदस्य भएकोमा नेपालको तर्फबाट २ वटा महत्वपूर्ण प्रस्तुति हुनुलाई राम्रो मानिएको थियो ।

यो कार्यक्रमको महत्वपूर्ण विशेषता भनेको संयुक्त राष्ट्र संघले अघि सारेको दीगो विकासका लक्ष्य २०३० सफल पार्न सहकारी क्षेत्र र राज्य पक्षले नीतिगत र कानूनी क्षेत्रको विकास गर्ने हो । त्यसका लागि आ–आफ्नो देशको सरकार र सहकारी आन्दोलन मिलेर काम गर्न उपयुक्त नीतिगत र कानूनी आधार निर्माणमा लाग्न सहयोगी भूमिका निर्वाह गर्नु रहेको थियो । यहाँ भएका अधिकांश प्रस्तुतिमा पनि राज्य र सहकारीबिचको सहकार्यमा जोड थियो ।

कार्यक्रम स्थल अत्यन्त सुन्दर र भव्य थियो । एअरपोर्टदेखि कार्यक्रम स्थल 'रेभेरी सैगन होटल' सम्म सडक किनारमा सहकारीबारे नारा लेखिएका बोर्डहरू सजाइएका थिए । होटल सैगन रिभरको किनारमा भएकोले सुन्दर र भव्य देखिन्थ्यो । होटलको बनावट, सजावट र व्यवस्थापन उत्कृष्ट र सुन्दर थियो । गेटको दायाँ बायाँ बसेका युवा सहकारीकर्मीको स्वागतले सबैलाई आत्मिय बनाएको थियो ।

होटलको मञ्च व्यवस्थापन विगतमा भएका एसिया प्रसान्त क्षेत्रको कार्यक्रमको भन्दा फरक तथा विशेषतायुक्त थियो । आमरूपमा उद्‌घाटन हल, प्लेनरी हलहरू रेक्टेङ्गल साइजको हुने र साँगुरो पट्टि मञ्च व्यववस्थापन हुने गरेको थियो । तर यहाँ हलको कोखापट्टी मञ्च सजाइएको थियो । माँझमा मन्च र मन्चको दाँया बायाँ इलेक्ट्रिोनिक पर्दा थिए । ति पर्दामा एसिया प्रसान्त क्षेत्रका ३३ देशका झन्डाहरू सजाइएका थिए । ३३ देशका राष्ट्रिय झण्डा एक वर्गफिटका तिन तिनवटा झण्डागरिकन ९९ वटा झण्डा स्थापित गरिएका थिए । यो मञ्चको दायाँबायाँ दुवैतिर विशाल पर्दामा झलक देखाएको थियो । कार्यक्रम नभएको बेला ति दुवै पर्दामा पालै पालो ३३ देशका झन्डा फरफराइन्थ्यो । यही हलमा ३ दिनसम्म कार्यक्रम भयो । यहाँ भएको उद्‌घाटन शैली पनि विशेष प्रकारको थियो ।

उद्‌घाटन कार्यक्रम शुरू हुनु अघि भियतनामको अर्थतन्त्रमा सहकारीले गरेको कामको पुरै झलक देखाउने गरी भिडियो प्रस्तुत गरियो । त्यसपछि मात्रै उद्‌घाटन कार्यक्रमको औपचारिकता शुरू भयो ।

भियतनाम सहकारी एलायन्स (भीसीए) का अध्यक्ष डा. नोगेयन नोग्स बाओले कार्यक्रमको अध्यक्षता गरेका थिए । एसिया प्रसान्त क्षेत्रका अध्यक्ष लिचोङ साङले स्वागत गरे । भियनाम कम्यूनिष्ट पार्टीका दोङ नाङ प्रदेशका सचिव लि मिन्हह होनले उत्साहजनक सहकारीमैत्री भाषण गरेका थिए । इन्स्टिच्युट अफ अर्ग्यानीक एग्रिकल्चर इकोनमीका डाइरेक्टर लि थानले अर्ग्यानीक कृषिको विश्वव्यापी महत्व, यसले पर्यटक आकर्षण गर्न र निर्यात बढाउन गरेको योगदानको चर्चा गरेका थिए । त्यसपछि भियतनामका योजना र लगानी मन्त्री गयोयोन चि दोङले भियतनामी अर्थतन्त्रमा सहकारीको योगदानबारे राम्रो प्रस्तुति गरेका थिए । अन्त्यमा प्रमुख अतिथि तथा भियतनाम सरकारका उपप्रधान मन्त्री भोओङ दिन्ह हुईको प्रवचन सिगैं एसिया प्रसान्त क्षेत्रका सहकारीकर्मीलाई प्रोत्साहन गर्ने खालको थियो ।

उद्‌घाटन कार्यक्रममा विभिन्न संघ/संस्था र भियतनाम सहकारी संघबिच सम्झौता भएका थिए । ती सम्झौता पत्रमा सरकारका उपप्रधानमन्त्री, योजना तथा लगानी मन्त्री र सहकारी मन्त्री समेतको उपस्थितिमा हस्ताक्षर भएको थियो । यस्तो सम्झौता हामी सबै सहकारीकर्मीका लागि नौलो लाग्यो । जापानदेखि इरानसम्मका सहकारीको अध्यक्षहरूको उपस्थितिमा भएको सम्झौतालाई विशेष ढंगले लिएको थियो । सम्झौता भएका संस्थाहरू यस प्रकार छन् :

(क) उपप्रधानमन्त्री र भियतनाम सहकारी संघबिच

(ख) भियतनाम लयर्स एसोसिएसन र भिसिएबिच

(ग) भियतनाम एग्रिकल्चर कमिसन र भिएसिएबिच

(घ) कृषि विकास बैंक र भि.सि.ए.बिच

(ङ) भियतनाम सहकारी बैंक र भिसिएबिच

(च) भियतनाम अर्ग्यानिक एग्रिकल्चर अर्गनाइजेसन र भिसिएबिच

(छ) यस. बि.सि. बैंक र भि.सि.ए बिच ।

यसरी यो उद्घाटन सत्र अत्यन्त उत्साहवर्धक ढंगले सम्पन्न भयो । सहकारी क्षेत्रलाई बल पुऱ्याउने सबै क्षेत्र सकारात्मक भएको सन्देश दिइएको थियो । उद्घाटन सत्रको अन्तिम बक्ताका रूपमा उपप्रधानमन्त्री थिए । उनको प्रस्तुतिका सार यस्तो छ ।

- सहकारी सामुदायिक अर्थतन्त्रको आधार हो ।
- ग्रामिण विकास र सहकारीलाई गाँसेर लान सरकारले सहकारीलाई प्रोत्साहन गरेको छ ।
- अब सबै सहकारीलाई नयाँ मोडलबाट लान प्रयत्नरत छौं । भिसिएलाई त्यही ढंगले अघि बढ्न प्रेरित गरेका छौं ।
- परम्परागत ढंगले मात्र अबको दायित्व पुरा गर्न सकिदैन ।
- सहकारीलाई आजको विज्ञान प्रविधि र उत्पादन प्रणालीसँग प्रतिस्पर्धात्मक क्षमता विकास गर्न सरकारले नीतिगत कानूनी र प्राविधिक ढंगले नयाँ मोडेलमा जानुपर्छ । हामीले त्यो काम गरेका छौं ।
- अहिले पनि अधिकांश सहकारी इनपुटमा केन्द्रित छन् अब उत्पादन प्रशोधनका आधुनिक स्तरमा लान जरूरी छ ।
- अब हाइटेकमा नगैकन प्रतिस्पर्धामा खरो उत्रिन सकिदैन यसका लागि सरकारले लगानी गर्न तयार छ ।
- म इजरायल गएको थिए । त्यहाँको सहकारी हेरेर म प्रभावित भएको छु । इजरायलीले गरेको कामहरू भियतनाम मात्र होइन एसिया प्रसान्त क्षेत्रका लागि मार्गदर्शन हुन सक्छ ।
- चीनमा त ५ तारे होटल पनि सहकारीले सञ्चालन गरेको छ ।
- यी सबै कामका लागि उपयुक्त सहकारी नीति ऐन र नियमावली आवश्यक पर्छ ।
- सोही अनुसार नीति ऐन कानूनी परिमार्जन गर्न भियतनाम तयार छ । तपाईं एसिया प्रसान्त क्षेत्रका सहकारी अगुवा र सरकार रजिष्ट्रार सबै तयार हुनुपर्छ ।
- हामी भियतनाममा, यातायात हाउजिङ, होटल, पर्यटन, शिक्षा सबै क्षेत्र सहकारी मार्फत लान सोही अनुसारको ऐन कानून परिमार्जन गर्दैछौं ।
- बैंकहरूले सहकारीमार्फत ऋण दिन जोखिम मान्छ । यसको पनि समाधान खोजिनुपर्छ ।
- अब देशमा भएका सहकारी संस्थालाई आधुनिकिकरण गर्न सघाउँदै छौं ।
- हाल भियतनामको सहकारीमध्ये ५० प्रतिशत सफलता साथ चलेका छन् ।
- सहकारीका लेखा परिक्षणबारे केही समस्या छ ।
- हामी आशावादी छौं :

- कमजोरी हटाउने छौं ।
- अघि बढ्न सफल हुँनेछौं ।
- सबै खाले चुनौतीको सामना गर्न सफल हुनेछौं ।
- २०३० सम्ममा एसडीजी सफल पार्ने छौं ।
- भियतनाम सरकार यसमा प्रतिवद्ध छ ।
- एक सहकारी एक उत्पादनमा जोड दिन्छौं ।
- भियतनामलाई यो कार्यक्रमको लागि स्थान छनोट गरेकोमा धन्यवाद छ ।
- भियतनाम सहकारी एलायन्सलाई बधाई छ ।

* विश्वभरिबाट आउनुभएका तपाईं प्रवुद्ध सहकारीकर्मीबाट भियतनामको लागि मुल्यवान सुझावका लागि अपेक्षा गरेको छु । मैले लिखत पढिन । बोलेको कुरामा भियतनाम सरकार पूर्ण प्रतिवद्ध छ ।
* हल तालिको गडवडाहटले गुञ्जियो । भियतनामी सरकार सहकारीमैत्री रहेछ भन्ने सन्देश सबैले प्राप्त गरे ।
* इन्स्टिच्युट अफ अगर्यानिक एग्रिकल्चर इकोनमी डाइरेक्टर लि थान्हले आजको युगमा अर्ग्यानिक अर्थतन्त्रबारे राम्रो प्रस्तुति दिएका थिए । उनले भने यहाँ ३३ देशका १३० जना पाहुनाहरू हुनुहुन्छ । यहाँहरूका बिचमा हाम्रो अनुभव पस्कन चाहन्छु । आजको विश्वमा रासायनक र विषदियुक्त कृषि उत्पादनले नसर्ने खालका गम्भिर रोगहरू फैलिएको छ । मुटु, मिगौला, क्यान्सरलगायतका रोगहरूले गर्दा उपचार खर्च गर्न नसक्ने गरी संसारका नागरिकले पिडा भोगिरहेका छन् । यस्तो अवस्थाबाट समाज देश र विश्वलाई मुक्त गर्न सकिन्छ । त्यसका लागि अर्ग्यानिक उत्पादनतर्फ जानुपर्छ भनेर हामीले जोड दिएका छौं । हाम्रो उत्पादनले हाम्रो देश र अन्तर्राष्ट्रिय जगतलाई आकर्षण गरेको छ । अहिले हाम्रो इन्स्टिच्युटले २०० बटा सहकारी संस्थालाई प्रोत्साहन गरेर यसरी उत्पादन भएको अर्ग्यानिक कृषि उत्पादनले सन् २०१८ मा मात्रै १८ मिलियन अमेरिकी डलरको निर्यात गऱ्यो । यस्तो उत्पादनका लागि हाम्रो इन्स्टिच्यूटले यही प्रान्तबाट कार्य शुरू गरेको हो । क्रमशः देशका सबै प्रदेशमा यो कार्यक्रम लान भियतनाम सहकारी संघमार्फत जाने योजना बनाएका छौं । यसरी गाउँगाउँमा गएर काम गर्न खोज्ने संस्थालाई ट्रेनिङ्ग, टेक्नोलोजी, पुर्वाधार विकासमा प्रोत्साहन गर्न सरकार, भियतनाम सहकारी संघ मिलेर हाम्रो इन्स्टिच्यूटले

काम गरिरहेको छ । त्यतिकै गर गर भनेर गर्दैन, यसका लागि यसको महत्वबोध गराएर राज्य, सहकारी संघ र सहकारी संस्थाहरू अघि बढेका छन् ।

- भियतनाम सरकारले यसका लागि विशेष लगानी गरेको छ । यसका लागि भिसिए र हाम्रो इन्स्टिच्यूट मिलेर अब १००० सस्थासँग सहकार्य गर्ने काम भएको छ । यसले मूल्य शृंखला विकास गर्न, प्याकेजिङ्, लेवलिङ्, ब्राण्डिङ्सहित अघि बढ्न सफल हुँदै गएका छौं । हाम्रा यस्ता कार्यलाई आइएलओ, एफएओलगायतले पनि सकारातमक ढंगले प्राविधिक रूपले सहयोग गरेका छन् ।

**भियतनाम सहकारीको ऐतिहासिक पृष्टभूमि र वर्तमान** :

११ अप्रिल १९४६ मा भियतनाम कम्यूनिष्ट पार्टीका अध्यक्ष होचिमिन्हले भियतनामी किसान र भियतनामी जमिन्दारको नाममा निर्देशन जारी गर्दै त्यसमा भनेका थिए 'तपाईं भियतनामी किसान र जमिन्दारलाई मेरो विशेष निर्देशनात्मक आग्रह छ । तपाईहरू मिलेर कृषि सहकारी गठन गर्नुस् ।' त्यो निर्देशन पछि गाउँमा कृषि सहकारीको विकास बढ्यो । यसपछि नै भियतनाममा कृषि सहकारको शृंखलाबद्ध विकास हुँदै आएको पाइन्छ । यसपछि १९५५ मा को-अपरेटिभ म्यानेजमेन्ट बोर्ड गठन भयो । १९६१ मा भियतनाम युनियन अफ स्मल स्केल हेन्डिक्राफ्ट एन्ड इण्ड्रष्ट्रिको गठन भयो । जसले उपभोक्ता र औद्योगिक सहकारी विकासक्रमलाई अघि बठाउने काम गऱ्यो । १८ डिसेम्बर १९९१ मा मन्त्री परिषद्को निर्णय नम्बर ४०९ अनुसार सहकारीलाई मानवीय आवश्यकताका सबै क्षेत्रमा स्थानीय, प्रदेश र केन्द्रसम्म एकिकृत ढंगले विकास गर्ने निर्णय गऱ्यो । यसले राष्ट्रव्यापी रूपमा जिम्मा बोक्ने गरी भियतनाम सहकारी संघ गठनको आधार बन्यो ।

३० अक्टुबर १९९३ मा प्रथम सहकारी महासम्मेलनको आयोजना भयो । यहि महासम्मेलनले विनियम पारित गऱ्यो । यो विनियमावली अनुसार भियतनाम को-अपरेटिभ युनियन गठन गर्ने निर्णय गऱ्यो । यो युनियनले सहकारीको प्रतिनिधित्व गर्ने, संरक्षण गर्ने र सम्पूर्ण सहकारीको प्रतिनिधिमुलक संघको रूपमा काम गर्ने निर्णय गऱ्यो ।

यसका लागि सेन्ट्रल काउन्सिल अफ भियतनाम को-अपरेटिभ युनियनलाई यो नियमावलीलाई १ डिसेम्बर १९९३ मा निर्णय नम्बर ५८२ मा प्रधानमन्त्रीले हस्ताक्षर गरे । पछि २४ जनवरी २०१७ मा पारित विनियमले भियतनाम को-अपरेटिभ काउन्सिल नामाकरण गर्ने गरी त्यो नियमावलीमा प्रधानमन्त्रीले हस्ताक्षर गर्नुभो । त्यसको निर्णयनम्बर १०५ रहेको छ ।

यहाँ आइपुग्न १९९३, १९९६, १९९७, २००३, २०१२ मा क्रमशः परिमार्जन गर्दै वर्तमान भियतनाम सहकारी संघले गति लिएको छ । यसको वर्तमान अध्यक्ष डा ग्योयान गोक बाओले नेतृत्व गरिहुन भएको छ । अहिले २०१८ मा आइपुग्दा भियतनाम सहकारीको संख्या र अवस्था निम्न अनुसारको छ ।

| | |
|---|---|
| सदस्य | ६९,५०,००० |
| नियमित रोजगारी | २४,८०,००० |
| कुल पूँजी | ८१,००० अरब भिएनडी भन्दा बढी छ |
| देश भरिका सहकारी संस्था | २२,४५६ |
| सहकारी फेडरेसन | १५ |
| पूर्व सहकारी समूह | १,०३,४३५ |

*स्रोतः हनोइ मार्च २०१९ मा प्रकाशित २०१८ को वार्षिक प्रतिवेदन पुस्तिकाबाट ।*

भियतनामको यो कार्यक्रमकै एक विषयको रूपमा १९ अप्रिल २०१९ को पुरै दिनभरी फिल्ड भिजिटको कार्यक्रम थियो । दिनभरीको यो अवलोकनबाट सिक्नुपर्ने धेरै कुरा भए पनि मुख्य त दुईवटाको विषयमा चर्चा गर्न उपयुक्त ठानेको छु ।

भियतनामको दोङ नाई प्रदेशको कम मे जिल्लाको क्युयट टिन सहकारी पुग्न करिब १३५ किलोमिटर बस यात्राका लागि होचिमिन्ह सिटीबाट बिहान ८ बजे प्रस्थान गऱ्यौं । सहर छाड्ने वित्तिकैबाट सडकका दायाँ बायाँ रबरका बगानहरू छिचोल्दै गयौं । बन जंगल भनेको प्रकृतिले जे उमारेको छ त्यसको रक्षा गर्ने काम मात्रै हाम्रो हो भन्ने चिन्तन भएका हामी ७ जना नेपालीहरूका लागि जंगलमा रबर प्लान्टेसन गरेर लहरै लहराको सुन्दर बगान देखपछि हामी नेपाली टोलीका डा. टोकराज पाण्डेसमेतले भन्नुभयो, 'नेपालका जंगललाई यसरी कमर्सियल उत्पादनमा लान सके त नेपाल पनि धनि हुने थियो ।' वास्तवमा नदी किनार र बगर खासगरी मेकङ नदी किनारदेखि लिएर समुन्द्रका डेल्टा सबैलाई कतै जंगल कतै माछा पालनलगायतका आय आर्जन गर्ने गरी लगाइएको शृंखलावद्ध बगैंचा हेर्न लायक थियो । यसरी पार गर्दै गर्दै हामी हाइवे छोडेर अलिकति रातमाटे धुलोबाटो हुँदै 'दोङ नाई' प्रदेशको कनम महि जिल्लाको क्वेट टेन सहकारी संस्थामा पुगियो ।

यो कृषि सहकारीले २६० हेक्टर जमिनमा रबरका बोट र केरा लहरै मिलाएर लगाएको रहेछ । आँधी हुँरी आउँदा केराको बोटको सुरक्षा रबरका बोटले गर्ने हुँदा यसले दोहोरो फाइदा भएको बताए । यो सहकारी संस्थाले अन्तर्राष्ट्रिय गुणस्तरको केरा उत्पादन प्रशोधन, प्याकेजिङ र निर्यात गर्दो रहेछ । आन्तरिक खपत बाहेक अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने गरेको रहेछ । चीन, कोरिया, फिलिपिन्स लगायतका देशमा निर्यात गर्ने गरेको कुरा यो सहकारीका संस्थाका अध्यक्ष हुगेन भान थोङ्ले बताएका थिए । नेपाली टोलीको तर्फबाट हामीले उनलाई नेपाली ढाका टोपी लगाइदिएका थियौं । उनले बताए अनुसार प्रशोधित केरो १ कार्टुनमा १३ किलो हुन्छ । 'एक बाकसको ९ अमेरिकी डलरमा निर्यात हुनेछ । हाम्रो संस्थाले गत वर्ष २००० टन निर्यात गरेको थियो । आउँदो चालु वर्षमा १० हजार टन निर्यात गर्ने लक्ष्य राखेको छ । हामो आफ्नै वायर हाउस छ । त्यहाँ १३ डिग्री तापक्रम कायम राख्छौं जसले गर्दा केराको गुणस्तर कायम गर्न मद्दत पुग्छ । हाम्रो यो फर्ममा संस्थाका सदस्यहरूले नै

काम गर्नुहुन्छ । कहिले काही सिजनका बेला बाहिरबाट श्रमिक लिनुपर्ने हुन्छ । समग्रमा यो संस्थाले सदस्य र राष्ट्रको सेवा गरेको छ' उनले भने ।

१९ अप्रिलको खानापछि अर्को प्रदेशमा खाद्य प्रशोधन कारखाना भ्रमण कार्यक्रम थियो । दिउँसो २ बजे हामी टेन्हा प्रदेशमा रहेको टेनिफुड प्रोसेसिङ फ्याक्ट्रिमा गयौं । त्यो विशाल कम्पाउन्ड भित्र अवस्थित थियो । त्यहाँ वरिपरिका सहकारी संस्थाले उत्पादन गरेको आँप, भूइकटर, अम्बा, मेवा, कागती, केरालगायतका फलफूलको प्रशोधन र टिन प्याकिङ गरेर रंगिविरंगी जुस निकालिरहेका छन् । १३ हेक्टरमा फैलिएको यो प्रशोधन कारखाना अत्याधुनिक डेनिस स्वाचालित मेसिन जडान गरेर उत्पादन सुरू भएको रहेछ । यसले उत्पादन गरेको ड्राइ फुट, जुस, चकलेटलगायतका उत्पादन गुणस्तर संस्कार विकशित देशको सरह रहेकोले उत्पादनले पर्याप्त मात्रामा स्वदेश र विदेशको बजार पाइरहेको छ । यो कारखाना स्थापना गर्न जमिन, प्रविधि, मेसिन उपकरण र बजारका लागि भियतनाम सरकार र त्यसको वाणिज्य मन्त्रालय, सहकारी हेर्ने मन्त्रालय र भियतनाम सहकारी संघले सहयोग पुऱ्याएको हुनाले यो कारखाना वरिपरिका कृषि सहकारी संस्थाले बजारका लागि भौतारिनु नपर्ने र पर्याप्त मूल्य सहित कारखानाले खरिद गर्ने हुँदा उत्पादक कृषि सहकारी र किसानले राम्रो लाभ लिएको पाइयो । यसबाट हामी सबैले सिक्नै पर्ने देखिन्छ ।

**दीगो विकास लक्ष्य हासिल गर्न : सकारात्मक नीतिगत र कानूनी आधार :**

यो कार्यक्रमको मुख्य विषय यही हो । यसमा ४ वटा कार्यपत्र प्रस्तुत भएका थिए ।

क) होसेइ युर्निभरिसटी जापनका आकिरा कुरिमोतो

ख) न्युक्यासल युर्निभरिसटी अस्ट्रेलियाका प्राधयापक श्रीमती आन अपस

ग) किरिगिज गणतन्त्रका सांसदीय विज्ञ श्रीमती बुरूल नमाजोभा

घ) दोस्रो रजिस्ट्रार फोरमका कन्सल्टेन्ट उपाली हर्थ

उक्त ४ वटै कार्यपत्रहरू निकै महत्वपूर्ण थिए । त्यसमध्ये आकिरा कुरिमोतोको कार्यपत्रले जापान, दक्षिण कोरिया, चाइना, मंगोलियाको नीति तथा ऐनको तुलनात्मक अध्ययन गरेर विषय प्रस्तुत गरिएको थियो ।

उपालि हर्थले भारत, नेपाल र श्रीलंकाको नीतिगत र कानूनी व्यवस्था र त्यसको प्रभावका बारेमा तुलनात्मक अध्ययन विश्लेषण गरेर कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

मिस अन्ना आयस न्युक्यासल युर्निभसिटी अफ अस्ट्रेलियाका प्राध्यापकले अस्ट्रेलिया, न्युजिल्याण्ड र भानुआतु को सहकारी नीति तथा कानूनी व्यवस्थाको विश्लेषणात्मक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

श्रीमती बुरल नामा जोभाले किरगिस्तान गणराज्यको सहकारी ऐन र त्यसले पारेको प्रभाव र किरगिस्तानको सांसद, सरकार र सहकारी आन्दोलनबारे विश्लेषण प्रस्तुत गर्नुभएको थियो ।

उक्त ४ वटै कार्यपत्रले जोड दिएको विषयहरूका सार यस प्रकार थियो ।

- जुन देशमा सहकारी मैत्री नीति र ऐन कानूनी छ, सरकार सहकारी सामाजिक व्यवसायको विस्तार विकासमा सहयोगी छ, ती देशमा आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय विकासको गति तिव्र छ । दीगो विकासको लक्ष्य हासिल गर्न सहज हुन्छ । जुन देशका ऐन कानून झन्झटिला र अनेक खालको अवरोधक छन् ती देशको सहकारीले अपेक्षित विकास गर्न कठिन भएको छ । कतिपय देशमा ऐनमा लेखिएको विषयलाई अल्झाउने जेसकै भएता पनि अन्यत्र जेसुकै लेखिएको भएतापनि तगारा बनाइएको ऐन भएको देशमा सहकारीले अपेक्षित गति लिन सकेको छैन भन्ने तथ्य विश्लेषणकर्ताले प्रस्तुत गर्नुभएको थियो ।
- समग्रमा सहकारी समाजिक व्यवसाय भएको हुँनाले यसको गतिसिलताका लागि सबै खाले गतिरोध र तगाराहरू हटाउन राज्यसँग लविङ गर्ने प्रयास गर्ने र निरन्तरता र धैर्यता साथ लाग्नुपर्छ र सरकार,सांसद र रजिष्ट्रारहरू सहकारी सामाजिक व्यवसायको विकासका गतिदिने निकाय हो र अवरोध हाल्ने तगारा हुनु हुँदैन । यसरी मात्र संयुक्त राष्ट्र संघले अघि सारेको र संसारका सबै देशले स्विकारेको दीगो विकास लक्ष्य २०३० हासिल गर्न सकिने छ । समग्रमा भियतनाको सुन्दर सहर होचिमिन्ह सिटीको उक्त कार्यक्रमको मुख्य सार वा मुख्य ध्येय पनि एसिया प्रशान्त क्षेत्रमा र सिँगै विश्वमा दीगो विकास लक्ष्य हासिल गर्न नीतिगत, कानूनी, प्राविधिक र बजेटरीमा सहयोग गरी सबै देश उत्साहबर्धक भएर अघि बढ्नुपर्ने रहेको थियो ।

  अन्त्यमा एसिया प्रसान्त क्षेत्रका रिजनल डाइरेक्टर बालु सुव्रमन्यम आयरले प्रस्तुत गर्नुभएको केही अंश यस प्रकार छ ।

**उनले भने :**

यो कार्यक्रममा प्रस्तुत भएका विषयले हाम्रो समस्या के हो र समाधान के हो भन्ने विषयमा एसिया प्रसान्त क्षेत्रका ३३ देशका १३० जना र अन्तर्राष्ट्रिय सहकारी महासंघका डाइरेक्टर जनर लसमेतबाट आएका विषय महत्वपूर्ण छदैछन् सहकारी क्षेत्रका जति सम्भावना छ त्यतिकै सम्भावना हासिल गर्न चुनौती पनि छ ।

दीगो विकास लक्ष्य हासिल गर्न नीतिगत, कानूनी, प्राविधिक, पूँजीगत र दक्ष जनशक्ति निर्माण गर्ने चुनौती छ ।

यति मात्र होइन महिला सशक्तिकरण गर्न, युवालाई सहकारीमा आकर्षित गर्न, बसाई सराईको समस्या हल

गर्न, जेष्ठ नागरिकको समस्या हल गर्न, आधुनिक प्रविधि विकास गर्न र पूँजीवादी अर्थतन्त्रसँग प्रतिस्पर्धा क्षमता विकास गर्ने चुनौती हाम्रो सामु छ । एसिया प्रसान्त क्षेत्रमा नीतिगत, कानूनी सम्बैधानिक एक रूपता छैन । असहज रहेको ऐन कानूनको परिमार्जन गर्नुछ । सबै हिसाबले सुन्दर, शान्त, विकसित र समतामुलक समाज निर्माण गर्ने अभियानका हामी अभियन्ता हौं । यसलाई सफल पार्न सफलताका लागि शुभ कामना व्यक्त गर्दछु ।'

यसरी यो कार्यक्रम सम्पन्न भयो । नेपालबाट जानु भएका रजिष्ट्रार डा. टोकराज पाण्डे, राष्ट्रिय सहकारी विकास बोर्डका सह अध्यक्ष दक्ष पौडेल, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केवी उप्रेती, चक्र बहादुर पराजुली, प्रकाश सुवेदी, अनन्त अर्याल र म समेतले यो कार्यक्रमले नेपालको सहकारी अभियानलाई सफल बनाउन सरकार र सहकारी आन्दोलनको सहकार्य अझै व्यापक बनाउनुपर्ने अनुभूति दिलाएको छ । समग्रमा यो कार्यक्रम सफल भएको महसुस गरेका छौं ।

**सन्दर्भ सामाग्री :-**

- भियतनाम सहकारी संघको मार्च, २०१९ मा प्रकाशित २०१८ को वार्षिक प्रतिवेदन
- भियतनामा बारे वेबसाइटहरू
- केशव बडालद्वारा लिखित पुस्तक भियतनाम र भूमिसुधार
- उक्त फोरममा प्रस्तुत भएका कार्यपत्रहरू

# नवलपरासीको भूमहीमा नेफ्स्कूनको सेवा केन्द्र सञ्चालन

नेफ्स्कून फिल्ड कार्यालय रुपन्देही अन्तर्गत सुनवल नगरपालिका १२ भूमही नवलपरासीमा असार २० गतेदेखि नेफ्स्कूनको सेवा केन्द्र सञ्चालनमा आएको छ ।

सदस्यहरूमाझ नजिकबाट वित्तीय तथा अन्य सेवाहरू सहज रूपमा उपलब्ध गराउने उद्देश्यसहित शुरू गरिएको उक्त सेवा केन्द्रको औपचारिक उद्घाटन नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतले गर्नुभएको थियो ।

सेवा केन्द्र उद्घाटन कार्यक्रमको अध्यक्षता संघका सञ्चालक एवं प्रदेश नं. ५ का संयोजक कृष्ण प्रसाद नेपालले गर्नुभएको थियो भने विशिष्ट अतिथिहरूमा संघका महासचिव चन्द्र प्रसाद ढकाल, लेखा सुपरिवेक्षण समिति संयोजक दामोदर अधिकारी र अतिथिहरूमा फिल्ड व्यवस्थापन उपसमिति सदस्यहरू, सदस्य सेवा व्यवस्थापन उपसमिति सदस्यहरू, नवलपरासी जिल्ला बचत संघका सञ्चालक राजन आचार्य लगायत स्थानीय सहकारीकर्मीहरू र स्थानीय ३० वटा बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधिहरूसहित गरी ६७ जनाको उपस्थिति रहेको थियो ।



सेवा केन्द्र उद्घाटन समारोहमा बोल्दै अध्यक्ष बस्नेतले साकोसहरूलाई स्थानीय स्तरमानै सेवा प्रवाह गर्न, साकोसको दीगो विकास र प्रवर्द्धनका लागि नेफ्स्कून सेवा केन्द्र आवश्यक भएको जानकारी गराउँदै साकोस अभियानलाई गति प्रदान गर्न नेफ्स्कून र प्रारम्भिक साकोसहरू एक रथका दुई पाङ्ग्रा भएर अगाडि बढ्नुको विकल्प नभएको बताउनुभयो ।

संघका महासचिव चन्द्र प्रसाद ढकालले साकोसहरूलाई नीति, विधि र प्रविधि अनुरूप सञ्चालन गर्न, सुरक्षित र दीगो साकोस निर्माण गर्न र साकोस अभियानलाई मजवुत बनाउन नेफ्स्कूनले निरन्तर कार्य गरिरहेको र त्यसका लागि प्रारम्भिक साकोससँग नेफ्स्कून स्थानीय रूपमै सहकार्य गर्दै अगाडि बढ्न प्रतिवद्ध रहेको जानकारी गराउनुभयो ।

संघका लेखा सुपरिवेक्षण समितिका संयोजक दामोदर अधिकारीले साकोसको गुणस्तर वृद्धि सँग सँगै सुनिश्चतता कायम राख्नुपर्नेमा जोड दिनु भयो ।

❑ ❑ ❑

# साकोसका व्यवस्थापन प्रमुखहरुको राष्ट्रिय गोष्ठी

## ६ सुत्रीय साझा घोषणापत्र जारी




नेफ्स्कूनको आयोजनामा काठमाडौंमा जारी दुई दिवसीय साकोस व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी देशभरका बचत तथा ऋण सहकारी संस्थाका ५ सय भन्दा बढी व्यवस्थापन प्रमुखहरूको उत्साहपूर्ण सहभागिताका साथ ६ सुत्रीय साझा घोषणापत्र जारी गर्दै २०७६/०२/१७ गते सफलतापूर्वक सम्पन्न भएको छ ।

बचत तथा ऋण सहकारी अभियानका नविनतम र सफल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र समाधानका उपाय सहितका महत्वपूर्ण ९ विषयवस्तु माथि कार्यपत्र प्रस्तुतिकरण र अन्तरक्रियात्मक गोष्ठी समापनको प्रमुख आतिथ्यता राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशव बडालले गर्नुभएको थियो ।

दुई दिन सम्म चलेको उक्त गोष्ठीमा साकोस ब्राण्डिङ अवसर र चुनौती, साकोस जोखिम व्यवस्थापन, व्यवसायिक जनसम्पर्क: जवाफदेही व्यवस्थापन विकास, व्यवसायिक सहकारीका लागि सफलतम योजना, उत्कृष्ट व्यवस्थापक: चरण र रणनीतिहरू, वित्तीय समावेशीकरणका लागि नविनतम प्रविधि, दीगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी, तनाव व्यवस्थापनको लागि उत्प्रेरणा र सकारात्मक सोच, सञ्जाल व्यवस्थापनका लागि बृद्धि र सुशासन लगायतका विषयवस्तुहरूमाथी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्रोत व्यक्तिहरूबाट कार्यपत्र प्रस्तुत भएका थिए ।

गोष्ठी समापन समारोहको अवसरमा बोल्दै अध्यक्ष बडालले बचत तथा ऋण सहकारी अभियानको विकास र प्रवर्द्धनका लागि नेफ्स्कूनले सफलतापूर्वक सम्पन्न गरेको यो ऐतिहाँसिक गोष्ठी मुलुकको दीगो विकास लक्ष्य प्राप्तिमा र समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य पुरा गर्ने दिशामा समेत महत्वपूर्ण कोशेढुङ्गाको रूपमा रहने विश्वास व्यक्त गर्नुभयो । उहाँले सहकारीको माध्यमबाट महिलामा जागरण र सशक्तिकरण भएको प्रशंङ्ग उल्लेख गर्दै आज महिला पैसाको लागि हात थाप्ने होइन हात फैलायर पैसाको कारोवार गर्न सक्षम भएको बताउनुभयो ।

नेफ्स्कूनका पूर्व महासचिव एवं संघीय सांसद घनश्याम खतिवडाले मुलुकको आर्थिक विकासमा सहकारी दर्विलो खम्बाको रूपमा अगाडि बढिरहेको बताउँदै आर्थिक वर्ष २०७६/०७७ को वार्षिक बजेट बक्तव्यले पनि सहकारीको विकास र प्रवर्द्धनका लागि महत्वपूर्ण विषयहरू अंगिकार गरेको बताउनुभयो ।

राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष माधव ढुंगेलले समृद्ध नेपाल र सुखी नेपालीको सपना साकार पार्न सहकारीमार्फत युवा लक्षित कार्यक्रमहरू स्थानीय, प्रदेश र केन्द्र तीनवटै तहमा पुऱ्याउन सहज हुने बताउनुभयो ।






गोष्ठी समापन समारोहका अन्य अतिथिहरूमा सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डे, राष्ट्रिय सहकारी महासंघका बरिष्ठ उपाध्यक्ष मीनराज कंडेल, अमेरिकन हेरिटेज क्रेडिट युनियनका प्रमुख कार्यकारी अधिकृत ब्रुस के., नेफ्स्कूनका पदाधिकारीहरू, सञ्चालक सदस्यहरू, लेखा संयोजक लगायतको उपस्थिति रहेको थियो ।

दुई दिने उक्त गोष्ठीबाट जारी गरिएको ६ सुत्रीय साझा घोषणापत्र नेफ्स्कूनका महासचिव एवं गोष्ठी आयोजना कार्यदलका संयोजक चन्द्रप्रसाद ढकालले बाचन गरेर सुनाउनुभएको थियो भने गोष्ठीका सम्पूर्ण सहभागीहरूबाट घोषणापत्र स्वीकृति र प्रभावकारी कार्यान्वयका लागि सहमति जनाउनुभएको थियो ।

गोष्ठी समापन सत्रमा बोल्दै संघका अध्यक्ष डी.बी. बस्नेतले गोष्ठीको सफलतापूर्वक सञ्चालनका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सहकारी संघ संस्था, अन्तर्राष्ट्रिय प्राविधिक सहयोग निकायहरू, सञ्चारकर्मी र सम्पूर्ण साकोस अभियानकर्मीहरूलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

नेफ्स्कून

## साझा प्रतिवद्धता-पत्र

नेपालको साकोस अभियान स्वस्थ, सुरक्षित, सु-शासित एवं प्रविधिमैत्री बनाई नीति, विधि र प्रविधिको उच्चतम प्रयोगका साथै जिम्मेवार व्यवस्थापकीय नेतृत्वबाट मात्र समावेशी आर्थिक विकास गर्न सकिन्छ भन्ने सोचका साथ "समावेशी आर्थिक विकासका लागि जिम्मेवार व्यवस्थापकीय नेतृत्व भन्ने नारा तय गरी नेफ्स्कून साकोस म्यानेजर्स क्लबको व्यवस्थापन सहकार्यमा नेफ्स्कूनद्वारा आयोजित साकोसका व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी २०७६ ले साकोस एकरूपता प्रणालीमार्फत वित्तीय पहुँच विस्तार गरी समुदायको समावेशी आर्थिक विकास, गरिबी न्यूनीकरण र स्वरोजगारी सिर्जना गरी समृद्ध नेपाल सुखी नेपालीको उच्च संकल्प र प्रतिवद्धतासहित देहायका ६ सुत्रीय साझा घोषणापत्र जारी गर्दछौं ।

१. सदस्यको आवश्यकता, क्षमता र सम्भावनाको पहिचान गरी वस्तु तथा सेवाको विविधिकरण, बजारिकरणमा स्पष्ट नीति, विधि, प्रविधि र अभ्यासको अवलम्बन गरी गुणस्तरीय सञ्चालन मार्फत साकोस अभियानको समग्र छवी र ब्राण्ड व्यवस्थापन गर्न प्रतिवद्ध छौं ।

२. साकोसमा नियमित जोखिम परीक्षण गर्न स्थिरीकरण कोषमा आवद्ध भई क्षमताको आधारमा गुणस्तर सुनिश्चितताको स्तरीकरण कार्यक्रमलाई चरणवद्ध रूपमा अगाडि बढाउनेछौं ।

३. संस्थाको संस्थागत दीगो विकासको लागि जनसम्पर्कमा व्यवसायिकता र उत्तराधिकारी निर्माण योजना विकास गरी कार्यान्वयन मार्फत वित्तीय क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय नेतृत्व विकास गर्न प्रतिवद्ध छौं ।

४. संस्थाको मानवीय पूँजीमा आउनसक्ने जोखिम व्यवस्थापन गर्न संस्थाका सदस्यहरू एवं संस्थामा कार्यरत कर्मचारीहरूको नियमित परीक्षणको लागि Know Your Members/Employees -KYM/E (पहिचान प्रणाली) लागू गर्न नेफ्स्कूनले विकास गरेका औजारहरू अवलम्बन गर्न प्रतिवद्ध छौं ।

५. नेफ्स्कूनले अभियानको समग्र प्रणाली व्यवस्थापनको लागि औजार विकास गर्ने र सोको अवलम्बन साकोसतहमा गर्न हामी आयोजक र सहभागीहरू प्रतिवद्ध छौं ।

६. नेफ्स्कूनले प्रवर्द्धन गरेको विद्युतीय समाधानलाई हरेक संस्थामा आन्तरिकीकरण गर्न तत्परता जनाउँछौं ।

नेफ्स्कूनद्वारा आयोजित व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठीका सम्पूर्ण सहभागीहरू माथि उल्लेखित बूँदाहरूलाई सामूहिक रूपमा मनन् गर्दै यो प्रतिवद्धता पत्र जारी गर्दछौं ।

# समाज, संसार र समृद्धिमा वित्तीय सहकारीको जिम्मेवारी

**परितोष पौड्याल**

बरिष्ठ उपाध्यक्ष
नेफ्स्कून



योजना र समयको आधारमा सुचांक सहित सन २००० सम्म सहश्राब्दी विकास लक्ष्य र सन् २०३० सम्म दीगो विकास लक्ष्यको प्राप्ति र समीक्षा सहित विश्व विकास योजनाहरु कार्यन्वयनको चरणमा छन् ।

(संयुक्त राष्ट्र संघको २३ औं सभाले सन १९६८ मा committee for the promotion and advancement of cooperative - COPAC गठन गर्‍यो । स्थायी रूपमा रहेको यो समितिमा संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय सहकारी महासंघ, विश्व मजदुर संगठन, खाद्य र कृषि संगठन र विश्व कृषि संगठन गरी ५ वटा संगठन रहेका छन् । COPAC का ५ संगठन मध्ये २ संगठन विश्व मजदुर संगठन र विश्व खाद्य संगठन समेतको संलग्नता र आइ. एल. ओ. को सतवार्षिकी वर्षमा आइ. एल. ओ.ले समन्वय गरेको प्रस्तुत तालिम नेफ्स्कून, आइ. एल. ओ. को तालिम संयन्त्र ट्यूरिन टेनिङ्ग सेन्टरको आयोजनामा मिति २०७६ असार १ गतेदेखि असार ६ गतेसम्म, भक्तपुरको नगरकोटमा नेफ्स्कून सञ्चालक समिति, लेखा समिति र नेफस्कून उच्च व्यवस्थापन, सहकारी मन्त्रालय, नेपाल राष्ट्र बैंक र राष्ट्रिय सहकारी महासंघका प्रतिनिधि समेतको तालिममा सहभागिता थियो । (प्रस्तुत लेख उक्त तालिमको मुख्य खाकामा आधारित छ ।)

समाज विज्ञानको विकाससँगै शासकीय प्रणाली निम्न अवस्थाबाट उच्च अवस्थामा र सरलताबाट जटिलतातर्फ उन्मुख हुन्छ । आधुनिक युगमा मानिसहरूका स्तरीकृत चेतना, उनीहरूका इच्छा, चाहना एवं आवश्यकता र उच्च प्रविधिको विकासले विचार विज्ञानमा नयाँ समाधानको माग गरिरहेको छ । पछिल्लो पुस्ताले विकास गरेका राज्य व्यवस्था प्रणालीका आधारभुत मान्यताहरूले नयाँ पुस्ताको आयामलाई संवोधन गर्न सक्दैनन् । राज्य व्यवस्था प्रणालीका आधारभुत मान्यता र नयाँ युगको मागलाई संवोधन गर्न मुख्य विषयमा विश्व मञ्चले योजनावद्ध र समयवद्ध लक्ष्यहरू किटान गर्दै राज्य व्यवस्था प्रणालीलाई मागर्दशन गर्दै आएको छ । योजना र समयको आधारमा सुचांक सहित सन २००० सम्म सहश्राब्दी विकास लक्ष्य र सन् २०३० सम्म दीगो विकास लक्ष्यको प्राप्ति र समीक्षा सहित विश्व विकास योजनाहरू कार्यन्वयनको चरणमा छन् । नेफस्कूनले आर्थिक विकास र गुणस्तरीय जीवनको लागि साकोसको मार्गदर्शनमा कार्यसम्पादन गर्दै आएको छ ।

दीगो विकास लक्ष्य प्राप्त गर्नको लागि राज्यव्यवस्था प्रणालीले मानिसलाई प्रस्तुत ५ विषयलाई मुख्य कडीको रूपमा स्वीकार र विकास गर्दै आएको छ । १९८६ मा विकासको अधिकार सम्बन्धी घोषणा र त्यसपछिका अनेकौ विश्व सम्मेलनले

परिस्कृत बनाएका विषयहरू :

- हरेक मानव व्यक्तित्वलाई विकासको केन्द्रमा राख्ने
- सक्रिय र सार्थक सहभागितालाई सुनिश्चित गर्नु
- सवै प्रकारका विभेद विरूद्धको सुरक्षा र विकासका उपलब्धीलाई न्यायसंगत वितरण
- प्राकृतिक साधनहरूमा सार्वभौम अधिकार र आत्म निर्णयको अधिकारलाई सम्मान
- आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक मार्गदर्शनका विषयमा आम नागरिकलाई शुसुचित गर्नु ।

यसरी विकास भएको समाज विज्ञानको पछिल्लो यात्राले तीन "P" अर्थात "स" लाई People समुदाय, Planet सन्सार र Prosperity समृद्धिलाई आधारभुत मेरूदण्डको रूपमा केन्द्रित हुँदैछन् । नेपालका अर्थराजनीतिका तीनै पक्षहरू सरकारी, नीजि र सहकारीले उत्तर आधुनिकतावादका यी मानकहरू नीति र कार्यक्रममा प्रस्तुत हुँदा समाज, वातावरण र सुशासनलाई प्रभाव पार्ने गरी केन्द्रित हुनु आवश्यक छ । समुदायलाई लक्षित बनाई समाज विज्ञानका आधारभुत विषयहरू हरेक व्यक्तिको जीवनको गुणस्तर, शिक्षा, हरेकलाई समान अवसर र पहुँच तथा रोजगारको सिर्जनामा राज्यका संरचना केन्द्रित रहनु पर्दछ । समृद्धिको लागि सुशासनको अन्तरसम्बन्धको विकास गरी आर्थिक विकासका मुल विषयहरू कुल ग्राहस्थ उत्पादनमा वृद्धि, राष्ट्रिय आयमा वृद्धि र प्रतिव्यक्ति आयमा वृद्धिमा अर्थराजनीतिका तीन अंग क्रियाशील हुनु पर्दछ । हरेक नागरिकको लाभवृद्धि, शासकीय प्रणालीका हरेक तहमा अनुसन्धान र विकासका लागि साधन र श्रोतको व्यवस्थापन तथा नागरिकको लगानीको सुरक्षाका लागि सरकार र सहकारीको विस्तारित सेवा र वित्तीय सुरक्षा, कुशल व्यवस्थापनको लागि प्रभावकारी नियमनको माध्यमबाट नागरिहरूको पूँजीगत लागतमा बचत सुनिश्चित गरी जनजनको आर्थिक वृद्धि यात्रा अर्थात समृद्धिको यात्रा तय गर्न आवश्यक हुन्छ । सन्सार वा पृथ्वीको संरक्षणका लागि वातावरणको दीगो प्रयोगसँग नागरिकहरूको जीवन पद्धतिको सापेक्षित विकास अनिवार्य सर्त हो । आफ्नो र सन्ततीको सुरक्षाको लागि हाम्रो जीवन पद्धतिलाई प्राकृतिक संशाधनको यथोचित उपयोग, प्रदुषण नियन्त्रण र जैविक विविधताको न्यायीक सदुपयोगसँग जोडनु पर्दछ ।


वित्तीय सहकारी संस्थाले आफ्नो वित्त परिचालनको क्रममा सहज प्रभावकारी र पूर्णतया एकीकृत ठोस् र संगठनात्मक समार्थ्यको लागि केन्द्रविन्दु, दीगो विकासमा आधारित नीति विश्लेषण, वित्तीय क्षेत्रको जोखिम विश्लेषण र नेफस्कूनको स्थायी विकास र कार्यक्रम कार्यान्वयनको लागि मार्गदर्शन र सहभागीको क्षमता विकासको सन्दर्भमा प्रस्तुत तालिम उपयोगी रहेको थियो ।

सामाजिक सुशासनको लागि समुदाय र समृद्धिलाई आधार बनाई आपसी समन्वयको आधारमा व्यवसायिक नैतिकता, स्वच्छ व्यापार र नागरिकहरूमा उचित पारिश्रमिकको प्रवन्ध गर्न राज्यका सवै पक्षहरूको योजना, नीति, कार्यक्रम र वजेटको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन र अनुगमन र नियमनमा सरकार उत्तरदायी हुनु पर्दछ ।

वातावरणीय सुशासनको लागि सन्सारलाई समृद्धिसँग जोड्न उर्जाको प्रभावकारीताको लागि उत्पादित उर्जाको खरिद बिक्रीको सुनिश्चिता, नविकरणीय उर्जामा लगानी प्रवर्द्धन गर्नेलाई विशेष सहुलियत र सुविधा, नविकरणीय उर्जाको व्यवसायिक प्रयोगमा अनुदान र प्रोत्साहन र हरित प्रविधिको आन्तरिकीकरण, विकासका लागि जागरण र व्यवसायिकीकरणमा प्राथमिकताको क्षेत्र बनाई राज्य नागरिक प्रति जवाफदेही हुनु पर्दछ ।

सामाजिक वातावरणको माध्यमले समुदाय र सन्सारलाई उत्पाकत्व व्यवस्थापन र जीवन पद्धतिको विकासमा संरक्षणको नीति, वातावरणीय न्याय र भुगर्भीय भण्डारको दीगो व्यवसायिक उपयोगको लागि मानिसका क्रियाकलापलाई व्यवस्थित गरी उनीहरू धन सिर्जनामा राज्य सहयोगी बन्नु पर्दछ ।

❑ ❑ ❑



# स्थिरीकरण कोष छिट्टै शुरुवात हुने

सहकारी ऐन २०७४ र नियमावली २०७५ ले दिएको अधिकार भित्र रहेर गठित स्थिरीकरण कोष सञ्चालन समितिले स्थिरीकरण कोष सञ्चालन कार्यविधि २०७६ को मस्यौदा तयार गरी कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा पेश गरेको छ ।

प्रस्तावित कोष कार्यविधिको मस्यौदा बुझ्दै भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोपीनाथ मैनालीले यस कोषको अभ्यास नेपालका लागि पहिलो अभ्यास भएको हुँदा केही अन्य देशका अनुभव र सहकारी ऐन नियमको प्रावधान हेरेर कार्यविधिलाई छिट्टै अन्तिम स्वरूप दिइने बताउनुभयो ।

नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतको नेतृत्व सहित गएको एक टोलीले मन्त्रालयका सचिव मैनाली र सहकारी हेर्ने कर्मचारीहरूको रोहबरमा श्रावण ६ गते सचिव समक्ष स्वीकृतिका लागि मस्यौदा पेश गरिएको थियो ।

स्थिरीकरण कोष सञ्चालनका लागि गठित सञ्चालन समितिका पदाधिकारीहरूमा नेफ्स्कूनका अध्यक्ष र सदस्य सचिव संघका प्रमुख कार्यकारी अधिकृत, सहकारी मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ र राष्ट्रिय सहकारी बैंकका प्रतिनिधिहरू रहेका छन् ।

यस समितिको बैठकबाट दफाबार छलफल गरी स्थिरीकरणकोष सञ्चालन कार्यविधि २०७६ को स्वीकृतिका लागि सिफारिस गरेको हो ।

# नेफ्स्कूनद्वारा छुट्टै बचत तथा ऋण सहकारी ऐन सम्बन्धी मस्यौता पेश

नेपालका बचत तथा ऋण सहकारी संस्थाहरूको एक मात्र विषयगत केन्द्रीय संघ नेफ्स्कूनले बचत तथा ऋण सहकारी सम्बन्धी छुट्टै बचत तथा ऋण ऐन बनाउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्याललाई प्रस्तावित मस्यौदा बुझाएको छ । मन्त्रालयमा असार २५ गते आयोजित एक कार्यक्रमका बिच नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतले मन्त्री अर्याललाई ऐनको मस्यौदा बुझाउँदै सहकारी ऐनले बचत तथा ऋण सहकारीको सबै भावना समेट्न नसक्ने हुँदा छुट्टै बचत ऐनको पक्षमा नेफ्स्कूनले लविङ गर्दै आईरहेको बताउनुभयो ।



मन्त्री पद्माकुमारी अर्यालले संविधान, ऐन, कानून र अन्तर्राष्ट्रिय अभ्यास अध्ययन गरेर र  सम्बन्धित सरोकार निकायसँग छलफल गरेर बचत तथा ऋण सहकारी संस्था सम्बन्धी छुट्टै कानून निर्माण गर्ने तयारी मन्त्रालयले गरिरहेको बताउनुभयो । उहाँले बचत तथा ऋण सहकारी आवश्यकताभन्दा बढी भएकोले सहकारी मर्जर अभियान चलाउनुपर्ने बताउँदै सहकारीको प्रभावकारी अनुगमनका लागि नेफ्स्कूनको सहयोग आवश्यक रहने बताउनुभयो ।

सहकारी मन्त्रालयका सचिव गोपीनाथ मैनालीले नेपालको संविधान, सहकारी ऐन २०७४ का व्यवस्था तथा अन्तर्राष्ट्रिय अभ्यास हेरेर छुट्टै बचत तथा ऋण ऐन निर्माण गर्ने सन्दर्भमा मन्त्रालय अगाडि बढेको बताउनुभयो ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) बचत तथा ऋण सहकारी संस्थाहरू एवं जिल्ला बचत तथा ऋण सहकारी संघहरू समेत आवद्ध भएको विषयगत केन्द्रीय संघ हो । हाल नेफ्स्कूनमा ३५०० प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरू र जिल्ला बचत तथा ऋण सहकारी संघहरू अन्तर्गत ४५०० गरी कुल ८००० बचत तथा ऋण सहकारी संस्थाहरू साकोस सञ्जालीकरणमा क्रियाशील छन् ।

# संघको आ.व. २०७६/७७ को योजना तर्जुमा



नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) ले नयाँ आर्थिक वर्ष २०७६/७७ मा सञ्चालन गर्ने विभिन्न वित्तीय योजना, तिनको लक्ष्य र प्राप्तिका लागि अवलम्बन गरिने रणनीति तय गरेको छ । सो विषयमा संघले नगरकोटमा साउन ११ देखि १३ गतेसम्म गोष्ठी आयोजना गरी गत आर्थिक वर्षमा सञ्चालित योजनाको प्रगति समीक्षा गुर्नका साथै आगामी तथा नयाँ आर्थिक वर्षको योजना निर्धारण गरेको हो ।

दुई दिने उक्त गोष्ठीले विपन्न र ग्रामिण क्षेत्र लक्षित व्यावसायिक योजना निर्माण, व्यावसायिक तालिम केन्द्र निर्माण, आवद्ध सदस्य संस्थाहरूको क्षमताका आधारमा वर्गीकृत अनुगमन कार्यक्रम लगायतका रणनीतिक योजनाहरू तर्जुमा गरेको छ ।

दुई दिनसम्म चलेको उक्त गोष्ठीमा संघका प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत सहित उच्च व्यवस्थापन र संघका विभिन्न २४ वटा फिल्ड कार्यालयका इन्चार्ज र कार्यक्रम अधिकृतहरू गरी ५५ जना सहभागी हुनुहुन्थ्यो ।

गोष्ठीको उद्घाटन संघका अध्यक्ष डी.बी. बस्नेतले गर्नुभएको थियो । उद्घाटन सत्रमा संघका कोषाध्यक्ष केशव प्रसाद पोखेल, सञ्चालक सदस्य घनश्याम अधिकारी, लेखा समिति संयोजक दामोदर अधिकारी लगायतको उपस्थिति रहेको थियो ।

गोष्ठी सफलताको शुभकामना व्यक्त गर्दै अध्यक्ष बस्नेतले नेपालको बचत तथा ऋण सहकारी अभियानलाई दीगो र सुरक्षित बनाउन सहकारी ऐन २०७४ र नियमावली २०७५ मा उल्लेखित व्यवस्था अनुरूप स्थिरीकरण कोष सञ्चालन कार्यविधि २०७६ को मस्यौदा र बचत तथा ऋण सहकारी सम्बन्धी छुट्टै ऐनको मस्यौदा स्वीकृतिका लागि मन्त्रालयमा पेश गरिएको बताउनुभयो ।

कोषाध्यक्ष केशव प्रसाद पोखेलले सहकारी ऐन, नियमावली र सरकारका विभिन्न निकायहरूले नेफ्स्कून प्रति देखाएको विश्वासपूर्ण वातावरणबाट नेफ्स्कून र समग्र साकोस अभियानको सफलता सुनिश्चित भएको बताउनुभयो । उहाँले नेफ्स्कून अभिभावक संघ हो, यसले सदस्यहरूलाई पुऱ्याउने सेवा विकेन्द्रित गरी संघीय शासन व्यवस्था अनुरूपको मोडालिटिमा सञ्चालन गर्न र साकोस गुणस्तर सुनिश्चितताको विषयमा गम्भिर रहन कर्मचारीहरूलाई निर्देशन गर्नुभएको थियो ।

शुभकामना मन्तव्य व्यक्त गर्दै संघका लेखा सुपरिवेक्षण समिति संयोजक दामोदर अधिकारी र सञ्चालक सदस्य घनश्याम अधिकारीले नेफ्स्कूनको गौरवपूर्ण र ओजपूर्ण प्रगतियात्रामा कर्मचारीको सबैभन्दा महत्वपूर्ण भूमिका रहने बताउनुभयो । विगतका पाठहरूबाट सिक्दै वर्तमानलाई उपलब्धीमूलक बनाउने विषयमा ज्ञान सीप प्रवर्द्धन र योजना तर्जुमाबाट तात्विक परिवर्तन ल्याउन व्यवस्थापनको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

संघका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले उद्घाटन सत्रमा स्वागत मन्तव्य राख्दै संघका कर्मचारी नेफ्स्कूनको विकास र समग्र अभियानको सफलताका लागि महत्वपूर्ण आधार रहेको हुँदा कर्मचारीहरू अब्बल दर्जाको बन्न क्षमता अभिवृद्धि जरूरी भएको बताउनुभयो । उद्घाटन सत्रको सहजिकरण संघका व्यवसाय विभाग प्रमुख सञ्जयराज तिमल्सिनाले गर्नुभएको थियो ।



# गुणात्मक विकास र एकीकरणको चरणमा ध्यान दिनुपर्ने पक्षहरु



**चन्द्र प्रसाद ढकाल**

महासचिव, नेफ्स्कून
सञ्चालक, राष्ट्रिय सहकारी महासंघ

लेख

नेपालको सहकारी अभियान अब गुणात्मक विकासको चरणमा प्रवेश गरिसकेको र अबको अभियान भनेको व्यवसायिकता विकास र सुशासनको सुनिश्चितता तर्फ केन्द्रीय हुनु जरूरी छ । सहकारी संस्थाहरू जुनसुकै सन्दर्भमा वा जेसुकै उद्देश्यले स्थापित भएता पनि ती संस्थाहरू व्यवसायिकता तर्फ उन्मुख नभई दीगो रूपमा सञ्चालन हुन सक्ने अवस्था छैन । सुशासनको विषयलाई छुट्टै रूपमा बुझ्नु भन्दा व्यवसायिक विकासको एउटा अपरिहार्य शर्तको रूपमा स्वीकार्न जरूरी छ । सहकारीमा व्यवसायिकता भनेको नै सदस्यको आवश्यकताका आधारमा संस्थाको व्यवसायको क्षेत्र छनौट, उद्देश्य निर्धारण, लक्ष्य तय र सोको लागि प्रभावकारी योजना तथा कार्ययोजना निर्माण गर्नु र सोको प्रभावकारी कार्यान्वयन गर्नु हो । सुशासन नियन्त्रणको पक्षसँग सम्बन्धित हुन्छ तर त्यो नियन्त्रण भनेको माथि उल्लिखित भए बमोजिमको लक्ष्य हासिल गर्न सहि मार्गमा आवश्यक गति र दिशामा चलेको छ कि छैन भन्ने कुरा सुनिश्चित गर्नका लागि हुनुपर्छ । संस्थाको सफलताका लागि आवश्यकताबोध भएका र ती आवश्यकता सहकारीकै माध्यमबाट पुरा गर्ने चाहना बोकेका सदस्य, यस सम्बन्धी स्पष्ट दृष्टिकोण भएका सञ्चालक र लेखा समितिको नेतृत्व र सम्बन्धित विषयमा व्यवस्थापकीय ज्ञान, सीप र अनुभव भएको व्यवस्थापनको खाँचो पर्दछ । कुनै पनि सहकारी संस्था सदस्यका लागि सम्बन्धित सेवा प्राप्त गर्नका लागि सबैभन्दा उत्तम विकल्प वा पहिलो रोजाई बन्न सक्नुपर्छ । यहि मान्यता अन्तर्गत नै वर्तमान सहकारी ऐनले एकै प्रकृतिको संस्थामा तोकिएको समयभित्र दोहोरो सदस्यता हटाउने व्यवस्था पनि गरेको छ । त्यसै गरी सहकारी ऐनले व्यवस्था गरेबमोजिम सहकारी विभागले सन्दर्भ ब्याजदर समेत तोकेको छ । यसले संस्थाहरूमा भएको विद्यमान अस्वस्थ प्रतिस्पर्धालाई निरूत्साहित गर्ने र सेवाको गुणस्तरमा प्रतिस्पर्धात्मक अवस्था सिर्जना गर्नमा मद्दत पुऱ्याउनेछ । सन्दर्भ ब्याजदर घटि वा बढी भयो भन्ने कुरामा विभिन्न आवाज सुनिएका छन् । यो बजारको दर सापेक्ष र ३/३ महिनामा परिवर्तनशील व्यवस्था भएकोले यसले सहकारी भित्र उच्च दरको ब्याजका आकांक्षी निक्षेपकर्ता र उच्च दरमा कर्जा लगानी गरी ठुलो प्रतिफल निकाल्ने मनोविज्ञान बोकेका व्यवस्थापक वा नेतृत्वकर्तालाई एउटा सीमा भित्र रहन निर्देशित गर्छ । वास्तवमै संस्थाको खुद आम्दानी ऋणमा लिइने उच्च ब्याजदरले सुनिश्चित गर्ने

सहकारीमा व्यवसायिकता भनेको नै सदस्यको आवश्यकताका आधारमा संस्थाको व्यवसायको क्षेत्र छनौट, उद्देश्य निर्धारण, लक्ष्य तय र सोको लागि प्रभावकारी योजना तथा कार्ययोजना निर्माण गर्नु र सोको प्रभावकारी कार्यान्वयन गर्नु हो ।



विषय नभई लिने र दिने बिचको अन्तर अर्थात स्प्रेडले निर्धारण गर्ने हो । हाल गरिएको सन्दर्भ ब्याजदरको व्यवस्थाले सहकारीको बजारको स्प्रेड दरमा असर नपुऱ्याइ ६५ को स्प्रेडदर कायम राखेको छ ।

बचत ऋण सहकारीका क्षेत्रमा नेफ्स्कूनले उठाएका विषयहरू पछिल्लो समय अझै सान्दर्भिक बन्दै गएका छन् । साकोस एकरूपता, एकीकरण, गुणस्तर सुनिश्चितता र स्थिरीकरण कोषका विषयहरू अभियानको गुणात्मक विकासका लागि अपरिहार्य रहेको कुरा राज्यले समेत मनन् गरेको पाइएको छ । साकोस एकरूपता प्रणाली बचत तथा ऋण सहकारी संस्थाहरूको एउटै छवि निर्माण गर्न सहयोगी हुन्छ । उत्पादन र वितरणको सानो आकार लागतका दृष्टिले सधैँ नै खर्चिलो हुने गर्दछ । तसर्थ सदस्य संख्या कम भएका संस्था भावनात्मक दृष्टिले सदस्यसँग निकट भएता पनि उत्कृष्ट सेवा प्राप्त गर्ने सवालमा कमजोर नै हुन्छन् र व्यवसायिक दृष्टिले दीगोपना हुनलाई पनि कठिन हुन्छ । त्यसैगरी सहकारी संस्था दीगो रूपमा सञ्चालनमा रहन यसका सूचकहरू सकारात्मक र प्रगति उन्मुख हुनुपर्छ । सदस्य संख्या, संस्थागत पूँजी, कारोवारको आकार र संस्थाको आम्दानीमा क्रमिक रूपले वृद्धि हुनै पर्ने हुन्छ । साकोसको वृद्धि र सुशासनको सुनिश्चितताका लागि गुणस्तर सुनिश्चितताका कार्यक्रमको अर्को विकल्प हुन सक्दैन । **जोखिम न्यूनिकरणका जतिसुकै उपाय अवलम्बन गरिए तापनि नगदको कारोवार गर्ने संस्था शत्प्रतिशत जोखिम मुक्त हुन सक्दैनन् । तसर्थ अनपेक्षित अवस्था आएको खण्डमा संस्थाहरूलाई संकटबाट निस्केर पुनः पूर्ववत् अवस्थामा नपुगेसम्म "इन्टेन्सिभ कियर' गर्न स्थिरीकरण कोष अपरिहार्य छ ।**

नीतिगत तथा नियामक निकायबाट सहकारीमा फोर्स मर्जर गर्नुपर्छ भन्ने कुरा पनि आउने गर्दछन् । सहकारी संस्था आफैमा स्वतन्त्र र स्वायत्त संस्था हुन् । सदस्यको आवश्यकताका आधारमा सञ्चालन हुने भएकोले ती संस्थाहरू एकीकरण वा विभाजन पनि सदस्यको आवश्यकता र चाहनाका आधारमा नै हुनु पर्दछ । सिद्धान्ततः सहकारीलाई अनिवार्य मर्जरमा लैजान मिल्दैन । तथापी नियामक निकायले संस्थाहरू विद्यमान अवस्थामा नै सञ्चालन भइरहन सक्ने अवस्थालाई नीतिगत रूपमा रोक लगाउँदा संस्थाहरूले विकल्प खोज्ने तर्फ अग्रसर हुनुपर्छ । अहिले देखिएको त्यस्तै अवस्था आइसकेको छ । केही सहकारी संस्थाहरू संस्थागत सुधारको बाटोमा लागिसकेका छन् । चलिरहेकै पद्दतिमा अल्मलिएका संस्थाहरूले अब बिकल्प नखोजी नहुने बाध्यता आइसकेको छ । सदस्य र पूँजीको दृष्टिले सानो आकारका संस्थाहरूले अब क्रमशः प्रतिस्पर्धात्मक क्षमता गुमाउँदै जान्छन् भने संस्थागत सुधारमा लागेका सहकारीहरूको प्रतिस्पर्धात्मक क्षमता तिव्र रूपमा विकसित हुँदै जान्छ । वस्तु र सेवाको पक्षबाट सदस्यहरूको आवश्यक्ता पुरा गर्न नसक्ने संस्थाहरूको औचित्य स्वतः समाप्त भएर जाने अवस्था सिर्जना हुन्छ । त्यसैले पनि अब सहकारी संस्थाहरूले संस्थागत सुधारको बाटोमा लाग्न र त्यसका लागि आफूसँग कार्यक्षेत्र मिल्ने, सदस्यता दोहोरिने र सहकार्य हुनसक्ने सम्भावना भएका संस्थाहरूसँग एकीकरणको छलफल प्रारम्भ गर्नु पर्छ । नीतिगत व्यवस्था अनिवार्य मर्जरको नभए तापनि

यसले एकीकरण गर्ने पर्ने वातावरण भने सिर्जना गर्ने देखिन्छ । अहिले जनसंख्याको आधारमा यो कार्यक्षेत्र भित्र यति संस्था रहने भन्ने व्यवस्था नियामक निकायले गरिनसकेको भए तापनि नयाँ दर्ता हुने सहकारीको हकमा सहकारी नियमावलीले जनसंख्याको आधारमा सहकारी संस्थाको संख्याको अनुपात कायम हुने व्यवस्था गरेको छ । यो व्यवस्थाकै आधारमा आगामी दिनमा संघ, प्रदेश वा स्थानीय नियामक निकायले मर्जरको मापदण्ड तोक्न सक्छ । सहकारी संस्था समुदायमा आधारित संस्था भएकाले फोर्स मर्जरले कतिपय संस्थाको मौलिकपना, सिर्जनशीलता र रचनात्मक पक्षलाई निरूत्साहित गर्न सक्छ । अहिलेको नीतिगत व्यवस्थालाई एकीकरण सचेतनाको अवस्थाको रूपमा लिई संस्थाहरूले एकीकरणका लागि आफ्ना अनुकुल संस्थाको खोजी प्रक्रिया थाल्नु उचित हुन्छ ।

सहकारी संस्थाहरू एकीकरणका लागि इच्छुक नदेखिएका पनि होइनन् । एकीकरणमा नियामक निकाय नै निष्क्रिय र उदासिन देखिएको छ । अधिकांश जिल्लामा डिभिजन सहकारी कार्यालयहरू खारेज भई सहकारी संस्थाका विवरणहरू स्थानीय तहमा हस्तान्तरण भईसकेका छन् । स्थानीय तहले एकीकरणलाई प्राथमिकतामा राख्न सकेका छैनन् । अझ कतिपय स्थानीय तहमा त एकीकरणको स्वीकृतिसम्म संस्थाहरूले पाउन सकिरहेका छैनन् । यस सम्बन्धी नयाँ कार्यविधि नभएकाले सहकारी विभागले जारी गरेको पुरानै निर्देशिकाको आधारमा एकीकरण प्रक्रियालाई अगाडि बढाउनुपर्ने बाध्यता रहेको छ । एकीकरणको प्रक्रिया एउटा जटिल प्राविधिक प्रक्रिया हो । यसका लागि एकीकरणमा जाने दुवै संस्थाका सदस्य, व्यवस्थापन र नेतृत्वकर्ता तयार हुनुपर्दछ । सैद्धान्तिक रूपमा संस्थाहरू एकीकरणमा जाने अवस्था सिर्जना भइसकेपछि पनि संस्थाको नाम, कार्यक्षेत्र, मूख्य कार्यालय तथा सेवा केन्द्र रहने स्थान, संस्थाका नेतृत्वकर्ताहरूको समायोजन, कर्मचारी समायोजन जस्ता थुप्रै विषयहरू एकीकरण हुने संस्थाहरूका बिचमा सहमति गरी मिलाइनुपर्ने हुन्छ । यी विषयहरूको यथोचित व्यवस्थापन हुन नसकेको खण्डमा संस्था एकीकरणमै समस्या आउने र एकीकरण भइहाले पनि विभिन्न किसिमका द्वन्द्वात्मक अवस्थाको सामना संस्थाले गर्नुपर्ने हुन्छ । सञ्चालक समितिको समायोजन र कर्मचारी समायोजन सहकारी एकीकरणका लागि मूख्य समस्याका रूपमै देखिएका छन् । यसका निम्ति नेतृत्वकर्ताले र सम्बन्धित संस्थाका कर्मचारीले केही त्याग गर्न सक्नुपर्ने हुन्छ । संस्था एकीकरण भनेको सामूहिक हितका लागि हो, तसर्थ यसमा केही व्यक्ति त्यसमा पनि विशेष गरी अध्यक्षहरू र मूख्य व्यवस्थापकहरूले आफ्नो व्यक्तिगत स्वार्थ र हितलाई संस्थाको हितका लागि त्याग्नै पर्ने हुन्छ ।

यी बाहेक मर्जर सम्बन्धी सामान्य जानकारी पनि नहुनु, आफ्नो संस्थाको वृद्धि र विकासलाई भन्दा पनि नाम र पहिचानलाई नै बढी प्राथमिकतामा राख्नु, संस्था सञ्चालनमा सञ्चालकहरूको व्यक्तिगत स्वार्थ हावी हुनु, संस्थामा पारदर्शिता नहुनु जस्ता समस्या पनि एकीकरणका लागि बाधक हुन् । तितो यथार्थ नै मान्नु पर्छ, यस्तो अवस्था नेपालमा साञ्चालित धेरै संस्थाहरूमा विद्यमान छ । यसलाई समस्याको रूपमा कायम राखिराख्नु भन्दा यो समयलाई अवसरको रूपमा उपयोग गरेर दीगो र सबल संस्थाका रूपमा स्थापित हुन एकीकरणको बाटो रोज्नु नै सहकारी संस्थाहरूका लागि उत्तम विकल्प हुन सक्छ ।

धेरै सुनिने गरेकै विषय हो, मर्जरमा जाने सहकारीलाई राज्यले सुविधा दिनुपर्छ भन्ने । वास्तवमा यो कुरा धेरै हदसम्म जायज पनि छ । सहकारी संस्थाहरू एकीकरण हुनु भनेको राज्यका निम्ति प्रबर्धन र नियमनका लागि सहज हुनु हो । तसर्थ राज्यले यसमा बढिभन्दा बढी भूमिका निर्वाह गर्न र संस्थाहरूलाई एकीकरणका लागि प्रेरित गर्न जरूरी छ । सुविधाको कुरामा सामान्यतः आर्थिक पक्षलाई बढी हेरिने गर्छ । वर्तमान अवस्थामा सहकारी क्षेत्रमा लाग्ने करमा ठूलो मात्रामा कटौती गरिएको हुँदा एकीकरणमा जाने संस्थाहरूलाई तत्कालै थप कर सहुलियत दिने कुरामा राज्य तत्पर नहोला । तर सहकारीका विकास र प्रवर्द्धनका कार्यक्रममा प्रशस्तै अवसरहरू सिर्जना गरेर एकीकरण तर्फ सहकारीहरूलाई आकर्षित गर्ने र एकीकरण पश्चात व्यवसायिक विकास र पूर्वाधार निर्माणका लागि राज्यले सहयोग गर्ने तर्फ नीतिगत व्यवस्था गर्न जरूरी छ । अर्को पक्षबाट हेर्दा राज्यले सुविधा दिएमा मात्र एकीकरणमा जाने भन्ने सोचलाई सहकारी संस्थाहरूले त्याग्नुपर्ने पनि उत्तिकै खाँचो छ । संस्थाहरू जति बलियो हुन्छन् राज्यसँग बार्गेनिङ गर्न सक्ने उनीहरूको क्षमता उति नै विकसित हुन्छ । तसर्थ एकीकरणको प्रक्रियालाई अवलम्बन गरेर आफ्ना मागहरूलाई क्रमशः अझ बलियो बनाउँदै लानु सहकारी क्षेत्रका लागि हितकर हुन्छ ।

एकीकरणबाट संस्थाहरूको सदस्य संख्या र व्यवसायको आकार ठूलो हुन्छ । यसबाट संस्थाको वित्तीय पक्षमा पनि सुधार हुन्छ । संस्थाको उद्देश्य अनुरूप संस्थाले व्यवसाय गर्ने वस्तु तथा सेवाको परिमाण र गुणस्तरमा पनि सुधार गर्न एकीकरणले प्रभावकारी भूमिका खेल्न सक्छ । तथापी एकीकरण पश्चात पनि संस्थाले ध्यान पुर्‍याउनुपर्ने मुख्य पक्ष भनेको सदस्यहरूको संस्थाका वस्तु तथा सेवामा समान पहुँच कायम गर्ने । यदि यस्तो हुन सकेन भने सहकारीको मूल मर्म माथि नै नकारात्मक रूपले प्रहार हुन सक्छ । ठूलो आकारको संस्थामा नेतृत्व गर्न वा रोजगारी गर्नका लागि निश्चित योग्यता वा प्रतिस्पर्धात्मक क्षमताको खाँचो पर्दछ । त्यसले संस्थालाई उच्च बर्ग (Alit Class) को मात्र पहुँचमा रहने अवस्थाको सिर्जना गर्न सक्दछ । संस्थामा समान पहुँचको अवस्थाको सिर्जना गर्न समावेशिताका विभिन्न मापदण्डहरू बनाई लागु गर्नुपर्दछ । सदस्यको क्षमता विकासमा बढी भन्दा बढी ध्यान पुर्‍याउने र कमजोर वर्ग, सिमान्तकृत र पहुँचविहिनहरूलाई समेत नेतृत्व तहसम्म पुग्न सक्ने क्षमता विकासका कार्यक्रमहरू लागु गर्नु पर्दछ ।

# को-अपरेटिभ युनिभर्सिटीको अवधारणा अगाडिः

## अध्यक्ष बडाल




सिङ्गो सहकारी अभियानमा गुणस्तरीय तालिम र प्रशिक्षण खड्किरहेको बेला राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशव प्रसाद बडालले गुणस्तरीय शिक्षा र सीपबाट आम सहकारीकर्मीहरू सवल हुन आग्रह गर्नु भएको छ ।

उहाँले राष्ट्रिय सहकारी महासंघको शिक्षा तथा तालिम उपसमितिद्वारा ललितपुरमा यही असार २३ गते सञ्चालन गरेको सहकारीमा शिक्षा तथा तालिम उपसमितिको भूमिका विषयक एक दिवसीय गोष्ठीलाई प्रमुख अतिथिको आसनबाट संबोधन गर्दा बताउनु भएको हो ।

राष्ट्रिय सहकारी महासंघले सहकारी अभियानलाई सवल बनाउन को-अपरेटिभ युनिभर्सिटीको अवधारणा अगाडि सारेको बताउँदै अध्यक्ष बडालले सहकारीमा तालिम तथा प्रशिक्षण महत्वपूर्ण विषय भएकाले सहकारीकर्मीहरू अध्ययन र लेखनमा सक्रिय हुनु पर्ने कुरामा जोड दिनुभयो ।

आवश्यकतामा केन्द्रित भएर सहकारी अभियान अगाडि बढ्नु पर्ने बताउँदै उहाँले मानव स्रोत सबैभन्दा महत्वपूर्ण भएको र शिक्षा र सीपले नै मानव स्रोतलाई बलियो बनाउन आग्रह गर्नुभयो ।

सोही अवसरमा महासंघका उपाध्यक्ष ओमदेवी मल्लले कार्यक्रम सञ्चालन प्रक्रियामा नै परिवर्तन ल्याउनु पर्ने खाँचो औंल्याउँदै सहभागी सहकारीकर्मीहरूले गोष्ठीबाट सिकेको शिक्षा र सीपलाई व्यवहारमा उतार्न आग्रह गर्नुभयो ।

अर्का अतिथि बक्ता महासंघका सञ्चालक माधव दुलालले सहकारी अभियानले प्रथम चरण पार गरिसकेकाले अब गुणात्मक विकासमा लाग्नु पर्ने बेला आएको बताउँदै सहकारीको गुणस्तर सहकारीकर्मीहरूले नै निर्धारण गर्नु पर्ने बताउनुभयो ।

सोही अवसरमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का बरिष्ठ उपाध्यक्ष परितोष पौडेलले सहकारीमा शिक्षा र तालिमको महत्वमाथि प्रकाश पार्दै आधुनिक उच्च प्रविधिको विषयमा समेत सहकारीकर्मीहरू जानकार हुनुपर्ने खाँचो औल्याउँदै तालिम र प्रशिक्षणलाई अझ व्यवस्थित रूपमा सञ्चालन गर्न नेफ्स्कूनले काभ्रेमा २० रोपनी जमीनमा तालिम र प्रशिक्षण भवन निर्माण गर्न लागेको जानकारी दिनुभयो ।

महासंघका अध्यक्ष बडालको अध्यक्षतामा सञ्चालन भएको सो गोष्ठीमा महासंघका महाप्रबन्धक चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा, नायब महाप्रबन्धक बाबुल खनाल, नेफ्स्कूनका पदाधिकारी र उपत्यकाका विभिन्न सहकारी संघ/संस्थाहरूका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

महासंघका बरिष्ठ प्रबन्धक गोपीकृष्ण भण्डारीले उद्घोषण गर्नु भएको सो गोष्ठीमा सहकारी विभागका पूर्व रजिष्ट्रार सुदर्शन प्रसाद ढकालले "सहकारीमा शिक्षा तथा तालिम उपसमितिको भूमिका" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

❑ ❑ ❑



# पद्धतिसंगत ढंगले अघि बढ्न खोज्ने सबै साकोसहरु नेफ्स्कूनमा आउँछन्



**मीनराज कंडेल,** बरिष्ठ उपाध्यक्ष, राष्ट्रिय सहकारी महासंघ । सल्लाहकार, नेफ्स्कून

२०१७ साल माघ २० गते धादिङको तत्कालिन बेनीघाट गाविस रिचोकटार, मलेखुमा जन्मिनुभएका मिनराज कँडेल नेपालको सहकारी आन्दोलनको सुपरिचित र अग्लो व्यक्तित्व हुनुहुन्छ । २०५३ सालमा मलेखुस्थित जनकल्याण बचत ऋण सहकारीसँगको आवद्धतासँगै यस क्षेत्र प्रवेश गर्नुभएका कँडेल करिब साढे १२ वर्ष उक्त संस्थाको संस्थापक अध्यक्ष रहनुभयो । हाल ७७ सय सदस्य रहेको उक्त संस्थाको उहाँ सदस्य नम्बर एक हुनुहुन्छ । त्यसयता, धादिङ जिल्ला संघको अध्यक्ष भएर १५ वर्ष काम गर्नुभएका कँडेलले सहकारीका राष्ट्रिय अर्न्तराष्ट्रिय घटनाक्रमलाई नजिकबाट नियाल्दै आउनुभएको छ । उहाँले सहकारी र त्यसमा पनि साकोस अभियानको विकासक्रममा अहम भूमिका निर्वाह गर्नुभएको छ । यस क्षेत्रको लामो इतिहास बोक्नुभएका कँडेल नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को अध्यक्ष र उपाध्यक्षका रूपमा काम गरी हाल सल्लाहकारको भूमिका हुनुहुन्छ । मिलनसार, भद्र र सरल जीवनका धनी कँडेलसँग नेफ्स्कूनको ३२ औं स्थापना दिवसको अवसर पारेर गरिएको अन्तर्वार्ताको सार संक्षेप :

**नेफ्स्कून ३२ औं वर्ष प्रवेश गर्दैछ । यो लामो यात्राको साक्षी र भोक्ता दुवै भएका हिसाबले यसको आरोह अवरोहलाई कसरी स्मरण गर्न चाहनुहुन्छ ?**

✍ नेफ्स्कून थुप्रै आरोह अवरोह पार गर्दै यहाँसम्म आइपुगेको छ । संसारमा अघि बढेर विकसित अवस्थामा पुगिसकेको साकोस अभियान नेपालमा सुरू गर्न कठिन भयो हाम्रा अग्रजहरूलाई भन्ने उहाँहरूबाटै सुन्यौं । तर असल नियतले काम सुरु गरेका कारण त्यस्ता असहजता र प्रतिकुलतालाई चिर्दै अघि बढ्न सफल भएको छ नेफ्स्कून ।

संस्थापक अध्यक्ष भोजराज घिमिरको अग्रसरतामा २०४५ सालमा ऐनको अभावमा बचत समूह राष्ट्रिय संघ तदर्थ समिति गठन भयो । २०४८ को ऐन र २०४९ को नियमावलीपछि २०५० सालमा नेपाल बचत तथा ऋण सहकारी संघ दर्ता भयो । केन्द्रीय संघ त पछि थपिएको हो । नेफ्स्कूनको अभियानमा विष्णु प्रसाद श्रेष्ठ नेफ्स्कूनको उहाँ पहिलो सल्लाहकार हुनुहुन्छ । म भने २०५९ सालदेखि उपाध्यक्षको जिम्मेवारीसँगै जोडिए । करिब साढे ५ वर्ष उपाध्यक्ष र २ कार्यकाल अध्यक्ष रहे । अहिले सल्लाहकार छु । सुरूदेखि नै हामी नेफ्स्कून प्रणाली र विधिसम्मत हिसाबले अघि बढ्नुपर्छ भन्ने मान्यताबाट अघि बढ्यौ । नेफ्स्कूनको अभियानमा एशियाली ऋण महासंघ (ACCU) को अत्यन्तै ठूलो भूमिका छ । नयाँ संस्था दर्ता गर्नेदेखि लिएर, तालिम शिक्षा र सहजीकरणमा अकुको भूमिका उल्लेखनीय छ ।

नेपालको सहकारी अभियानको महत्वपूर्ण हिस्साका रूपमा यसले आज आफुलाई स्थापित गरेको छ । राष्ट्रिय सञ्जाल मात्र नभई अन्तर्राष्ट्रिय रूपमा पनि छवि उजिल्याउने काम गरेको छ । अकूको नियमित सदस्य हुँदै विश्व ऋण परिषद् (WOCCU) को पनि सदस्य बन्नुले यो पुष्टि गरेको छ । अझ पछिल्लो दिनमा अकूले सञ्चालन गरेको ACCESS Branding, जुन एसिया स्तरको भनिएपनि सूचकांका आधारमा ISO मान्यताभन्दा पनि माथि छ, त्यो तहमा एसियाभरमा सबैभन्दा धेरै ACCESS Brand प्राप्त गर्ने धेरै संस्था नेपालबाट हुनु र नेपालको आफ्नै PROBATION Brand, जुन नेफ्स्कून र सहकारी विभागले संयुक्त रूपमा प्रदान गर्ने गर्छन्, यसमा पनि धेरै सहभागी हुनु, यसको सफलता हो जस्तो लाग्छ । म उपाध्यक्ष भएर आउँदा यसको दायरा र कारोवार सानो थियो । विस्तारै हामीले सदस्यता र कारोवार बढाउँदै लगेका हौ र अहिले सबै संस्थाहरू एउटा विधि र प्रणालीमा आउन थालेका छन् । यो खुसीको कुरा हो । विगतमा देखिएका विकृतिहरू कम गर्ने दिशामा पनि यस्ता Branding कार्यक्रमले सहयोग पुऱ्याएको जस्तो लाग्छ ।

**नेफ्स्कूनको आफ्नो कार्यकालमा के गर्न सकियो वा सकिएन जस्तो लाग्छ ?**

✍ ६ वर्षको अध्यक्षको कार्यकाल र त्यसअघिको उपाध्यक्षको कार्यकालमा म र साथीहरूले मिलेर धेरै गऱ्यौं जस्तो लाग्छ । हामीले नेफ्स्कूनभन्दा

बाहिर रहेका संस्था/संघहरूलाई ४ सय सदस्यबाट २२ सय बढी संस्थाहरूलाई आवद्ध गराउन सफल भयौ । जिल्लास्तरीय संघमा आवद्ध भएका संस्थाहरूलाई नेफ्स्कूनमा जोड्न सफल भयौं र सबैलाई मूलधारमा ल्याएर सहकारी अभियानलाई अघि बढाउन भूमिका खेल्यौं भन्ने लाग्छ ।

कमीको सन्दर्भमा पूँजी, कारोवार र सदस्यका हिसाबले केही ठूला र आफुलाई 'सुपेरियर' ठान्ने संस्थाहरूलाई नेफ्स्कूनमा आवद्ध गराउन सकिएन भन्ने लाग्छ । त्यस्तै, मेरै कार्यकालमा नफ्स्कून घरजग्गा कोष गठन गरेका थियौ र आफ्नै घरजग्गा किनौ भनेर धेरै प्रयास गर्‍यौं तर सकिएन् । यद्यपि, मेरो कार्यकाल लगत्तै संघले आफ्नै घरजग्गा किन्न सक्यो र अहिले तालिम, प्रशिक्षण र सूचनालाई थप प्रभावकारी बनाउन काभ्रेमा आफ्नै तालिम केन्द्र निर्माणका लागि काम अघि बढाएको छ, यो अत्यन्तै प्रशंसनीय छ । नेफ्स्कूनको यो प्रगतिले मलाई आनन्द महसूस गराएको छ ।

**नेफस्कून बाहिर अझै आधाभन्दा बढी साकोसहरू छन् । तिनलाई आवद्ध गराउन के समस्या छ ? उनीहरूको भनाई के पाउनुभएको छ ?**

✍ दूरदराजमा रहेका साना संस्थाहरू सिधै नेफ्स्कूनमा नआउन पनि सक्छन् । उनीहरूलाई जिल्ला संघहरूमा आवद्ध गराउने कुरा हो । अप्रत्यक्ष भएपनि ती हाम्रै सदस्य हुन् । तर केही ठूला संस्थाहरू जो आफुलाई सहकारी भन्ने तर सहकारीको सिद्धान्त, मूल्य र मान्यतामा नचलेकाहरू छन्, उनीहरू नेफ्स्कूनमा आवद्ध भएपछि नियममा बाँधिनुपर्छ भनेर पनि आनाकानी गरिरहेका छन् । तर पछिल्ला दिनहरूमा त्यस किसिमका सहकारीहरूमा पनि नेफ्स्कूनमा आउनुपर्छ भन्ने धारणा विकसित भैरहेको छ । हामीले त सबै बचत तथा ऋण सहकारीहरू नेफ्स्कूनमा आवद्ध हुनुपर्ने बाध्यकारी व्यवस्था सहकारी ऐनमै हुनुपर्छ भन्ने माग गरेको थियो तर त्यो हुन सकेन । यद्यपि, मलाई के विश्वास छ भने नियममा बाँधिएर राम्रोसँग काम गर्न चाहने सबै संस्थाहरू विस्तारै आउँछन् ।

**नेफ्स्कूनले सञ्चालन गर्ने तालिमका सम्बन्धमा तपाईको भनाई के छ ? यी पुग छन् या अपुग छन् वा बढी छन् ?**

✍ तालिमहरू ठीक छन् । नेफ्स्कूनले बिशिष्ट खालका तालिमहरूमा जोड दिनुपर्छ । प्रारम्भिक, मध्यस्तर र उच्चस्तरका तालिमहरू चलाउनुपर्छ र चलाई पनि रहेको छ । तर खासगरी नेफ्स्कूनको जोड भनेको उच्च र मध्यमस्तरका तालिम सञ्चालन गर्नेतर्फ हुनुपर्छ । प्रारम्भिक तालिमहरू जिल्लास्तरीय संघ वा भोली प्रदेश संघहरू बनेपछि उनीहरूले चलाउनुपर्छ । अहिलेको आवश्यकताअनुसार तालिमहरू पर्याप्त छैनन् । हिजो पनि मागअनुसार तालिम पुगेको थिएन र आज पनि हामीले चाहेजति दिन वा पुर्‍याउन सकेजस्तो लाग्दैन । तर जुन गतिले यसको दायरा फराकिलो हुँदै गएको छ, त्यो राम्रो छ । कर्मचारी संयन्त्र लगायतमा वृद्धि आदिले के अपेक्षा गर्न सकिन्छ भने भोलीका दिनमा आवश्यक तालिमहरू सञ्चालन गर्न संघ सक्षम हुन्छ ।

अर्को कुरा तालिम भन्ने कुरा सधै एउटै हुनुहुँदैन । समय र परिस्थिति अनुसार त्यसमा सुधार गर्दै लानुपर्छ । तालिमका विषयवस्तुमा समयानुकुल परिवर्तन गर्दै लानसक्यो भने नेफ्स्कूनको गरिमा अझ बढ्छ ।

**नेफ्स्कूनका चुनौतीहरू के हुन र तिनको साहसिक सामनाको दक्षता योसँग छ कि छैन ?**

✍ अहिले साकोस क्षेत्रमा मात्र नएर मुलुकमै वित्तीय तरलता छ । त्यसको प्रभाव सहकारी क्षेत्रमा पनि छ । वित्तीय स्थिरता कसरी कायम गर्ने भन्ने अहिलेको राष्ट्रिय चुनौती हो । त्यसैगरी, वित्तीय साक्षरतालाई घनीभूत रूपमा तल्लो तहसम्म पुर्‍याउने अर्को चुनौती छ । वित्तीय अनुशासन र साक्षरताबाट सबै सदस्यहरूलाई सुसूचित गर्ने जिम्मेवारी नेफ्स्कूनको काँधमा छ ।

अर्को भनेको संगठनात्मक ढाँचामा परिवर्तनको चुनौती हो । खासगरी सहरी क्षेमा सहकारी संस्थाहरू आवश्यकता भन्दा बढी छन् । यी संस्थाहरूलाई एकिकरण गर्दै ठूलो परिमाणमा गुणस्तरीय सेवा दिनसक्ने ठाउँमा हाम्रा साकोसहरूलाई पुर्‍याउनुपर्छ ।

त्यस्तै, सूचना प्रविधिसँग साकोसहरूलाई जोड्दै अन्य वित्तीय संस्थाहरूले जस्तै प्रविधि मैत्री ढंगले अत्याधुनिक सेवा पुर्‍याउनुपर्ने चुनौती छन् जस्तो मलाई लाग्छ । तर यी सबै कुरा क्रमिक रूपमा अघि बढ्छ र नेफ्स्कून त्यस दिशामा बढिरहेको छ भन्ने लाग्छ । नेफ्स्कून नेतृत्व हरप्रकारका चुनौती सामना गर्न सक्षम छ भन्ने लाग्छ ।

**सहकारी ऐन २०७४ र नियमावली २०७५ का सम्बन्धमा यहाँको धारणा के छ ?**

✍ ऐन र नियमावली आउनु राम्रो हो र यसमा कतिपय त्रुटिहरू छन् र तिनलाई संशोधनको माध्यमबाट सच्चाउनुपर्छ र ऐनका आधारमा नियमावलीमा पनि संशोधन गरिनुपर्छ ।

**नेपालमा पहिलो पटक बचत तथा ऋणको कारोवार गर्ने सहकारीहरूलाई लक्षित गरी सन्दर्भ ब्याजदर तोकिएको छ । ब्याज निर्धारण समितिमा महासंघका तर्फबाट तपाईं पनि सदस्य हुनुहुन्थ्यो । यो ब्याजदर सही छ अथवा लागू गर्न सकिन्छ ? यसका अफठ्याराहरू के हुन सक्छन् ?**

✍ नेफ्स्कून अध्यक्ष, महासंघबाट म लगायत साथीहरू समितिमै बसेर सन्दर्भ ब्याजदर कति तोकिनुपर्छ भनेर धेरै छलफल गर्‍यौं । ऐन र नियममा उल्लेख भएको विषयवस्तुभित्र रहेर हामीले धेरै मन्थन गर्‍यौं । अहिलेको अत्यन्तै चर्को ब्याजदरलाई साइजमा ल्याउनुपर्छ भन्ने निष्कर्षमा पुग्यौं र ऋणमा अधिकतम १६ प्रतिशतसम्मको ब्याजदर तोक्ने नर्णय भएको छ । यसमा हाम्रो सहमति नै छ तर लघुवित्तमा काम गर्ने सहकारीहरूलाई भने केही असहज

हुने गुनासो आएको छ । त्यसैगरी, हिजो महंगो ब्याज दिएर आवधिक बचत भनी लिएको पैसालाई र हिजो धेरै प्रतिशतमा ऋण लगानी भैसकेको विषय समायोजन गर्न केही समय लाग्छ । तर अब लागू भएको ब्याजदरलाई कायम गर्नुपर्छ र हिजो गरिसकेका कारोवारलाई एउटा अवधिभित्र साइजमा ल्याउनुपर्छ । यसले वित्तीय स्थिरता कायम गर्नलाई पनि मद्दत पुग्छ जस्तो लाग्छ ।

**साकोस ऐनको मस्यौदा पनि पेश गरेका छौं । यसका सम्बन्धमा यहाँको भनाइ के छ ?**

✍ अन्तर्राष्ट्रिय क्रेडिट युनियन मुभमेन्टमा असाध्यै अघि बढेका क्यानाडा, दक्षिण कोरिया वा अन्य कुनै मुलुक हुन्, त्यहाँ छुट्टै क्रेडिट युनियन ऐन छन् । अलग्गै ऐन हुँदा संवेदनशील मानिएको वित्तीय क्षेत्रलाई अनुशासित गर्न, एउटै प्रणाली भित्र चलाउन सहयोग गर्छ भन्ने मेरो व्यक्तिगत धारणा पनि हो । त्यो ऐन ल्याएर साकोस अभियानभित्र भएका केही कमी कमजोरीहरूलाई सच्चाउँदै अघि बढ्नुपर्छ भन्ने लाग्छ ।

**अन्तर्राष्ट्रिय सहकारी र साकोस अभियानबाट हामीले के सिक्न सकिन्छ ?**

✍ सहकारी अभियानकै सिलसिलामा सन् २०१० मा म दक्षिण कोरिया गए । सहकारी अभियानको विकास र विस्तारले समग्र मुलुकको विकासमा कस्तो सहयोग पुऱ्यायो भन्ने पनि हेरे । मलेसियामा र सिङ्गापुरको पनि सहकारी विकास अभियानबारे बुझ्ने अवसर पाए । यी भ्रमणहरूले मलाई के लाग्यो भने सबैभन्दा मुख्य कुरो राज्य बलियो हुनुपऱ्यो । संविधान, नियम कानून बलियो हुनुपऱ्यो । मुलुकको नेतृत्व गर्ने व्यक्ति राष्ट्र भक्त भएर दुरदृष्टि सहित अघि बढ्ने हो र हामी सहकारी अभियानले साथ दिने हो भने मुलुक बन्न धेरै समय लाग्दो रहेनछ । १० वर्षमा मुलुकमा आमूल परिवर्तन गरेर विकसित अवस्थामा स्तरोन्नति गर्न सकिन्छ भन्ने मेरो अनुभवले बताउँछ । हामीले धेरै पार्टी नेताहरू त जन्मायौ तर पछिल्लो समयमा राजनेता पाउन सकेनौ जस्तो लाग्छ ।

> दूरदराजमा रहेका साना संस्थाहरु सिधै नेफ्स्कूनमा नआउन पनि सक्छन् । उनीहरुलाई जिल्ला संघहरुमा आवद्ध गराउने कुरा हो । अप्रत्यक्ष भएपनि ती हाम्रै सदस्य हुन् । तर केही ठूला संस्थाहरु जो आफुलाई सहकारी भन्ने तर सहकारीको सिद्धान्त, मूल्य र मान्यतामा नचलेकाहरु छन्, उनीहरु नेफ्स्कूनमा आवद्ध भएपछि नियममा बाँधिनुपर्छ भनेर पनि आनाकानी गरिरहेका छन् ।

**राजनीतिक नेतृत्वको सहकारी र साकोस अभियानप्रतिको धारणा कस्तो पाउनुभएको छ ?**

✍ समग्रमा सकारात्मक नै छ भन्नुपर्छ । सहकारीलाई गहिरिएर नबुझेका केही व्यक्तिहरूले समस्यामा परेका अल्पसंख्यक संस्थाका उदाहरणहरूलाई देखाएर सहकारी वा साकोसहरूले जनताको पैसाको अपचलन गरेको छ भन्ने पनि आरोप लगाएका छन् । अरू धेरै जसले सहकारी र साकोस अयिभान बुझेका छन्, उनीहरूले यसले समुदायको हक हित सँगै आर्थिक सामाजिक-सांस्कृतिक जीवनका अतिरिक्त राष्ट्रिय अर्थतन्त्रमा पारेको सकारात्मक योगदानको प्रशंसा नै गरेका छन् । पछिल्लो समयमा त झन् संयुक्त राष्ट्र संघले अघि सारेको दीगो विकासका लक्ष्य पुरा गर्न पनि सहकारीलाई समाहित गर्ने कुरा गरेको छ, यसमा पनि सहकारी र साकोस अभियानसँग निकटहरूको यसप्रति सद्भाव नै पाएको छु ।

**सरकार परिवर्तनसँगै सहकारीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन पाउनुभयो कि भएन ?**

✍ अभियानमा हिड्ने क्रममा कतिपय विभागीय मन्त्रीहरू अत्यन्तै सकारात्मक पायौं । सहकारी अभियानलाई माथि उठाउनुपर्छ भन्ने सोच राख्नेहरू पनि पायौं । कतिले भने यो राम्रो होइन भन्ने गरेकोपनि पायौं । सरकारभन्दा पनि व्यक्तिको स्वभाव, बुझाइ र दृष्टिकोणको आधारमा केही फरक अवश्य पायौं । कतिपय अवस्थामा अभियानले उठाएका विषयहरू समाधानमा सारै सहयोगी सरकारी भूमिका पायौं भने अन्य अवस्थामा एकदमै असहज परि स्थिति पनि सिर्जना भयो । दुवै अनुभव हामीसँग छ । त्यसलाई हामीले अंगीकार गरेको मिश्रित अर्थव्यवस्थाको परिणामका रुपमा लिएका छौं ।

**देशमा ठूला राजनीतिक क्रान्तिको समय सकिएकाले अब सबैको ध्यान आर्थिक क्रान्तितर्फ लाग्नुपर्छ भनेर राजनीतिक र आर्थिक वृत्तबाट कुरा उठिरहन्छ । के त्यस्तो क्रान्तिको नेतृत्व सहकारी र साकोस अयिभानले लिन सक्छ ?**

✍ अभियानको मागलाई स्वीकार्दै नयाँ संविधान अन्तर्गत राज्यको निर्देशक सिद्धान्त, अर्थ उद्योग र वाणिज्य नीति, तीनै तहको सरकारको संरचनाको साझा

कार्यसूचि र प्रस्तावनमा नै सहकारीलाई अन्यन्त महत्व दिएको हामीले पाएका छौं । सार्वजनिक, नीजि र सहकारी– तीन पक्ष मिली राज्यको आर्थिक, सामाजिक लगायत सबै विकास गर्न सकिन्छ भन्ने विषय प्रधानताका साथ आएको छ । त्यस दिशामा अघि बढ्ने सन्दर्भमा सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्त, मूल्य र मान्यतालाई आत्मसात गर्दै अघि बढ्ने हो भने हाम्रो जस्तो विकट धरातलीय भूगोल भएको मुलुक, छरिएको बस्ती जहाँ धनी वा पूँजीपतिको संख्या अत्यन्तै कम छ र जनसंख्याको ठूलो हिस्सा अत्यन्तै न्यून आय भएका मानिसहरू भएको अवस्थामा पूँजी, श्रम र सीपलाई एकत्रित गर्दै सदस्य, समुदाय र सिङ्गो मुलुकको गरिबी न्यूनीकरण गरी आर्थिक सामाजिक विकासका साथै दीगो विकासका लक्ष्य हासिल गर्न सहकारी र साकोस अयिभान एउटा कोसेढुङ्गो सावित हुनेछ । राज्यबाट सहयोग भयो र सहकारीकर्मीहरूले मूल्य, मान्यतालाई आत्मसात गर्दै अघि बढ्ने हो मुलुकको परिवर्तन र समृद्धिमा सहकारीले नेतृत्वदायी भूमिका खेल्न सक्छ भन्ने लाग्छ ।

**अर्थतन्त्रलाई उत्पादनसँग जोड्नुपर्छ भन्ने विषय जोडदार रूपमा उठेपनि त्यो हुन सकिरहेको छैन । मुलुकको व्यापार घाटा अघिल्लो आर्थिक वर्षभन्दा १३.५५ प्रतिशतले बढेको छ । यस्तो अवस्थामा आयात प्रतिस्थापन गर्दै निर्यातमा जोड दिन साकोस अभियानको भूमिका के हुन्छ ?**

✍ नेफ्स्कून एउटा वित्तीय निकाय हो । वित्तीय कारोवारमा हाम्रो जोड हुनपर्छ । सदस्यहरूलाई व्यावसायिक बनाउनुपर्छ । नेफ्स्कूनको काम सदस्यहरूको जीवनस्तर बदल्ने हो । त्यसकारणले उनीहरूलाई उत्पादन र बजारीकरणमा लाग्ने गरी पूँजी परिचालनमा सहयोग गर्नुपर्छ जस्तो लाग्छ । सबै सदस्यहरूलाई उद्यमी बनाउने, रोजगारी सिर्जना गर्नेदेखि उत्पादसँग जोडेर राष्ट्रिय अर्थतन्त्रलाई कृषि, उर्जा, पर्यटनआदि सँग जोडेर लैजाने दिशामा समग्र सहकारीले जोड दिनुपर्छ । नेफ्स्कूनले आफ्ना साकोसहरूमार्फत उनीहरूका सदस्यलाई त्यसतर्फ प्रोत्साहित गर्न पहल गर्नुपर्छ । यसले मात्र हामीलाई आत्मनिर्भर बनाउँछ ।

**अन्तर सहकारी सञ्जाललाई सशक्त बनाउनेतर्फ के गर्न सकिन्छ जस्तो लाग्छ ?**

महासंघको अगुवाईमा सहकारी सञ्जाल छ र प्रत्येक २ महिनामा बैठक पनि बस्छ । यसमा राज्य, अभियान र सहयोगी निकाय गरी त्रिपक्षीय संगम छ । यसले काम गरिरहेको छ । हामी सबैको मुल लक्ष्य भनेको राज्यले अघि सारेको "समृद्ध नेपाल र सुखी नेपाली" को नारालाई सार्थक तुल्याउनु हो । यसका लागि सञ्जाल बनाएर जाने र यसलाई तल्लो पालिका तहसम्म पनि पुऱ्याउन सकिन्छ भन्ने लाग्छ । सहकारी भित्र सहकारीभित्र समन्वय समिति वा सञ्जाल बनाएर जाने विषय सही हो । केन्द्रमा त यो छ, विस्तारै प्रदेश तहमा पनि यसरी गइयो भने सहकारीभित्रका केही अन्तर्विरोधहरूलाई निमिट्यान्न पार्दै समन्वयात्मक ढंगमा अघि जान सकिन्छ ।

**भर्खरै सहकारीकर्मीहरूको प्रधानमन्त्रीसँग पनि भेट भएको छ ? त्यस भेटमा के विषयहरू उठे र प्रधानमन्त्रीको प्रतिक्रिया कस्तो पाउनुभयो ?**

✍ सहकारी क्षेत्रमा आवद्ध कृषकहरूको उत्पादनलाई संस्थागत रूपमा समेटेर बिचौलियाहरूको भूमिका न्यून गर्न सरकारको सहयोगको याचना गरेका हौ । सदस्यहरूले उत्पादन गरेको वस्तु संस्थाले संकलन गर्छ र त्यसलाई सिधै केन्द्रीय बजारसँग जोड्नका लागि उपयुक्त वातावरण र सहयोगको अपेक्षा राख्यौं । प्रधानमन्त्रीले यसलाई अत्यन्त सकारात्मक रूपमा लिदैं हरसम्भव सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको छ ।

**अबको दस वर्षमा नेपालको सहकारी र विशेषतः साकोस अभियान कहाँ पुग्ला जस्तो लाग्छ ?**

✍ अबको दस वर्षपछि सहकारीहरूको संख्या घट्ने, मर्जर हुँदै जाने तर सदस्य र पूँजीका हिसाबले वृद्धि हुँदै जाने मेरो ठम्याई छ । पद्धतिसंगत ढंगले सहकारी र साकोसहरूमा स्वअनुशासन, स्वनियमन र स्वनियन्त्रणमा चल्ने संस्कार विकास भएर जाने छ भन्ने लाग्छ । साढे ६ खर्ब पूँजी र ६४ लाख सदस्यको अहिलेको अवस्थाबाट अर्को दशकमा टेक्दा यी दुवै अवस्थामा दोब्बर परिवर्तन आउँछ भन्ने मलाई विश्वास छ ।

**छोटकारीमा**

**सहकारीमा आवद्ध भएपछिको पहिलो विदेश भ्रमण ?**

✍ भारत

**पछिल्लो विदेश भ्रमण ?**

✍ युरोपका डेनमार्क, फ्रान्स, जर्मनी नर्वे र स्वीडेन

**कुल कति देश भ्रमण गर्नुभयो ?**

✍ करिब २० वटा जति होला ।

**सहकारीको विस्तारका हिसाबले सबैभन्दा प्रभावित भएको देश ?**

✍ दक्षिण कोरिया ।

**नेपालभित्र कति जिल्ला भ्रमण गर्नुभयो ?**

✍ करिब ६६ ।

**नेपालभित्र साकोस अभियान सबैभन्दा बढी फस्टाएको जिल्ला कुन लाग्यो यहाँलाई ?**

✍ मोरङ, दोलखा र काभ्रे ।

**सहकारी क्षेत्रमा तपाईको आदर्श व्यक्तित्व ?**

✍ केशव बडाल, दिपक बाँस्कोटा र कैलाशभक्त प्रधानाङ्ग । साकोस अभियानको सन्दर्भमा भोजराज घिमिरे ।

**सहकारीसम्बन्धी पुस्तक कति पढ्नुहुन्छ ? पढेकोमध्ये राम्रो लागेको पुस्तक ?**

✍ पुस्तकहरू पढ्छु । तर यो नै भन्ने छैन । कुनै पुस्तकको कुनै विषयबढी राम्रो हुन्छ भने अर्कोले भिन्नै विषयमा राम्रो विचार राखेको हुन्छ । त्यसैले एउटै भनेर खुट्याउन सजिलो छैन ।

# सिको साकोसको प्रथम स्थापना दिवस

सिर्जना, कोशेली र लक्ष्मी साकोस एकीकरण भई दर्ता भएको बर्दिया स्थित सिको बचत तथा ऋण सहकारी संस्थाले असार १ गते प्रथम स्थापना दिवस मनाएको छ ।

वि.स. २०५० मा ४२ जना सदस्य र रू. १६८० को पूँजी लिएर दर्ता भएको बर्दिया जिल्लाको प्रथम बचत तथा ऋण सहकारी संस्था सिर्जना बचत तथा ऋण सहकारी संस्था २५ वर्षमा प्रवेश गरी गत वर्ष २०७५ असार १ गते तत्कालिन सिर्जना, कोशेली र लक्ष्मी साकोसहरू बिच एकीकरण गरी सिको बचत तथा ऋण सहकारी संस्थाको नाममा दर्ता भएको थियो ।

स्थापना दिवसको अवसरमा संस्थाले शिवपुर स्वास्थ्य चौकी बकुवामा एक दिने निःशुल्क कान परीक्षण तथा रक्तदान कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा १६१ जनाको कानको जाँच गरिएको थियो भने ३५ जनाले रक्तदान गर्नु भएको थियो ।



कार्यक्रमको उद्घाटन कोशेली सेवाकेन्द्र बकुवाका जेष्ठ सदस्य बासुदेव गौतमको प्रमुख आतिथ्यता र संस्थाका अध्यक्ष दामोदर अधिकारीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा ब्रिनोज कान स्वास्थ्य सामुदायिक सेवाका कान विशेषज्ञ दिपक बी.सी., शिवपुर स्वास्थ्य चौकी प्रमुख राजेन्द्र सुवेदी तथा शिवपुर एकिकृत उपभोक्ता समितिका अध्यक्ष दिपेन्द्र बहादुर बुढाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि गौतमले सिको साकोस समुदायमा आधारित भै यस्ता थुप्रै सामाजिक कार्यक्रमहरूमा सक्रिय भएकोले सदस्यहरूले राम्रो सेवा पाएको र विभिन्न कार्यक्रमहरूमा पनि सदस्य क्रियाशीलता बढेको बताउनुभयो ।

अध्यक्ष अधिकरीले सिको साकोस नेपालको एक उत्कृष्ट साकोस बनाउन सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सदस्यहरूलाई हार्दिक कृतज्ञता व्यक्त गर्दै संस्थाले समय समयमा सञ्चालन गर्ने निःशुल्क शिविरहरूमा सहभागी भई स्वाथ्य जाँच गराउनुहुन आग्रह गर्नुभएको थियो ।

# धौलागिरी स्तरीय बृहत सहकारी सम्मेलन

"समावेशी आर्थिक विकास र सामाजिक रूपान्तरणको लागि दीगो सहकारीता" भन्ने मूल नारासहित जेष्ठ २६ र २७ गते बागलुङ बजारमा धौलागिरी स्तरीय बृहत सहकारी सम्मेलन सम्पन्न भएको थियो ।

सम्मेलनले सहकारी वित्तीय तथा सामाजिक सेवाका कार्यक्रमहरू मार्फत सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उत्थानका लागि ७ वटा समसामयिक कार्यपत्रहरूमा छलफल गरी सुरक्षित संस्था र समृद्ध सदस्यहरूको भावनालाई व्यवहारमा कार्यान्वयन गर्न साझा प्रतिवद्धता जनाउँदै १३ बुँदे बागलुङ घोषणापत्र जारी गरेको थियो ।

घोषण पत्रमा प्रत्येक वर्ष कम्तीमा २५ प्रतिशत सदस्यहरूलाई सहकारी शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने, सहकारीमा आउन नसकेका विपन्न गरिब, पछि परेका तथा पारिएका वर्गका लागि कम्तीमा १० प्रतिशत व्यक्तिहरूलाई विशेष कार्यक्रमहरू सञ्चालन गरी प्राथमिकताका साथ सहकारीमा आवद्ध गराउने, सहकारीका सात सिद्धान्त मध्येको सहकारी बिच सहयोगलाई प्रभावकारी कार्यान्वयन गरी एक आपसमा सहयोग र समन्वयको वातावरणको सिर्जना गरी उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान पुऱ्याउने, दीगो विकास लक्ष्य (सन् २०१६-२०३०) लाई केन्द्रित गरी धौलागिरी क्षेत्रमा दीगो सहकारीता विकासका लागि ऐक्यवद्धता जनाउँदै आ-आफ्नो संस्थाको नीति तथा कार्यक्रममा विशेष प्राथमिकता दिने, धौलागिरी क्षेत्रको कुल जनसंख्या मध्ये आगामी ५ वर्ष भित्र कम्तीमा २५ प्रतिशत व्यक्तिहरूलाई सहकारीमा आवद्ध गराउने, सहकारी संस्थाका हरेक नीति निर्माण संरचनाहरूमा महिलाको सहभागिता कम्तीमा ३३ प्रतिशत कायम गर्ने लगाएतका विषयवस्तुमा जोड दिइएको थियो ।

दुई दिनसम्म चलेको सम्मेलनमा विभिन्न विषय विज्ञ र सहकारी अभियन्ताहरूबाट गण्डकी प्रदेशमा सहकारीको सम्भावना अवसर, चुनौती र कानूनी व्यवस्था, महिला सहभागिता प्रवर्द्धन तथा दीगो विकास लक्ष्य प्राप्तीका लागि सहकारी, तनाव व्यवस्थापनका लागि उत्प्रेरणा र सकारात्मक सोच, समृद्ध नेपाल निर्माणमा सहकारी संस्थाको भूमिका, सुशासन प्रवर्द्धनमा स्थिरीकरण कोष तथा सक्षमता विकासका लागि एकीकरण अभियनका सम्भावना तथा चुनौतीहरू, सहकारी उद्यमशीलता विकास सम्भावना तथा चुनौतीहरू, र सहकारीमा ऋण विषयका कार्यपत्रहरू प्रस्तुत भएको थियो ।

# सन् २०१९ को विश्व साकोस सम्मेलन बहामासमा

सन् २०१९ को विश्व ऋण परिषद्को सम्मेलन बहामाज्को नासाउस्थित एट्लान्टिक रिसोर्टमा सम्पन्न भयो । जुन २८ आइतबारदेखि ४ दिनसम्म चलेको उक्त अन्तर्राष्ट्रिय सम्मेलनमा विभिन्न मुलुकका बचत तथा ऋण संघ आवद्ध २१ सयभन्दा बढीको सहभागिता रहेको थियो । सहभागीताको हिसाबले यस पटकको सम्मेलन सन् २०१३ मा क्यानाडाको राजधानी ओटावामा सम्पन्न ओकुको सम्मेलनयता कै सबैभन्दा ठूलो रहको जनाइएको छ । सम्मेलनमा ५० भन्दा बढी वक्ताहरूले प्रविधिकरण, साइबरसुरक्षा, वित्तीय सहभागिता, व्यावसायिक रणनीति तथा प्रभावलगायत विभिन्न समसामयिक विषयमा २९ वटा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सम्मेलनमा ओकु आवद्ध विश्व महिला नेतृत्व सञ्जाल, बचत तथा ऋणको विश्वव्यापी आधारलगायतको पनि सहभागिता थियो ।

सम्मेलनमा ओकु सम्बद्ध औद्योगिक साझेदार तथा प्रायोजकहरूले आफ्ना उत्पादन र सेवाका सम्बन्धमा सहभागीहरूलाई जानकारी दिने उद्देश्यसहित ३५ वटा प्रदर्शनी कक्ष राखेका थिए भने सम्मेलनस्थल ठीक बाहिर ७२ इन्चको मनिटरमा सम्पूर्ण गतिविधिहरू प्रसारण गरिएको थियो । ओकुको आधिकारिक ट्वीटर हयान्डल #wcuc2019 मा विश्वभरबाट ७ सय बढी सन्देशहरू प्राप्त भएका थिए भने सम्मेलन समापन भएको बुधबार रातीसम्म ४० हजारभन्दा बढी इन्स्टाग्राम सन्देशहरू प्राप्त भएका थिए । त्यसैगरी सात राष्ट्रका एक दर्जनभन्दा बढी समाचारपत्रहरूले सम्मेलनका सम्बन्धमा १ सय भन्दा बढी लेखरचना प्रकाशित गरेका थिए । अर्को सम्मेलन ओकुले आगामी वर्ष सन् २०२० मा अमेरिकाको बचत तथा ऋण राष्ट्रिय संगठन (CUNA) सँगको सहकार्यमा लस एन्जलस्मा गर्ने जनाएको छ ।






# ओकु विशिष्ट सेवा सम्मान केन्याका काङ्जोला र ब्राजिलको सहकारीलाई

ओकुले यसपटक २ वटा विशिष्ट सेवा सम्मान Distinguished Service Awards (DSA) प्रदान गरेको छ । आफ्नो समुदाय र राष्ट्रभन्दा बाहिर बचत तथा ऋणको विश्वव्यापी अभियानमा महत्वपूर्ण योगदान पुर्‍याउने व्यक्ति वा संस्थालाई ओकुले यो पुरस्कार प्रदान गर्दै आएको छ । यस पटक यो पुरस्कार एक व्यक्ति र अर्को एक संस्थालाई प्रदान गरियो ।

अन्तर्राष्ट्रिय बचत तथा ऋण अभियानमा उदाहरणीय कार्य गरेबापत केन्याका सिल्भेस्टर काङ्जोलालाई यो सम्मान प्रदान गरिएको थियो । केन्याली बचत तथा ऋण सहकारी संघ (KUSCCO) लि.का तर्फबाट सन् २००१ देखि २०१६ सम्म ओकुको सञ्चालक समितिमा रही काम गर्नुभएका काङ्जोलाले अफ्रिकी मुलुकहरूमा बचत तथा ऋण सहकारी आन्दोलन विस्तार, ती देशका साकोसहरूलाई अन्तर्राष्ट्रिय अभ्याससँग जोड्ने काम गर्नुभएको थियो । हालैको शल्यक्रियापछि केन्यामै स्वास्थ्यलाभ गरिरहनुभएका कारण काङ्जोलाको पुरस्कार मलावी बचत तथा ऋण सहकारी संघ लि.का कायम मुकायम प्रमुख कार्यकारी निर्देशक फुमबानी न्यानगुलुले ग्रहण गर्नुभएको थियो । त्यसैगरी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बचत तथा ऋणको सञ्जाल विस्तारमा महत्वपूर्ण कार्य गरे बापत ब्राजिलको Organization of Cooperatives of Brazil (OCB) लाई पनि विशिष्ट सेवा सम्मान (DSA) प्रदान गरिएको थियो । सम्मेलनम सहभागी OCB का अध्यक्ष मार्सियो लोपेज डि फ्रेयिटासले संस्थाका तर्फबाट उक्त सम्मान ग्रहण गर्नुभएको थियो ।

❑ ❑ ❑

# सहकारी ऐन, २०७४ को प्रभावकारी कार्यान्वयनका आधारहरु



**डा. रमेश चौलागाई**

सहायक निर्देशक
नेपाल राष्ट्र बैंक

प्रस्तुत मुल्यको आधारमा सहकारी संस्थालाई नैतिक समानताको आधारमा मार्गदर्शन गर्नु पर्दछ । सहकारिता हरेक सदस्यको आचरण र व्यवहार नैतिक समानताको आधारमा सञ्चालित हुनु पर्दछ ।

निकै लामो समय पश्चात सहकारी ऐन, २०४८ लाई सहकारी ऐन, २०७४ ले प्रतिस्थापन गरेको छ । यद्यपि, सहकारी ऐन, २०७४ को पूर्ण कार्यान्वयनमा चूनौती घटेको छैन । एकातिर सहकारी ऐन र नियमावली कार्यान्वयन गरी सहकारी क्षेत्रको गुणस्तरीय विकास गर्ने कुरा गरिंदैछ भने अर्कोतिर मौजुदा सहकारी ऐन संशोधनका कुराहरू पनि चर्चामा छन् । एउटा पक्षबाट यो ऐनमा राखिएका केही कारवाही र दण्डसजाएँको कारणले र अर्को पक्षबाट समग्र सहकारीको गुणात्मक परिवर्तनका लागि सहकारी ऐनको संशोधनको औचित्य स्थापना गर्न खोजिदैछ । समग्रमा, लामो समयपश्चात आएको यो ऐन जन अपेक्षा अनुरूप र सहकारी उद्योगमा भित्रिएको विकृति निराकरणमा कोशेढुँगा सावित गर्न र सहकारी क्षेत्रलाई सहकारीको मर्म, मुल्य मान्यता र सदस्यमूखि बनाउन यस ऐनको सफल कार्यान्वयनका आधारहरू तयार गर्नुपर्ने देखिएको छ । यस सन्दर्भमा, यस लेखमा सहकारी क्षेत्रको विकास र यसक्षेत्रमा देखिएका विकृति न्यूनिकरणका लागि ल्याइएको सहकारी ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन गर्न सकिने केही आधारहरूको चर्चा गरिएको छ ।

**१) प्रस्तावनाः**

सहकारी ऐन, २०७४ को प्रस्तावनामा नेपालको सहकारी कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह, एवं सीमान्तिकृत समूदाय वा सर्बसाधारणलाई आवश्यक भनी उल्लेख भएकोले समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न सहकारीहरूमा सोही वर्गका जनताहरूको पहुँच स्थापना गराउनु पर्दछ । प्रस्तावना र व्यवहारमा तालमेल नमिलेमा सहकारी क्षेत्र दीगो रूपमा अघि बढ्न सक्दैन । यसका लागि सबै सहकारी संस्थाहरूमा ऐनको प्रस्तावनामा उल्लेख भए अनुसारकै जनताहरूको पहुँच सुनिश्चित गर्न आवश्यक नियमावली, कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । साथै, व्यहारमा समेत सहकारी क्षेत्रमा पुरानै र परम्परागत अर्थ-सामाजिक वर्चस्व भएका मानिसहरूको बोलवाला घटाई वित्तीय पहुँच कमजोर भएका र सीमान्तीकृत जनताको सेवा गर्ने खालको सहकारी क्षेत्र निर्माण गर्न आवश्यक छ ।

**२) कार्यक्षेत्रः**

सहकारी संस्थाको कार्यक्षेत्र लामो समयदेखि विवाद र समस्याको प्रमुख कारक बनेको देखिएकाले यसलाई समाधान गर्न जरूरी छ । सहकारीको

कार्यक्षेत्र सम्बन्धी समस्याका दुईवटा पाटाहरू छन्: संस्था दर्ता गर्दा दिइएको कार्यक्षेत्र र पछि थप गरिने कार्यक्षेत्र । अर्थात, कार्यक्षेत्र दिइने र थपिने विषय तजविजको विषय हुनाले समस्या बढी जटिल बन्न गएको हो । सहकारीको कार्यक्षेत्र निर्धारणमा मापदण्ड नै नभएको त होईन, तर यसको कार्यान्वयन फितलो हुनाले सहकारी अन्य वित्तीय संस्थाहरू भन्दा अलग देखिन नसक्ने अवस्था आएको छ । विगतमा नेपालभर, एकभन्दा बढी जिल्ला आदि क्षेत्र तोकेर दिइएका कार्यक्षेत्रले सदस्यहरूको संस्था सम्मको पहुँचलाई समस्याका रूपमा स्थापित गरिदियो । अझै पनि, सहकारीको कार्यक्षेत्रलाई सदस्यहरूको सहज पहुँचमा आधारित हुनेगरी सिमिति क्षेत्रमा सीमित गर्नु वाञ्छनीय हुने कुरा स्थापित हुनसकेको देखिदैन । यो समस्या समाधानका लागि सहकारीका सदस्यको संस्था सम्मको पहुँचका आधारमा सकेसम्म कम कार्यक्षेत्र प्रदान गर्ने र पछि कार्यक्षेत्र थप गर्ने कार्य बन्द गर्नु मनाशिव देखिन्छ । ठूलो कार्यक्षेत्रमा जोड दिनु भनेको सहकारी क्षेत्रलाई सदस्यहरूको पहुँचबाट टाढा राख्ने प्रबृत्ती नै हो ।

**३) संस्थाहरूको वर्गीकरण:**

पछिल्लो केही वर्षदेखि सहकारीलाई विषयगत र बहुउद्देश्यीय भनी गरिएको विभाजनमा कुनै तर्क र आधार देखिदैन । सहकारी बजारमा बहुकार्य वा एकभन्दा बढी कार्य गर्ने सहकारीलाई बहुउद्देश्यीय सहकारी भन्ने गरेको पाइन्छ । यद्यपी, सबै प्रकारका सहकारीको उद्देश्य भनेको संस्थाका सदस्यहरूको आर्थिक सामाजिक र सांस्कृतिक हीत प्रवर्द्धन गर्ने नै हो । बहुउद्देश्यीय भन्ने सहकारीको कुनै छुट्टै विषय हुँदैन । यस सन्दर्भमा, सहकारी संस्थाहरूको वर्गीकरण दुईवटा आधारमा गर्नु सान्दर्भिक हुन्छ: विषयगत वा कार्यप्रकृति र वित्तीय कारोवार । सहकारीलाई विषयगत आधारमा वर्गीकरण गर्दा बचत तथा ऋण, उत्पादन, उपभोग, सेवा वितरणमा आधारित सहकारीका रूपमा गर्नु उपयुक्त देखिन्छ । त्यस्तै, सहकारी संस्थाहरूको विवेकशील नियमन र प्रभावकारी एवं दीगो सुपरिवेक्षणका दृष्टिकोणबाट वित्तीय कारोवारका आधारमा सहकारी संस्थाहरूलाई औचित्यपूर्ण वर्गीकरण गर्नु सान्दर्भिक हुन्छ । सनातन रूपमा सहकारी संस्थाहरूलाई एउटै डालोमा राखि नियमन र सुपरिवेक्षण गर्न खोज्नु व्यवहारिक हुँदैन । वित्तीय कारोवारका आधारमा सहकारी संस्थाको वर्गीकरण गर्न सबै संस्थाहरूको वासलातको रकम अनुसार वार्षिक कारोवार रू. पचास करोडभन्दा बढी, रू. बीसदेखि पचास करोडसम्म, रू. पाँचदेखि बीस करोडसम्म, रू. एकदेखि पाँच करोडसम्म र रू. एक करोडभन्दा कम रहेका संस्थालाई आधार मान्न सकिन्छ । यसरी वर्गीकरण गरिएमा सुपरिवेक्षण गर्न सहज हुनजाने सम्भावना हुन्छ ।

**४) बहु-संस्थामुखि सदस्यहरू:**

सदस्यहरूको चेतनाको कमी र सहकारी संस्थाहरूले सहकारी मुल्य मान्यताको दायरा पालना नगर्दा एउटा व्यक्ति एकै समयमा एकभन्दा बढी सहकारी संस्थामा सदस्यका रूपमा कारोवार गरिरहेको पाइन्छ । यसबाट सहकारीका सदस्यहरू सहकारी संस्थाप्रति सचेत र उत्तरदायी नदेखिने र त्यसको नकारात्मक प्रभाव संस्थागत सुशासनमा पर्न जाने देखिन्छ । यद्यपी, केही ग्रामीण क्षेत्रमा स्थापित र स्थानीय व्यक्तिहरूद्वारा सञ्चालित सहकारी संस्थाहरूमा सदस्य सचेतना र सकृयता उल्लेखनीय रहेको देखिन्छ, जसका कारण ती सहकारी संस्थाहरू बलियो रहेका पनि छन् । हरेक सहकारी संस्थाका सदस्यहरूलाई औचित्यका आधारमा बढीमा ३ वटा संस्थाको मात्र सदस्य बन्नसक्ने प्रावधान र त्यसको कडाईका साथ पालना गराउन सके सहकारी साक्षरता र सकृयता बढाउन मदत पुग्न सक्दछ । गुणस्तरीय सहकारी विकासका लागि सदस्यहरूको संस्था प्रतिको सजगता र सकृयता एक विश्वव्यापी मान्यता र अपरिहार्य शर्त हो ।

**५) लेखापरीक्षण प्रणाली:**

लेखापरीक्षकले हरेक सहकारी संस्थाको भित्री तहसम्म गई कारोवारका क्रममा जानेर वा नजानी गरिएका त्रुटीहरूको पहिचान र आधिकारिक मूल्यांकन गर्दछ । यसबाट सहकारी संस्थाहरू सुध्रिन र सदस्यहरूप्रति उत्तरदायी हुन मदत पुग्दछ । संस्थाको लेखापरीक्षण व्यक्तिको स्वास्थ्य परीक्षणको मूल्य समान हुने गर्दछ । नेपालको सहकारी क्षेत्रको विकृतिका सम्बन्धमा लेखापरीक्षण प्रणाली पनि जिम्मेवार रहेको पाइएको छ । लेखापरीक्षकलाई सहकारी संस्थाको लेखापरीक्षण कार्यमा जिम्मेवार बनाई संस्थागत सुशासनको जग बलियो बनाउन सके सहकारी विकृतिहरू न्यूनीकरण हुनसक्ने सम्भावना बढेर जान्छ । साथै, कर्तव्यनिष्ठ नरहने लेखापरीक्षकलाई कानूनी रूपले कर्तव्यनिष्ठ बनाउन आवश्यक देखिएको छ ।

**६) विवेकशील नियमन र प्रभावकारी सूपरिवेक्षण प्रणाली:**

सहकारीहरू सिद्धान्तः स्वनियमनमा आधारित संस्था हुन् । तर, व्यवहारमा कतिपय सहकारी संस्थाहरूले स्वनियमनको दायरा पालना नगर्नाले अलग कानूनी संरचनाको विकास गरी सुपरिवेक्षणको आवश्यकता महशुस गरिएको छ । राष्ट्र बैंकले विगतमा केही समय निश्चित उद्देश्यका लागि नेपालका केही ठूला सहकारी संस्थाहरूको स्थलगत निरीक्षण कार्यमा सहकारी विभागलाई सहयोग गरेको थियो, तर यसलाई कतिपय सहकारीकर्मीहरूले त्यति रूचाएनन् । यस सन्दर्भमा, सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ मा सहकारी संस्थाहरूको निरीक्षण तथा सुपरिवेक्षणमा नेपाल राष्ट्र बैंकले सहयोग गर्ने भनी गरीएको व्यवस्थाको कार्यान्वयन कसरी प्रभावकारी बनाउने भन्नेतर्फ सहकारीकर्मीहरू समेत लाग्नुपर्ने देखिन्छ । सहकारी बजारको मात्रात्मक विकाससँगै कतिपय शहरीया र शहरोन्मुख क्षेत्रका सहकारीका लागि निरीक्षण तथा सुपरिवेक्षण निकै टाउको दुखाई र विरोधको विषय बनिरहेमा यो क्षेत्र सधैं पछाडि परिरहने निश्चित छ । सहकारी संस्थाहरूको विबेकशील नियमन र प्रभावकारी सुपरिवेक्षणका लागि माथिको बुँदा नं. ३ मा उल्लेख गरिए बमोजिमको

वर्गीकरण गरी सहकारीहरूको वित्तीय कारोवारको वर्ग अनुसार नियमनको व्यवस्थाहरू र निरीक्षणकारी निकायको जिम्मेवारी निर्धारण गर्नु वाञ्छनीय देखिन्छ ।

**७) सहकारी संस्थाहरूबिचको सहकार्य:**

सहकारी संस्थाका सदस्यबिच मात्र कारोवार गर्ने संस्था हो भन्ने अन्तर्राष्ट्रिय मान्यता रहेको छ । एक सहकारी संस्थाले कुनैपनि अर्को सहकारी संस्थासँग शेयर, बचत तथा ऋणको कारोवार गर्न मिल्दैन । यद्यपि, सहकारी संस्थाहरू सहकारी क्षेत्रको सामूहिक विकासका लागि संगठित हुने तथा उत्पादनमूलक र समान प्रकृतिका सहकारीबिच उत्पादन संकलन, प्रशोधन, प्रतिस्पर्धात्मक मूल्य निर्धारण गर्न र वजारीकरण गर्न अन्तर सहकारी कारोवारका आधार बनाउने हो भने यो सहकार्य फलदायी पनि हुनसक्ने देखिन्छ । नेपालका केही सहकारीवीच देखिएको अन्तर-सहकारी वित्तीय कारोवार भने विकृतिको एउटा रूप हुनसक्ने हुँदा यसलाई कानूनी रूपले नियन्त्रण गर्न आवश्यक छ ।

**८) सहकारी कानूनहरू:**

नेपालको संबिधानमा सहकारी क्षेत्रलाई अर्थतन्त्रको ३ मध्ये एक प्रमुख खम्बा मानिए पनि लामो समयदेखि बहुप्रतिक्षित सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ पारित भएको छ । सहकारी ऐन र नियमावली कार्यान्वयन गर्न आवश्यक नयाँ मापदण्ड र कार्ययोजनाहरू तर्जुमा हुनसकेको देखिदैन । संविधानमा यस क्षेत्रलाई ३ मध्येको प्रमुख खम्बा माने सँगै अर्थतन्त्रमा यस क्षेत्रको भूमीका बलियो पार्न थप व्यवस्थाहरू हुन आवश्यक छ । यो क्षेत्र नीजि र सरकारी क्षेत्रबिचको तेश्रो रूप हो । नीजि भन्दा व्यवस्थित तर सरकारी नियन्त्रण भन्दा बाहिर रहने यो क्षेत्रलाई थप कानूनी आधार दिनुपर्ने आवश्यकता छ ।

**९) तथ्यांक प्रणालीको विकास:**

२०७४ असारसम्म सहकारी विभागले नेपालका सहकारीहरू सम्बन्धी तथ्यांक संलग्न र प्रकाशन गर्ने गरेको

> परिवर्तनलाई कसैले अवरोध गर्न सक्दैन । दुनियामा सबै चिज परिवर्तनीय छ । परिवर्ति र बदलिदो परिवेश अनुसार आम सहकारी प्रशासन, आम सहकारीकर्मी र आम सहकारी आन्दोलन आफूलाई परिवर्तित गर्दै अगाडि बढ्नु जरुरी देखिन्छ त्यसका लागि सहकारी प्रशासनले यो कुरा मनन गरेको छ ।

पाइन्थ्यो भने स्थानीय तहको गठन र कार्यान्वयन शुरू भए पश्चात सहकारी संस्थाहरू धमाधम ती तहहरूमा हस्तान्तरण भएका र स्थानीय तहहरूमा तथ्यांक संलग्न र व्यवस्थापन सम्बन्धमा आवश्यक संरचना बनिसकेको नपाईएकाले सहकारी क्षेत्रको तथ्यांक व्यवस्थापन बेवारिसे बनेको देखिन्छ । हाल सहकारी संस्थाहरूको संख्या, कारोवार रकम, सदस्य संख्या, कर्मचारीहरूको संख्या, सहकारीहरूको प्रकृति आदि बारेको आधिकारिक र भरपर्दो तथ्यांक पाइने अवस्था देखिदैन । वित्तीय क्षेत्रमा १० देखि १५ प्रतिशत हिस्सा रहेको विश्वास गरिएको यस क्षेत्रको यो अन्योलताले नीति निर्माणमा प्रभाव पार्ने नै देखिन्छ । सहकारी क्षेत्रको एकीकृत तथ्यांक प्रणालीलाई प्रभावकारी बनाउन सम्बन्धित मन्त्रालय र विभागले आवश्यक व्यवस्थापन मिलाउनुपर्ने देखिन्छ ।

**१०) सहकारी एकीकरण:**

बिक्रम सम्वत् २०५० को दशकबाट बढन थालेको सहकारी संस्थाहरूको संख्या र कारोवारको दायरा वृद्धि हुने क्रम जारी रहेकै देखिन्छ । २०७४ असारसम्म ३४ हजार ५०० को हाराहारीमा रहेको सहकारी संस्थाहरूको संख्या हाल ३६ हजारको हाराहारीमा पुगेको अनुमानका आधारमा यो क्षेत्रको यो संख्यात्मक वृद्धिको आवश्यकता र औचित्य देखिदैन । अव, सहकारी संस्थाहरूको एकीकरणलाई प्राथमिकतामा राख्न ढिलो भईसकेको बताईन्छ । यस सन्दर्भमा, ग्रामीण क्षेत्रमा वित्तीय पहुँच वृद्धिका हिसावले आवश्यक देखिएको सहकारीको विस्तार र शहरी क्षेत्रमा सहकारी संस्थाहरूको स्वेच्छिक वा मापदण्डका आधारमा अनिवार्य एकीकरणमा जाने वातावरण तयार गरिनु सान्दर्भिक देखिन्छ । सहकारी संस्थाहरू एकीकरणका आधारहरू कार्यप्रकृति (एकै कार्यप्रकृतिको कारोवार गरेको हुनुपर्ने), कार्यक्षेत्र (एकभन्दा बढी जिल्लामा फैलने गरी कार्यक्षेत्र निर्धारण नगरिने), सदस्यहरूको सकृयता, सहकारी मूल्यमान्यताको पालनाको अवस्था, लैङ्गिक आधारमा स्थापना भएका संस्था भए सोही प्रकारको संस्थासँग मात्रको एकीकरणमा जोड, आदि हुनसक्छन् ।

**११) सरोकारवालाहरू वीचको सहकार्य:**

नेपालमा सहकारीका सरकोकारवालाहरूमा मुलतः सरकारको सम्बन्धित मन्त्रालय, सहकारी बोर्ड तथा सहकारी विभाग, सम्बन्धित क्षेत्रका सहकारी आन्दोलन/संघहरू, सहकारीका सदस्यहरू, नेपाल राष्ट्र बैंक आदि पर्दछन् । यीनमा मुख्य दुई भाग छन्: नीति निर्माण र कार्यान्वयनसँग सम्बन्धित । यी सबै निकाय तथा व्यक्तिहरूबिच नीति निर्माणमा उचित समन्वय र तालमेलको अभावमा सहकारी क्षेत्रले गुणस्तरीय




फड्को मार्न नसकेको बताइन्छ । खासगरी सहकारी क्षेत्रको विवेकशील नियमन र प्रभावकारी सुपरिवेक्षणका लागि केन्द्रीय बैंक र नेपाल सरकारबिच सहकार्य र जिम्मेवारी बाँडफाँड हुनु मनासिव देखिन्छ ।

**१२) संविधानमा उल्लेखित संघीयता र सहकारीको अन्तरसम्बन्धः**

संविधानको धारा ५१ (घ१) मा राज्यको अर्थनीति अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने कुरा उल्लेख गरिएको छ । यसरी सहकारीको विकास मार्फत स्वावलम्बी अर्थतन्त्रका माध्यमबाट समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने आधार तयार गर्ने सरकारको लक्ष्य देखिन्छ । त्यस्तै, संविधानको अनुसूची ६ मा सहकारी संस्थाहरूलाई प्रदेश सरकारका मातहतमा रहने व्यवस्था भएको देखिन्छ भने अनुसूची ७ मा सहकारीलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरिएको छ । पुनः अनुसूची ८ मा सहकारी संस्थाहरूलाई स्थानीय तहको अधिकार सूचीमा समेत सूचीकृत गरेको देखिन्छ । यसबाट सहकारी क्षेत्र संघ, प्रदेश र स्थानीय तहको साझा चासो विषय हो भन्ने चाहीँ देखिन्छ, तर यसबाट यो क्षेत्रको नियमन र सुपरिवेक्षण सम्बन्धी अन्योलताको वातावरण समेत उत्पन्न हुनसक्ने देखिन्छ । यो समस्या समाधान गर्न विवेकशील नियमनका लागि संघीय सरकारको भूमीका महत्वपूर्ण हुने तथा प्रभावकारी सुपरिवेक्षणका लागि माथि उल्लेख गरे अनुसार सहकारीहरूको वर्गीकरण गरी वार्षिक रू.पचास करोड भन्दा बढी कारोवार हुने सहकारी संस्थाहरूलाई संघीय प्रारूप अन्तर्गत रही केन्द्रीय बैंकले वा अधिकारप्राप्त कुनै निकाय स्थापना गरी प्रभावकारी सुपरिवेक्षण गर्ने, वार्षिक रू.पाँच करोडभन्दा बढी र पचास करोडभन्दा कम कारोवार गर्ने सहकारीहरूलाई प्रदेश सरकारले प्रभावकारी सुपरिवेक्षण गर्ने र त्यसभन्दा कम कारोवार भएका सहकारी संस्थाहरूलाई स्थानीय तहले प्रभावकारी सुपरिवेक्षण गर्ने प्रवन्ध मिलाउन सकिन्छ । साथै, प्रदेश र स्थानीय तहले प्रभावकारी सुपरिवेक्षण गर्ने कार्यका लागि केन्द्रीय बैंकले तालिम तथा प्राविधिक सहयोग गर्नसक्ने वातावरण मिलाउनु वाञ्छनीय हुन्छ ।

**१३) सहकारीमा सुशासनः**

सहकारीको अन्तर्राष्ट्रिय मान्यता बमोजिम स्वनियमनमा आधारित यी संस्थाहरूमा सञ्चालक समिति र व्यवस्थापनबाट सम्पन्न हुने कारोवारको मूल्यांकन र आन्तरिक नियन्त्रणका लागि साधारण सभाबाट ३ सदस्यीय लेखा समिति गठन हुने र सो समिति साधारण सभाप्रति नै जिम्मेवार हुने कानूनी व्यवस्था रहेको छ । यो समितिले आन्तरिक लेखापरिक्षणको कार्य पनि गर्नसक्ने देखिन्छ । यसले संस्थामा सन्तुलन र परीक्षणको वातावरण श्रृजना गर्न मदत गर्दछ । त्यस्तै, सहकारी संस्था जहिले पनि सदस्यहरूप्रति उत्तरदायि हुने हुँदा साधारण सभाबाट पारित नीतिगत प्रावधानले संस्था सञ्चालनमा मार्गनिर्देश गरिरहेको हुन्छ । सहकारीका वित्तीय एवं सामाजिक गतिविधिहरू सदैव पारदर्शि हुन आवश्यक छ । यसका लागि संस्थाका वित्तीय गतिविधि लगायतका काम कार्यवाहीहरू साधारण सभाबाट पारित गराउनु पर्दछ । त्यस्तै, सहकारीमा कार्यकारीणिको भूमीकामा रहने कार्यसमितिको सक्रियता र कार्यकुशलताले संस्थाको भविष्य निर्धारण गरेको हुन्छ । कार्यसमिति र यसका सदस्यहरू पेशेवर हुन नसक्नाले नेपालका कतीपय सहकारीहरू धराशायी भएका उदाहरणहरू हाम्रा सामु देखिन्छन् ।

## निचोड

गुणस्तरीय सहकारीको लागि बलियो कानूनी पुर्वाधारको लामो प्रतिक्षा पश्चात आएको सहकारी ऐन, २०७४ मा समेत केही गम्भिर कुराहरूमा सुधारको प्रशस्त सम्भावनाहरू देखिन्छन् । सहकारी क्षेत्र सुशासनका दृष्टिकोणले अत्यन्त कमजोर रहेको क्षेत्र भएकोले जनताको करीब रू.४०० अर्बको आर्थिक श्रोतको सुरक्षाको प्रबन्ध हुन आबश्यक छ । सहकारी क्षेत्रमा सुशासन कमजोर हुनुको प्रमुख कारणहरूमा सहकारी बारेको कमजोर सरकारी दृष्टिकोण, कतीपय सहकारी संस्थाहरू अझै संस्थागत (Institutionalized) हुन नसक्नु र सहकारीका सञ्चालकहरू पेशेवर (Professional) हुन नसक्नु आदि हुन् भनी बताइन्छ । सहकारी सम्बन्धमा नेपालको संविधानको परिकल्पना कार्यान्वयन गर्न सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रभावकारी कार्यान्वयन, आवश्यकता अनुसार ऐन तथा नियमको अथोचित संशोधन र मापदण्ड तथा कार्ययोजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन मार्फत सहकारी क्षेत्रको गुणस्तरीय विकासको सम्भावना यथावत् छ । संविधानमा सहकारीको भूमिकालाई महत्वपूर्ण स्थान त दिइयो तर व्यवहारिक रूपमा यो क्षेत्रको गुणस्तर वृद्धिमा धेरै काम गर्न बाँकी नै छ । यो क्षेत्रको यथोचित नियमन र प्रभावकारी सुपरिवेक्षण बिना यो क्षेत्रको गुणस्तर वृद्धि सम्भव देखिदैन ।

# वित्तीय सहकारी संघहरुका लागि उच्चस्तरीय तालिम



वित्तीय सहकारी संघहरूका लागि उच्चस्तरको नीति र प्रभावकारिता विषयक तालिम नगरकोटमा असार ६ गते सम्पन्न भयो । अन्तर्राष्ट्रिय श्रम संगठन, अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्राष्ट्रिय तालिम केन्द्र (ILO-ITC) र संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (FAO) को सहयोग र ग्रामीण वित्तमा क्षमता विकास (CABFIN) को सहकार्यमा ६ दिनसम्म सञ्चालन भएको उक्त तालिमको समापनमा सम्बोधन गर्दै अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) का राष्ट्रिय निर्देशक रिचर्डले नेपालमा सहकारीको विकास भएको लामो समय भएतापनि स्पष्ट नीति र योजनाका आधारमा प्रभावकारी सञ्चालनमा केही कमी देखिएको भन्दै नीतिगत व्यवस्थापनको लागि आईएलओ सदैव तत्पर रहेको बताउनुभयो ।

संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (FAO) का सहायक प्रतिनिधि विनोद शाहले नेपालमा सहकारीको विकास सुरूभएको दशकौं भएतापनि विद्युतीय वित्तीय सेवाको विषय भर्खरै सुरूवातको चरणमा रहेकोले यस्ता कार्यमा सदैव सहकार्य गर्न आफूहरू तत्पर रहेको प्रतिवद्धता व्यक्त गर्नुभयो । वित्तीय सहकारी संस्थाहरूले समुदायमा वित्तीय पहुँच विस्तार गरी उद्यमशीलता विकासमा महत्वपूर्ण योगदान गरेको भन्दै वित्तीय सहकारीहरू सदस्यलाई उद्यमी बनाउनेमा केन्द्रित हुनुपर्ने धारणा राख्नुभयो ।

नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतको अध्यक्षता रहेको समापन कार्यक्रममा सहजकर्ताहरूको तर्फबाट FAO का श्रोत व्यक्ति निकलस बेन्नीले नेपालको कार्यक्रममा सहजिकरण गर्न पाएकोमा खुशी लागेको र अन्तरक्रियाबाट आफूले पनि नयाँ सिकाइ प्राप्त गरेको भन्दै भविष्यमा पनि सहकार्यको अपेक्षा रहेको धारणा राख्नुभएको थियो । समापन कार्यक्रमलाई सम्बोधन गर्दै नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतले आफूले सहकारी अभियानमा तीन दशक पार गरेको र सयौं कार्यक्रममा सहभागी भएता पनि यो कार्यक्रम आफ्नो लागि विशेष महत्वको रहेको धारणा व्यक्त गर्नुभयो । यसले नयाँ सोचलाई औपचारिक तहमा ल्याइदिएको छ जसका कारण संघले नयाँ उचाई प्राप्त गर्नेछ भन्ने विश्वास थपिएको बताउनुभयो ।

# संघका प्रमुख कार्यकारी अधिकृतको अष्ट्रेलियन वित्तीय सहकारीको अवलोकन भ्रमण

अष्ट्रेलियाको इन्डेभोर म्यूचुअर बैंक (वित्तीय सहकारी) को निमन्त्रणामा अष्ट्रेलियन वित्तीय सहकारीहरूको सञ्चालन व्यवस्थापन र विशेष गरी स्थिरीकरण कोष/बचत सुरक्षण कोषको अध्ययनका लागि संघका प्रमुख कार्यकारी अधिकृत २०१९ जुलाई २९ देखि अगष्ट ३ सम्म अष्ट्रेलियाको सिड्नी भ्रमण गर्नुभएको छ । विश्वका सफल बचत सहकारीहरूको अभ्यास पेश गर्न सफल अष्ट्रेलियाली बचत सहकारी अभियान एकिकरण र बचत सुरक्षणमा लोकप्रिय रहेको छ ।



संघका प्रमुख कार्यकारी अधिकृतको भ्रमणबाट नेपालमा भर्खरै अभ्यासमा आउन लागेको स्थिरीकरण कोषको सहज व्यवस्थापन र कार्यविधि तयारीको अवस्थामा रहेको बचत तथा ऋण सुरक्षण कोषलाई समेत अनुभव सहयोगीसिद्ध हुनेछ भने यसले नेपालको साकोस अभियानलाई अझ सञ्जालिकृत गर्ने र केन्द्रीय संघको सुपरिवेक्षणलाई अझ प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

# नेफ्स्कून र सहकारी विभागको गन्तव्य एउटै : रजिष्ट्रार



सहकारी विभागका रजिष्ट्रार डा. टोक राज पाण्डेले विभाग र नेफ्स्कूनको गन्तव्य एउटै भएकाले सहकार्य गरेर अघि बढ्नुपर्ने बताउनुभएको छ । दुवैको लक्ष्य रोजगारी सृजना, व्यापार घाटा कम र समग्र मुलुकको आर्थिक समृद्धि भएको उल्लेख गर्दै उहाँले समान लक्ष्यप्राप्तिका लागि सहकार्यमा जोड दिनुभयो ।

नेफ्स्कूनको बार्षिक समीक्षा एवं नयाँ आर्थिक वर्ष २०७६/०७७ को दुई दिने योजना तर्जुमा गोष्ठीको श्रावण १२ गते भक्तपुरको नगरकोटमा आयोजित समापन समारोहका प्रमुख अतिथि रजिष्ट्रार पाण्डेले नेफ्स्कूनको असल तालिमका विषयवस्तु र सहकारी विभागको सिकाई आदान प्रदान गर्नुपर्ने धारणा राख्नुभयो ।

सहकारीले समय सापेक्ष व्यवस्थापकीय परिवर्तनको आवश्यकता औंल्याउँदै उहाँले त्यसका लागि हरेक कार्यालयको व्यवस्थापन संरचना सुन्दर हुनुपर्नेमा जोड दिनुभयो । रजिष्ट्रार पाण्डेले सहकारी सञ्चालन र अनुगमनको अधिकार संविधानले नै विकेन्द्रीत गरेको अवस्थामा स्थानीय तहमा सहकारी हेर्ने कर्मचारी छिट्टै पठाउन लागेको पनि जानकारी गराउनुभयो । त्यसैगरी उहाँले, कोपोमिसलाई प्रभावकारी बनाउन साढे ३२ हजार सहकारी दाखिला भएको र विभागले ७ सय सहकारी संस्थालाई कोपोमिसमा दक्ष बनाएको दाबी गर्नुभयो ।

कार्यक्रममा नेफ्स्कूनका वरिष्ठ उपाध्यक्ष परितोष पौड्यालले सहकारी अभियानलाई सार्थक बनाउन विभाग, नेफ्स्कून सहयात्रामा रहेको बताउनुभयो । उहाँले विद्युतीय सिकाईको अवधारणा अघि बढाउने प्रयास जारी रहेको उल्लेख गर्दै नेफ्स्कूनका कर्मचारीहरूको सीप र दक्षता अभिवृद्धिका साथ सकारात्मक नेतृत्व विकासको प्रयास गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "अभियानले संकल्प गर्छ र व्यवस्थापनले डोऱ्याउने र कार्यावन्यनको काम गर्छ । सहकारी अभ्यास अब दीगो विकास लक्ष्य प्राप्तिका लागि लाग्नुपर्छ ।"

# भक्तपुरमा कर व्यवस्थापन तालिम



नेफ्स्कून भक्तपुर फिल्ड कार्यलयको आयोजनामा मध्यपुर ठिमीमा एक दिवसीय कर व्यवस्थापन तालिम असार १८ गते सम्पन्न भएको छ । तालिममा भक्तपुर, काठमाडौं, दोलखा जिल्लाका विभिन्न ३० सहकारी संस्थाबाट ३१ साकोसकर्मीहरूको उपस्थिति रहेको थियो ।

तालिम समापन समारोहको अध्यक्षता नेफस्कूनका सञ्चालक नानीकाजि शाक्यले गर्नुभएको थियो भने प्रमुख आतिथ्यता आन्तरिक राजश्व कार्यालय भक्तपुरका प्रमुख कर अधिकृत सुर्य पोखेलले गर्नु भएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अथिति पोखेलले सहकारी संघसंस्थाहरूलाई आयकर छुट सम्बन्धी व्यवस्था यसै आ.व. २०७५/७६ देखि लागु हुने र आ.व. २०७६/७७ बाट कर्मचारीको तलब अनिवार्य प्यान नम्बरबाट दाखिला गर्नुपर्ने भन्दै सबै संघ संस्था हरूलाई यसै अनुसार तयारी गर्न आग्रह गर्नु भएको थियो ।

नेफस्कूनका सञ्चालक नानीकाजी शाक्यले भक्तपुरका सहकारी संस्थाहरूले नेफस्कून भक्तपुर फिल्ड कार्यालयलाई पुऱ्याउनु भएको सहयोग प्रति धन्यवाद व्यक्त गर्दै साकोसको वृद्धि विकासका लागि नेफ्स्कूनको निरन्तर पहल रहने र त्यसका लागि सम्पूर्ण सहकारीकर्मीहरूको योगदान महत्वपूर्ण हुने बताउनुभयो । तालिम सहजीकरण चार्टर एकाउन्टेण्ड सुरेश रेग्मीले गर्नुभएको थियो ।

# सहकारी संस्थाहरुमा कोषको व्यवस्था र प्रयोगको अवस्था

**चण्डिप्रसाद शर्मा पौडेल**

सञ्चालक
नेफ्स्कून



> संस्थाहरु सहकारीको मूल्य मान्यता र आदर्शको विपरीत हुने गरी नाफा बाँडफाँडमा मात्र केन्द्रित हुनुले समग्र सहकारी अभियान कमजोर बन्दै गएको छ । यसले गर्दा एकातिर राज्यले पाउनुपर्ने कर गुमाएको छ भने अर्कोतर्फ सहकारी संस्थाहरु परनिर्भर र कमजोर बन्दै गइरहेका छन् ।

सहकारी ऐन २०४८ ले संस्थाहरूको स्थापना र वृद्धि विकासमा पुऱ्याएको योगदानले आज देशमा विभिन्न उद्देश्यका ३४ हजार ७ सय ३७ वटा भन्दा बढी सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् । संख्यात्मक हिसाबले यो अत्यन्त महत्वपूर्ण उपलब्धी हो । सहकारी संस्था आफैबाट निर्देशित हुनुपर्दछ भनि स्वनियमनलाई प्राथमिकता दिएको २०४८ को सहकारी ऐनमा समयक्रमसँगै विकृतिहरू आउन थाले । केही व्यक्ति तथा समूहहरूले सहकारीको नामबाट सहकारीको मर्म विपरीत खराब खालका कामकाजहरू गर्नथाले यसले गर्दा यो क्षेत्रले अनेकौ दोषारोपण र चुनौतीहरूको सामना गर्नु परिरहेको छ । सहकारीले आफ्नो सेवाक्षेत्र छुट्टयाउन नसकि अन्यत्र लाग्दा अत्याधिक व्यापारीकरण भई गरिव विपन्न र लक्षीत वर्गको पहुँच भन्दा बाहिर पुग्ने सम्भावना बढेको छ । नेतृत्व वर्गमा सहकारी सम्बन्धी ज्ञानको कमीका कारण हामीले जे भन्यौ, जे बुझ्यौ, जे गऱ्यौ त्यही सहकारी हो भन्ने गलत बुझाई सहकारीकर्मीहरूमा रहेको छ । सहकारी संस्थाहरूलाई दीगो, व्यवसायिक र गुणस्तरीय बनाउनका लागि सहकारीमा विभिन्न कोषहरूको व्यवस्था गरिएको हुन्छ । धैरै संस्थाहरूले आफ्नो विनियममा भएका कोषहरूको बारेमा वेखवर हुनु, सञ्चालकहरू र व्यवस्थापनमा संलग्न कर्मचारीहरू कोषको बारेमा जानकार नभएका कारण ऐन नियममा व्यवस्था भएका सहकारीका मुल्य मान्यता र आदर्शमा आधारीत कोषहरूको उचित प्रयोग र परिचालन हुन सकने । संस्थाहरू सहकारीको मूल्य मान्यता र आदर्शको विपरीत हुने गरी नाफा बाँडफाँडमा मात्र केन्द्रित हुनुले समग्र सहकारी अभियान कमजोर बन्दै गएको छ । यसले गर्दा एकातिर राज्यले पाउनुपर्ने कर गुमाएको छ भने अर्कोतर्फ सहकारी संस्थाहरू परनिर्भर र कमजोर बन्दै गइरहेका छन् । जान्ने बुझ्ने र ज्ञान भएकाहरूले सहकारी कति सवल र सक्षम छ भन्ने कुरा कोषलाई हेरेर विश्लेषण गर्दछन् भने सहकारी सम्बन्धी ज्ञान नभएका वा कम ज्ञान भएकाहरूले नाफामा मात्र सहकारीको सवलता देख्ने गरेका छन् ।

सहकारीमा एक कित्ता पनि शेयर खरिद नगरी बढी ब्याजको लोभमा करोडौको निक्षेप राख्ने लोभी निक्षेपकर्ताहरू र गैरसदस्यहरूसँग कारोवार गरेर जसरी पनि बढी नाफा कमाउन चाहाने सञ्चालकहरूबाट अहिले सहकारी क्षेत्रले चुनौतीको सामना गरिरहेको छ । सहकारी ऐन, नियमावली र विनियममा




सहकारी संस्था र सदस्यहरूलाई समृद्ध र जोखिममुक्त गराउन विभिन्न कोषहरूको व्यवस्था गरिएको भएतापनि कोषहरूको प्रभावकारी कार्यान्वयन नहुँदा सहकारी क्षेत्रको गरिमा बढ्न सकेको छैन । सहकारी ऐन २०४८ जारी हुँदा सहकारी संस्थाहरू सीमित संख्यामा थिए । त्यसैले ऐनले उदारताका साथ संस्थाहरूको स्थापना र प्रवर्द्धनमा जोड दियो । फलस्वरूप नेपालको सहकारी अभियानले विश्वमानचित्रमा आफुलाई अग्र स्थानमा उभ्याउन सफल भयो । यही अवधिमा सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना भयो, सहकारी नीति २०६९ जारी भयो, नेपालको संविधान २०७२ ले सहकारीलाई ३ खम्वा मध्येको १ खम्बाको रूपमा मान्यता प्रदान गर्‍यो र समयसापेक्ष रूपमा सहकारी ऐन २०७४ र नियमावली २०७५ जारी भयो । सहकारी ऐन, नियमावली र सम्बन्धित संस्थाको विनियममा व्यवस्था भएका कोषहरूको बारेमा धैरैलाई थाहा नभएकाले जानकारी दिन आवश्यक ठानी संक्षेपमा कोषहरूको बारेमा जानकारी गराईएको छ ।

सहकारी ऐन २०७४ को दफा ६० जगेडा कोष, दफा ६९ संरक्षीत पूँजी फिर्ता कोष, दफा ७० सहकारी प्रवर्द्धन कोष  र अन्य कोषको व्यवस्था गरेको छ । सहकारी नियमावली २०७५ को नियम २७ मा अन्य कोष सम्बन्धी व्यवस्थामा विभिन्न कोषहरूलाई समावेश गरिएको छ । जसको बाँडफाँड समेत निम्नानुसार गर्ने व्यवस्था भएको छ ।

१) खुद नाफा
२) जगेडा कोष कम्तीमा २५ प्रतिशत
३) बाँडफाँड योग्य रकम १०० प्रतिशत
४) संरक्षित पूँजी फिर्ता कोष २५ प्रतिशत
५) सहकारी प्रवर्द्धन कोष ०.५ प्रतिशत
६) पुन बाँडफाँड योग्य रकम १०० प्रतिशत
७) कुनै कोषमा ५ प्रतिशत भन्दा कम नहुने गरी निम्नानुसार कोषहरूमा बाँडफाँड गर्न सकिने छ :
   क) सहकारी शिक्षा कोष
   ख) शेयर लाभांश कोष
   ग) कर्मचारी बोनस कोष
   घ) सहकारी विकास कोष
   ङ) घाटापूर्ति कोष
   च) सामुदायिक विकास कोष
   छ) स्थिरीकरण कोष
   ज) अन्य जोखिम कोष

सहकारी प्रवर्द्धन कोषको रकम मन्त्रालयले तोकेको बैंक खातामा र स्थिरीकरण कोषको रकम राष्ट्रिय स्तरमा रहेको कोषले तोके बमोजिम जम्मा गर्नु पर्दछ । यसरी विभिन्न कोषमा रकम बाँडफाँड गरिसकेपछि शेयर लाभांश कोषमा ६० देखि ७० प्रतिशत रकम विनियोजन गर्न सक्ने देखिन्छ । कोषहरूको बारेमा जानकारी यस प्रकार रहेको छ :

### १. जगेडा कोष

सहकारी संघ संस्थाको खुद बचत (मुनाफा) बाट संस्थागत सम्पत्ति वृद्धि गर्न खडा गरिएको कोषलाई जगेडा कोष भनिन्छ । यस कोषमा खुद बचत रकमको कम्तीमा २५ प्रतिशत रकम अनिवार्य छुट्टाउनु पर्ने प्रावधान सहकारी ऐन २०७४ को दफा ६८ ले व्यवस्था गरेको छ । यस कोषमा कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजिगत अनुदान रकम, स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम र जगेडा कोषका लागि अन्य श्रोतबाट प्राप्त रकम समावेश गरिन्छ । सहकारीको दीगो र निरन्तर सञ्चालनका लागि यो कोषको परिकल्पना गरिएको हो । सहकारी संघ संस्थाहरू आर्थिक रूपमा जति वलियो हुँदै जान्छन् कोषको रकम पनि त्यति नै वढ्दै जान्छ । कोषमा रहेको रकम मध्ये जगेडा कोषको रकम संस्था रहेसम्म रहन्छ । यो कोषलाई सदस्यले प्रत्यक्ष रूपमा बाँडफाँड गर्न नपाए पनि यस कोषबाट संस्थाको भवन बनाउन, स्थिर सम्पत्ति खरिद गर्न, संघ संस्थाले गर्ने व्यापार र व्यवसाय सञ्चालन गर्न र व्यवसायको स्तरोन्नति गर्न सकिने भएकाले अप्रत्यक्ष रूपमा सदस्यहरूलाई मुनाफा प्राप्त भई रहन्छ । सहकारी संस्था कति भरपर्दो र विश्वास योग्य छ भनेर छुट्टयाउने आधार नै जगेडा कोष हो ।

### २. संरक्षित पूँजी फिर्ता कोष

संस्थाको कारोवारमा नाफा हुन योगदान गरे वापत सदस्यले गरेको कारोवारको आधार र अनुपातमा कारोवारबाट भएको नाफाको केही अंश सो सदस्यलाई फिर्ता

दिने गरी छुट्याईएको कोषलाई संरक्षीत पूँजी कोष भनिन्छ । सहकारी ऐन २०७४ को दफा ६९ र नियमावलीको नियम २५ ले सहकारी संस्थामा संरक्षित पूँजी फिर्ता कोषको परिकल्पना गरेको छ । ऐनको दफा ६८ बमोजिम जगेडा कोषमा रकम छुट्टयाई बाँकी रहेको रकमको कम्तीमा २५ प्रतिशत वार्षिक रूपमा जम्मा हुने गरी कोषको व्यवस्था गरिएको छ । सहकारी व्यवसायको एक मात्र व्यावसायिक सुन्दरता (Beauty of the Business) को रूपमा यो कोषलाई मानिन्छ । उचित रूपले कारोवारी सदस्यलाई कारोवारको आधारमा संरक्षित पूँजी फिर्ता कोषको रकम उपलब्ध गराउन सकियो भने सदस्यहरको विश्वास बढ्न गई संस्थाको लगानीमा वृद्धि हुनुका साथै अपनत्वको भावना जागृत भई संस्थाको निरन्तर उन्नति प्रगति हुन्छ ।

### ३. सहकारी प्रवर्द्धन कोष

सहकारी संघ संस्थाको प्रवर्द्धन, सहकारी व्यवसायको पूर्वधार विकास शिक्षा, सुचना, तालिम, बजार प्रवर्द्धन, संस्था वा संघको अनुगमन लगायतका कार्यहरू गर्नका लागि सहकारी ऐन २०७४ को दफा ७० र नियमावली २०७५ को नियम २६ बमोजिम खडा गरिएको कोषलाई सहकारी प्रवर्द्धन कोष भनिन्छ । ऐनको दफा ६८ बमोजिम जगेडा कोषमा कम्तीमा २५ प्रतिशत रकम छुट्टयाई सकेपछि बाँकी रहेको खुद बचत रकमको ०.५ प्रतिशतले हुन आउने रकम यो कोषमा छुट्टयाई कोषद्वारा तोकिए बमोजिम यो रकम पठाउने व्यवस्था रहेको छ ।

### ४. सहकारी बचत तथा कर्जा सुरक्षण कोष

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरूको सहभागितामा संस्थाहरूले परिचालन गर्ने बचत तथा प्रदान गर्ने कर्जाको सुरक्षणको लागि खडा गरिएको कोषलाई सहकारी बचत तथा कर्जा सुरक्षण कोष भनिन्छ । ऐनको दफा १०१ ले यो कोषको परिकल्पना गरेको छ ।

### ५. जोखिम व्यवस्थापन कोष

व्यवसायमा सधै नाफा मात्र हुन्छ भन्ने हुँदैन कथंकदाचित भविष्यमा कुनै प्रकारको अनिष्ट वा जोखिम आएपनि सोको व्यवस्थापन गर्न सकियोस भनी यो कोषको परिकल्पना गरिएको हो । नेपालको कानून अनुसार यस कोषमा लगानीमा रहिरहेको ऋणको ५ प्रतीशतसम्म प्रोभीजन गर्ने व्यवस्था रहेको छ । सहकारी ऐन २०७४ को दफा २३ बमोजिम सहकारीका मुल्य मान्यता र सिद्दान्त बमोजिम पर्ल्स अनुगमन प्रणालीका सुचकांक वमोजिम असल ऋणको १ प्रतिशत, १ वर्षसम्म भाखा नाघेकोलाई ३५ प्रतिशत र १ वर्ष भन्दा बढी भाखा नाघेको ऋणमा १०० प्रतिशतका दरले जोखिम व्यवस्थापन कोषमा राख्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । संस्थाको क्षमता र जोखिमको प्रकृतिलाई हेरेर कोषको व्यवस्था गर्नुपर्दछ । यो कोषमा पर्याप्त रकम छुट्टयाएको खण्डमा घाटापूर्ति कोषलाई शेयर लाभांश कोषमा समावेश गर्न सकेमा राम्रो हुन्छ ।

### ६. सहकारी शिक्षा कोष

आफ्ना सञ्चालक, कर्मचारी र सदस्यहरूलाई सहकारी शिक्षा, कानूनी शिक्षा, वित्तीय साक्षरता, उद्यमशीलता विकास, स्वास्थ्य शिक्षा, प्रविधि शिक्षा, कर्जा शिक्षा लगायतका विविध विषयमा जानकारी दिई उनीहरूको ज्ञान सिप र धारणामा समयानुकुल परिवर्तन ल्याउने उद्देश्यले खडा गरिएको कोषलाई सहकारी शिक्षा कोष भनिन्छ । सहकारीले सदस्यलाई पैसा बाँडेर धनी मात्र होइन असल चरित्रवान र कर्तव्य निष्ठ बनाउनु पर्दछ । संस्थालाई जहिलेपनि समुदाय प्रति उत्तरदायी र सदस्य केन्द्रित बनाउनु पर्दछ । आफ्ना सदस्यहरूलाई संस्थाको उत्पादन सेवा सुविधा तथा काम कर्तव्य र अधिकारको बारेमा सक्षम बनाउन सहकारी शिक्षा कोषको व्यवस्था गरिएको हो । तर अधिकांश संस्थाहरूले यसको महत्व नबुझी वा बुझेपनि वास्ता नगरी सहकारी शिक्षा कोषलाई शेयर लाभांशमा जोडेर वितरण गर्ने गरेका छन् । यो परिपाटीले सदस्यहरूमा सहकारी सम्बन्धी ज्ञानको कमी रहेको छ । बढी लाभांश वितरणका लागि सदस्यहरूलाई सहकारी शिक्षा नै प्रदान नगरी खर्च बढाउनका लागि मात्र तालिम खर्च लेख्ने गरेका छन् । यस कोषमा भर्खरै स्थापित कारोवार कमी भएका संस्थाहरूले ५/१० प्रतिशत र अन्यले आफ्नो कोषको अवस्था र तालिम दिनुपर्ने सदस्यको संख्या हेरेर रकम छुट्टयाउनु उपयुक्त हुन्छ ।

### ७. शेयर लाभांश कोष

संस्थाको खुद बचत रकमबाट जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषको रकम छुट्टयाई सकेपछि बाँकी रहेको रकमबाट १८ पतिशत भन्दा बढी नहुने गरी सदस्यहरूलाई शेयर लगानी गरेवात लाभांश दिन खडा गरिएको कोषलाई शेयर लाभांश कोष भनिन्छ । यो कोषबाट सदस्यलाई १८ प्रतिशत लाभांश वितरण गर्न सामान्यतया कम्तीमा ६०-७० प्रतिशत रकम आवश्यक पर्दछ ।

### ८. कर्मचारी बोनस कोष :

कर्मचारीहरूले सहकारीको व्यवसाय वढाउनको लागि गरेको योगदानको आधारमा उनीहरूको तलब भत्ता बाहेक खुद बचतबाट केही प्रतिशत रकम बोनसको रूपमा दिइन्छ । यसरी दिइने थप रकमलाई नै कर्मचारी बोनस भनिन्छ । यस्तो कोषबाट कर्मचारीहरूले सम्पादन गरेको कामको आधारमा बढीमा ३ महिना वरावरको रकम बोनस वापत दिन सकिन्छ । बोनस वितरण गरिसकेपछि बाँकी रहेको रकम जगेडा कोष वा अन्य कोषहरूमा सार्नु उपयुक्त हुन्छ यस कोषका लागि स-सानो कारोवार भएको संस्थाले १०-१५ प्रतिशत र ठूलोठूलो कारोवार भैसकेका संस्थाहरूले ५ प्रतिशत रकम छुट्याउँदा पुग्ने हुन्छ । सञ्चालकहरूले घुमाउरो बाटोबाट संस्थाको खर्च वढाई संस्थाको नाफा कम भएको देखाए भने कर्मचारी बोनस कोषमा रकम कम जान्छ । यसले कर्मचारीको उत्साहमा कमी आई संस्थाको व्यावसाय पनि घट्न सक्छ भने कर्मचारीले सेवा छोड्ने दरमा वृद्धि हुन्छ । संस्थालाई बलियो र जीवन्त बनाई राख्न कर्मचारीको

ठुलो हात हुन्छ भन्ने कुरा संस्थाले बुझिरहनु पर्दछ । कर्मचारीहरूलाई संस्थाको गन्तव्यमा आफ्नो भविश्य छ भन्ने कुरा सुनिश्चित बनाउनु पर्दछ । १० जना भन्दा बढी कर्मचारी भएको सहकारी संस्थाले बोनस ऐन अनुसार कोष छुट्टयाएको अवस्थामा यो कोषको रकमलाई शेयर लाभांश कोषमा थप गर्न पहल गर्नुपर्दछ ।

### ९. सहकारी विकास कोष

सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्तमा सहकारी सहकारी विच सहकार्य भन्ने उल्लेख भए अनुसार आफुले आर्जन गरेको मुनाफाबाट केही रकम छुट्टयाउनु पर्छ । यो कोषबाट सहकारी संघ संस्थाहरू नभएको ठाउँमा संस्थाहरूको स्थापना गर्ने, सदस्यहरूको व्यवसायको प्रवर्द्धन गर्न, जनचेतना अभिवृद्धि गर्न, अन्य सहकारी संघ संस्थाहरूसँग मिलेर सहकारीको वृहत हितकारी कार्य गर्न, सामूहिक अभियान चलाउन, अध्ययन अवलोकन भ्रमण गर्न, छाता संघको संस्थागत विकास गर्न र समग्र सहकारी क्षेत्रको सुदृढीकरणको अभियान चलाउन यो कोषको व्यवस्था गरिएको हो । यो कोषमा न्युनतम ५ प्रतिशत रकम विनियोजन गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको छ ।

### १०. घाटापूर्ति कोष

संस्था सञ्चालनमा सधै नाफा मात्र हुँदैन भोली कावु भन्दा वाहीरको परिस्थीती वा सञ्चालन घाटा भएको अवस्थामा सो घाटापूर्ति गर्ने अभिप्रायले खडा गरिएको कोषलाई घाटापूर्ति कोष भनिने छ । संस्थाको कारोवारबाट सदस्यहरूलाई जोखिम कम पार्ने अभिप्रायले कुल बचतबाट नियमावलीमा व्यवस्था भए अनुसार कम्तीमा ५ प्रतीशत रकम घाटापूर्ति कोषमा छुट्टयाउने व्यवस्था गरिएको हुन्छ । जोखिम व्यवस्थापन कोषमा रहेको रकमको पर्याप्तताका आधारमा यो कोषको रकम शेयर लाभांश कोषमा सार्नका लागि पहल गर्नुपर्ने देखिन्छ ।

### ११. सामुदायिक विकास कोष

सहकारीका अन्तर्राष्ट्रिय सिद्दान्त मध्ये सातौ सिद्दान्त समुदाय प्रतिको चाँसोलाई सम्वोधन गरी समुदायको विकास गर्न खडा गरिएको कोषलाई सामुदायिक विकास कोष भनिन्छ । यस कोषमा समुदायको हित प्रवर्द्धनका कार्यहरू समावेश गरिन्छ । जस्तैः चौतारी, पोखरी, पाटी, पौवा, वृक्षारोपण, श्रोत संरक्षण, बगैंचा, निर्माण, प्रतिक्षालय, विद्यालय व्यवस्थापन, सार्वजनिक शौचालय, स्वास्थ्य सेवा, जेष्ठ नागरिकको हितसँग सम्बन्धित कार्यहरू । यस्ता कार्यहरू सञ्चालनका लागि कम्तीमा ५ प्रतिशत रकम व्यवस्था गर्ने गरी नियमावलीले व्यवस्था गरेको छ । समुदायको माग र संस्थाको क्षमता अनुसार यस कोषमा २५ प्रतिशत भन्दा बढी रकम पनि विनियोजन गर्न सकिने छ ।

### १२. स्थिरीकरण कोष

सहकारी संस्थाहरू सञ्चालन गर्दा हुने सम्भावित जोखिमबाट संस्थाहरूलाई संरक्षण प्रदान गर्नका लागि सहकारी संस्थाहरू मिलि खडा गरिएको कोषलाई स्थिरीकरण कोष भनिन्छ । यो कोषमा ईच्छुक सहकारी संस्था बचत तथा ऋण विषयगत केन्द्रीय सहकारी संघमा सदस्य रहेका सहकारी संस्था, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, नेपाल राष्ट्र बैंक, मन्त्रालय, नेपाल सरकारका अन्य निकाय र अन्तर्राष्ट्रिय सहकारी संघहरूको योगदान रहने व्यवस्था ऐन को दफा १०३ को उपदफा २ ले गरेको छ भने उपदफा ३ ले स्थिरीकरण कोष बचत तथा ऋण केन्द्रीय विषयगत संघमा रहने व्यवस्था गरेको छ । यो कोषको उपयोग देहायको प्रयोजनमा गर्न सक्ने व्यवस्था उपदफा ७ ले गरेको छ ।

क) सहभागी संस्थाको तरलता कायम राख्न र समस्याग्रस्त सहकारीको बचाउका लागि सापटी दिन ।

ख) सहभागी संस्था समस्याग्रस्त भएको अवस्थामा व्यवस्थापन समितिको खर्च व्यहोर्न,

ग) सहभागी संस्था समस्याग्रस्त भई दफा ११४ को खण्ड (घ) बमोजिम त्यस्तो संस्थाको सञ्चालनको जिम्मेवारी महासंघले लिएमा त्यस्तो संस्थाको दायित्व भुक्तानी लगायत पुनः सञ्चालनमा उपयोग गर्न ।

घ) स्थिरीकरण कोष सञ्चालक समितिको खर्च व्यहोर्न र तोकिए बमोजिम अन्य कार्यहरू गर्न ।

### १३. अन्य जोखिम व्यवस्थापन कोष

कुनै यस्तो जमाना थियो सदस्यले ऋण मात्र पाए पुग्थ्यो तर अहिले समय धैरै फरक भएको छ । मानिसहरूका आवश्यकता र इच्छा आकांक्षाहरू बढिरहेका छन् । सदस्यहरूलाई पर्न सक्ने धैरै प्रकारका जोखिमहरूबाट बचाउन र उचित राहात तथा सुविधाहरू प्रदान गर्नुपर्ने हुन्छ । अव ऋण (Credit) मात्र भएको संस्थामा सदस्यहरूको आकर्षण दिनानुदिन घटिरहेको छ । उनीहरूको माग र आवश्यकतालाई सम्वोधन गर्न जोखिमको उचित उव्यवस्थापन हुन सकेन भने संस्थामा कोही पनि सदस्य व्यवसायका लागि आउदैनन् । यदि हामीले धैरैलाई गुणस्तरीय सेवा दिने हो र संस्थाको आकर्षण बढाउने हो भने वित्तीय सेवाका अलवा गैर वित्तीय सेवा (Credit Plus) वा वित्तीय र गैर वित्तीय सेवा दिनुपर्ने हुन्छ । त्यसका लागि संस्थाले आफ्नो संस्थाको विनियममा अन्य जोखिम व्यवस्थापन कोषको व्यवस्था गरी सदस्यहरूको जोखिम व्यवस्थापन र राहातका कार्यहरू गर्नुपर्ने हुन्छ यी सबै कार्यलाई अन्य जोखिम व्यवस्थापन अन्तर्गत राखी निरन्तरता दिनुपर्ने हुन्छ ।

### निष्कर्ष

यसरी सहकारी संस्थाहरूमा रहेको कोषको उचित परिचालन गर्ने गरी देशको गरीवी न्यूनीकरणमा सहकारीको माध्यमबाट योगदान पुऱ्याउन सकेमा हाम्रो प्रयास सफल र सार्थक भएको मानिने छ ।

# गण्डकी प्रदेश स्तरीय सहकारी युवा गोष्ठी

## सातबुँदे घोषणपत्र जारी

नेफ्स्कूनको आयोजनामा जेष्ठ ३१ गते पोखरामा आयोजित गण्डकी प्रदेशस्तरीय सहकारी युवा गोष्ठीले सातबुँदे साझा घोषणापत्र जारी गरको छ ।

घोषणापत्रमा सहकारी नेतृत्वमा युवाको सहभागिता, युवाको आवश्यकता, क्षमता र पहिचानसहितको युवालक्षित कार्यक्रम, प्रविधिमा आधारित सहकारी सेवा सञ्चालन, १६ देखि ३५ वर्षसम्म युवाको उमेरलाई कायम गरिनुपर्ने, वित्तीय औजार, सीपमूलक कार्यक्रम, सामूहिक लगानी र उद्यमशीलतामार्फत स्वरोजगार बनाउने, आविष्कार तथा सिर्जना गरिएका प्रविधिलाई सहकारीमार्फत प्रवर्द्धन गरिने, सम्बन्धित निकायसँगको सहकार्यमा युवासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने लगायत विषयहरू उल्लेख गरिएका थिए ।

प्रमुख अतिथि गण्डकी प्रदेश नीति तथा योजना आयोग उपाध्यक्ष डा गिरधारी शर्माले देश परिवर्तन र समृद्धिमा युवाको साथ र सहयोगको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । उहाँले सहकारीमार्फत युवालक्षित कार्यक्रम अगाडि बढाउने प्रदेश सरकारको नीति तथा कार्यक्रममा स्पष्ट व्यवस्था गरिने जानकारी दिनुभयो ।

गण्डकी प्रदेशको समृद्धिका आधार र सहकारीको भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्दै डा. शर्माले सहकारीमार्फत युवालाई नेतृत्वदायी जिम्मेवारी दिई उत्पादनमुखी, आत्मनिर्भर र समाजवादउन्मुख अर्थतन्त्रको निर्माण गर्न सकिने बताउनुभयो । यसबाट पर्यटन, उर्जा, कृषि, उद्योग, जनशक्ति लगायतको क्षेत्रमा काम गर्न युवाको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

राष्ट्रिय सहकारी महासंघका सञ्चालक एवं प्रदेश सांसद प्रभा कोइरालाले सरकार नै सहकारी क्षेत्रबाट देशको समृद्धि र विकास गर्न सकिन्छ भनी अग्रसर रहेको बताउँदै स्थानीय सरकार र सहकारीको सहकार्यमा युवाको आवश्यकता, महत्व र उपलब्धी मूल्यांकन गर्ने गरी आत्मनिर्भर बनाउन सकियो भने मात्र देशको समृद्धि र अर्थतन्त्रमा परिवर्तन गर्न सकिने उल्लेख गर्नुभयो ।

राष्ट्रिय युवा परिषद्कका कार्यकारी उपाध्यक्ष माधव ढुङ्गेलले सबै जनता सहकारीमा आवद्ध भएमात्र त्यसले राज्यको नीति बदल्न सहयोग गर्ने बताउनुभयो । राज्यबाट ल्याइएका नीति तथा कार्यक्रम प्रभावकारी नभएको अवस्थामा कार्यान्वयनका लागि अब त्यो तागत सहकारीमा मात्र भएको बताउँदै उहाँले देशको भ्रष्ट्राचार नियन्त्रणका लागि सहकारीको माध्यमबाट युवालाई अघि सार्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेफस्कूनका अध्यक्ष डी.बी. बस्नेतले युवाउद्यम, आत्मनिर्भरता, समाजलाई समृद्धि बनाई विकास गर्न सकिन्छ भन्ने सोच विकास हुनुपर्नेमा जोड दिनुभयो । अरूले गरिदिएन भन्ने नकारात्मक सोचका कारण युवा पछाडि परेको बताउँदै उहाँले भने काम गर्ने ईच्छा, जोश र जाँगर भएमात्र युवामा आत्मनिर्भरको लहर आउने उल्लेख गर्नुभयो ।

नेफस्कूनका बरिष्ठ उपाध्यक्ष परितोष पौड्यालले युवालाई विकासको केन्द्रमा राखी सामाजिक रूपान्तरणको मूल प्रवाहमा सहभागिता, अख्तियार र शक्तिको हस्तान्तरण र युवा दक्षताको प्राविधिक उपयोग गर्नुपर्ने बताउनुभयो ।

पोखरा महानगरपालिकाका सहकारी समितिका अध्यक्ष तेजनारायण अधिकारीले युवालाई सहकारी मार्फत अगाडि बढाउने लक्ष्य पोखरा महानगरले राखेको बताउनुभयो ।

गोष्ठीमा डा. गिरधारी शर्माले गण्डकी प्रदेशको समृद्धिको आधार, चन्द्रागिरी साकोस काठमाडौंका प्रमुख कार्यकारी अधिकृत एवं नेफ्स्कून साकोस म्यानेजर्स क्लबका निवर्तमान अध्यक्ष कृष्ण कुमार श्रेष्ठले सहकारीमा युवाको भविष्य, सम्भावना र चुनौती, युवा वैज्ञानिक विराज भण्डारीले युवा वैज्ञानिकको विकास र दृष्टि साथै नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष परितोष पौड्यालले युवाको सशक्तिकरण मार्फत वित्तीय समावेशीकरण विषयमा कार्यपत्र





प्रस्तुत गर्नुभएको थियो भने नेफ्स्कूनका सञ्चालक सदस्य भीमबहादुर गुरूङले नेफ्स्कूनको विषयमा जानकारी गराउनुभएको थियो ।

छुट्टाछुट्टै सेसनमा भएको कार्यक्रमको अध्यक्षता क्रमशः नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष परितोष पौडेल, सञ्चालक चण्डीप्रसाद शर्मा पौडेल, जिल्ला सहकारी संघ लि. कास्कीका अध्यक्ष रविरमण तिवारी र सहकारी व्यवस्थापन समितिका अध्यक्ष तेजनारायण अधिकारीले गर्नुभएको थियो ।

नेफस्कूनका महासचिव चन्द्रप्रसाद ढकालले उद्घोषण गर्नुभएको उद्घाटन कार्यक्रममा नेफ्स्कूनका सञ्चालक सदस्य एवं गोष्ठीका संयोजक दीपक पनेरूले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । गोष्ठीको विभिन्न सत्रको सहजीकरण क्रमशः नेफ्स्कूनका सञ्चालक सदस्य चण्डी प्रसाद शर्मा पौडेल, को-ओपरेटिभ म्यानेजर्स क्लब कास्कीका अध्यक्ष मिलन ढकाल, कास्की बचत संघका कोषाध्यक्ष नारायणप्रसाद आचार्य, संघका अध्यक्ष सुदीप ढकाल लगायतले गर्नुभएको थियो ।

## साझा प्रतिवद्धता-पत्र

१. नेतृत्वमा युवाहरूको प्रतिनिधित्व गर्नको लागि प्रत्येक सहकारी संस्थाहरूले आ-आफ्नो संस्थामा एक युवा उपसमिति गठन गर्नेछौं ।

२. युवा सदस्यहरूको आवश्यकता, क्षमता र सम्भावनाको पहिचान गरी सहकारीद्वारा युवा लक्षित विशिष्टिकृत वस्तु तथा सेवाहरू विकास गरी युवा सहभागीता अभिवृद्धि गर्नुको साथै युवा सदस्यहरूलाई वित्तीय साधनहरू परिचालन गर्नमा सक्रिय बनाउँनेछौं ।

३. युवाहरूलाई सहकारीद्वारा प्रदान गरिने सेवामा आकर्षित गर्नको लागि प्रविधिमा आधारित सेवाहरूलाई प्रवर्द्धन गर्नेछौं ।

४. राष्ट्रिय युवा नीति २०७२ मा उल्लेख भएको युवाको परिभाषालाई संसोधन गरी १६ देखि ३५ वर्षको उमेर कायम गर्न र युवाहरूमा सहकारी सम्बन्धी चेतना अभिवृद्धि गर्न स्कुल तथा कलेजका पाठ्य सामाग्रीमा सहकारीको विषयलाई समावेश गर्न राज्यका सम्बन्धित निकायहरूमा ध्यानाकर्षण गराउने ।

५. युवाहरूहरूलाई स्वरोजगार बनाउन सामूहिक लगानी, उद्यमीलता विकासका सीपमुलक कार्यक्रमका साथै वित्तीय व्यवस्थापन औजारहरू प्रदान गर्नेछौ ।

६. युवाहरूद्वारा आविष्कार तथा सिर्जना गरिएका नविनतम प्रविधिहरू सहकारी मार्फत प्रवर्द्धन गर्ने ।

७. सहकारी मार्फत युवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नको लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय तथा सहकार्य गर्ने ।

नेफ्स्कूनद्वारा आयोजित गण्डकी प्रदेश स्तरीय सहकारी युवा गोष्ठी २०७६ का सम्पूर्ण सहभागीहरू माथि उल्लेखित बुँदाहरू मनन गर्दै यो प्रतिवद्धता पत्र जारी गर्दछौं ।

पोखरा महानगरपालिका, कास्की बचत तथा ऋण सहकारी लि. र कोओपरेटिभ म्यानेजर्स क्लब कास्कीको सहकार्यमा भएको एकदिने गोष्ठीमा गण्डकी प्रदेशका सहकारी संघसंस्थाका २१० जनाको सहभागिता रहेको थियो ।

# रुपन्देही स्थित कोलिय देवदह साकोसको बृहत वृक्षारोपण कार्यक्रम










# खरिदमा शुद्धता र लेखा समितिको भूमिका



**विपिन शर्मा**

सदस्य, लेखा सुपरिवेक्षण समिति
नेफस्कून

लेखा सुपरिवेक्षण समितिले अनुगमनका क्रममा प्रत्येक कारोवारलाई शंकाका दृष्टिले हेर्ने र त्यसको शुद्धतालाई परीक्षण गर्नु पर्ने हुन्छ । यसरी हेर्दा कुनै पनि खरिद कारोवार संस्थाको हितमा छ कि छैन भन्ने जाँच गर्न जरुरी छ ।

कुनैपनि सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिले संस्थाको साधन र स्रोत खर्च हुने विषयलाई ध्यानपूर्वक निरीक्षण र अनुगमन गर्न जरूरी हुन्छ । त्यसमा पनि जहाँ नगद खर्च हुन्छ त्यस्तो विषयलाई त झ्न प्राथमिकताका साथ अनुगमन गर्नु पर्छ । तसर्थ सहकारी संस्थामा लेखा सुपरिवेक्षण समितिको चासोको विषय मध्ये संस्थाले गर्ने खरिद पनि एक हो । लेखा सुपरिवेक्षण समितिले अनुगमनका क्रममा प्रत्येक कारोवारलाई शंकाका दृष्टिले हेर्ने र त्यसको शुद्धतालाई परीक्षण गर्नु पर्ने हुन्छ । यसरी हेर्दा कुनै पनि खरिद कारोवार संस्थाको हितमा छ कि छैन भन्ने जाँच गर्न जरूरी छ । यसका लागि नीतिगत रूपमा प्रत्येक खरिदको कारोवार ठीक छ कि छैन र संस्थाको हितका लागि विद्यमान नीति ठीक छ की छैन दुवै दृष्टिकोणबाट परीक्षण गर्न जरूरी हुन्छ । सामान्यतयाः स्वस्थ खरिद प्रक्रिया भन्दा प्रतिस्पर्धी मूल्यमा वस्तु खरिद गर्ने भन्ने आम बुझाई रहेको हुन्छ । प्रतिस्पर्धी मूल्य अर्थात भए मध्येको सबै भन्दा सस्तो मूल्य भन्ने बुझाई हुन्छ । तर त्यसो भन्दा पनि संस्थाको आवश्यकता अनुरूपको तोकिएको गुणस्तरको वस्तु उपयुक्त मूल्यमा संस्थाको नीति भित्र रहि खरिद गर्नुलाई नै खरिदमा शुद्धता रहेको मान्न सकिन्छ ।

बचत तथा ऋण सहकारी संस्थामा मुख्य रूपमा तीन किसिमका खरिदहरू हुने गर्छन् । पहिलो स्थिर सम्पत्ति तथा टिकाउ हुने जिन्सी सामानहरू, दोस्रो खर्च भएर जाने मालसामानहरू र तेस्रो प्रशासनिक कार्यका लागि आवश्यक वस्तु तथा सेवा । यस बाहेक संस्थाले यदि कुनै व्यवसाय गरेको छ भने त्यस व्यवसायसँग प्रत्यक्ष सम्बन्धित वस्तुहरू पनि खरिदको दायरा भित्र पर्छन् । अक्सर गरेर बचत तथा ऋण सहकारीले आफैँले व्यवसाय नगर्ने भएकोले यस किसिमको खरिद हुने गर्दैन ।

खरिदका लागि आर्थिक प्रशासन विनियमावली वा खरिदसम्बन्धी नीति संस्थाले बनाएको हुन्छ । त्यस्तो नीति बिना खरिद प्रक्रियामा शुद्धता कायम राख्न सम्भव छैन । खरिदसम्बन्धी नीतिमा कति सीमासम्मको खरिदका लागि कुन प्रक्रिया अवलम्बन गर्ने भन्ने कुरा उल्लिखित हुन्छ । असाध्यै कम मूल्यको, दैनिक कार्यका लागि आवश्यक परिरहने, कम परिमाणमा खरिद गर्नुपर्ने र वार्षिक माग आँकलन गर्न विभिन्न कारणले अप्ठेरो पर्ने किसिमका वस्तुको खरिदका लागि कम झन्झटिलो प्रक्रिया

अवलम्बन गर्न सकिने व्यवस्था नीतिमा गर्नुपर्ने हुन्छ । त्यस्ता सामाग्रीहरू अधिकारप्राप्त अधिकारीले सिधै बजारबाट खरिद गर्न सक्ने व्यवस्था गरिनुपर्दछ जसले गर्दा संस्थाको दैनिक कार्यमा त्यस्ता सामाग्रीहरूको अभाव हुन नपाओस् । तुलनात्मक रूपमा त्यो भन्दा ठूलो परिमाणको वा मूल्यको सामान सामान्य प्रतिस्पर्धाबाट खरिद गरिने गर्दछ । यसका लागि सम्बन्धित वस्तु वा सेवाको कारोवार गर्ने केही फर्महरूबाट कोटेशन लिने र त्यसको तुलना गरी अधिकारप्राप्त अधिकारीले सामान खरिद गर्न सक्ने व्यवस्था गरिएको हुन्छ । उच्च मूल्यका वस्तु तथा सेवाहरू खरिद गर्दा अलि जटिल खरिद प्रक्रिया अवलम्बन गरिन्छ । यसका लागि खुला रूपमा प्रतिस्पर्धाका लागि बोलपत्र आह्वान गर्ने र सम्बन्धित व्यवसायीबाट प्रस्ताव वा दररेट प्राप्त गरी सोको तुलनात्मक मूल्यांकनबाट खरिद प्रक्रिया अगाडि बढाइन्छ । ससाना खरिदहरूलाई जटिल प्रक्रिया अवलम्बन गर्दा प्रतिस्पर्धात्मक लाभ भन्दा खरिद प्रक्रियाको लागत बढी पर्न गई खरिद गरिने वस्तु तथा सेवा महँगो पर्ने वा संस्थाको प्रशासनिक खर्च बढ्ने हुनसक्छ । तसर्थ कुन कुरालाई कुन पद्दतिबाट खरिद गर्ने भन्ने कुरा व्यवस्थापनले हेक्का राख्नु पर्दछ र सञ्चालक समितिले पनि सो अनुरूपकै नीतिगत व्यवस्था गर्नुपर्दछ ।

यहाँ खरिद प्रक्रियाका शुद्धताका पक्षहरू मध्ये केही पक्षहरू र तीनलाई नियन्त्रण गर्ने उपायहरूका बारे चर्चा गरिन्छ ।

### प्रतिस्पर्धात्मक व्यवस्था

हामी हाम्रो व्यक्तिगत प्रयोजनका लागि जुनसुकै सामान खरिद गर्दा पनि महँगो नपरोस् भनेर सचेत रहने गर्छौं । त्यसका लागि हामीले आफूलाई आवश्यक पर्ने सामानहरूको बजार भाउ नियमित रूपमा अनुगमन गरिरहेका र त्यसको लेखाजोखा गरिरहेका हुन्छौं । संस्थाका लागि आवश्यक पर्ने सामान खरिदमा पनि अधिकारप्राप्त व्यक्तिले यो काम गर्नु उसको कर्तव्य हो । कुनै एकठाउँबाट किन्ने र अन्यत्र त्यसको



कति पर्छ भन्ने सामान्य जानकारी समेत नराखि असामान्य मूल्यमा खरिद गरिरहेको छ भने त्यसलाई खरिदकर्ताको कमजोरी मात्र मान्न सकिँदैन । त्यसबेला खरिदकर्ता माथि नैतिक प्रश्न खडा हुन जान्छ । यसलाई नीतिबाटै निर्देशित गर्न आवश्यक सामानहरूको मूल्यसूची वार्षिक रूपमा अद्यावधिक गर्ने व्यवस्था गराउन सकिन्छ ।

त्यसैगरी संस्थालाई आवश्यक पर्ने सामाग्रीहरूको खरिद प्रक्रियामा बढीभन्दा बढी व्यवसाय संलग्न हुन पाउने भन्ने कुरामा खरिदको अधिकारप्राप्त व्यक्ति सचेत हुन जरूरी छ । यसका लागि पर्याप्त सूचनाहरू उपलब्ध गराउनुपर्ने हुन्छ । पत्रपत्रिकामा वा अन्य सञ्चारमाध्यमबाट गरिने विज्ञापन खर्चिलो हुने र त्यसले प्रशासनिक खर्च बढाउने भएकाले सबै किसिमका खरिदमा यी माध्यम प्रयोग गर्न सम्भव हुँदैन । तर संस्थाले आफ्नो सूचना प्रणाली, सामाजिक संजाल, वेबसाइट र मौखिक रूपमा नै सम्बन्धित व्यवसालाई खरिद प्रक्रियामा सहभागी हुन सक्ने जानकारी दिएर सहभागिता बढाउन सक्छ ।

उच्च मूल्यको खरिदका लागि त बोलपत्र विधि नै अवलम्बन गर्नुपर्ने हुन्छ । यसका लागि सार्वजनिक सूचना जारी गरी सबैलाई अवसर खुला गर्नुपर्दछ । सबै संस्थाको राष्ट्रिय स्तरको पत्रपत्रिकामा सूचना प्रकाशित गर्न सक्ने हैसियत हुँदैन । त्यसो भएता पनि स्थानीय संचार माध्यमबाट प्रभावकारी सूचना जारी गर्ने र सम्बन्धित व्यवसायीलाई प्रत्यक्ष जानकारी गराएर भए पनि प्रतिस्पर्धालाई तिव्र बनाई संस्थाले खरिदबाट लाभ लिन सक्छ ।

माथि उल्लिखित कुनै पनि किसिमको खरिद प्रक्रियागत रूपमा सही छ भने पनि प्रतिस्पर्धात्मक दृष्टिले अधिकारप्राप्त व्यक्तिले पर्याप्त प्रयास गरेको छ कि छैन भन्ने विषयमा समेत लेखा सुपरिवेक्षण समितिले अनुगमन गर्नु पर्दछ । कहिलेकाहीँ प्रक्रियागत त्रुटी नभएको अवस्थामा पनि खरिदमा शुद्धता नहुन सक्छ । तसर्थ बजार मूल्य भन्दा अस्वभाविक रूपमा महँगो मूल्यमा वस्तु तथा सेवा खरिद भएको छ कि भन्ने कुरामा सचेत हुन जरूरी छ । यदि त्यस्तो छ भने खरिद प्रक्रियामा रहेका कमजोरीहरूलाई सुधार गर्न लेखा समितिले सुझाव दिनु पर्दछ ।

### प्रति खरिद आदेशको परिमाण

कतिपय वस्तुहरू ठूलो परिमाणमा खरिद गर्दा कम इकाई मूल्य र कम परिमाणमा खरिद गर्दा बढी इकाई मूल्य पर्ने किसिमका हुन्छन् । त्यस्तो अवस्थामा अनिवार्य रूपमा संस्थाको वार्षिक माग आँकलन गर्ने र सो अनुसार कहिले कहिले कति कति परिमाणमा खरिद गर्ने भन्ने कुरा तय गर्नुपर्दछ । यसो नगरिँदा अन्जानमा वा नियतवश नै कम

मूल्यमा खरिद गर्न सक्ने सामानका लागि बढी मूल्य तिरिरहेको हुनसक्छ । लेखा सुपरिवेक्षण समितिले आन्तरिक सुपरिवेक्षणका क्रममा यस पक्षमा अनुगमन गर्ने र कुनै त्रुटी देखिएमा सुझाव दिनुपर्ने हुन्छ ।

### निर्विकल्प खरिद

कहिलकाहीँ संस्थाले यस्तो किसिमको वस्तु वा सेवा खरिद गर्नुपर्ने हुन्छ, जसका लागि एउटै आपूर्तिकर्ता वा सेवा प्रदायक बाहेक अन्य उपयुक्त विकल्प नै हुँदैन । जस्तैः निश्चित ब्राण्ड वा गुणस्तरको सामान, निश्चित स्थान र क्षमता स्तरको कार्यक्रम स्थल आदि । सञ्चालक समितिले विवेकशील निर्णय गर्नुपर्ने हुन्छ वा व्यवस्थापनलाई सो किसिमको निर्णय लिने अख्तियारी दिनुपर्ने हुन्छ । यस किसिमको खरिदमा शुद्धता कायम नरहने खतरा बढी हुनसक्छ । यस्तो अवस्थामा संस्थाले तिरेको मूल्य यथार्थपरक र न्यायोचित हो कि होइन भन्ने कुरा सुनिश्चित गर्न विभिन्न पद्दतिहरू अवलम्बन गर्न सकिन्छ । त्यसको आधार भनेको यस अघि गरिएको त्यस्तै किसिमको खरिदको मूल्य, अन्यत्र स्थानमा अन्य संस्थाले उक्त वस्तु तथा सेवाका लागि तिरिरहेको मूल्य आदिलाई आधार मानेर खरिदको शुद्धताको जाँच गर्न सकिन्छ । लेखा सुपरिवेक्षण समितिले आन्तरिक सुपरिवेक्षणका क्रममा यस किसिमको खरिदमा अस्वभाविक मूल्य तिरेको भेट्टाएमा नैतिक प्रश्न उठाई सुझाव सहितको प्रतिवेदन दिनुपर्ने हुन्छ ।

### स्वार्थ बाझिने खरिद

खरिद प्रक्रियामा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापन वा संस्थाको प्रशासनिक कार्यसँग सम्बन्धित अन्य कुनै व्यक्तिको स्वार्थ बाझिन्छ भने त्यो खरिद शुद्ध हुन सक्दैन । तसर्थ संस्थाले खरिद गर्ने कुनै वस्तु तथा सेवाको व्यवसायमा ती व्यक्तिहरू संलग्न छन् भने संस्थाको खरिद प्रक्रियामा उनीहरू संलग्न व्यवसायले सहभागी नहुनु नै उचित हुन्छ । यसले नैतिक र कानूनी दुवै प्रश्न उठाउँछ । यस किसिमको संलग्नताले संस्थागत सुशासनलाई कमजोर बनाउने मात्र नभइ नैतिक विचलनको अवस्था समेत सिर्जना गर्दछ । तसर्थ लेखा सुपरिवेक्षण समितिले यस किसिमको त्रुटी भेटेमा सुधारका लागि निर्देशन दिन जरूरी छ ।

अन्त्यमा, खरिदमा शुद्धता सहकारी संस्थाको आन्तरिक सुशासन र अधिकारप्राप्त व्यक्तिको नैतिक मूल्यको मानक समेत हो । यो लेखा सुपरिवेक्षण समितिले आन्तरिक सुपरिवेक्षणको क्रममा सहजै मूल्यांकन गर्न सक्ने विषय पनि हो । यस विषयमा वैधानिकता वा प्रक्रियागत त्रुटि औँल्याउन सक्ने अवस्था छैन भने पनि कुनै खरिदको अस्वभाविक लागत देखिएमा वा खरिदमा शुद्धता सम्बन्धमा सुनिश्चित हुने अवस्था नदेखिएमा नैतिक प्रश्न उठाउनु र आवश्यक सुझाव दिनु पनि लेखा सुपरिवेक्षण समितिको कर्तव्य हो । साथै यो संस्थाको सुशासनको लागि एउटा महत्वपूर्ण पक्ष पनि हो ।

# मिलिजुली साकोसको भावी नेतृत्वको लागि क्षमता अभिवृद्धि तालिम



चरिकोटस्थित मिलिजुली बचत तथा ऋण सहकारी संस्थाले भविष्यका सम्भावित सञ्चालकहरूका लागि श्रावण १९ गते क्षमता अभिवृद्धि तालिम आयोजना गरेको थियो । अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) को अवधारणा अनुसार मुलुकमै पहिलो पटक भविष्यका सञ्चालकहरूलाई लक्षितगरी (CUFPDCC) तालिमको व्यवस्था गरिएअनुरूप जिल्लामा तेस्रो पटक यो तालिम सञ्चालन गरिएको हो । तालिमको उद्घाटन जिल्ला बचत संघ दोलखाका अध्यक्ष जिवसराज खड्काले गर्नुभएको थियो । उद्घाटन सत्रमा मन्तव्य राख्दै अध्यक्ष खड्काले यस प्रकारको कार्यक्रम निकै उपयोगी र नमुनायोग्य भएको धारणा राख्नुभयो । यस्ता तालिमले सहकारी संस्था सञ्चालनमा सहयोग पुग्ने भन्दै उहाँले अन्य संस्थाहरूले पनि अवलम्बन गर्दै जानुपर्ने बताउनुभयो ।

तालिमको समापन प्रमुख अतिथि दोलखा जिल्ला सहकारी संघ लि.का अध्यक्ष हेमन्त चौलागाईले गर्नुभएको थियो । संस्थाका अध्यक्ष नारायण बहादुर श्रेष्ठको अध्यक्षतामा सम्पन्न तालिमको सहजीकरण नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले गर्नुभएको थियो ।

# जोखिम साकोस सुपरिवेक्षण सम्बन्धी अनुशिक्षण कार्यक्रम

नेफ्स्कूनको आयोजनामा काठमाडौंमा सञ्चालित साकोसहरूबिच जोखिममा आधारित साकोस सुपरिवेक्षण सम्बन्धी अनुशिक्षण कार्यक्रम जेष्ठ २४ गते शनिबार पुरानो बानेश्वर काठमाडौंमा सम्पन्न भयो ।

नेफ्स्कूनका अध्यक्ष डी. बी. बस्नेतको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोपिनाथ मैनाली, नेफस्कूनका महासचिव चन्द्रप्रसाद ढकाल, सञ्चालक सदस्य दिपक पनेरू, भरत प्रसाद दवाडी, कास्कूनका सचिव सालिकराम पुडासैनी र सञ्चालक सदस्य विरेन्द्र भण्डारीको सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै अध्यक्ष डी. बी. बस्नेतले सहकारी विभाग र नेफस्कून बिचको सहकार्यमा सहकारीहरूको अनुगमन भइरहेको छ, जुन संस्था गुणस्तर सुनिश्चिताका कार्यक्रममा आवद्ध छैनन् तिनीहरूका जोखिम बढी छ, ती संस्थाहरूको अनुगमन गरी साकोसको गुणस्तर सुधार गर्नका लागि यस कार्यक्रम फलदायी सावित भएको बताउनुभयो ।




सचिव गोपिनाथ मैनालीले दीगो विकास लक्ष्य हाँसिल गर्नका लागि सहकारी दीगो हुन जरूरी रहेको बताउँदै दीगो र सुशासित सहकारी अभियानका लागि नेफ्स्कूनले शुरू गरेका कार्यक्रम महत्वपूर्ण रहेको बताउनुभयो ।

नेफस्कूनका महासचिव चन्द्रप्रसाद ढकालले जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रमले संस्थाको स्व:मूल्यांकन गर्ने भएकोले आफू के मा कमजोर छ, त्यसलाई क्रमिक रूपमा सुधार्दै जान र विद्यमान जोखिमलाई न्यूनिकरण गर्न सिकाउने बताउनुभयो ।

---

# महिलाहरुमा सहकारीमार्फत उद्यमशीलता विकासका कार्यक्रम ल्याइने

नेफ्स्कून र जिल्ला बचत संघ धादिङको संयुक्त आयोजना तथा नीलकण्ठ नगरपालिकाको सहयोगमा जेष्ठ १८ गते सहकारीमा महिला उद्यमशीलता विषयक एक दिवसीय कार्याशाला गोष्ठी सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि नीलकण्ठ नगरपालिकाका मेयर भिम प्रसाद ढुंगानाले सहकारी क्षेत्र प्रति नगरपालिका सदैब सकारात्मक भएको र महिलाहरूलाई उद्यमशील बनाउने कार्यक्रममा सहकार्य गर्न नगरपालिका तयार रहेको स्पष्ट पार्नुभयो । साथै महिला तथा पुरूष दुवैलाई उद्यमशील बनाउन नगरपालिकाले मेयर उद्यमशील कार्यक्रम सञ्चालनमा ल्याएको जानकारी गराउनु भयो ।



नेफ्स्कूनका उपाध्यक्ष पार्वति खाँड राईको अध्यक्षतामा आयोजित कार्यक्रलाई नेफ्स्कूनका केन्द्रीय सञ्चालक सदस्य गोमा नेपालले सहजीकरण गर्नु भएको थियो । उक्त कार्यक्रममा फिल्ड कार्यालय व्यवस्थापन उपसमितिका सदस्यहरू, धादिङ जिल्ला बचत संघका पदाधिकारीहरू साथै धादिङका ३५ भन्दा बढी साकोसहरूका अध्यक्ष, सचिव तथा कर्मचारी सहित ६६ जनाको सहभागिता रहेको थियो ।

# नेफ्स्कूनको वृद्धि र विकासमा मेरो १२ वर्ष

**शिवजी सापकोटा**

प्रमुख कार्यकारी अधिकृत
नेफ्स्कून



नेपालमा सहकारीहरूको गठन, सञ्चालन र व्यवस्थापनको विषयमा सामान्य जानकार रहेको अवस्था, २०५१ सालमा गाउँमा बचत तथा ऋण सहकारीको गठन र २०५५ सालबाट स्वयमसेवीको रूपमा प्रत्यक्ष संलग्न हुँदै स्थानीय स्तरको सहकारी सञ्चालनमा सहजिकरण गर्दै आइरहेको पनि २१ वर्ष पुरा भएकोछ ।

केन्द्रीय सहकारी संघमा आवद्धता पाइसकेको सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. पनौतीमा स्वयमसेवी, नेतृत्ववर्गको एक सदस्यको रूपमा कार्य गर्दा समुदायका व्यक्तिहरूमा वित्तीय पहुँच अभिवृद्धि मार्फत गरिबी न्यूनिकरण र वित्तीय स्वतन्त्रता हुने विषयमा आफू निश्चित भई यो अभियान स्थानीयस्तर देखि राष्ट्रिय स्तर सम्म पुग्ने र सहकारीकर्मीहरूले राष्ट्र निर्माणमा उल्लेख्य उपलब्धी हासिल गर्ने विषय प्रायः निश्चित देख्न सकें । सहकारीको विषय केही अध्ययन, केही तालिम तथा शिक्षाहरू, केही सहकारी ऐन नियमावलीको व्यवस्था र विनियम मार्फत जानकारी प्राप्त गरी व्यवस्थापनका विषयमहरूमा केन्द्रित हुन थालियो । सहकारी संस्थाको पञ्चवर्षीय योजना निर्माण र २०५५ देखि २०५७ साल सम्ममा संस्थामा आवश्यक आधारभूत १२ वटा नीतिहरू तयार गर्न सफल भइयो, यसबाट के स्पष्ट हुन्छ भने स्थानीय स्तरका अग्रजहरूको एकता र दृढता मार्फत जस्तोसुकै प्राविधिक विषयहरू पनि अभ्यास र अवलम्बन गर्न त्यति कठिन नहुने रहेछ, एकका लागि सबै र सबैका लागि एक भन्ने मूख्य गन्तव्य भएको कारण ।

यता केन्द्रीय संघ (नेफ्स्कून) मार्फत लागू गरिएको एशियाका बचत तथा ऋण सहकारीहरूमा संस्थागत विकास (इण्डेकूआ) र व्यावसायिकीकरण कार्यक्रम सञ्चालनमा रहेको रहेछ । विशेष गरी वित्तीय सहकारीहरूमा ५ नीतिहरू अनिवार्य र कर्मचारीहरू मार्फत कार्यालय सञ्चालन भन्ने मूल विषय रहेको उक्त रणनीतिगत कार्यक्रमहरूले समग्र देशको र म आफू आवद्ध सहकारीलाई पनि एक विश्वव्यापी परि दृश्य नियाल्न सक्ने देखियो ।

यसरी विभिन्न पेशागत आवद्धताका बावजुद २०६४ सालमा सूचना प्रविधि सहायकको तीन महिने करार सेवाको कर्मचारीको रूपमा केन्द्रीय संघमा सेवा प्रवेश पाउनु मेरो लागि सहकारी क्षेत्र भित्रको व्यवस्थापन र सञ्चालन प्रक्रियालाई अझ व्यवस्थित, सक्षम र सबल बनाउन योगदान दिन सक्ने लाग्यो र अनवरत रूपमा सेवामा तल्लीन रहें ।

शुरूमा सहकारीहरूको लेखा व्यवस्थापनलाई प्राविधिकीकरण गर्ने जिम्मेवारीमा रहेर आफ्नो कार्यसम्पादन गरियो । नेपालका सहकारीहरूले लेखा व्यवस्थापन गर्ने विषयमा विविधता रहेकोले क्यानेडियन सरकारले प्रविधि मार्फत लेखा अभिलेखलाई एकरूपता कायम गर्न लागू गरिएको परियोजनामा आफु संलग्न हुन पाएँ । म आफू प्रवेश गरेको समयमा नेफ्स्कून, बचत तथा ऋण सहकारीहरूको विषयगत केन्द्रीय संघ भएका कारण आफ्ना यीनै सदस्यहरूको प्रवर्द्धन, संस्थागत विकास, स्तरीकरण र प्रविधि उपयोग/हस्तान्तरणको माध्यमबाट अनुशासित र मर्यादित सहकारीको संस्कृति सिकाउनमा तल्लिन रहेको पाइयो । शुरूका दिनहरूदेखि एशियाली ऋण महासंघको प्रत्यक्ष मार्ग निर्देशनमा प्रवर्द्धन तह : संघ संस्थाको विनियम, नीतिहरू निर्माण र सदस्यता अभिवृद्धिको क्षेत्र, संस्थागत विकास तह : आवश्यक अनिवार्य नीतिहरू, पर्ल्स अनुगमन प्रणाली मार्फत बचत तथा ऋण सहकारीको वित्तीय एवं आत्मनिर्भरता/दीगोपना परीक्षण, सुशासन मार्फत भूमिका र जिम्मेवारी विषयमा छलफल र बहस, सहकारी एवं लेखा व्यवस्थापन मार्फत दैनिक सञ्चालनमा चुस्त एवं दुरूस्तता कायम, स्तरीकरण तहः गुणस्तर सुनिश्चिततताका लागि एक्सेस कार्यक्रमको

भर्खर अभिमुखीकरण चलिरहेको अवस्था थियो ।

संघ आत्मनिर्भर नरहेको, परियोजनाको भरमा सञ्चालित, करिब १३ जना कर्मचारी, चितवन र सुनसरीमा गरी जम्मा दुई वटा फिल्ड कार्यालयहरू ४२६ सदस्य संघसंस्थाहरूको आवद्धता, एक्सेस कार्यक्रमको अभिमुखीकरण पश्चात बल्ल बल्ल ७ वटा संस्था सहभागी थिए । पछि क्यानेडियन सहकारी संघ र एग्रिटेरा नेदरल्याण्डस्, एशियाली ऋण महासंघ, नेपाल सरकार सहकारी विभागका कार्यक्रमहरू मार्फत सदस्य संस्थाहरूको व्यवसायिक सञ्चालन, चुस्त व्यवस्थापन, वित्तीय अनुगमन प्रणालीको प्रभावकारी कार्यान्वयन, रणनीतिक योजना मार्फत संस्था सञ्चालनका विषयहरूको शिक्षाले अभियानलाई एक फरक सिकाई, पद्धती र अनुशासन सिकाइरहेकोले आफूलाई यो क्षेत्रबाट अन्यत्र लैजाने मनशाय नउब्जेकोले यहीँ आफ्ना अवसरहरूको खोजी गर्न थालियो ।

अत्यन्त सहयोगी सहकर्मीहरू र संरक्षक स्वयमसेवीहरूको प्रेरणाले गर्दा आज यहाँको सेवा प्रवेशको अवधि १३ औं वर्षमा लागेकोछ । आफ्नो कार्यथलोमा नयाँ विषय, नयाँ विचार र नेतृत्वले लिएको परिकल्पना एवं देखेका सपनालाई सार्थक बनाउने अनेकौं प्रयास र प्रयत्नले आफूलाई अत्यन्त उर्जावान र कर्मशील बन्न सिकाएकोछ । सूचना प्रविधिबाट, कार्यक्रम अधिकृत त्यसपछि परियोजना संयोजक अनि विभागीय प्रमुख र हाल प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सम्म आइपुगेकोछ ।

मिति २०७२ सालमा प्रमुख कार्यकारी अधिकृतको पदभार सम्हालेपछि संघले शुरुवात गरेको गुणस्तर सुनिश्चितता कार्यक्रमको व्यापकता, हाल ६०० संस्थाहरू नियमित सुपरिवेक्षणमा रहनु, संघको आफ्नो अचल सम्पत्तिको रूपमा काठमाडौं र काभ्रेमा गरी २१ रोपनी घरजग्गा खरिद, साकोस एकरूपता प्रणालीको रूपरेखा निर्माण गरी दोलखा जिल्लाका सबै साकोसहरूलाई संघको नीति, विधि र प्रविधिमा ल्याउन नमूना कार्यान्वयन, हाल सम्म १५३ जना जनशक्ति मार्फत कार्यालय एवं कार्यक्रमहरू व्यवस्थापन, तालिम तथा शिक्षाको विकेन्द्रीकृत अवधारणा गरी वार्षिक ५४२ वटा कार्यक्रम सञ्चालन, क्षेत्रीय कार्यालयहरू सहित नेपालका मुख्य सहरहरूमा आफ्ना २५ वटा फिल्ड कार्यालयहरू, तथ्यांक केन्द्र निर्माणका लागि भौतिक पूर्वाधार निर्माण र आत्मनिर्भर वित्तीय संरचना बन्नुले यी बीचमा समग्र उपलब्धीमा आफूपनि एक हिस्सा रहेको गर्वका साथ दावी गर्ने स्थान बनेकोछ ।

नेफ्स्कूनको तर्फबाट अन्तर्राष्ट्रिय जगतमा नेपालको बचत तथा ऋण सहकारी अभियानको अवस्था वा नेपालले अवलम्बन गरेका समाधानहरूको विषय प्रस्तुतिकरण वा समालोचक वा टिप्पणीकर्ताको रूपमा प्रतिनिधित्व गर्नु, करिब १५ वर्षपछि नेपालमा एशियाली बचत सहकारी सम्मेलन आयोजना गर्नु र विश्व ऋण परिषदको प्रत्यक्ष सदस्यता प्राप्त गरी विश्व सञ्जालमा नेपालको सहकारी अभियानलाई चिनाउने भूमिका खेल्न सक्नु सहकारी अभियन्ताहरू, अग्रजहरू एवं सहकर्मी साथीहरूको प्रेरणाको नतिजा मान्न सकिन्छ ।

यीनै उपलब्धीहरूलाई शुन्यमा परिणत गर्दै आगामी दिनहरूलाई धनात्मक पाइलाको रूपमा लिँदै अव नेपालमा बचत सहकारीले आफ्नो फरक पहिचान बनाइसकेको छ, केन्द्रीय संघले सदस्यहरूको अनुगमन गर्न सक्ने अधिकार पाइसकेकोछ, स्थिरीकरणकोष सञ्चालन गर्ने, सहकारी ऐनले व्यवस्था गरेका विभिन्न कोष तथा समितिहरूको आफ्नो उपस्थिति सुनिश्चित गरिसकेको छ । यसलाई अवसरको रूपमा लिई समग्र बचत सहकारी अभियानलाई व्यवस्थित गर्न उच्च प्रविधिको आन्तरिकीकरण, तालिम तथा शिक्षामा अग्रगामी मार्ग तय गर्ने छुटै बचत तथा ऋण सहकारी ऐन जारी गर्न व्यापक पैरवी गरी आगामी दिनहरूमा वित्तीय कारोवार गर्ने सहकारीहरूको केन्द्रीय सञ्जालको रूपमा स्थापित गर्न संघको व्यवस्थापन र नेतृत्व दत्तचित्त भई लाग्ने विश्वासका साथ म मा भएका ज्ञान, सिप र क्षमतालाई यस क्षेत्रमा खर्च गर्न अवसर प्रदान गरेकोमा साकोस अभियान र यस केन्द्रीय संघलाई विशेष धन्यवाद दिन चाहन्छु ।

# बुडोल सामुदायिकको एसईई सम्मान

बनेपास्थित बुडोल सामुदायिक साकोसले २०७५ सालको एसईई परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने कोपिला बाल बचतकर्ताहरूलाई यही श्रावण १८ गते सम्मान गरेको छ । संस्थाको शिक्षा उपसमितिले होटल उग्रचण्डीमा गरेको कार्यक्रममा ४६ जना कोपिला बाल बचतकर्ताहरू सम्मानित भएका हुन् । सम्मानितहरूलाई संस्थाका अध्यक्ष रामहरी केसीले संस्थाको लोगो अंकित झोला र मायाको चिनो प्रदान गर्नुभएको थियो ।



# दैवीप्रकोप उद्धार कोषमा सहकारी अभियानको रु. १० लाख सहयोग

सहकारीका विभिन्न केन्द्रीय निकायबाट संकलित १० लाखभन्दा बढी रकम प्रधानमन्त्री दैवी प्रकोर उद्धार कोषमा सहयोग प्रदान गरिएको छ । राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून), राष्ट्रिय सहकारी बैंक लगायतका निकायबाट संकलित १० लाख १ हजार १ सय १ रूपैयाँ बिहिबार प्रधानमन्त्री दैवी प्रकोर उद्धार कोषका लागि प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाइएको हो । प्रतिनिधिमण्डलमा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशब बडाल, बरिष्ठ उपाध्यक्ष मिनराज कँडेल, उपाध्यक्ष ओमदेवी मल्ल, नेफ्स्कूनका अध्यक्ष डी. बी. बस्नेत, महासचिव चन्द्र प्रसाद ढकाल, सहकारी बैंकका अध्यक्ष केबी उप्रेतीलगायत सहभागी हुनुहुन्थ्यो ।



कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले सहकारी संस्थाहरूको प्रवर्द्धनमा हरसम्भव सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । सहकारीमार्फत उत्पादन वृद्धि र बजार व्यवस्थापनमा आफूले सहयोग गर्ने बताउँदै उहाँले सहकारीलाई कृषि उत्पादनमात्र नभई उत्पादन क्षमता समेत बढाउन सल्लाह दिनुभयो । उत्पादनले बजार नपाए सरकारले सहयोग गर्ने प्रतिवद्धता प्रधानमन्त्री ओलीले व्यक्त गर्नुभएको थियो ।

# साकोसका लागि योजना तथा बजेट निर्माण तालिम

**इटहरी**

नेफ्स्कून फिल्ड कार्यालय इटहरी, सुनसरीको आयोजनामा दुई दिने वार्षिक योजना तथा बजेट निर्माण तालिम जेष्ठ १३ गते सम्पन्न भएको छ । किसान कल्याण साकोसको सभाहल इटहरी, सुनसरीमा सञ्चालन भएको तालिममा सुनसरी, मोरङ र झापाका १८ वटा साकोसबाट ३६ जना सञ्चालक, लेखा सुपरिवेक्षण समिति संयोजक तथा सदस्य, व्यवस्थापक, कर्मचारी तथा सहकारीमा आवद्ध व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

जेष्ठ १२ र १३ गते सञ्चालित तालिमको समापन कार्यक्रममा नेफ्स्कूनका कोषाध्यक्ष केशवप्रसाद पोखेल र फिल्ड कार्यालय इटहरी, सुनसरी व्यवस्थापन उपसमिति सदस्य शालिकराम ढकालको विशेष उपस्थिति रहेको थियो ।




तालिमका सहभागीहरूले साकोसहरूको पूर्ण र व्यवसायिक योजना बनाउने विषयमा प्रष्ट भएकोले यो तालिमबाट सिकेका विषयहरू र आफ्ना अनुभव आदान प्रदानको माध्यमबाट सिकाइलाई प्रभाकारी बनाउन सकिने हुँदा निरन्तर सम्पर्क तथा समन्वय गरी कार्यान्वयनमा लाग्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । तालिम उचित समयमा आयोजना भएको हुँदा आगामी आ.व.को योजना बनाउन सहज हुने विचार समेत व्यक्त गर्नु भयो ।

❑ ❑ ❑

# नेफ्स्कून र दुई बीमा कम्पनीबिच सहमति







नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले आफु अन्तर्गतका साकोसहरूलाई लक्षित गरी दुई बीमा कम्पनीसँग सहमति गरेको छ । नेफ्स्कूनले सिटिजन लाइफ इन्स्योरेन्ससँग जीवन र प्रभु इन्स्योरेन्ससँग निर्जीवन बीमा सम्बन्धी सहमति पत्रमा हस्ताक्षर गरेको हो ।

नेफ्स्कून केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा आयोजित कार्यक्रममा संघका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटा र सिटिजन लाइफ इन्सुरेन्सका प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेल बिच संघमा आवद्ध संस्थाका सदस्यहरूको जीवन बीमा सम्बन्धी संयुक्त कार्य गर्ने गरी द्विपक्षीय सहमति भएको हो ।

त्यसैगरी संघ र प्रभु इन्स्योरेन्स कम्पनीबिच निर्जीवन बीमा सेवामार्फत आवद्ध सदस्य संस्थाहरूको धन सम्पत्ति तथा धितो सुरक्षणका लागि सदस्यहरूलाई निर्जीवन बीमा सम्बन्धमा सचेत गराउने उद्देश्यसहित सहमति भएको हो ।

साकोसका सदस्यहरूको जीवन बीमा र साकोसको सम्पत्तिगत सामानहरूको सुरक्षा गर्न भरपर्दो बीमा कम्पनी मार्फत यो सेवा उपलब्ध गराउन रणनीतिक साझेदारीका लागि भएको सहमतिपत्रमा नेफ्स्कूनका तर्फबाट प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटा, सिटिजन लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेल र प्रभु इन्स्योरेन्सका तर्फबाट समकक्षी सन्चित बज्राचार्यले संयुक्त हस्ताक्षर गर्नुभएको हो ।

यस सहमतिबाट ग्रामीण क्षेत्रसम्म सदस्य संस्थाहरूमार्फत बीमाको पहुँच विस्तार गरी सदस्य र संस्थाहरूको जीवन सुरक्षा र दीगो विकासमा सहयोग पुग्ने विश्वास दुवै पक्षले व्यक्त गरेका छन् ।

# गैडाकोट नवलपुरमा सार (SARAW)



नेफ्स्कूनको आयोजना तथा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभागको सहयोगमा जेष्ठ १९ गते गैडाकोट नवलपुरमा साकोस जोखिम विश्लेषण कार्यशाला (SARAW) सम्पन्न भएको छ ।

नेफ्स्कूनका सञ्चालक सदस्य शान्ति अधिकारीको अध्यक्षता, नेफ्स्कूनका सञ्चालक सदस्य द्वय गोमा नेपाल र भरतप्रसाद दवाडी, चितवन फिल्ड व्यवस्थापन उप समिति सदस्यद्वय गोपाल प्रसाद गौतम र कृष्ण प्रसाद नहर्कीको आतिथ्यतामा सम्पन्न कार्यक्रममा नवलपुर र चितवनका २५ वटा साकोसका ४० जना प्रतिनिधिहरू साथै अन्य विभिन्न विशिष्ट व्यक्तिहरूको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रमका अथिति वक्ताहरूले सहकारीलाई जोखिम मुक्त बनाउनु छ भने संघद्वारा प्रवर्द्धित साकोस गुणस्तर सुनिश्चितताका कार्यक्रमका सहभागी बन्न र आफ्नो संस्थालाई शुक्ष्म रूपले चेकजाँच गराउन भन्दै सम्पूर्ण सहभागी साकोस प्रतिनिधिहरूलाई जोखिम मुक्त साकोस निर्माणका लागि पहल गर्न आग्रह गर्नुभएको थियो ।

संघका सञ्चालक सदस्य एवं कार्यक्रमका अध्यक्ष शान्ति अधिकारीले सहकारी संस्थाहरू जोखिमबाट बची संस्थागत सुदृढीकरणमा लाग्नुपर्ने विषयमा प्रष्ट पार्दै जोखिम न्युनीकरणका लागि संघद्वारा सञ्चालित कार्यक्रमहरूमा आवद्ध हुन साकोस सहभागीहरूलाई आह्वान गर्नुभएको थियो भने स्वागत मन्तव्य फिल्ड व्यवस्थापन उपसमिति सदस्य गोपाल प्रसाद गौतमले गर्नुभएको थियो ।

# रणनीतिक तथा व्यवसायिक योजनाको निर्माणः

## सहकारी तथा संघ व्यवस्थापनमा यसको महत्व



**प्रकाश प्रसाद पोखरेल**

नायव प्रमुख कार्यकारी अधिकृत
नेफ्स्कून

लेख

> व्यवसायिक रणनीतिक योजनाको लागि विगतको समीक्षा, वर्तमानको विश्लेषण र भविश्यको पूर्वानुमान नै यसको समाधान हो । अतः विगतको समीक्षा र वर्तमानमा विश्लेषण गर्दा दीगोपना (Sustainability) लाई नै आधार मान्नु पर्ने हुन्छ ।

सहकारी आफैमा सामाजिक उद्यम/व्यवसाय भएकोले सहकारीताको माध्यमबाट कानूनद्वारा प्रद्धत्त जुनै पनि व्यवसाय सम्भव छ । सहकारीलाई सामाजिक व्यवसायको रूपमा लिन सकिन्छ, किनकी यसले समाजप्रति पनि उत्तरदायि बन्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले सन् १९९५ सेप्टेम्बरको महासभाबाट पारित परिभाषाले पनि सहकारीलाई व्यवसायिको रूपमा थप पुष्टि गर्दछ । जसमा सहकारी भनेकोः **सहकारी त्यस्ता व्यक्तिहरूको स्वायत्त संगठन हो, जो स्वेच्छिक रुपमा एकजुट भई आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकताहरू र आकांक्षाहरूको परिपूर्तिको लागि संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रूपमा नियन्त्रित उद्यम/व्यवसाय हो ।**

नेपालको सहकारी अभियानमा केही सकरात्मक पक्ष र सुधारात्मक पक्षहरू पनि छन् । सहकारीको संञ्जाल अन्तर्राष्ट्रिय रूपमा रहनु, सहकारीलाई नेपालको संविधानमा नै सम्बोधन गरिनु, अर्थतन्त्रको तीन खम्बाहरू मध्ये सहकारीलाई एक महत्वपूर्ण




र सशक्त खम्बाको रूपमा अंगिकार गर्नु, सहकारीले आर्थिक सामाजिक, शैक्षिक एवं सास्कृतिक पक्षमा सकारात्मक प्रभाव पार्नु, सहकारी अभियान मार्फत लैङ्गिक तथा समावेशिकरणको मुलप्रवाहिकरणमा शुरूवात हुनु (सहकारीमा महिलाहरूको ५० प्रतिशत भन्दा बढी सहभागिता तथा निर्णय तहमा पनि कानूनत नै ३३ प्रतिशतको सुनिश्चितता रहनु यसको उदारहण हो), सहकारीताप्रति आम जनसमुदायको आकर्षण बढ्नु जस्ता

सकारात्मक पक्ष हुन् भने सहकारीमा सुशसनको प्रश्न खडा हुनु, सहकारीले गरेको आर्थिक योगदानको कदर नहुनु, सहकारीलाई अनौपचारिक वित्तीय क्षेत्रमा नै सीमित गरिनु नकि वित्तीय संस्थाको रूपमा पहिचान हुन नसक्नु, महिलाहरूको सहभागिता भएता पनि निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताको प्रश्न उठ्नु, सहकारीहरू बचत संकलन तथा ऋण लगानीमा नै सीमित रहनु नकी उत्पादन मूलक क्षेत्रमा कम अग्रसरता, व्यवसायिकतामा कमि, अस्वस्थ प्रतिस्पर्धा, सहकारी मुल्य एवं सिद्धान्त परिपालनमा कमजोरी, सेवामुखी (गुणस्तरीय तथा दीगो सदस्यमुखी सेवा) भन्दा बढी नाफामुखीको सवाल उठ्नु, सहकारी सम्बन्धी नीतिगत अस्पष्टता, प्रभावकारी नियमन तथा अनुगमनको अभाव, सहकारी शिक्षा, तालिम तथा सूचनाको अपर्याप्तता, वातावण, प्रकृति एवं समुदायप्रतिको चासो र उत्तरदायित्व वहनमा कमजोरी जस्ता सवालहरू भने सुधारात्मक रूपमा रहेका छन् ।

अतः माथि उल्लेखित सकारात्मक पक्षलाई कायम राख्दै बढवा दिन र नकारात्मक पक्षलाई हटाउन सहकारी एवं संघहरूको लागि चुनौतिपूर्ण काम भए पनि सो को प्रभावकारी तथा कुशल व्यवस्थापन भने रणनीतिक तथा व्यवसायिक योजनाले नै गर्दछ । व्यवसायिक रणनीतिक योजनाको लागि विगतको समीक्षा, वर्तमानको विश्लेषण र भविश्यको पूर्वानुमान नै यसको समाधान हो । अतः विगतको समीक्षा र वर्तमानमा विश्लेषण गर्दा दीगोपना (Sustainability) लाई नै आधार मान्नु पर्ने हुन्छ जसमा नाफा (Profit) को अलवा ग्रह (वातावरण, पर्यावरण) (Planet) को साथ साथै सहकारीको आधार स्तम्भ मानव (People) विशेषगरी समुदाय (सदस्यहरू, सञ्चालकहरू एवं कर्मचारीहरू) को समन्वयात्मक अन्तर सम्बन्धलाई जोड दिनु पर्ने हुन्छ । यस वातावरण, नाफा तथा मानवको अन्तरसम्बन्धलाई ट्रिपल बटम लाईन ढाँचा (Triple Bottom Line Approach) भनिन्छ । यसको उचित प्रयोगले दीगोपना, नैतिकता, समानता, प्रभावकारीता सहितको संस्थागत विकास भई हरेक तहमा उत्थानसिलतामा समेत वृद्धि हुने देखिन्छ । यस ढाँचाको सही विश्लेषण गरी व्यवसायिक तथा रणनीतिक योजना निर्माण गर्न सके सहकारीताको मुल्य, सिद्धान्तको समेत व्यवहारिक कार्यान्वयन सम्भव छ ।

उल्लेखित विश्लेषण तथा सूचनाको आधारमा रणनीतिक तथा व्यवसायिक योजनाको निर्माण, हामी कस्का लागि, किन र कसरी भन्ने सैद्धान्तिक पक्षलाई समेत जोड दिनु पर्ने हुन्छ । यदि सहकारी तथा सहकारीका सञ्जालसँग कहाँ पुग्ने, के गर्ने, कसरी गर्ने, कसका लागि गर्ने, कहिलेसम्म गरिसक्ने, कसले गर्ने आदि प्रश्नहरू अनुत्तरित रूपमा रहेका हुन्छन् जसलाई रणनीतिक तथा व्यवसायिक योजनाले सम्बोधन गर्दछ ।




अतः रणनीतिक तथा व्यवसायिक योजना भन्नाले: सहकारी तथा यसको सञ्जालले गर्ने व्यवसायको निरन्तरता तथा थप अवसरको पहिचान गरी अल्पकालिन वा दीर्घकालीन रूपमा सञ्चालन गरिने कामलाई सहज, सरल, कम खर्चिलो, प्रभावकारी, अलग अस्तित्व एवं पहचिान र अन्य संस्थाहरूले गरेको भन्दा पृथक एवं नविनतम् व्यवसायिक क्रियाकलापहरू नछुट्ने गरी सम्पन्न गर्न तयार पारिने मार्गदर्शन हो । जसमा समस्याको पहिचान, समस्याको आधार, समस्याको प्रकार, उद्देश्य, बजेटको प्रभावकारी तथा कौशलपूर्वक व्यवस्थापन, जिम्मेवारीको बाँडफाँड, संस्थागत विश्लेषण, स्थान, समयलाई आधार बनाई संस्थाको दुर दृष्टि प्राप्तिका लागि लक्ष्य, ध्येय एवं उद्देश्यहरू र उद्देश्यहरूले तय गरेको क्रियाकलाप र निशाना (Activities & Targets) प्राप्ति प्रति समर्पित हुन्छन् ।

संक्षेपमा, रणनीतिक एवं व्यवसायिक योजना भनेको एउटा प्रक्रिया हो, जसमा विगतको समीक्षा, वर्तमानको विश्लेषण र भविष्यमा गरिने प्रक्षेपण समावेश हुन्छ । जसको लक्ष्य सुशासन, व्यवसायिकता, उत्थानसिलता र दीगोपनामा केन्द्रित हुन्छ । अतः सहकारीले गर्ने व्यवसायिक क्रियालापलाई सहज, कैशलपूर्वक र प्रभावकारी रूपमा अपेक्षित लक्ष्य हासिल गर्ने अपनाइने दिशानिर्देश हो जसमा निम्न क्रियाकलापहरू समावेश गरिएका हुन्छन्:

- संस्थाको व्यवसायको विश्लेषण,
- व्यवसाय सञ्चालनको लागि लक्षित वर्गको पहिचान, मानव संशाधन व्यवस्थापन, सहयोगी तथा प्रतिस्पर्धी निकायहरूको पहिचान तथा विश्लेषण,
- संस्थालाई विकास गर्ने सक्षम, कमजोर पक्ष र वाधा एवं संभावनाको पहिचान र विश्लेषण,
- संस्थालाई दीगो, प्रतिस्पर्धी, सदस्यहरूको आवश्यकताको पूर्ति गर्न सक्षम तथा आत्मनिर्भर बनाउन आवश्यक रणनीति एवं कार्यनीतिहरूको तयारी एवं नीतिगत निर्णय,

- संस्थाका रणनीतिलाई कार्यरूप दिन आर्थिक निर्णय गरी भविष्यको लागि वित्तीय योजनाको निर्माण
- वित्तीय विश्लेषणको आधारमा वित्तीय प्रक्षेपण र व्यवस्थापकीय दृष्टिकोण,
- सम्पूर्ण योजनाको प्रभावकारी कार्यान्वयनको लागि संस्थागत निर्णय, नीति निर्माणमा संशोधन एव पुनराअवलोकन तथा लागू आदि ।

**सहकारी एवं संघमा रणनीतिक तथा व्यवसायिक योजनाको महत्व**


सहकारी एक सामाजिक उत्तरदायित्व रहेको व्यवसाय भएकोले, यसमा नाफा कमाउनु पनि जरूरी छ र सो को सदुपयोगिता निकै महत्वपूर्ण र चुनौतीपूर्ण पनि हुन्छ । सहकारीले कमाउने नाफा सामाजिक नाफा हो, किनकी यो नाफा एउटै व्यक्तिले नलिई समानुपातिक रूपमा लगानीको आधारमा सबै सदस्यहरूमा वितरण गरिन्छ भने केही अनुपात सामाजिक उत्तरदायित्व प्रति पनि खर्चिने गरिन्छ जसको मुख्य ध्येय भनेको नै समाजको आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय एवं चौतर्फी विकास गर्नु रहेको हुन्छ । भनिन्छ, No Risk No Gain, Higher the Risk Higher the Return, No Business No Profit, आदि अतः संक्षेपमा सहकारीमा रणनीतिक तथा व्यवसायिक योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ तर योजनामा अपेक्षीत क्रियाकलाप, रणनीति, कार्यनीति, वित्तीय अनुमान र विश्लेषण सहि हुनु पर्दछ । भनिन्छ 'If you Fail to Plan, You Plan to Fail' यदि तपाईं योजना बनाउन असफल हुनु भयो भने तपाईं असफल हुन योजना बनाउँदै हुनुहुन्छ । सहकारी व्यवसायिक क्रियाकलाप भएकोले व्यवसायमा नाफा हुन्छ जसलाई प्रभावकारी कार्यान्वयन गर्न रणनीतिक तथा व्यवसायिक योजनाले सहयोग एवं उर्जा प्रदान गर्दछ त्यसैले सहकारीमा रणनीतिक तथा व्यवसायिक योजनाको महत्व निम्न रहेको हुन्छः

- सुशासन, व्यवसायिकता, उत्थानशीलता र दीगोपनालाई सुनिश्चितता प्रदान गर्न,
- आर्थिक मितव्ययिता अपनाउन, समस्या समाधान गर्न, समयको प्रभावकारी प्रयोग गर्न,
- योजना, कार्यक्रमको स्थायित्व (दीर्घायूपन) कायम राख्न, गतिविधिको क्रमीकरण गर्ने,
- विश्वसनीयता वृद्धि गरी ख्याती कायम राख्न,
- स्थानीय श्रोत साधन र प्रविधिको उच्चतम परिचालन गरी सामाजिक विकासमा सहयोग पुऱ्याउन,
- निर्दिष्ट क्षेत्रका समुदायलाई सुविधा थप गर्न तथा सामुदायिक सहभागिताको विकास गर्न,
- समुदायमा असल संस्कृति, चेतना, आर्थिक तथा मानवश्रोतको विकास गर्न,
- विकासमा सहयोग पुऱ्याउन, लक्ष्य प्राप्तिका लागि उत्तम विकल्प चयन गर्न,
- व्यवसायिक विविधिकरण, वृद्धि र विस्तार गर्न,
- जोखिम न्यूनिकरण तथा गुणस्तर कायम गरी नाफा अधिकतम गर्न,
- संस्थागत सम्बन्ध, सञ्जाल कायम राखि आवश्यक सहयोग लिन तथा सोको निमित्त सम्बन्धित निकायमा योजना पेश गर्न,
- कुनै निर्दिष्ट उद्देश्य प्राप्त गर्न साथै भविष्य कतातिर डोऱ्याउने हो निश्चित गर्न तथा सफलताहरू हासिल गर्न,
- विगतका कमीकमजोरी पत्ता लगाई आगामी दिनमा सुधार गर्न तथा सदस्यहरूको सन्तुष्टिमा वृद्धि गर्न,
- समयको सदुपयोग गरी उत्पादकत्व तथा कार्यसम्पादनमा वृद्धि गर्न,
- सहकारीका सबै पक्ष सञ्चालक, व्यवस्थापन तथा सदस्यहरूमा जिम्मेवारीको वोध गराउन, आदि ।

**व्यवसायिक तथा रणनीतिक योजना निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू तथा चरणहरू**

योजना बनाउँदैमा सफलता मिलिहाल्छ भन्ने होइन, योजना निर्माण प्रक्रिया र योजनाको प्रभावकारी कार्यान्वयन महत्वपूर्ण कुरा हुनजान्छ । तसर्थ, योजना वनाउँदा निम्न अनुसारको प्रक्रिया अपनाउनु उपयुक्त मान्न सकिन्छः

- संस्थाको परिकल्पना, ध्येय, लक्ष्य, तथा उद्देश्यहरू प्रष्ट रूपमा विश्लेषण गरी परिभाषित गर्ने,
- सञ्चालक एवं कर्मचारीहरूमा योजना सम्बन्धी सर्वसम्मति कायम गर्ने,



- उद्देश्य अनुसारको विस्तृत कार्ययोजना तयार गर्ने र भविष्यमा गरिने कामको किटान गर्ने,
- कार्ययोजनाको कार्यान्वयनको लागि चाहिने आर्थिक, भौतिक एवं मानवीय श्रोत जुटाउन ध्यानदिने,
- दाताहरू, बैंकहरू र अन्य सहयोगी संस्थाहरूसँग सम्बन्ध बढाई समन्वय र सम्पर्क विस्तार गर्ने,
- योजना निर्माण प्रक्रियामा सहकारीका सम्पूर्ण सरोकारवालाहरूको विचारलाई पृष्ठपोषणको रूपमा अंगिकार गर्ने,
- सहि तथ्यांक, सूचना तथा जानकारीहरूलाई योजनामा समावेश गराउने,
- आफ्ना महत्वपूर्ण सूचनाहरू आफ्ना सदस्यहरू, दाताहरू, सरकारी निकायहरू तथा अन्य जनसमुदायलाई उपलब्ध गराउने तथा उपलब्ध हुने सम्भाव्य सहयोगहरूलाई सूचिकृत गर्ने साथै प्राप्त सहयोग प्रतिवद्धताहरू छन् भने सो को लिखित सम्झौता गरी यकिन गर्ने,
- योजना कार्यान्वयनको अनुगमन, सुपरिवेक्षण गर्न उपसमिति तयार गरी अद्यावधिक रूपमा समीक्षा गर्ने परिपाटीको विकास गर्ने,
- समीक्षाबाट आएका सवल पक्षलाई निरन्तरता दिई सुधार गर्नुपर्ने देखिएमा आवश्यक सुधार गर्दै लैजाने जसको लागि नीतिगत वाधाहरू भए परिस्कृत गर्ने ।
- योजनाको सफल तथा प्रभावकारी कार्यान्वयनको लागि कार्यसमिति, साधारण सभाबाट निर्णय गरी नीतिगत रूपमा लागु गर्ने गराउने,

**दुरदृष्टिः** संस्थाले आगामी केही समयपछि कस्तो देख्न चाहेको हो सो को आज गरिएको परिकल्पना एवं सपना नै दुरदृष्टि हो । हामीले आगामी केही समयपछि आफ्नो संस्थालाई कस्तो रूपमा देख्न चाहन्छौं आज नै गरिएको सपना हो यसमा संस्थाले कुनै काम गर्नु अगाडि त्यसको पछि सम्मको रूप कस्तो बनाउने हो, कुन दिशातर्फ लैजाने हो पहिला नै मनमा एउटा आकृति तयार गरेर मात्र काम सुरू गर्नु पर्दछ जस्ले गर्दा पछि काम गर्दा अल्मलिनु नपरोस् । यो हामीले चाहेको परिवर्तनको अन्तिम रूप हो जसको प्राप्तिको लागि धेरै समयसम्म निरन्तर प्रयत्नशील रहनु पर्ने हुन्छ । यो हाम्रा सम्पूर्ण क्रियाकलापहरूलाई समेटी व्यक्त गरिने एउटा फराकिलो भनाई हो जुन एक वा दुई वाक्यमा व्यक्त गरिन्छ । कसै कसैले यसलाई लयमा पनि प्रकट गर्दछन् । जसको लागि "KISS" अर्थात् "Kept It Sweet and Short" प्रयोग गरी दुरदृष्टि तयार गर्न सकिन्छ ।

**ध्येयः** परिकल्पना तर्फ डोहोरिन संस्थाले कसका लागि, के काम कसरी गर्दछ भन्ने कुराको संक्षेपीकरण नै ध्येय हो । यसले लक्षित समूह, कार्यक्रमका उद्देश्यहरू र निर्देशक सिद्धान्तहरूका बारेमा छोटकरीमा व्याख्या गर्दछ । विगतको समीक्षा गरी वर्तमान समस्यामा आधारित भई ध्येयको तयारी गरिनु उपयुक्त हुन्छ यसलाई एक वा दुई वाक्यमा अथवा बुंदागत रूपमा पनि तयार गर्न सकिन्छ ।

**लक्ष्यः** संस्थाले अपेक्षित क्रियाकलापहरू सम्पन्न गरेपश्चात के प्रतिफल प्राप्त हुन्छ त्यसलाई लक्ष्य भनिन्छ जस्तै समाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक पक्षमा देखिने सुधार वा नतिजा नै लक्ष्य हो, यो रणनीतिक तथा व्यवसायिक योजना निर्माण चरणमा नै स्पष्ट हुनु पर्दछ ।

**उद्देश्यहरूः** सहकारी संस्थाहरूको उद्देश्य भन्नाले दुरदृष्टि तथा ध्येय प्राप्त गर्नको लागि विस्तृत रूपमा अपनाईने क्रियाकलापहरूको निर्देशित रूप हो । यो निश्चित समयमा प्राप्त गर्न सकिने गरी किटान गरिनुपर्दछ । जसको लागि SMART शुत्र अर्थात् Specific, Measureable, Achievable/Appropriate, Realistic, Time Bound को प्रयोग गर्नु सान्दर्भिक हुन्छ । प्रायः सहकारी संस्थाहरूले संस्था गठन गर्दा नै उद्देश्यहरू भने तय गरिसकेका हुन्छन् तर परिवेश अनुसार रणनीतिक तथा व्यवसायिक योजना निर्माण गर्दा उक्त उद्देश्यहरू परिमार्जन तथा अद्यावधिक गर्नु पर्ने हुन्छ ।

**अवस्था विश्लेषणः** यस अवस्था विश्लेषणमा संस्थाको आन्तरिक तथा बाह्य पक्षको साथमा संस्थाले भोग्दै आएको सकारात्मक तथा नकरात्मक पक्षको विश्लेषण गरिन्छ । जसमा चार वटा पक्षहरू सवल, कमजोर, अवसर र वाधाहरूको विश्लेषण गरिन्छ । चार्टमा देखाए जस्तै सवल पक्ष र कमजोर पक्ष सहकारीको आन्तरिक व्यवस्थापनमा भर पर्दछ यदि संस्थामा राम्रो व्यवस्थापन कौशलता छ भने सवल पक्ष धेरै हुने र कमजोर पक्ष कम हुने गर्दछ । कमजोर पक्षलाई पनि कुशल व्यवस्थापनबाट विस्तारै घटाउदै लैजान सकिन्छ भने अवसर र वाधा भने बाह्य पक्षबाट सृजित भएका हुन्छन् जसको लागि आन्तरिक व्यवस्थापनबाट अलग हुन्छ तर अवसरको बाह्य पक्षबाट सृजित सकारात्मक पक्ष हो भने वाधा भने बाह्य पक्षबाट सृजित नकरात्मक पक्ष हो जुन संस्थाले चाहेर पनि हटाउन सक्दैन जस्तै कानून, नीतिगत व्यवस्था, प्रतिस्पर्धा, बजार तर क्रमशः प्रयत्न गर्दै अवसरको उपयोग र वाधाहरू हटाउन सकिन्छ ।

आन्तरिक पक्ष

सकारात्मक पक्ष | नकारात्मक पक्ष


| | |
|---|---|
| सबल पक्ष (Strength) | कमजोर पक्ष (Weakness) |
| अवसर (Opportunities) | बाधाहरू (Threats) |

बाह्य पक्ष

**रणनीति तथा रणनीतिक योजनाः** संस्थालाई सवल, फरक, नविनतम् तथा दीगो बनाउन अपनाईने चलाखी जसमा अवाकस (SWOT Analysis) विश्लेषण पश्चात कमी भएका कुराहरूलाई सुधार्ने, सवल पक्षलाई निरन्तरता दिने, वाधाहरू पन्छाउँदै जाने र अवसरहरूको सदुपयोग गर्ने तौरतरीका अपनाइन्छ । आफ्नो संस्थालाई अन्य संस्था भन्दा अलग एवं पृथक, सुदृढ, सवल, प्रभावकारी बनाउने कला, थप सदस्यहरूलाई आर्कषित गर्न गरिने उपायहरू, संस्थामा भईरहेका सेवा सुविधालाई विस्तार तथा गुणस्तरीय बनाउने कौशलता यसमा उल्लेख गरिन्छ । जुन तयार गर्दा संस्थाको VMGO अनुरूप हुनुपर्दछ,

संस्थाको आन्तरिक क्षमता र बाह्य अवसरको आधारमा तयार गरिनु पर्दछ, संस्थाको कमि कमजोरी हटाउने तथा बाह्य चुनौती सामना गर्ने हुनु पर्दछ, सञ्चालन क्षमता र वित्तीय सक्षमता हासिल गर्ने हुनु पर्दछ, सकभर बढी भन्दा बढी सदस्यहरूलाई समेट्ने, नयाँ थप सेवा तथा सुविधाहरू विविधिकरण गर्ने हुनु पर्दछ, भईरहेको सेवा सुविधाहरूलाई गुणस्तरीय बनाउने कोशिस हुनुपर्दछ, कार्यक्षेत्र विस्तार, नीति नियम परिमार्जनलाई समेत विश्लेषण गर्नु पर्दछ ।

**सञ्चालन, कार्यनितिगत योजनाः** रणनीतिक योजनाले लक्षित गरेको क्रियाकलापहरूलाई हासिल गर्न बनाईने योजना सञ्चालन योजना हो । सञ्चालन योजनाले रणनीतिक योजनाले लक्षित गरेका उपलब्धीहरू हासिल गर्न के, कति काम कसरी गर्ने भन्ने विषयमा विस्तृत योजना बनाउँछ जसमा जिम्मेवारीको बाँडफाँड, बजेट विनियोजन, समयावधि, विस्तृत क्रियाकलापहरूको विश्लेषणात्मक योजना गरिएको हुन्छ । सञ्चालन योजनालेः संस्थागत विकास (भौतिक पूर्वाधार, मानव संसाधन, सूचना, प्रविधि, शिक्षा, चेतना, सामाजिक विकास, सुसाशन, मितव्ययीता, प्रभावकारीता आदि) मा सशक्तीकरण, सदस्यता वृद्धि, पूँजी वृद्धि, थप सेवाहरू (बचत, ऋण, अन्य) वृद्धि तथा विविधकरण, नीति, निर्देशिकाहरू, दस्तावेजहरूको निर्माण, बचत नीति तथा ऋण नीति, सदस्यता नीति तथा सञ्चालक समिति सम्बन्धी नीति, आन्तरिक नियन्त्रण तथा लेखा व्यवस्थापन नीति, प्रशासनीक तथा कर्मचारी नीति, निर्देशिका, निर्वाचन सम्बन्धी नीति, समन्वय तथा सञ्जाल विस्तार, जोखिम न्यूनिकरण तथा गुणस्तर सुनिश्चितता सम्बन्धी क्रियाकलापहरू जस्ता क्षेत्रहरू समेट्ने गर्दछ जसको लक्ष्य सदस्यहरूको सन्तुष्टी नै मुख्यरूपमा हुने गर्दछ ।




**वित्तीय योजना तथा विश्लेषणः** सहकारीको वित्तीय प्रक्षेपण गर्दा विशेषतः PEARLS अनुगमन प्रणाली (वित्तीय विश्लेषण गर्ने व्यवस्थापकीय औजार) अनुसार गरिन्छ । जसमा P = Protection (सूरक्षणको अवस्था), E = Effective Financial Structure (प्रभावकारी वित्तीय संरचना), A = Assets Quality (सम्पत्तिको गुणस्तर), R = Rate of Returns (लागत र प्रतिफल दर), L = Liquidity (तरलता) र S = Sign of growth (वृद्विको संकेत) को विश्लेषणात्मक अध्ययन गरिन्छ र प्रक्षेपित अन्तिम खाताहरूः नाफा नोक्सान खाता, वासलात, नाफा वित्तरण विवरण, नगद प्रवाह विवरणको तयार गरिन्छ ।

## निष्कर्ष

सहकारी सदस्यहरूका लागि सदस्यहरूद्वारा सञ्चालित र नियन्त्रित व्यवसाय भएकोले नाफाको सिर्जना र नाफालाई सामाजिक उत्तरदायी एवं समानुपातिक रूपले वितरण हुनु आवश्यक छ । सहकारीको आधार र नैतिक मुल्य स्थापित गदै सहकारीको सिद्धान्तप्रति बफादार हुनु सहकारीकर्मीहरू सदस्यहरूको सन्तुष्टी र समुदायिक हितको लागि केन्द्रित हुन समेत जरूरी छ । नाफा अधिकतम गर्न तथा अपेक्षित लक्ष्य हासिल गर्न रणनीतिक एवं व्यवसायिक योजना महत्वपूर्ण औजारको रूपमा लिन सकिन्छ । नाफालाई मात्र केन्द्रविन्दु नबनाई संस्थामा आवद्ध जनसमुदाय, कर्मचारी, सञ्चालक तथा वातावरणीय हित र दीगोपना पनि सँगसँगै हेरिनु पर्ने क्षेत्र हुन । रणनीतिक एवं व्यवसायिक योजना निर्माण गर्दा माथि उल्लेखित कुराहरूको विश्लेषण तथा चरणहरूको ध्यान दिन उपयुक्त हुन्छ जसको लागि सबै क्षेत्रको सहभागिता वाञ्छनीय देखिन्छ । यदि सहि योजनाको कल्पना गर्न सकिएमा सहकारीको चौतर्फी विकास एवं विस्तार सम्भव छ । सहकारीले भावि दिनमा हुनसक्ने सफलता आज नै थाहा हुने भएकोले संस्थागत उत्प्रेरणा पनि रणनीतिक एवं व्यवसायिक योजनाबाट प्राप्त हुन्छ । अतः सम्पूर्ण सहकारी संस्थाहरूलाई व्यवसायिक योजना तयार गरी, सञ्चालक समितिको निर्णय एवं साधारण सभाबाट अनुमोदन गराई नीतिगत रूपमा लागू गर्नको लागि एवं समयानुकुल अद्यावधिक रूपमा पुनःसंशोधन तथा अध्यावद्धिक गर्न सकिएमा सम्पूर्ण संघ, सहकारी तथा सहकारीकर्मीहरूको सहकारी अभियान सार्थक हुने कुरामा दुईमत छैन जसलाई नेपाल सरकारले ल्याएको अनुकुल नीति तथा कार्यक्रम, सहकारीकरण वृद्धि, अन्तर्राष्ट्रिय सञ्जाल र सहयोगले समेत थप पुष्टि गरेको देखिन्छ जसको सदुपयोग गरी सम्पूर्ण सहकारीहरू व्यवसायिकरण भई उत्पादनमुखी कार्यमा जागरूप भई दीगो विकास लक्ष्य प्राप्ति प्रति अग्रसर हुनु सबै अभियानकर्मीहरू एकजुट हुनु जरूरी भइसकेको छ ।

❑ ❑ ❑

# सिवाईसी साकोसको योजना तर्जुमा गोष्ठी

नेफ्स्कूनका कोषाध्यक्ष केशवप्रसाद पोखरलले कुनै पनि संघसंस्था तथा कम्पनीलाई जिवन्त सञ्चालनका लागि योजना आवश्यक हुने बताउनुभएको छ ।



सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. बागलुङले श्रावण १४ गते आफ्नो ४ वर्षीय व्यावसायिक रणनीतिक योजना तर्जुमा गोष्ठी निर्माणका लागि आयोजना गरेको कार्यक्रमका प्रमुख अतिथि एवं प्रशिक्षक पोखरेलले उक्त कुरा बताउनुभएको हो ।

उहाँले कुनै पनि संघ संस्थाहरू अग्लो मात्र हुनुले त्यति धैरै महत्व नराख्ने धारणा राख्दै संघ संस्थाहरू दीगो र गुणस्तरयुक्त हुन जराहरू बलियो र फराकिलो हुनुपर्ने बताउनु भयो । सिवाईसीले छोटो समयमा हाँसिल गरेका उपलब्धिहरू प्रशंसनीय रहेको बताउदै पोखेलले संस्थाका लागि अब गुणस्तर र दीगोपनामा ध्यान दिनुपर्ने समय भएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा संस्थाका सल्लाहकार देववहादुर श्रेष्ठ, सञ्चालक शिलशिला के.सी, हटिया सेवाकेन्द्रका संयोजक रामवहादुर खत्री लगायतले मन्तव्य राख्नुभएको थियो ।

संस्थाले गत आर्थिक वर्ष २०७५।०७६ का लागि १ अर्व ५ करोड कारोवारको त्रिवर्षिय व्यावसायिक रणनीतिक योजना तयार गरेको थियो । उक्त योजनाको समय समाप्त भएसँगै संस्थाले अबको ४ वर्षको योजना तर्जुमा गर्न ३ दिने व्यावसायिक गोष्ठी आयोजना गरेको हो । गोष्ठीमा संस्थाका सञ्चालक समिति, उपसमिति, सदस्य सेवा केन्द्रका संयोजक र व्यवस्थापन समूहको सहभागिता रहेको थियो ।

# मोरङमा साकोसका अध्यक्ष र सचिवहरुको गोष्ठी

## सहकारी ऐन र नियमावली विषयक अन्तरक्रिया

जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मोरङको आयोजनामा २०७६ जेठ ११ गते मदनमोहन आश्रित पुष्परत्न सांस्कृतिक भवन, बेलबारीमा सहकारी ऐन २०७४/सहकारी नियमावली २०७५ सँग सम्बन्धी अन्तरक्रियात्मक १७ औं अध्यक्ष सचिव गोष्ठी सम्पन्न भयो ।

२०६० जेठ २ गते पहिलो अध्यक्ष सचिव गोष्ठीको प्रारम्भ गरेको नेपालकै पहिलो बचत संघ मोरङले प्रत्येक वर्ष सदस्य संस्थाका अध्यक्ष र सचिवहरूको भेला गरी समसामयिक विषयवस्तुमा कार्यपत्र प्रस्तुत गर्दै आएको छ । यसै सन्दर्भमा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ जारी भएसँगै आफ्ना सदस्य संस्थालाई सहकारी नियमावलीमा भएका प्रमुख व्यवस्था जानकारी गराउने उद्देश्यका साथ यस वर्ष सहकारी नियमावलीसँग सम्बन्धित कार्यपत्र प्रस्तुत गरिएको थियो । संघका निवर्तमान अध्यक्ष हरिप्रसाद सुवेदीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

संघ स्थापनाको २५ वर्ष पुरा भएको सन्दर्भमा १७ औं अध्यक्ष सचिव गोष्ठीमा संस्थापक सदस्य संस्थालाई सम्मान समेत गरिएको थियो । सम्मानित हुने सदस्य संस्थाहरूमा फडानी साकोस (लेटाङ), भलुवा साकोस (केराबारी), रमाइलो साकोस (कानेपोखरी), सुनपकुवा स्वावलम्बी साकोस (उर्लाबारी), लेटाङ साकोस (लेटाङ), पौरखी साकोस (बेलबारी), हितकारी साकोस (केराबारी), जनचाहना साकोस (लेटाङ), सामुदायिक साकोस (केराबारी) र जनमुखी साकोस (कानेपोखरी) रहेका छन् । संस्थालाई कार्यक्रमका प्रमुख अतिथि नेफ्स्कूनका कोषाध्यक्ष केशवप्रसाद पोखरेलले मायाको चिनो र सम्मानपत्र सहित सम्मान गर्नुभएको थियो ।

# बचत ऋण अभियानमा स्थिरीकरण कोष

**दुर्गा प्रसाद ढकाल**

विभागीय प्रमुख
सदस्य सेवा, नेफ्स्कून



बचत तथा ऋण सहकारीहरू सदस्यमा आधारित वित्तीय सहकारीहरू हुन् । बचत ऋण सहकारीहरूले सदस्यका आवश्यकताका वित्तीय सेवाहरू सदस्यमा आधारित भइ विकास तथा प्रवाह गरि रहेका हुन्छन् । बचत ऋण सहकारीहरूको सञ्चालन सहकारी सिद्धान्त, मुल्य, मान्यता तथा असल अभ्यासहरूवाट निर्देशित भएको हुन्छ । अन्तर्राष्ट्रिय सहकारी महासंघ तथा विश्व ऋण परिषद्का मार्ग दर्शनमा बचत ऋण अभियान सञ्चालन भएको पाइन्छ । बचत ऋण अभियानमा वित्तीय बजारको राम्रो नराम्रो वातावरणको प्रत्यक्ष प्रभाव परेको हुन्छ । नेपाल जस्तो विकासशिल देशको वित्तीय वातावरण स्थिर नरहने र वित्तीय बजारमा देखिने अस्थिरताको प्रभाव बचत ऋण सहकारीहरूमा पर्ने, संख्यात्मक हिसाबमा अत्याधिक बढि रहेका बचत ऋण सहकारीहरूको व्यवसायिक छबी सुधार तथा सुरक्षण आजको सबैको सरोकारवालाहरूको चिन्ताको बिषय भएकोछ ।

सदस्यहरूको बढ्दो सहभागिताले बचत ऋण सहकारीले समुदायमा पहुँच त विस्तार हुंदै गएको छ तर यसको दीगो व्यवस्थापन तथा वित्तीय स्थिरताको लागि अभियान भित्र नै अलग्गै संरचनाको विकास नगर्ने हो भने वित्तीय बजारको सानो समस्याले पनि बचत ऋण अभियान कमजोर हुन सक्ने सम्भावना रहेकोले बचत ऋण अभियानलाई सवल र सदस्य सहभागितामा व्यवस्थापन गर्न स्थिरीकरण कोषको अवधारण अगाडि सारेको पाइन्छ । सहकारी ऐन २०७४ को दफा १०३ ले स्थिरीकरण कोषको अवधारणालाई स्वीकार गरेकोछ । अभियानको अलग्गै कोषको रूपमा विकास गर्न खोजिएको स्थिरीकरण कोषमा खुद बचत पछि मात्र श्रोत व्यवस्थापन हुने अवधारणाले कमजोर व्यवस्थापनमा संचालन भएको बचत ऋण अभियानको समग्र संरक्षणको जिम्मा लिन कठिन हुने भए पनि शुरूवातको अवसरको रूपमा ऐनले व्यवस्था गरेकोछ ।

स्थिरीकरण कोष अभियानको जगेडा कोष हो । यस कोषमा भएको रकम अभियानको संरक्षणको लागि परिचालन गरिन्छ अथवा यसलाई यात्रामा गाडीको अतिरिक्त पाङग्राको रूपमा लिन सकिन्छ । बचत ऋण अभियानले समग्र अभियानको संरक्षण तथा प्रवर्द्धनको लागि स्थिरीकरण कोषको स्थापना गरि स्व संरक्षणको अवधारणालाई सफल बनाउनु पर्ने हुन्छ । यसको अवधारणा सफल बचत ऋण अभियान भएका देशहरूमा सफल भइ

स्थिरीकरण कोष अभियानको जगेडा कोष हो । यस कोषमा भएको रकम अभियानको संरक्षणको लागि परिचालन गरिन्छ अथवा यसलाई यात्रामा गाडीको अतिरिक्त पाङग्राको रुपमा लिन सकिन्छ । बचत ऋण अभियानले समग्र अभियानको संरक्षण तथा प्रवर्द्धनको लागि स्थिरीकरण कोषको स्थापना गरि स्व संरक्षणको अवधारणालाई सफल बनाउनु पर्ने हुन्छ ।

सकेको पाइन्छ । अमेरिका तथा ब्राजिल लगायतका देशहरूमा स्थिरीकरण कोष ठुलो वित्तीय समस्यावाट बाहिर आउन अभियानले आफै स्थापना गरेको कोष हो । यसले बचत ऋण सहकारीहरूको छबी बढाउन सहयोग गरेकोछ ।

**कोष सञ्चालनका सामान्य सिद्धान्तहरू**

स्थिरीकरण कोष अभियानको सहभागिता र नेतृत्वमा स्थापना तथा विकास गरिने कोष हो । यसमा अभियानका स्वमित्व र सहभागिता ज्यादै महत्वपूर्ण हुन्छ । समान्यतया कोषले नियमित योगदान गरेका संस्थाहरूको वित्तीय स्थितिमा भएका समस्याहरूको समाधानका लागि मात्र वित्तीय सहयोग गर्ने गर्दछ । योगदान गर्न सक्दछ । मानक भित्र सञ्चालन नभएका बचत ऋण संस्थाहरूको संरक्षण यस कोषले गर्दैन । कोषको व्यवस्थापन सहजिकरण गर्ने प्रणाली पनि अर्को महत्वपूर्ण पक्ष हो ।

**कोषको उपयोग**

कोषको उपयोग आवद्ध साकोसहरूको संरक्षणमा नै परिचालन गरिएको हुन्छ र बाँकी रहेको श्रोतहरूको परिचालन वित्तीय प्रणाली भित्र नै रहेको हुन्छ । सामान्यतया यस कोषको काम भनेको आवद्ध संस्थाको तरलता कायम राख्न र समस्याग्रस्त संस्थाको बचाउको लागि सापटी दिने, आवद्ध संस्था समस्याग्रस्त भई त्यस्तो संस्थाको सञ्चालनको जिम्मेवारी संघले लिएको अवस्थामा



कोषमा नियमित योगदान नगर्ने बचत ऋण सहकारीहरू यस कोषको लाभ पाउन नसक्ने हुन्छ । कोषले सर्वमान्य सामान्य जोखिममा आधारित संस्था सुपरिवेक्षणका सिद्धान्तहरूको आधारमा आवद्ध संस्थाहरूको सुपरिवेक्षण गरि सामान्य जोखिम भएका संस्थाहरूको वित्तीय स्थितिको सुरक्षण गर्ने गर्दछ । अभियानमा सामान्य जोखिमको अवस्थामा नरहेका संस्थाहरूको जोखिम न्यूनीकरणका लागि कार्यक्रमहरू विकास गरि निरन्तर स्तरउन्नतिका लागि कार्यक्रमहरू सञ्चालन गर्दछ ।

कोषले प्रवाह गर्ने वित्तीय सेवाका समय सिमा निर्धारण गरिएको हुन्छ । बचत ऋण सहकारी सञ्चालनका मानकहरू विकासमा पनि यस कोषले महत्वपूर्ण

त्यस्तो संस्थाको दायित्व भुक्तानी लगायत पुनः सञ्चालनमा उपयोग गर्ने, कोष सञ्चालन समितिको खर्च व्यहोर्ने, आवद्ध संस्थाको अनुगमन, सुपरिवेक्षण तथा प्रविधि विकास र यसको व्यवस्थापनका लागि उपयोग गर्न कोषको उपयोग गरिन्छ तर यस कोषको दायित्व आम्दानी संघको नियमित आम्दानी वा दायित्वम समाबेश नहुने गरि व्यवस्थापन संरचनाको विकास गरिएको हुन्छ ।

**कोषवाट सम्पादन हुने कार्यहरू**

नेपालको सन्दर्भमा कोषको मुख्य कार्य भनेको तटष्थ रूपमा बचत ऋण सहकारी सञ्चालनका मानकहरूको विकासमा सहयोग गर्ने हो । हाल नेपालमा सरकार कुनै न कुनै रूपमा सहकारी नियन्त्रणको अभ्यासमा छ भने अभियान स्वच्छ व्यवसायिक अभ्यास भन्दा बाहिर रहेका सदस्यहरूको पनि सहभागिता रहेकोछ । त्यसैले दुबैको सन्तुलनको लागि मानकहरू विकासमा यस कोषको महत्वपूर्ण भुमिका रहन सक्दछ । त्यस्तै आवद्ध साकोसहरूको वित्तीय प्रणाली स्थिर राख्न वित्तीय सहायता तथा सवलिकरणका कार्यक्रमहरू विकास गरी सञ्चालन गर्नु यस कोषको कार्य हुनु पर्दछ । अभियानमा विद्यमान तथा भविष्यमा हुन सक्ने जोखिमहरूको विश्लेषण गरि व्यवस्थापनका विधिहरूको विकास गर्ने कार्य पनि स्थिरीकरण कोषको कार्य हो ।

वासलातमा टाट उल्टेका सकोसहरूको लागि वित्तीय सहायता तथा व्यवस्थापनमा समस्या रहेका साकोसहरूको लागि व्यवस्थापन सहजिकरण उपलब्ध गराउनुको अलावा यस कोषले अभियानको सुदृढीकरणका लागि एकीकरण जस्ता अभियानको पनि नेतृत्व लिन सक्दछ । स्थिरीकरण कोष सामुहिक सुरक्षाकवच हो यसले अभियानको संरक्षणको लागि यो सहकारीको एकका लागि सबै र सबैका लागि एक को भावनाको वास्तविक व्यवहारिक अभ्यास पनि हो । स्थिरीकरण कोषले वित्तीय स्थितीको नियमित सुपरिवेक्षण गुर्नु सो को सूचना साकोस अभियानलाई प्रदान गर्नु र सो को आधारमा अभियानलाई सुरक्षित बनाउनु आजको आवश्यकता हो ।

**कोषले सुरक्षा गर्न नसक्ने अवस्था**

सहकारी ऐन २०७४ तथा नियमावली २०७५ ले इच्छुक बचत ऋण सहकारीहरू सहभागी हुन पाउने व्यवस्था गरेकोछ । यसवाट सबै बचत ऋण सहकारीहरू स्थिरीकरण कोषमा आवद्धताको लागि बाटो खुलेकोछ तर कोषको समान्य सिद्धान्त के हो भने वित्तीय रूपमा समस्यामा परेका वा खुद सम्पत्तिको मुल्य नकारात्मक भएका वा सदस्यहरूको तिर्नु पर्ने दायित्व सम्पत्तिले धान्ने अवस्था नभएका साकोसहरूको दायित्व यस कोषले धान्न सक्दैन । कोषले तोकेको मानक भन्दा बाहिर सञ्चालनमा रहेका साकोसहरूमा पनि तत्काल

कोषले दायित्व बहन गर्न कठिन हुन सक्दछ । स्थिरीकरण कोषको श्रोत सानो र समस्या ज्यादै ठुलो भएकोले यस कोषले अभियानको सुरक्षा गर्न योगदान बढाउन अभियान पछि पर्नु हुंदैन किनकी कोषको रकम खर्च भएर जाने होइन परिचालन र संचिती मात्र हुने हुनाले यसमा कठिनाई मान्नु पर्ने कारण छैन ।

**कार्यान्वयनका मार्गचित्र**

स्थिरीकरण कोषलाई प्रभावकारी र अभियानले खोजेको जस्तो रूपमा विकास गर्न देहायका कार्यहरू गर्नु पर्ने हुन्छ ।

क. सरल आवद्धताको प्रक्रियावाट सबै बचत ऋण सहकारीहरू आवद्ध हुने वातावरणको विकास गर्ने ।

ख. आवद्ध साकोसहरूको जोखिम विश्लेषण गर्ने संयन्त्रको विकास संघ भित्र गर्ने र सो को लागि अभियान तयार रहने ।

ग. प्रबिधिमा आधारित सुपरिवेक्षण प्रणालीको तुरुन्त विकास गर्ने ।

घ. सदस्य साकोसहरूले वास्तविक वित्तीय विवरण निर्माण गर्ने ।

ङ. शुरूमा लागतमा आधारित भए पनि जोखिम सुपरिवेक्षणम सहभागी हुने ।

च. अभियानको स्वामित्व कोष सञ्चालनमा कायम राख्ने ।

छ. ऐन परिमार्जन गरि वासलातको आधारमा योगदान गर्ने प्रणाली स्थापित गर्ने ।

ज. सबै बचत ऋण सहकारीहरू अनिवार्य सहभागी हुने ।

अभियानको स्वामित्व तथा अभियानको नेतृत्वमा स्थिरीकरण कोष सञ्चालन आजको आवश्यकता हो । यो कोष सरकारी कोष होइन अभियानको कोष हो । यसको मुल भावना भनेको बचत ऋण सहकारीहरू समस्यामा नपरून् र परेमा पनि सहज व्यवस्थापनको प्रणाली स्थापितहोस् भन्ने भएकोले सहभागी भइ योगदान गर्न र यसको लाभ लिनु बचत ऋण सहकारीहरूको दायित्व र अवसर दुबै हो ।

❑ ❑ ❑

# संगम साकोसका सञ्चालकहरुलाई CUDCC तालिम

संगम बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखरा, कास्कीले आफ्ना सञ्चालक समिति, लेखा समिति सहित अन्य उपसमितिका पदाधिकारी र व्यवस्थापकहरूलाई क्षमता अभिवृद्धि तालिम कार्यक्रमको आयोजना गरियो ।



नेफ्स्कूनको प्राविधिक सहयोगमा पाँच दिनसम्म सञ्चालित उक्त तालिमको समापनमा सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै प्रमुख अतिथि गण्डकी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका उपसचिव बद्रीनाथ अधिकारीले सहकारीको सुसशासनमा यस्ता तालिमबाट प्राप्त सिकाईले सहयोग मिल्ने बताउनुभयो । सहकारीलाई सही बाटो देखाउन छाता संगठनको महत्वपूर्ण भूमिका हुने भएकोले अन्य सहकारीहरूमा पनि यस्ता तालिमहरू सञ्चालन गर्न नेफ्स्कूनलाई आग्रह गर्नुभयो ।

सहकारीका अध्यक्ष निरज थापाले पाँच दिनको सिकाईबाट प्राप्त १९ बुँदे प्रतिवद्धता सहितको कोसेलीलाई कार्यक्षेत्रमा पुर्‍याई तोकिएको समयमा नै कार्यान्वयन गर्ने बताउनुभयो ।

प्रमुख प्रशिक्षक नेफ्स्कूनका प्राचार्य गणेश तिमिल्सिनाले तालिममा देखिएको उर्जालाई सधैं कायम राख्न सबै सहभागीलाई अनुरोध गर्दै आगामी दिनमा संस्थालाई कसरी र कहाँ पुर्‍याउनु हुन्छ, त्यसमा नै तालिको उपलब्धी गाँसिएको हुन्छ- उहाँले भन्नुभयो ।

संस्थाका कानूनी सल्लाहकार एवं उच्च अदालत पोखराका निवर्तमान अध्यक्ष एवं अधिवक्ता दयाराम गौतमले सहकारीलाई मर्जरमा लानुपर्ने बेलामा नयाँ खोल्दै जानुले सरकारको नीति समय सापेक्ष नभएको हो कि ? भनि प्रश्न राख्नुभएको थियो ।

# वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तालिम प्रदान

वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई लक्षित गरी वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तालिम जेष्ठ २४ गते उदयपुरमा सम्पन्न भएको छ । तालिम त्रियुगा नगरपालिका, उदयपुरको आयोजना तथा सुरक्षित आप्रवासन (सामी) परियोजना/हेल्भेटास स्वीस कोअपरेशन नेपालको सहकार्य र नेफ्स्कूनको प्राविधिक सहयोगमा उदयपुर जिल्लाको गाइघाटमा जेष्ठ १८ देखि २४ गतेसम्म (सात दिन) सञ्चालन भएको थियो । तालिमको सहजीकरण नेफ्स्कूनका बरिष्ठ प्रशासकीय अधिकृत नविन राज दाहालले गर्नु भएको थियो ।

तालिमको उद्घाटन त्रियुगा नगरपालिकाका नगर प्रमुख बलदेव चौधरी, उपनगर प्रमुख देवी कुमारी चौधरी र नगरपालिकाका योजना अधिकृत विश्वजित राईबाट भएको थियो । तालिम सञ्चालनको उद्देश्य; उदयपुर जिल्लाबाट वैदेशिक रोजगारमा गएका युवाहरूले खाडीमुलुकमा पसिना चुहाएर कमाएको रकमलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गरिनु थियो । यस तालिममा हरेक वडाका वैदेशिक रोजगारबाट फर्किएका १/१ जना गरी जम्मा १३ जना युवाहरूको सहभागिता रहेको थियो ।

वित्तीय र सामाजिक विप्रेषणको पूर्ण



उपयोगिताको विषयमा केन्द्रित यस प्रशिक्षक प्रशिक्षण तालिमले आगामी दिनमा वैदेशिक रोजगारमा जाने क्रमलाई निरूत्साहित गरी स्वदेशमानै कुनै उद्यम मार्फत परिवार सदस्यहरूको दीगो जीविकोपार्जनको अभ्यासमा स्वयंलाई उतारिनुपर्छ भन्ने अभिप्राय सहित ७ दिने तालिम सञ्चालन भएको थियो ।

अनियमित खर्चको अन्त्य, ऐच्छिक खर्चको न्यूनीकरण र अनिवार्य खर्चको विविधिकरण गरी बचत गर्ने बानीको विकास मार्फत कुल जम्मा बचतलाई उद्यममा लगानी गर्ने वातावरणको अभ्यास सबैमा जागरूक गराइएको थियो । बचतको रकमलाई सहकारीमा जम्मा गर्ने अभ्यासमा आफुलाई कसरी उतार्न सकिन्छ भन्ने विषयमा पनि छलफल तथा अभ्यास गरिएको थियो ।

साथै यसले बचत गर्ने बानीको विकास, सदस्यहरूको भूमिकालाई वित्तीय अनुशासनको माध्यमबाट आत्मसम्मान पूर्वक बाँच्न पाउने अधिकारमा वित्तीय साक्षरताको महत्व र विषेशतालाई उजागर गरिएको थियो । आर्थिक समृद्धि र समुन्नतिको लागि हरेक नेपालीले वित्तीय साक्षर भई यसको अभ्यासलाई स्वयंमा लागु गर्न आजैबाट यस मार्गमा हिड्नु पर्छ भन्ने जानकारी प्रवाह गरिएको थियो । ग्रामीण क्षेत्रमा वसोबास गर्ने विपन्न समुदायले सरल रूपमा वित्तीय साक्षरता बुझ्न सक्ने साथै १३ जना सहजकर्ता दक्ष र सीप लिई आफुलाई परिवर्तन गरी वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई स्वदेशमानै उद्यमी हुनुपर्छ भन्ने सन्देश प्रवाह गर्न विभिन्न अभ्यासहरू गरिएको थियो । वित्तीय साक्षरता सिकाई र गराईको माध्यमबाट परिवारको सदस्यहरुबिच स्नेह र आत्मीयता साथ शान्ति परिवारको निर्माण गर्न सकिने विश्वासबाट यस तालिमको सिकाई आत्मसाथ गरिएको थियो ।

# गोरखाका साकोसकर्मीहरुबिच भाखा नाघेको ऋण व्यवस्थापन तालिम

नेफ्स्कून फिल्ड कार्यालय लमजुङको आयोजनामा हिमचुली साकोसको सभाहल नयाँ बजार गोरखामा २ दिवसिय भाखा नाघेको ऋण व्यवस्थापन तालिम जेष्ठ ४ गते सम्पन्न भएको छ ।

तालिममा गोरखा जिल्लाका १८ वटा साकोसहरूबाट १६ जना पुरुष र १० जना महिला गरी जम्मा २६ जना सहकारीकर्मीहरूको सहभागिता रहेको थियो ।

तालिममा साकोसमा ऋण लगानी प्रकृया, ऋण भाखा नाघ्नुको कारण, ऋण असुलीका प्रकृया, ऋण नीतिको विकास, कार्यान्वयन, ऋण वर्गीकरण, भाखा नाघेको ऋण गणना विधि, जोखिम कोषको महत्व, ऋण अपलेखन, ऋण मिन्हा तथा ऋण असुली तालिका निर्माण र योजना लगायतका विविध विषयमा प्रशिक्षण तथा सहजीकरण गरिएको थियो ।

# सहकारी संघहरु र संघका सदस्यको अपेक्षा



**इश्वर न्यौपाने**

प्रमुख कार्यकारी अधिकृत
मिलिजुली साकोस, दोलखा, चरिकोट

लेख

> आवद्ध सहकारी संस्थाहरुलाई लेखा अभिलेखन र लेखाको ज्ञानको साथै सफ्टवेयरकको माध्यमबाट कारोवारको अभिलेख राख्नु पर्दछ भनेर सिकाउने दायित्व संघहरुको हो । कारोवारलाई चुस्त र दुरुस्त अभिलेख राख्न लगाउन सक्ने बनाउनको लागि सम्बन्धित संघले तालिम तथा गोष्ठीको आयोजना गरी आवद्ध संघ संस्थालाई सक्षम बनाउने दायित्व हुन्छ ।

सहकारी संघ भन्ने वितिकै आवद्ध सहकारी संस्थाहरूको हक हितको लागि खडा गरिएको संघ हो । संघीय सहकारी ऐन २०७४ को परिच्छेद १ को दफा २ (ब) मा यसको परिभाषा दिइएको छ । यसमा संघ भन्नाले दफा १५ बमोजिम दर्ता भएको जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, प्रदेश सहकारी संघ, केन्द्रीय विषयगत सहकारी संघ र विशिष्टिकृत सहकारी संघ सम्झनुपर्छ र सो शब्दले सोही दफा बमोजिम दर्ता भएको राष्ट्रिय सहकारी महासंघलाई समेत जनाउँछ भनिएको छ ।

जिल्ला, प्रदेश र केन्द्रमा विषयगत संघको साथै सहकारी संघहरू हुन्छन् । सबै संघहरू आवद्ध राष्ट्रिय सहकारी महासंघ हुन्छ । यि विभिन्न संघहरूबाट संघमा आवद्ध संघ संस्थाले विभिन्न कुराको अपेक्षा गरेका हुन्छन् । आवद्ध सदस्यको हितको उद्देश्यले संघहरू गठन हुने हुनाले आवद्ध सदस्यको ईच्छा पुरा गर्नु सम्बन्धित संघको दायित्वभित्र पर्दछ ।

सहकारी संस्थाहरूलाई कानूनको बारेमा जानकारी गराई सोही अनुसार सञ्चालित हुन अभिप्रेरित गर्ने प्रमुख दायित्व सम्बन्धित सहकारी संघको हुन्छ । सहकारी संस्थाहरू देशको कुना कुनामा स्थापना भई सञ्चालनमा छन् । सबै संस्थालाई राज्यमा प्रचलित कानूनको बारेमा पर्याप्त मात्रामा ज्ञान नहुन सक्दछ । कानूनको अज्ञानतामा गलत कार्य हुन सक्दछ । यस्तो हुन नदिनको लागि संघले भूमिका खेल्नु पर्दछ भन्ने आशा सदस्य संघ संस्थाको हुन्छ । जस्तै सहकारी ऐन २०७४ को परिच्छेद १९ को दफा १२२ मा के के काम गर्दा कसुर हुन्छ भनेर लेखिएको छ भने कस्तो कसुर गर्नेलाई के कस्तो कारवाही गर्ने भनेर सोही परिच्छेदको दफा १२४ मा व्यवस्था गरिएको छ । यस्तो कुरा आफ्नो अधिकारक्षेत्र भित्रका सहकारी संघ संस्थाहरूलाई बुझाउने दायित्व माथिल्लो सहकारी संघहरूको हो र बुझाउनु पर्दछ । कानून क्षम्य हुँदैन । राज्यको नागरीक भएपछि उक्त देशको कानून सबै जनताले बुझेका हुन्छन् भन्ने मान्यताकासाथ राज्य अगाडि बढेको हुन्छ । कसैले कानून थाहा नपाइ गल्ती काम गरेर मैले कानून थाहा पाएको थिईन भन्दा राज्यले क्षमा दिँदैन । त्यसकारण कानून थाहा नभई हुने गल्ती भएमा सहकारी संघहरूले जिम्मा लिनु पर्दछ किनकी आवद्ध सहकारी संस्थाहरूलाई कानून बुझाउने दायित्व सम्बन्धित संघको हुन्छ ।

संघमा आवद्ध सदस्यको अपेक्षा र माथिल्लो संघहरूको दायित्व अन्तर्गत तपसिलका केही बुदाहरूलाई लिन सकिन्छ ।

### लेखा अभिलेखन र लेखा

ग्रामीण भेगमा सञ्चालित सहकारी संस्थाहरूमा लेखा अभिलेखन र लेखाको ज्ञान प्रवाह गर्नुपर्ने देखिन्छ । दैनिक कारोवारलाई अनिवर्य रूपमा सफ्टवेयरमा अभिलेख गर्नु पर्ने अवस्था आईसकेको छ । आवद्ध सहकारी संस्थाहरूलाई लेखा अभिलेखन र लेखाको ज्ञानको साथै सफ्टवेयरकको माध्यमबाट कारोवारको अभिलेख राख्नु पर्दछ भनेर सिकाउने दायित्व संघहरूको हो । कारोवारलाई चुस्त र दुरूस्त अभिलेख राख्न लगाउन सक्ने बनाउनको लागि सम्बन्धित संघले तालिम तथा गोष्ठीको आयोजना गरी आवद्ध संघ संस्थालाई सक्षम बनाउने दायित्व हुन्छ । तालिम तथा गोष्ठीको व्यवस्था गर्दा पनि सही अभिलेख हुन नसक्ने अवस्था छ भने सहकारी ऐनको परिच्छेद १५ दफा ८७, संघीय सहकारी नियमावली २०७५ को परिच्छेद ९ नियम ३९ र सम्बन्धित स्थानीय सरकारको ऐन नियमावली अनुसार बिना पुर्वाग्रह एकीकरण गर्न उत्प्रेरीत गर्ने दायित्व सम्बन्धित सहकारी संघको हुन्छ ।

### पर्ल्स अनुगमन प्रणाली

सहकारी संघ संस्थाहरूको वित्तीय अवस्थाको विश्लेषण गर्ने प्रमुख औजार पर्ल्स अनुगमन प्रणाली हो । यस प्रणालीलाई अवलम्बन गर्न लगाउनु सम्बन्धित संघहरूको दायित्व हो । प्रारम्भिक सहकारी संस्थाहरू र जिल्ला स्तरीय संघहरू सबै पर्ल्स हिसाब गर्न सक्षम हुँदैनन् । प्रारम्भिक सहकारी संस्थाहरू र केही जिल्ला स्तरीय संघले आफू आवद्ध माथिल्लो संघले पर्ल्स अनुगमन प्रणाली सिकाईदियोस् भन्ने आशा गरेका हुन्छन् । तालिमको माध्यमबाट प्रत्येक प्रारम्भिक सहकारी संस्था र सदस्य संघलाई पर्ल्स अनुगमन प्रणाली सिकाउनुपर्ने दायित्व सम्बन्धित संघहरूको हो । जुन सहकारी संस्था र संघमा प्रारम्भिक अभिलेख, चारखाता, नाफानोक्सान, र बासलात सम्बन्धी ज्ञान भएको मानव संशाधन हुँदैन त्यस्तो सहकारी संस्थामा पर्ल्स अनुगमन प्रणाली सिकाउन कठिन हुने हुनाले पहिलो काम लेखा अभिलेखन र लेखा सिकाउनु पर्ने आवश्यकता देखिन्छ र यसरी सिकाउँदा सिक्न नसक्ने कर्मचारी भएमा नयाँ कर्मचारी भर्ना गर्नको लागि सल्लाह दिने दायित्व सम्बन्धित संघको हुन्छ ।

### सुशासन

विधिमा चल्नु नै सुशासन हो । सहकारी संस्थालाई कसरी विधिमा चलाउने भनेर प्रारम्भिक सहकारी संस्थाहरू सम्बन्धित संघबाट सिक्न चाहन्छन् । यसरी सिकाउनको लागि सम्बन्धित संघहरू आफू सुशासनमा बसी सिकाउन तयारी अवस्थामा बस्नु पर्ने देखिन्छ । सहकारी संस्था सुशासनमा चल्नको लागि संस्थाको साधारणसभाले पारित गरेको विनियम सम्बन्धित नियमनकारी निकायबाट स्वीकृत गराई लागु गर्नु पर्दछ । संस्थामा आवश्यक नीति वा कार्यविधिहरू सञ्चालक समितिले निर्माण गरी साधारणसभाबाट पास भएपछि लागु गर्नु पर्दछ । दैनिक कार्यसञ्चालन गर्नको लागि सहकारी संस्थाहरूले नियमहरू बनाउनु पर्दछ र सोही नियम अनुसार सबैलाई समान नजरमा सेवा प्रवाह गर्नु पर्दछ । सहकारी संस्थालाई निर्देशनमा नभइ नीतिमा सञ्चालन गर्ने वातावरण निर्माण गर्नुपर्दछ । एकै घरपरिवारबाट सञ्चालक समिति र कर्मचारीमा रहनु हुँदैन । राज्यमा प्रचलित विभिन्न ऐन कानूनहरूको पूर्ण परिपालना गर्नुपर्दछ ।

### मानव संशाधन व्यवस्थापन

सहकारी संस्थामा दक्ष मानव संशाधनको खाँचो पर्दछ । सहकारी संस्थाहरूमा राम्रो मानव संशाधन पाउँनको लागि केही कठिन अवस्था छ । किनभने सहकारी संस्थामा अवसर योजनाको अभाव देखिन्छ । नेफ्स्कूनद्वारा सञ्चालित एक्सेस, प्रोबेशन र कर्वस् कार्यक्रममा सहभागी भएका सहकारी संस्थाहरूमा मानव संशाधन व्यवस्थापन प्रभावकारी भएको देखिन्छ । सहरी क्षेत्रमा मानव संशाधन व्यवस्थापन केही राम्रो देखिए पनि ग्रामीण भेगमा मानव संशाधनको अभाव देखिन्छ । कतिपय संस्थामा राम्रो मान्छेको सट्टा हाम्रो मान्छेलाई प्राथमिकता दिएर दक्ष मानव संशाधन छायामा परेको पाइन्छ । यदाकदा सहकारी संस्थाको सञ्चालक समितिको आफ्नो मान्छेलाई नै कर्मचारी बनाएको पाईन्छ । यस्तो अवस्थामा आर्थिक पारदर्शिता कायम गर्न गाह्रो हुन्छ । समितिको एकाघरको व्यक्ति कर्मचारी भएपछि कर्मचारीतन्त्रमा सुशासन कायम गर्न कठिन हुन्छ । वर्तमान अवस्थामा सहकारी संस्थाहरूमा मानव संशाधन योजनाको ठूलो खाँचो छ । सम्बन्धित संघहरूले मानव संशाधन व्यवस्थापनको बारेमा ज्ञान दिए हुन्थ्यो भन्ने अपेक्षा प्रारम्भिक सहकारी संस्थाहरूको हुन्छ ।

### सहकारी ऐन

वर्तमान अवस्थामा न्यूनतम तीन तहको सहकारी ऐनको बारेमा ज्ञान हुन जरूरी देखिन्छ । यदि कुनै सहकारी संस्था एक पालिका भन्दा बढी कार्यक्षेत्र लिएर सञ्चालित छ भने आफ्नो कार्यक्षेत्र भएको सबै पालिकाको सहकारी ऐन अध्ययन गर्नुपर्ने आवश्यकता छ । कानून क्षम्य हुँदैन भन्ने विश्वव्यापी धारणा अनुसार सबै सहकारी संस्थाहरूले संघीय सहकारी ऐन, प्रदेश सहकारी ऐन र स्थानीय सहकारी ऐनहरूको बारेमा ज्ञान राख्नै पर्ने अवस्था छ । यि तीन तहको ऐनको बारेमा संघहरूले सिकाईदिए हुन्थ्यो भन्ने आशा प्रारम्भिक सहकारी संस्थाहरूले गरेको हुन्छ । यसरी आवद्ध संघ संस्थाहरूलाई ऐनको बारेमा ज्ञान दिने दायित्व सम्बन्धित संघहरूको हुन्छ ।

### सहकारी नियमावली

सहकारी ऐन जस्तै सहकारी नियमावली पनि न्यूनतम तीन तहको अध्ययन गर्नु पर्ने आवश्यकता देखिन्छ । यदि एक पालिका भन्दा बढी कार्यक्षेत्र भएमा तीन भन्दा बढी सहकारी नियमावलीलाई ध्यान दिनु पर्ने देखिन्छ । सहकारी संस्थाहरूले नियमावलीमा व्यवस्था भए बमोजिम आआफ्नो संस्थालाई सञ्चालन गर्नुपर्ने हुन्छ । यसो गर्न

नसकिएमा सहकारी संस्था विभिन्न दण्ड जरीवानामा पर्दछ र दर्ता खारेज सम्मको अवस्थामा पुग्दछ । यसो हुन नदिनको लागि प्रारम्भिक सहकारी संस्थाहरूको अपेक्षा आफू आवद्ध संघहरूले विभिन्न तालिम गोष्ठीको माध्यमबाट सिकाईदिए हुन्थ्यो भन्ने रहेको पाइन्छ । यसरी नियमावलीहरूको बारेमा ज्ञान दिनु सम्बन्धित संघहरूको दायित्व भित्र पर्दछ ।

**विनियम र कार्यविधिहरू**

सहकारी संस्था सञ्चालन गर्नको लागि आवश्यक नीति तथा कार्यविधिहरू निर्माण गर्नुपर्ने हुन्छ । सहकारी संस्थाको आन्तरिक मुल कानून भनेको संस्थाको विनियम हो । यही विनियमको परिधिभित्र रहेर नीति तथा कार्यविधिहरू पारित गर्नुपर्ने हुन्छ । संघीय सहकारी ऐन २०७४ को परिच्छेद ४ को दफा २८ मा आन्तरिक कार्यविधि संस्थाले बनाउन सक्ने र साधारणसभाले स्वीकृति गरेपछि लागु हुने भन्ने व्यवस्था गरेको छ । त्यसैगरी सोही ऐनको सोही परिच्छेद को दफा २९ मा विनियम तथा कार्यविधि संशोधन गर्दा साधारणसभामा उपस्थित सदस्यको बहुमतबाट गर्न सकिने व्यवस्था छ भनिएको छ । यस्तो व्यवस्था सबै सहकारी संस्थाहरूलाई थाहा नहुने हुनाले आफ्नो संस्था आवद्ध संघ बाट जानकारी दिएहुन्थ्यो भन्ने अपेक्षा गरिएको हुन्छ र यो सम्बन्धित संघहरूको दायित्व पनि हो ।

**स्प्रेडदर र सन्दर्भ ब्याजदर**

ऋणको औषत ब्याजदरबाट बचतको औषत ब्याजदर घटाउँदा आउने दर नै स्प्रेड दर हो । यो स्प्रेड दर ६ प्रतिशत भन्दा बढी हुनु हुँदैन भनेर संघीय सहकारी नियमावली २०७५ को परिच्छेद ५ को नियम २३ उपनियम २ (ग) मा व्यवस्था गरिएको छ । सहकारी ऐन २०७४ को परिच्छेद ७ को दफा ५१ र सहकारी नियमावली २०७५ को परिच्छेद ५ को नियम २३ लाई आधार मानी विभागले २०७६ साल श्रावण १७ गते, २०७६ साल श्रावण १९ गते बाट लागु हुने गरी सन्दर्भ ब्याजदर लागु गरेको छ । यो स्प्रेड दर र सन्दर्भ ब्याजदरको बारेमा सबै सहकारी संघ संस्थाहरूलाई थाहा हुँदैन र ती संघ संस्थाहरूको आशा भनेको यस्ता कुरा सम्बन्धित संघले नै सिकाईदियोस् भन्ने हुन्छ र यो सम्बन्धित संघको दायित्व पनि हो ।

**बचतको सिमा**

संघीय सहकारी ऐन २०७५ को परिच्छेद ७ को दफा ५२ मा व्यक्तिगत बचतको सिमा सम्बन्धित संस्थाको विनियममा तोकिए बमोजिम हुन्छ भनिएको छ । यो कुरा सबै सहकारी संस्थाहरूलाई थाहा हुँदैन यो कुरा सिकाउने स्थान भनेको सम्बन्धित संघ हो भन्ने सहकारी संस्थाहरूको बुझाई रहेको छ ।

**प्राविधिक ज्ञान**

प्रविधिमा विश्वले धेरै फड्को मारिसकेको छ । विदेशमा ए.टि.एम. मेसिनहरू हटाउँदै जाने अवस्था आईरहेको बेलामा हाम्रो देशमा अवस्थित सहकारी संस्थाहरू ए.टि.एम. मेसिन जडान गर्दा नयाँ कार्य हुने अवस्था छ । पेपरलेस सेवामा बैंक तथा वित्तीय संस्था र सहकारीहरू गईसकेको अवस्था छ । अन्तर्राष्ट्रिय क्षेत्र नोट नछाप्ने कार्यतिर अग्रसर भईरहेको अवस्था छ । देश विदेशमा भएको प्रविधिको परिवर्तन र ती मध्ये हाम्रो सहकारी संस्थाहरूले के के कुरा अवलम्बन गर्न सक्दछ भनेर आवद्ध सहकारी संस्थाहरूलाई सिकाउने दायित्व सम्बन्धित सहकारी संघहरूको हुन्छ र प्रारम्भिक संस्थाको अपेक्षा पनि त्यहि हुन्छ ।

**सदस्य केन्द्रीयता सुचकांक**

सहकारी संस्था सदस्य केन्द्रित हुनुपर्दछ भनेर २०७४ भाद्र १८ गते सहकारी विभागबाट सदस्य केन्द्रीयता सुचकांक जारी गरिएको छ । यस भित्र संस्थापकीय सरोकार, सञ्चालकीय सक्रियता र संरक्षकीय सम्बन्धन गरी तिनवटा सुचकांकहरू पर्दछन् । संस्थापकीय सरोकारले सहकारी संस्थामा प्रयोग भएको पूँजी मध्ये शेयर सदस्यको पूँजीको अंक कति छ भनेर हेर्दछ । त्यसै गरी सञ्चालकीय सक्रियताले सहकारी संस्था सञ्चालनमा शेयर सदस्यहरूको सहभागिताको मात्रालाई परीक्षण गर्दछ । संरक्षकीय सम्बन्धनले संस्थाको प्रमुख सेवालई शेयर सदस्यहरूले गरेको प्रयोगको मात्रालाई नापगर्ने कार्य गर्दछ । यी तीन वटै सुचकांकहरू गणना गर्नको लागि सुत्रको व्यवस्था गरेको छ । यसरी आएको तीन वटाकै परिणामलाई जोडेर तीनले भाग गरी औषत मान निकालिन्छ । यसरी आएको औषत मान ३० भन्दा कम आए संस्था अनिश्चित, ३० देखि ४४ सम्म अंक आए संस्था साधारण, ४५ देखि ५९ अंक आए संस्था मध्यम, ६० देखि ७४ अंक आए संस्था उत्तम र ७५ वा सो भन्दा माथि अंक आए संस्था अतिउत्तम मानिने व्यवस्था गरिएको छ । प्रारम्भिक संस्था र संघको अपेक्षा भित्र यस्तो कुरा सम्बन्धित संघले सिकाई दिए हुन्थ्यो भन्ने हुन्छ । यस्ता कुराहरू सिकाउनु सम्बन्धित संघको दायित्व भित्र पर्दछ र सिकाउनु पर्दछ । हामी कुन कुन संघले यो कुरा सिकाएका छौ स्वमुल्यांकन गर्नुपर्ने अवस्था देखिन्छ ।

**कारोवार गणना विधि**

सहकारी संस्थाहरू उद्देश्य अनुसार सञ्चालन हुनुपर्दछ भन्ने मान्यता राखेर सहकारी विभागले २०७५ कार्तिक ९ गते सहकारी संस्थाको मुख्य कारोवार गणना विधि लागु गरेको छ । यस अनुसार सहकारी संस्थाहरूले आफ्नो उद्देश्य जे छ सो कारोवार न्यूनतम ७० प्रतिशत गर्नु पर्दछ भनेको छ । यो विषय लागु गर्नको लागि पहिलो कुरा सबै सहकारी संस्थाहरूलाई थाहा छैन भने दोस्रो कुरा कसरी लागु गर्ने अन्योल छ । यस विषयमा सम्बन्धित संघहरूले आवद्ध सहकारी संस्थाहरूलाई सिकाउनु पर्ने देखिन्छ र प्रारम्भिक सहकारी संस्थाहरूको अपेक्षा पनि त्यही छ ।

**सम्पत्ति शुद्धीकरण निवारण निर्देशिका**

राज्यमा अनियमितता, भ्रष्टाचार, कालोबजारी, कालो धन सेतो पार्ने कार्य रोक्नको लागि राज्यमा सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ लागु

गरिएको छ । यसै ऐन अन्तर्गत रहेर २०७४ माघ १५ गते सहकारी विभागले सहकारी संस्थाहरूलाई सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशिका जारी गरेको छ । सहकारी संस्थाहरूले यसै निर्देशिकालाई आधार मानी सम्पत्ति शुद्धीकरण निवारण नीति बनाउने, सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित कार्य गर्ने अधिकारी तोक्ने, सदस्यहरूको पहिचान फाराम भर्नुपर्ने र नभर्नेसँग कारोवार गर्न नहुने, सिमा भन्दा माथिको कारोवारको प्रतिवेदन सम्बन्धित निकायमा पठाउने, उच्च पदस्थ व्यक्तिहरूको छुट्टै पहिचान लिने, जोखिम व्यवस्थापन गर्नुपर्ने, असामान्य कारोवार पत्ता लगाउनु पर्ने, सिमा कारोवारको श्रोत खुलासा लिनुपर्ने, संकास्पद कारोवारको पहिचान गर्नुपर्ने, वित्तीय जानकारी इकाईको निर्देशन पालना गर्नुपर्ने, गोपनियता ख्याल गर्नुपर्ने, कोपोमिसमा आवद्ध भएको हुनुपर्ने, अभिलेख व्यवस्थापन गर्नुपर्ने लगायतका कामहरू अनिवार्य गरेको छ । भनेबमोजिम काम नगर्नेलाई कडा कारवाहीको व्यवस्था गरेको छ । यि कुराहरू सम्बन्धित संघले आवद्ध सहकारी संघ संस्थाहरूलाई बुझाउनै पर्ने देखिन्छ । प्रारम्भिक सहकारी संस्थाहरूले संघबाट यस्तो कुरा सिक्ने अपेक्षा राखेका हुन्छन् ।

### लेखापरीक्षण निर्देशिका

सहकारी संस्थाहरूको लेखापरीक्षण कार्य व्यवस्थित बनाउनको लागि नेपाल सरकारबाट २०७५ भाद्र ७ गते सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका २०७५ जारी गरिएको छ । यसमा सहकारी संस्थाको लेखापरीक्षक नियुक्ति तरीका, लेखापरीक्षक नियुक्तिको जानकारी पठाउने तरीका, जानकारी पठाउँदा पठाउनुपर्ने विवरणहरू, लेखापरीक्षकको कर्तव्य, सामान्य मानकको व्यवस्था, लामो फारामको व्यवस्था, लेखापरीक्षकको आचारसंहिता आदि कुराहरू समावेश गरिएको छ । यस्ता कुराहरू प्रारम्भिक सहकारी संस्था र संघहरूले आफू आवद्ध संघबाट जान्ने अपेक्षा गरेका हुन्छन् र सिकाउनु पर्ने दायित्व पनि सम्बन्धित संघहरूको नै हो ।

### कोपोमिस

सहकारी संस्थाहरूको अभिलेख चुस्त र दुरूस्त राख्न, सूचना लिन र दिन सहज बनाउनको लागि नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरीवी निवारण मन्त्रालयले सहकारी विभाग मार्फत् लागू गरेको सहकारी र गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (Cooperative and Poverty related Management Information System - COPOMIS) कोपोमिस हो । यसमा सहकारी संस्थाहरूको विभिन्न अभिलेख राख्न सकिन्छ र नियमनकारी निकायले आफ्नै कार्यालयमा बसेर अभिलेख हेर्न सक्दछन् । यसो हुँदा सहकारी संस्थाहरूलाई नियमन गर्न सहज भई कमिकमजोरीहरू तुरून्त सुधार गर्न लगाउन सकिन्छ । संघीय सहकारी नियमावली २०७४ को परिच्छेद ५ दफा ३२ उपदफा १ लाई कार्यान्वयन गर्नको लागि समेत यो सफ्टवयरले काम गर्न सक्ने देखिन्छ । यस सफ्टवयरमा अभिलेख राख्न सुरू गर्नको लागि सुरूमा लगईन आईडी र पासवर्डको आवश्यकता पर्दछ । सम्बन्धित निकायबाट लगईन आईडि र पासवर्ड लिएपछि सहकारी संस्थाहरूको विभिन्न अभिलेखहरू राख्न सकिन्छ । यस बारेमा प्रारम्भिक सहकारी संस्था र अधिनस्त तहका संघहरू अनबिज्ञ हुन सक्दछन् यस बारेमा माथिल्लो संघले यस सम्बन्धी तालिमको आयोजना गरी सिकाईदिनु पर्ने हुन्छ । यस्तो नयाँ कार्य आफू आवद्ध संघले सिकाईदियोस भन्ने चाहना प्रारम्भिक संस्था र अधिनस्त संघहरूको हुन्छ ।

### समानता

समानता भनेको समान व्यवहार हो । प्रारम्भिक सहकारी संस्थाहरू र अधिनस्त संघहरूले आफू आवद्ध माथिल्लो संघले समान व्यवहार गरोस् भन्ने अपेक्षा गरेका हुन्छन् । संघमा प्रतिनिधित्व गर्ने व्यक्तिहरू विभिन्न प्रारम्भिक सहकारी संस्था र अधिनस्त संघबाट आएका हुन्छन् । उनीहरूले आफूले प्रतिनिधित्व गरेको संस्थाको ब्याख्या विश्लेषण बढी गर्ने, आफ्नो संस्थालाई बढी प्राथमिकता दिने, अरू संघसंस्थाले राम्रो काम गरेको भए पनि उक्त कार्यलाई छायामा पारी आफ्नो संस्थालाई अग्रभागमा राख्ने, कुनै निकायबाट आउने अनुदान सम्मान पुरस्कारलाई समेत आफ्नो वा नजिकको संस्थालाई बढी प्राथमिकता दिएको भन्ने यदा कदा सुन्नमा आउछ । यसो गर्नु हुँदैन किनकी संघ भनेको आवद्ध संस्था र अधिनस्त संघहरूको अभिभावक हो । जसरी बाबु आमाले आफ्ना छोरा छोरीहरूलाई समान ब्यबहार गर्दछन् त्यसरीनै माथिल्लो संघले आफूमा आवद्ध अधिनस्त संघ र संस्थाहरूलाई समान ब्यबहार गर्नु पर्दछ । यस्तो पक्षपात नगरोस् भन्ने अपेक्षा प्रारम्भिक सहकारी संस्था र संघहरूको हुन्छ र नैतिकताको आधारमा पनि पक्षपात गर्नु बेठिक हुन्छ भन्ने सहकारी विज्ञहरूको विश्लेषण छ ।

### निष्कर्ष :

नेफ्स्कूनले आवद्ध शेयर सदस्यहरूलाई गुणस्तर सुनिश्चितताको कार्यक्रमहरू सञ्चालन गरी वित्तीय, सदस्य सेवा, सिकाई तथा वृद्धि, आन्तरिक परिवेशको विश्लेषणको लागि एक्सेस, प्रोबेशन र कर्वस् कार्यक्रम सञ्चालन गरेको छ । यी कार्यक्रमहरूले सहकारी संस्थाहरूलाई सुशासनमा सञ्चालित भई सदस्य सेवामा केन्द्रित हुन उत्प्रेरित गरेको छ । नेफ्स्कूनले आफ्ना सदस्यहरूलाई विभिन्न तालिम, गोष्ठीको माध्यमबाट शिक्षा प्रवाह गर्ने गरेको छ । राज्यमा प्रचलित ऐन नियमको बारेमा ज्ञान प्रवाह गर्ने गरेको छ । सदस्य संस्थाका मानव संशाधनलाई योग्य र दक्ष बनाई शेयर सदस्यलाई मुस्कान सहितको सेवा प्रवाह गर्न उत्प्रेरित गराएको छ । यसैगरी सबै सहकारी संघहरूले आफ्ना सदस्य संस्थाहरूमा समय सुहाउँदो नेफ्स्कूनको जस्तै गुणस्तर सुनिश्चितता कार्यक्रमलाई बृहत रूपमा अगाडि बढाउन, संस्थालाई सुशासनमा राखी पारदर्शि ढंगबाट सञ्चालन गर्न, राज्यमा प्रचलित ऐन कानूनको बारेमा ज्ञान प्रवाह गर्न, मानव संशाधनलाई योग्य र दक्ष बनाई मुस्कान सहितको सेवा प्रवाह गर्नको लागि ठूलो भूमिका खेल्नु पर्ने देखिन्छ र यहिनै सम्बन्धित संघका सदस्यको अपेक्षाभित्र पर्दछ ।

# जनकपुरका साकोसकर्मीहरुका लागि वार्षिक योजना तथा बजेट निर्माण तालिम




नेफ्स्कून फिल्ड कार्यालय जनकपुरको आयोजनामा जनकपुरका साकोसकर्मीहरूका लागि वार्षिक योजना तथा बजेट निर्माण तालिम प्रदान गरिएको छ । यही असार १५ र १६ गते सञ्चालन भएको तालिमको उद्घाटन नेफ्स्कूनका कोषाध्यक्ष केशब प्रसाद पोखरेलले गर्नुभएको थियो ।

उद्घाटन समारोहमा बोल्दै कोषाध्यक्ष पोखेलले सहाकरीको प्रष्ट भिजन तथा मिसन हुनु पर्ने, हिड्दै जादाँ जहाँ पुगिएला पुगिएला भनेर होइन की गन्तव्यको यकिन गरेरमात्र सहकारीलाई हिडाउनु पर्ने बताउनुभयो । उहाँले नेफ्स्कूनले अब प्रदेश नम्बर २ लाई विशेष रूपमा सम्बोधन गर्न खास कार्यक्रम बनाएर काम गर्न लागिएको बताउनुभयो ।

तालिम उद्घाटन सत्रमा नेफ्स्कून फिल्ड व्यवस्थापन उपसमिति सदस्यहरू सुधिर कुमार पाण्डे, नबिन कुमार कर्ण, बिजय कुमार महतो र गंगा बलम्पाकी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा स्वागत मन्तव्य राख्दै नेफ्स्कून फिल्ड व्यवस्थापन उपसमिति सदस्य गंगा बलम्पाकीले तालिमले सस्थालाई अब्बल बनाउन सहयोग गर्ने विश्वास लिएको बताउनुभयो ।

सहकारीको गुणस्तर सुधारमा जुन खाले कार्यक्रमहरू नेफ्स्कूनले आयोजना गर्दैछ त्यसलाई सहकारी सस्थाहरूले समेत आत्मासाथ गरेर अगाडि बढ्न सक्दा सहकारीमा जोखिम नआउने, सदस्यहरूको जीवनस्तरमा परिबर्तन हुने तथा समाजमा मान सम्मान समेत वृद्धि हुने विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रम समापनको अबसरमा सहाभागीको तर्फबाट बोल्दै रेणुका दाहाल भण्डारीले नेफ्स्कूनको तालिमले उर्जा भरेको र अब तालिमबाट निस्केर आफ्नो साकोसको योजना तथा बजेट निर्माण गर्ने र कार्यान्वयनमा लागेपछि परीक्षा सुरू हुने र आगामी दिनमा समेत यस्ता खाले तालिमहरू आयोजना गर्नु पर्ने समेत बताउनुभयो ।

तालिममा सप्तरी, धनुषा र महोत्तरी, जिल्लाबाट गरी २८ साकोस पदाधिकारी, सञ्चालक सदस्य र व्यवस्थापन कर्मचारी गरी ३६ जनाको सहभागिता रहेको थियो ।

# महिला साकोसको दोश्रो सेवाकेन्द्र उद्घाटन

महिला बचत तथा ऋण सहकारी संस्थाले इटहरी १२, स्थित खनारमा संकलन केन्द्रको स्थापना गरेको छ । वार्ड नं १०, ११, १२ र १३ का सदस्यहरूलाई सहज रूपमा सेवा दिने उद्देश्यले उक्त संकलन केन्द्रको स्थापना गरिएको संस्थाले जनाएको छ । प्रदेश नं १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेको प्रमुख आतिथ्यता, प्रदेश नं १ सांसद, खनार क्षेत्रका जनप्रतिनिधि तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरू लगायत संस्थाका सदस्यहरूको बाक्लो उपस्थितिमा संकलन केन्द्र उद्घाटन गरिएको थियो ।

उक्त कार्यक्रममा खनार बजार सरसफाई, डस्टविन हस्तान्तरण, असल ऋण कारोवार गर्ने सदस्यहरूलाई असल ऋणी परिचय पत्र (Green Card) वितरण तथा विभिन्न सांस्कृतिक प्रस्तुति समेत राखिएको संस्थाका व्यवस्थापक पुष्कर बस्नेतले जानकारी दिनुभयो । उक्त कार्यक्रममा बोल्दै प्रमुख अतिथि घिमिरेले महिला साकोस देशमै अब्बल सहकारी संस्था भएकोले अबको बचत तथा ऋण सहकारी अभियान उत्पादनमा केन्द्रित हुनुपर्ने र प्रदेश नं १ मा यसको नेतृत्व महिला साकोसले गर्नुपर्नेमा जोड दिनुभयो ।

उक्त कार्यक्रममा प्रदेश सांसद सर्बध्वज साँवा, नेपाल रेड्क्रस सोसाइटी खानार प्रमुख, जीवन विज्ञान, प्रदेश नं १ संयोजक बालिका खड्का भट्टराई लगायतले संस्थाको प्रशंसा गर्नुभएको थियो भने वडा नं १०, ११ र १२ का वडा अध्यक्षहरूले संस्थासँग सहकार्य गरेर काम गर्न इच्छुक रहेको धारणा राख्नुभएको थियो ।

# सहकारी सञ्चालन तथा ऐन नियम सम्बन्धी अभिमुखीकरण

**जुम्ला**

नेफ्स्कून फिल्ड कार्यालय सुर्खेतको आयोजना र प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशको आर्थिक सहयोगमा जुम्लामा सञ्चालित साकोसका प्रतिनिधिहरूलाई सहकारी सञ्चालन तथा ऐन नियम सम्बन्धी अभिमुखीकरण प्रदान गरिएको छ ।

उक्त अभिमुखीकरणको सहजीकरण मन्त्रालयको तर्फबाट सहकारी महाशाखा प्रमुख राजु बस्नेत, नेफ्स्कूनका सञ्चालक यज्ञ प्रसाद ढकाल र फिल्ड कार्यालय प्रमुख छत्र प्रसाद धमालाले गर्नु भएको थियो ।

जुम्लाको ३० वटा बचत तथा ऋण सहकारी संस्थाबाट तालिममा सहभागी ३७ जनाको सहभागिता रहेको थियो । सहकारीकर्मीहरूले तालिमबाट सहकारी सञ्चालनका विधि, प्रक्रिया र कानूनको बारेमा धेरै जानकारी प्राप्त भएको अभिव्यक्ति दिँदै सिकेको ज्ञान कार्यव्यवहारमा लागु गर्न सामूहिक प्रतिवद्धता व्यक्त गरेका थिए ।



---

**मुगु**

नेफ्स्कून फिल्ड कार्यालय सुर्खेतको आयोजना र प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशको व्यवस्थापन सहयोगमा मुगु जिल्लाको गमगढीमा दुई दिवसीय सहकारी सञ्चालन तथा ऐन नियम सम्बन्धी अभिमुखीकरण सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन प्रमुख आतिथि प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका महाशाखा प्रमुख राजु बस्नेतले गर्नुभएको थियो ।

नेफ्स्कूनका सञ्चालक यज्ञ प्रसाद ढकालको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा विशिष्ट अथिति छाँयानाथ रारा नगरपालिकाका उप मेयर सुन्तला रोकाया र सहकारी महाशाखा बरिष्ठ अथिकृत संगिता खड्का रहनु भएको थियो । अन्य अतिथिहरूमा जिल्ला बचत संघका कोषाध्यक्ष हरी बहादुर शाही, जिल्ला कृषि सहकारी संघका उपाध्यक्ष दान बहादुर बुढा रहनु भएको थियो ।

सहकारी महाशाखाका प्रमुख बस्नेतले सहकारी डिभिजन कार्यालय खारेजी भएसँगै सहकारी संघ संस्थामा अन्यौलता छाएको र सहकारी संस्थाहरूलाई परिवर्तित ऐन नियमको जानकारी समेत हुन नसकेको अवस्थामा नेफ्स्कूसँगको सहकार्यमा आयोजित यस प्रकारका तालिमहरू उपयोगी हुने बताउनुभयो ।

उहाँले आगमी दिनहरूमा पनि मन्त्रालयले यस्ता कार्यक्रमहरू सञ्चालन गदै जाने र स्थानीय निकाय र अभियानले पनि सहकारी संस्थाहरूको दीगो विकासका लागि एकजुट भएर काम गर्दैजानुपर्ने धारणा राख्नु भयो । साथै सम्पूर्ण संघ संस्थाहरूलाई सहकारी ऐन नियमावलीको मर्म अनुरूप आफ्ना क्रियाकलप सञ्चालन गर्दै जान र ऐन नियमावली अनुरूप सञ्चालन हुन नसक्ने अवस्थाका संस्थाहरू मर्जरमा जान सुझाव दिनुभएको थियो ।



कार्यक्रममा उद्घाटन सत्रमा बोल्दै उपमेयर रोकायले मुगुका सहकारी संस्थाहरूको अवस्था नाजुक छ, सहकारी संस्थाको क्षमता विकासमा नेफ्स्कूनले विशेष ध्यान दिनुपर्ने बताउँदै सहकारीको विकास र प्रवर्द्धनका लागि नगरपालिकाबाट आवश्यक बजेट विनियोजन गर्ने र संघसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

❑ ❑ ❑

# थाईल्याण्ड र भियतनाम सहकारी अध्ययन अबलोकन एक वृतान्त



**कृष्ण कुमार श्रेष्ठ**

प्रमुख कार्यकारी अधिकृत
चन्द्रागिरि साकोस
काठमाडौं

नेफ्स्कूनको संयोजनमा वि.स. २०७६ बैशाख २६ गते देखि जेठ २ गते सम्म ACCU-NEFSCUN Savings and Credit Cooperative Exposure Program सम्पन्न भयो । उक्त अध्ययन कार्यक्रम थाईल्याण्ड र भियतनामका विभिन्न सहकारी संघ संस्थाहरूको अध्ययन अवलोकन गर्ने गरी व्यवस्था मिलाईएको थियो । नेपालका विभिन्न १२ वटा साकोसका सञ्चालक तथा कार्यकारी प्रमुखहरू सहित जम्मा ३२ जनाको भ्रमणदललाई नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले नेतृत्व गर्नुभएको थियो ।

**सहकारी अध्ययन भ्रमणमा सहभागी व्यक्ति तथा संस्थाको विवरण:**

| सहभागीहरू | प्रतिनिधित्व गरेको संघ संस्था | पद |
|---|---|---|
| शिवजी सापकोटा | नेफ्स्कून, काठमाडौं | प्रमुख कार्यकारी अधिकृत |
| केशव प्रसाद सापकोटा | विकु साकोस, नवलपरासी | अध्यक्ष |
| त्रैलोक्यनाथ खरेल | विकु साकोस, नवलपरासी | उपाध्यक्ष |
| गोविन्द रिमाल | विकु साकोस, नवलपरासी | सचिव |
| कालिदास गौडेल | विकु साकोस, नवलपरासी | कोषाध्यक्ष |
| प्रेमप्रसाद सापकोटा | विकु साकोस, नवलपरासी | सह सचिव |
| इन्द्रराज ज्योती पौडेल | विकु साकोस, नवलपरासी | सञ्चालक सदस्य |
| हरिलाल सापकोटा | विकु साकोस, नवलपरासी | सञ्चालक सदस्य |
| ओम प्रसाद सापकोटा | विकु साकोस, नवलपरासी | सञ्चालक सदस्य |
| यमुनाथ आचार्य | विकु साकोस, नवलपरासी | सञ्चालक सदस्य |
| चन्द्रदत्त जैसी | विकु साकोस, नवलपरासी | सञ्चालक सदस्य |
| चोक बहादुर पाईजा | विकु साकोस, नवलपरासी | सञ्चालक सदस्य |
| पुष्पराज बराल | विकु साकोस, नवलपरासी | सञ्चालक सदस्य |
| सविना महतो | विकु साकोस, नवलपरासी | सञ्चालक सदस्य |
| उमा अधिकारी खत्री | विकु साकोस, नवलपरासी | सञ्चालक सदस्य |
| टिकाराम कँडेल | विकु साकोस, नवलपरासी | संयोजक, ले. सु. समिति |
| खेमराज सापकोटा | विकु साकोस, नवलपरासी | संस्थापक अध्यक्ष |
| नारायण सापकोटा | विकु साकोस, नवलपरासी | पूर्व अध्यक्ष |
| पूर्ण प्रसाद सापकोटा | विकु साकोस, नवलपरासी | क्षत्रिय प्रमुख |
| संगिता अधिकारी धरेल | विकु साकोस, नवलपरासी | प्रमुख कार्यकारी अधिकृत |
| माधव प्रसाद पौडेल | विकु साकोस, नवलपरासी | मुख्य व्यवस्थापक |
| कृष्णबहादुर गौतम | मिलिजुली साकोस, दोलखा | उपाध्यक्ष |
| कृष्णकुमार श्रेष्ठ | चन्द्रागिरि साकोस, काठमाडौं | प्रमुख कार्यकारी अधिकृत |
| कुमार खत्री | कल्याणकारी साकोस, ललितपुर | प्रमुख कार्यकारी अधिकृत |
| रणबहादुर थापा मगर | जनउत्थान साकोस, रूपन्देही | प्रमुख कार्यकारी अधिकृत |
| विनोद पराजुली | कोलिय देवदह साकोस, रूपन्देही | प्रमुख कार्यकारी अधिकृत |
| मदन बस्नेत | सामुदायिक साकोस, काभ्रे | प्रमुख कार्यकारी अधिकृत |
| राधा कडरीया | पाँचतारा साकोस, काठमाडौं | प्रमुख कार्यकारी अधिकृत |
| जिवलाल तिवारी | परोपकार साकोस, नवलपरासी | प्रमुख कार्यकारी अधिकृत |
| मोहन प्रसाद अधिकारी | पृथ्वी साकोस, कास्की | प्रमुख कार्यकारी अधिकृत |
| शिव लामिछाने | मेघा साकोस, बाँके | अध्यक्ष |
| राम दिक्षीत थापा | कृषक जागरण साकोस, लमजुङ | प्रमुख कार्यकारी अधिकृत |

**पहिलो दिन (२०७६।०१।२६)**

भ्रमणको पहिलो दिन २०७६ बैशाख २६ गते काठमाडौंबाट थाईल्याण्डको बैंकक तर्फको यात्रा तय भएको थियो । थाई एयरवेजको फ्लाईट नं TG 320 बाट बैंकको सुवर्णभूमि विमानस्थलमा अवतरण गर्ने योजना रहेकोले अन्तर्राष्ट्रिय उडानहरूमा निर्धारित समय भन्दा करिब ३ घण्टा अगाडि विमानस्थल पुग्नुपर्ने भए अनुसार बिहानैदेखि तयारीमा जुटियो । आवश्यक लत्ताकपडा, पासपोर्ट टिकेट, प्राथमिक उपचारका सामान्य औषधि लगायतका वस्तुहरूको प्याकिङ गर्ने काम अघिल्लो दिन साँझ नै सम्पन्न गरिसकिएको थियो ।



तसर्थ उक्त दिन बिहान उठेर सामान्य पूजापाठ, आरध्य देव श्री पशुपति नाथको दर्शन र परिवारबाट सगुन लिने कार्य सम्पन्न गरियो । चन्द्रागिरि साकोसको तर्फबाट पनि उक्त भ्रमणको प्रतिनिधित्व हुने भएको हुनाले संस्थाले विदाई कार्यक्रमको आयोजना गरेको थियो । संस्थाका अध्यक्ष श्री शिवशंकर मानन्धर, लेखा सुपरिवेक्षण समितिका संयोजक श्री गोविन्द प्रसाद मिश्र, सञ्चालक श्री शरद कुँवर एवं कर्मचारी मित्रहरूबाट दही सगुन लिई संस्थाबाट ९ बजे विदा भईयो । थानकोट कलंकी सडकमा ट्राफिक जाम धेरै भएकोले मातातिर्थ तर्फबाट बल्खु निस्कने गरी कार्यालयको सवारी साधनबाट प्रस्थान गरियो । अघिल्लो दिन नेफ्स्कूनमा भएको यात्रा सम्बन्धि अभिमुखीकरणमा विमानस्थलमा १०:३५ बजे भित्र आईपुग्ने जानकारी गराईए अनुसार निर्धारित समयमानै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगियो । विमानस्थल पुगेपछि भ्रमणमा सहभागी हुने सबै व्यक्तिहरू क्रमशः जम्मा हुँदै गयौं । नेफ्स्कूनको तर्फबाट सहभागीहरूलाई विदाई गर्ने कार्यक्रम रहेको थियो । यी सबै कुराहरूको व्यवस्थापन गर्नको लागि नेफ्स्कूनका प्रशासन तथा समन्वय विभाग प्रमुख श्री शिव अधिकारी उपस्थित हुनु भएको थियो । नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष श्री परितोष पौड्यालले सबै सहभागीहरूलाई खादा लगाएर विदाई गर्नुभयो ।

यस थाईल्याण्ड भियतनाम सहकारी अध्ययन भ्रमण सम्बन्धी यात्राको व्यवस्थापन गर्ने सगरमाथा कम्प्लेक्स नक्साल, काठमाडौं स्थित ग्लोबल सर्भिस प्रा.लि. का प्रतिनिधिहरू पनि विमानस्थलसम्म उपस्थित भई सहभागीहरूलाई विदाई गर्नुभयो । उक्त प्रा.लि. का सञ्चालक सुरेस काफ्ले सहभागीहरूको यात्रामा प्रभावकारीता ल्याउने उद्देश्यले यात्रामा सँगै सामेल हुनुभयो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट करिब १:५० बजे जहाज उडेको थियो । निर्धारित समयको हाराहारीमा सबैजना बैंककको सुवर्णभूमि विमानस्थलमा अवतरण गरी आ-आफ्नो लगेज प्राप्त गरी सकेपछि हाम्रो यात्रा अगाडि बढ्यो । सहभागीहरूलाई लिन बैंककस्थित ट्राभल एजेन्सीका प्रतिनिधिहरू पर्यटक बाहन बस सहित उपस्थित भएका थिए । सबै सहभागी साथीहरू उक्त गाडिमा बसिसक्दा साँझ पर्न लागि सकेको थियो तथापी दिन लामो भएकोले होला बैंकको करिब ७ बज्न लागि सक्दा पनि उज्यालै थियो । बैंककको वायुको तापक्रम उष्ण प्रकृतिको थियो । विमानस्थलबाट बस सम्म जाँदाको छोटो दुरीमा पनि बाहिरी तापक्रमको असर महसुस हुन्थ्यो । धेरै सहभागीहरू नेपालको गर्मी भुभागबाट प्रतिनिधित्व गर्ने व्यक्तिहरू हुनुभएपनि उनीहरूलाई समेत त्यहाँ अझ गर्मीको महसुस भईरहेको आभाष हुन्थ्यो ।

त्यस दिनको लक्ष्य बासस्थान गएर बस्ने मात्र थियो । विमानस्थलबाट बासस्थानमा जाने क्रममा टुर गाईडले थाईल्याण्ड तथा यसको राजधानी बैंककको विभिन्न जानकारीहरू गराउँदै थिईन । विमानस्थलबाट बस्ने होटल बसबाट यात्रा गर्दा करिब ३ घण्टा रहेको बाटोमा बेलुकीको खानाको प्रबन्ध गरिएको रहेछ । थाली रेष्टुरेन्टमा ईन्डियन खाना तयार भएको रहेछ । नेपाली खाना जस्तै दाल, भात, तरकारी र अचार खान पाउँदा सबैजना आनन्दित थियौं । बेलुकीको झण्डै १० बजे सबै जना होटलमा बास बस्न पुगेका थियौँ । उक्त होटलको लबिमा मात्र वाईफाई निशुल्क सुविधा थियो । कोठामा चलाउनको लागि २४ घण्टाको १०० भाट शुल्क बुझाउनु पर्दथ्यो । बैंकक जस्तो शहरको कुनै होटलमा इन्टरनेट प्रयोग गर्नको लागि शुल्क तिर्नुपर्छ भन्दा अचम्म पनि लाग्यो । सबैजना आ आफ्नो कोठाको साँचो लिएर आराम गर्न गयौँ । कोठामा २ जनाको दरले बस्ने गरी मिलाईएको थियो । मेरो कोठे मित्र नेपालगञ्ज स्थित मेघा साकोसका अध्यक्ष शिवलाल लामिछाने हुनुभयो । नयाँ व्यक्ति संग बस्दा नयाँ अनुभव हुने सोच्दै आराम गर्न कोठातिर गईयो ।

**दोश्रो दिन (२०७६।०१।२७)**

अघिल्लो दिन जानकारी गराईएअनुसार सोही होटलमा बिहानको नास्ता



गरिसकेपछि सबै सहभागीहरू ६:३० बजे होटलबाट हिँड्नको लागि तयार हुनु भएको थियो । झण्डै ३ घण्टा यात्रा गरी ९:३० बजे थाईल्याण्डको Nonthaburi प्रान्तमा अवस्थित एशियाली ऋण महासंघ (ACCU) को कार्यालय पुग्ने तालिका रहेको थियो । सोही अनुसार सबै सहभागीहरू तयार भईसक्नु भएको थियो । त्यस दिन बसमा टुर गाईड फेरिएको थियो । अघिल्लो दिनको गाईडले उक्त कुरा सहभागी सबैलाई जानकारी गराईसकेकी थिईन । हामी कोही बाटोको मनोरम दृष्यहरूको अवलोकन गर्दै त कोही निदाउँदै गन्तव्य तर्फ अगाडि बढ्यौँ । बैंककको सडकको स्तर, त्यहाँको ट्राफिक जाम, प्रदुषण रहित वातावरण, अग्ला गगन चुम्बी कम्लेक्स, औद्योगिक कलकारखानाहरू बसबाट देख्न सकिन्थ्यो । आनन्दित हुँदै हामी गन्तव्यमा पुग्यौं ।

एशियाली ऋण महसंघको कार्यालय भर्खरै FSCT (The Federation of Savings and Credit Cooperatives of Thailand Limited) मा सारिएको रहेछ । जुन थाईल्याण्डको Nonthaburi प्रान्तमा अवस्थित छ । FSCT को भवन अनौठो प्रकारले बनाइएको रहेछ । भवनको चारैदिशाबाट प्रकाश छिर्ने गरी भुँतलामा साँघुरो र माथिल्लो तल्लाहरू फराकिलो बनाउँदै एउटा गोलो भवन त्यस ठाउँको आकर्षणको केन्द्र बनेको देखिन्थ्यो । उक्त भवनको पाँचौ तल्ला एशियाली ऋण महासंघलाई कार्यालय सञ्चालन गर्नको लागि उपलब्ध गराईएको रहेछ । हामी पुग्दा एशियाली ऋण महासंघकी प्रमुख कार्यकारी अधिकृत Ms. Elenita V San Roque, प्रमुख व्यवस्थापन प्राविधिक अधिकृत Mr. Ranjith Hettiarachchi र सदस्य सेवा अधिकृत Mr. Kamon Kiatisirikumpon ले ACCU को सभाकक्षमा सबै सहभागीहरूलाई स्वागत गर्नुभयो । करिब ३:३० बजेसम्म सबै सहभागीहरूलाई Elenita र Ranjith ले प्रशिक्षण गर्नुभयो । सो प्रशिक्षणमा खासगरी "Rekindling Raiffeisen's Ideologies in the Heart of Every Credit Union" र बचत तथा ऋण सहकारीको विश्व तथा एशियाली परिवेशको बारेमा सहभागीहरूलाई प्रशिक्षित गराईएको थियो । साथै बचत तथा ऋण सहकारी संस्थाहरू दुर्घटनामा पर्नुको प्रमुख कारण सुशासन लागु नुहुनु हो भन्ने विषय विभिन्न राष्ट्रमा सहकारी असफल भएका उदाहरणबाट Ranjith Hettiarachchi ले उहाहरण सहित पुष्टि गर्दै सुशासन कार्यान्वयनको महत्वबारे प्रकाश पार्नुभयो । एशियाली ऋण महासंघले अब अर्को Credit Union Solution को रूपमा साकोसहरूमा सुशासन लागु भइरहेको छ की छैन भनेर जाँच गर्ने सुचांकहरू आगामी आकु फोरमबाट प्रस्तुत गर्न लागेको जानकारी समेत प्राप्त भयो । एशियाली ऋण महासंघका स्रोत व्यक्तिहरूबाट प्रस्तुत भएका विषयहरूलाई नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले सहभागीहरूका बिचमा बेला बेलामा प्रष्ट पार्नुभयो । उक्त प्रशिक्षणमा सहभागी हुँदा भ्रमणमा सहभागी हुने सबै सहकारीकर्मीहरूमा बचत तथा ऋण सहकारीको आदर्श आत्मसाथ गरेको अनुभुती भयो ।

करिब ६ घण्टाको अवधिमा सिकाई भएका मध्य बचत तथा ऋण सहकारीका पिता FRIEDRICH WILHELM RAIFFEISEN का निम्न भनाईहरू महत्वपूर्ण लाग्यो ।

- **Aim of Credit Union:** "Its purpose is to do away with the all-pervading evil, which can reduce even comfortably-off folk to a state of penury through lack of cash or credit, and which makes it impossible for indigent people to become financially independent."
- "The aim of the union must be to reduce the number of poor folk in your parish and to improve the general well-being of the inhabitants as a whole."
- "There is a connection between poverty and dependency. In order to fight poverty one should fight dependency first."



**3 'S' formula:**

- Self-help,
- Self-governance and
- Self-responsibility.

- **"Money is not an end in itself, but a means to an end:** "Repeatedly we have pointed to the fact that money does not represent an end in itself, as far as the Credit Unions are concerned, but that it is the means to improve the condition of all participants (members) in every respect. "




- **Freedom from Want:** "I cannot offer you a miracle which will free you from poverty without any effort on your part. But one way I do know which anyone can follow and which, if all work together for the common good, can achieve its purpose."

- **EDUCATION:** "After the credit union is established, only a few members understand its objectives and goals. Most members know little or nothing about the problems involved. A short lecture is not enough to raise a more general understanding."

- Helping the poor and the needy: "If my life has been worth anything to the poor and the needy, I do not regret single hour of it. For we must look upon the existence of the poor and the oppressed and the God-given means of expressing Christian love. Once this is recognized, all human pride is silence."

सो दिन बिहान ९:३० देखि ३:३० सम्मको अवधिमा एशियाली ऋण महासंघले सहभागीहरूलाई खानाको प्रबन्ध गरेको थियो । खानामा नेपालीहरूलाई मनपर्ने चिजहरू (खास गरी भात, माछाको परिकार, सब्जीहरू) समावेश भएको हुनाले थाई स्वादकै भएपनि मिठो मानेर खाईयो । बिचबिचको विश्राममा एशियाली ऋण महासंघकी प्रमुख कार्यकारी अधिकृतको कार्यकक्ष अवलोकन गरियो । सहभागीहरूले त्यहाँ बसेर फोटोहरू पनि खिच्नुभयो । करिब ३:३० बजे प्रशिक्षणका सम्पूर्ण सत्रहरू सम्पन्न भएपश्चात सामुहिक तस्वीर खिचेर सोही भवनको अर्को तलामा रहेको FSCT को कार्यालय प्रवेश गरियो । सबै सहभागीहरू सभाहलमा प्रवेश गऱ्यौं । सभाहल सबै दिशाबाट सहज तरिकाले हेर्न सकिने गरी डिजाईन गरिएको पाईयो । FSCT का अध्यक्ष Dr. Weera Wonsan र महाप्रबन्धक Dr. Somnuk Boonyal सहित अन्य पदाधिकारी तथा अधिकृतहरूको उपस्थितिमा सहभागीहरूलाई स्वागत गरिएको थियो । सहभागीहरू समक्ष करिब आधा घण्टाको प्रस्तुतीकरणमा FSCT को संक्षिप्त परिचयको साथै थाईल्याण्डको सहकारीको वस्तुस्थितिको बारेमा जानकारी गराईयो । छलफलका क्रममा थाईल्याण्डको अर्थतन्त्रमा १५ प्रतिशत योगदान सहकारी क्षेत्रको रहेको जानकारी प्राप्त भयो । त्यसैगरी नेपालमा बचत तथा ऋण सहकारी संस्थाहरूलाई साकोस भनिए झै थाईल्याण्डमा साकोस भनेर प्रस्तुतीकरण गरेको पाईयो । त्यहाँ पर्ल्स अनुगमन अनुपातको सट्टामा Basel Criteria अन्तर्गत BIS Ratio को प्रयोग गर्ने गरेको पाईयो ।

दोश्रो दिनको सिकाई सम्बन्धी कार्यक्रम सम्पन्न भए पश्चात त्यहाँबाट विदा भएर करिब ५:३० बजे थाईल्याण्डको पश्चित तर्फ अवस्थित अर्को महत्वपूर्ण पर्यटकीय शहर पतैया तर्फको यात्रा तय गरियो । पतैया पुगी शहर प्रवेश गरेपछि त्यहाँको एउटा रेष्टुरेण्टमा ईण्डियन खाना खाई होटल तर्फ लागियो । त्यहाँको Phuphaya Resort मा हामी पुग्दा रातको करिब ११:३० बजिसकेको थियो । होटलमा आफ्नो कोठमा झोला राखी कपडा फेरेपछि मुद्रा सटही गरेर आएर आराम गरियो ।

### तेश्रो दिन (२०७६।०१।२८)

तेश्रो दिनको लागि कुनै औपचारिक कार्यक्रम थिएन । उक्त दिन कोरल आईल्याण्डको भ्रमण गर्ने तालिका रहेको थियो । समुद्री तट हुँदै मोटरबोटको माध्यमबाट आईल्याण्डसम्म पुग्नु पर्ने भएकोले सबै जनाले हाफ पाईन्ट, चप्पल, कालो चस्मा र पातलो कपडा लगाएका थिए । आईल्याण्ड तर्फ जाँदै गर्दा आईल्याण्ड टुर गाईडले सबैजनालाई नेतृत्व गर्दै थिईन । सहभागीहरू नछुटिउन, नहराउन वा हराईहाले भने पनि पत्ता लगाउन सजिलो होस भन्ने हेतुले सबैजनाको हातमा सेतो डोरोले बाँधियो साथमा सबैको नाडिमा मार्करपेनले संकेत लेखियो । कालो चस्मा र चप्पल वा घाम छेक्ने टोपी नलगाईकन गएका व्यक्तिहरूलाई सम्बन्धित वस्तुहरू विक्रि गर्न खुद्रा व्यापारीहरूको भिडभाड लाग्ने रहेछ । केही साहभागीहरूले कालो चस्मा, चप्पल तथा टोपीहरू किन्नुभयो । सहभागीहरूलाई मोटरबोट तर्फ प्रस्थान

गराउने क्रममा समुद्री तटमा एक्ला एक्लै फोटो खिचाउँदै पठाईयो । २ समूह गरी हामीहरू समूद्रको विचभागमा रहेको केही ठुलो बोटसम्म पुग्यौँ । त्यहाँ सहभागीहरू मध्ये केहीले प्यारासैलिङ (Parasailing) अर्थात मोटरबोटमा जडित प्यारासुटमा समुन्द्रमाथि उड्ाउने खेलमा सहभागी हुनुभयो । डोरीमा झुण्डिएर प्यारासुट सँगै मोटर बोटले तीव्र गतिमा आकाशमा उडाउने भएको हुनाले यो खेलमा सहभागी हुन केही साहस जुटाउनु पर्ने हुँदो रहेछ । साहस जुटाउनेहरूले यसको प्रत्यक्ष मज्जा लिनुभयो, अरूले हेरेर आनन्द लिनुभयो । जे होस सबैले आ आफ्नो तरिकाले मजा लिनुभयो । म स्वयम् पनि प्रत्यक्ष मजा लिने कित्तामा उभिएँ । एकछिन बढो आनन्दको महसुस भयो । केहीबेरपछि त्यहाँबाट कोरल आईल्याण्ड तर्फ मोटरबोटमा तिब्र गतिमा अगाडि बढियो । हजारौ मानिसहरू समुद्री तटमा मजा लिईरहेका थिए । हाम्रो समूह पनि आ–आफ्नै तरिकाले मनोरञ्जन गर्ने तर्फ अग्रसर भयो । कोही पौडन थाल्नुभयो, कोही सानो मोटरबोट हुईक्याउन थाल्नुभयो । म लगायत केही साथीहरू भने समुद्री तटमा सितल हुने गरी छायाँ पारिराखेको भागमा आरामदायी बिच चेयरमा पल्टेर आनन्द लियौँ । कसैले जुस त कसैले वियर ईच्छा अनुसार सेवन गऱ्यौं । कोरल आईल्याण्डको मजा लिईसकेपछि फर्कने क्रममा बिहान फोटो खिच्नेहरूले समुद्री तटमा उभिएको र प्यारासैलिङ् गरेको फोटो फ्रेमिङ् गरेर विक्रीको लागि राखेका रहेछन् । आ–आफ्नो फोटो खरिद गरे पछि, सहभागीहरूलाई नजिकैको ईण्डिएन रेष्टुरेण्टमा खाना खुवाउन लगियो । मानिसहरूको धेरै घुईचो लागेको उक्त रेष्टरेण्टमा लाईनमा बसेर प्लेटमा खाना राखेर खाएपछि हामी त्यहाँबाट होटल तर्फ फर्क्यौं । होटलमा केहीबेर आराम गरिसकेपछि बेलुकीको खानाको लागि अर्को रेष्टुरेण्ट तर्फ लागियो । भ्रमणमा सहभागीहरूमध्ये विकु साकोसका सञ्चालक श्री हरिलाल सापकोटा र श्री प्रेम प्रसाद सापकोटा (राजु) को जन्मदिनको केक काटेर सोही रेष्टुरेण्टमा रमाईलो गरियो । खाना खाईसकेपछि धेरै सहभागी साथीहरू त्यहाँको प्रशिद्ध कार्यक्रम लेडिब्वाइसो अर्थात पुरूषहरू महिलाको भेषमा प्रदर्शन गर्ने, हेर्न जानुभयो तर थकाई लागेको हुनाले म लगायत केही साथीहरू भने होलटमा आराम गरेर बस्यौं ।

**चौथो दिन (२०७६।०१।२९)**

बिहानै Phuphaya Resort मै नास्ता गरिसकेपछि पतैयाबाट बैंकक तर्फको यात्रा सुरू भयो । त्यस दिन एउटा प्रारम्भिक सहकारी संस्थाको अध्ययन भ्रमण गर्ने तालिका रहेको थियो । हामी करिब ९:३० बजे St. Peter Credit Union Cooperative Limited को अध्ययन भ्रमणको लागि पुगेका थियौं । त्यस संस्थाको भवन , कार्यालय संरचना तथा साजसज्जा तथा सदस्य सेवा कक्ष आदिको अवलोकन पश्चात त्यस संस्थाका पदाधिकारी तथा व्यवस्थापन पक्षसंग भेटघाट भएको थियो । सहभागीहरूलाई संस्थाको पृष्ठभूमिको बारेमा जानकारी गराउनको लागि प्रस्तुतिकरण कार्यक्रमको आयोजना गरिएको थियो । जसमा सबै सहभागीहरूबाट अन्तरक्रिया पनि गरियो ।

त्यस संस्था ४७ वर्ष अगाडि स्थापना भएको संस्था हो । झण्डै ९७ प्रतिशत बौद्ध धर्मावलम्बी भएको थाईल्याण्डमा यो भने क्रिश्चियनहरूले सञ्चालन गरेको बचत तथा ऋण सहकारी संस्था रहेछ । यस संस्थामा जम्मा ६५४८ जना क्रिश्चियनहरू आवद्ध रहेका छन् जसमध्ये झण्डै ८० प्रतिशत क्याथोलिक क्रिश्चियनहरू रहेको पाईयो । सदस्य संख्या निक्कै ठूलो नभए पनि उक्त संस्थाको कुल सम्पत्ति भने करिब १ खर्ब ४५ अर्ब रूपैयाँ बराबरको रहेको पाईयो । सन् १९९८, २००४ र २०१० मा गरी जम्मा ३ पटक सो संस्थाले National Credit Union Cooperative Award प्राप्त गर्न सफल भएको रहेछ । थाईल्याण्डकै उत्कृष्ट बचत तथा ऋण सहकारी संस्थाहरूमध्येको यस संस्थाको सबैभन्दा बलियो पक्ष भनेको भाखा नाघेको ऋण पूर्ण रूपमा नियन्त्रण गर्न सक्नु रहेको पाईयो ।

सो दिन बेलुकी Cruise Dinner को व्यवस्था थियो । धेरै सहभागीहरूलाई यस बारेमा कौतुहलता थियो । साँझपख सबै सहभागीहरू Cruise Dinner को लागि प्रस्थान गरियो । सयौं पर्यटक सहित नदीमा ठूलो डुङ्गामा यात्रा गर्दै विभिन्न परिकार खाने र गीत संगितको रमाउनु नै Cruise Dinner को विशेषता रहेछ । नेपाली टोलीले नेपाली गीतमा मात्र नभएर अंग्रेजी, हिन्दी, श्रीलंकन गीतहरूमा समेत मनोरञ्जन गर्नुभयो । विभिन्न देशका पर्यटकहरू संग सँगै सहभागीहरूले नृत्य गरे । Cruise Dinner को आनन्द लिए पछि सहभागीहरू होटलमा फर्कियौं । हामीलाई दिउँसै बैंकक स्थित PJ Watergate Hotel मा राखिएको थियो जहाँ हामीले आफ्नो सर सामानहरू आ–आफ्नो कोठामा राखी Cruise Dinner को लागि प्रस्थान गरेका थियौं ।

St. Peter Credit Union Cooperative Limited को अध्ययन अवलोनपछि दिउँसोकै समयमा हामी उक्त होटलमा पुगेका थियौं । समय बाँकी भएकाले केही साथीहरूले नजिकैको ईन्द्र मार्केट लगायतका सपिङ् मलहरूमा गएर किनमेल गर्नुभएको थियो ।

**पाँचौ दिन (२०७६।०१।३०)**

पाँचौ दिन बेलकी ५:५० बजे भियतनाम तर्फको यात्रा गर्नु पर्ने भएको हुनाले हामीसंग बजार जाने समय थियो । तसर्थ धेरै सहभागीहरू नजिकका विभिन्न सपिङ् मलहरूमा सामानहरू खरिद गर्नको लागि व्यस्त हुनुभयो । म पनि केही साथीहरूको समूहमा संलग्न भई केही सर सामानहरू खरिद कार्यमा लागे । खासगरी मलाई स्मार्ट घडि किन्नुपर्ने भएकोले विकु साकोसका प्रमुख कार्यकारी अधिकृत सहित नजिकैको पेन्टिन मार्केट गएर खरिद गरियो । १२ बजे भित्र सबै सहभागीहरूले होटलबाट आ–आफ्नो झोला तथा सामानहरू निकाली सक्नु भएको थियो । त्यसपछि भियतनाम जान विमानस्थल तर्फ लागियो । बाटोमा सबै सहभागीहरूले कम्तीमा १० भाटका दरले रकम संकलन गरी टुरगाईडलाई टिप्सको रूपमा उपलब्ध गराइयो ।

भियतनाम तर्फ जाने क्रममा सुवर्ण भूमि विमानस्थलमा भएको ईलेक्ट्रोनिक बोर्डिङ्ग पास लिने व्यवस्थाको उपयोग हामीले गर्‍यौँ । नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत र म सहित केही साथीहरूले विमानस्थलमा राखिएको KIOSK Machine बाट आफैंले बोर्डिङ्ग पास र लगेज ट्याग लिएका थियौं । नयाँ प्रविधिको उपयोग गर्न पाएकोमा हामी दंग पनि भयौँ । यो प्रविधिको उपयोगले बोर्डिङ्ग पास लिनको लागि लामो समय लाईनमा बस्नुपर्ने झण्झटबाट मुक्त हुन सकिने रहेछ ।

निर्धारित समयमै साँझको ५:५० बजे थाई एयरवेजको उडान नं TG 564 बाट हामी भियतनामको हानोई शहरमा अवस्थित Noi Bai विमानस्थल तर्फ प्रस्थान गर्‍यौँ । करिब १ घण्टा ५० मिनेटको उडानपछि हामी विमानस्थलमा अवतरण गर्‍यौँ । भियतनाम पुगेपछि सबैजनाले On arrival Visa लगाउन विभिन्न फारम भरी फोटो सहित विमानस्थलमा उपलब्ध गरायौँ । भियतनामको भिसा शुल्क भनेर अगाडिनै रकम बुझाईसकेका व्यक्तिहरूलाई पनि पुनः त्यहाँ २५ अमेरिकी डलर तिर्न लगाईयो । पछि सहभागी सँगै जाने ग्लोबल सर्भिस ट्राभल प्रा.लि.का सुरेश काफ्ले ले उक्त रकम पछि सोधभर्ना गरिने कुरा बताउनुभयो । सहभागीहरूले त्यस ठाउँमा झण्डै १.५ घण्टा भिसाको लागि कुर्नु परेको थियो । छिटो गर्ने भए २०० डलर रकम बुझाउन विमानस्थलका कर्मचारीले भनेको जानकारी प्राप्त भएको थियो । हामीलाई घुस खुवाएर काम छिटो गराउन परेको थिएन तसर्थ सबैजना धैर्यताका साथ कुरेर बस्यौं । पछि भियतनामको टुर गाईडबाट थाहा भयोकी भियतनाममा हरेक काम छिटो गर्नको लागि त्यस्ता अतिरिक्त शुल्कहरू तिर्नुपर्ने रहेछ जसलाई सरकारले नै मान्यता प्रदान गरेको रहेछ । त्यस्तो अतिरिक्त रकमलाई उनीहरू Good luck money भन्दा रहेछन् ।

विमानस्थलबाट भिसा लगाईसकेपछि त्यहाँको टुर गाईड सँगै हामी सबै बस तर्फ प्रस्थान गर्‍यौँ । सहभागी मध्ये केहीलाई स्वाथ्यमा समस्या आएको देखियो । जसको कारण शौचालय गएको व्यक्ति केही समय सम्म नभेटिँदा हामी सबै र टुर गाईड समेत केही क्षण तनावग्रस्त भयौँ । बेलुकीको १० बजिसकेको थियो । थाईल्याण्डको टुर गाईड भन्दा भियतनामको टुर गाईट थप जानकार र मृदुभाषी थिइन । रातको समयमा पनि हाँसी हाँसी थकित मुद्राहरूलाई आफूतिर आकर्षित गरिरहेकी थिईन । त्यहाँको रेष्टुरेण्टहरू १० बजे बन्द हुने भएकोले उनले विशेष अनुरोध गरी एउटा रेष्टुरेण्टमा ईण्डियन खानाको प्रबन्ध मिलाईन । खाना खाई होटल सम्म पुग्दा झण्डै मध्य रात भईसकेको थियो । हानोई शहरको तीनतारे होटल क्यानोरी मा बस्ने प्रबन्ध मिलाईएको थियो । होटल पुग्दा त्यसबेला सम्म बसेको होटल मध्ये सबैभन्दा राम्रो होटल रहेको अनुभुती भयो ।

### छैठौं दिन (२०७६।०१।३१)

सोही होटलको १० औं तलामा बिहानको नास्ताको प्रबन्ध गरिएको थियो । बिहानको नास्ता सकिसके पछि भियतनामको National Cooperative Bank को अवलोकन गर्ने कार्यक्रम थियो । सन् २०१७ को डिसेम्बर महिनामा National Credit Union Federation of Korea (NACUFOK) ले आयोजना गरेको २ हप्ताको Asian Credit Union Leaders Program (ACL) मा सहभागिता जनाउँदा भियतनामको National Cooperative Bank का दुईजना साथीहरू पनि म सँगै सहभागी हुनुभएको थियो । सो दिन त्यसै बैंकमा जाँदै गर्दा वहाँहरू कता हुनुहुन्छ भनेर बिहानै मसेन्जरमा खोजी गरे । तुरून्तै प्रतिक्रिया दिनुभयो, वहाँहरू हानोईमै बस्ने र सोही कार्यालयमा काम गर्नु हुँदो रहेछ । वहाँहरू Minh Truong र Huy Pham हुनुहुन्थ्यो जो Coop Bank को अन्तर्राष्ट्रिय सम्बन्ध शाखामा काम गर्दारहेछन् । म पनि भ्रमणदलमा संलग्न भएको कुरा थाहा पाउँदा उनीहरू खुसी भए, मलाई पनि (ACL) कार्यक्रमको सानो पुनर्मिलन जस्तो हुन लागेको महसुस भयो । वहाँहरूले हामीलाई बाटो सम्मै लिन आउने सन्देश प्राप्त भयो । नभन्दै बसबाट ओर्लने वित्तिकै उनीहरू म लगायत हाम्रो समूहलाई स्वागतको लागि आइपुगे । त्यसपछि हामी National Cooperative Bank को अवलोकनको लागि भवनको माथिल्लो तलामा गयौं । बैंकका सहायक महाप्रबन्धकले सबै सहभागीहरूलाई भियतनामको सहकारी अभियान, बैंक स्थापनाको पृष्ठभूमि, प्रगतिका चरणहरूबारे जानकारी गराउनु भयो । त्यस तलामा भियतनाममा बचत तथा ऋण सहकारी अभियान कसरी सुरू भयो, सहकारी बैंक कसरी स्थापना भयो र कुन कुन चरण पार गर्दै अगाडि बढिरहेको छ भन्ने कुरा त्यसबेलाका फोटो, दस्तावेज, विभिन्न वस्तु, मुद्राहरू आदिलाई सजाएर कथानक बनाई प्रदर्शनमा राखिएको थियो । क्रमशः सबै कुराको व्याख्यात्मक जानकारीहरू वहाँबाट प्राप्त भयो । हामीलाई पनि त्यसले असाध्यै आकर्षित गर्‍यो ।

केहीबेर पछि सभाहलमा प्रवेश गरियो । त्यहाँ भियतनामको सहकारी अभियान, National Cooperative Bank तथा प्रारम्भिक बचत तथा ऋण सहकारी संस्था (People's Credit Fund) हरूको अवस्थाको बारेमा उक्त बैंकका प्रतिनिधिहरूले प्रस्तुतीकरण गरे । जस अनुसार मुख्य मुख्य कुराहरू निम्न रहेका छन् ।

- भियतनाममा बचत तथा ऋण सहकारी संस्थालाई People's Credit Fund (PCF) भनिन्छ । भियतनामको १४ वटा प्रान्तहरूमा पाईलटिङको रूपमा क्यानाडाको क्युबेकको Desjardins system अनुसार PCF हरू खोल्ने सरकारको निर्णय पछि धेरै संस्थाहरू खुले र सन् १९९४-१९९५ सम्ममा २१ वटा प्रान्तमा २१ Regional Credit Fund (RCF) हरू खुले ।
- भियतनाममा ७ प्रकारका सहकारीहरू रहेका छन् । तिनहरूको कुल संख्या झण्डै २० हजार रहेको ।
- State Bank of Vietnam (SBV), नेपालको राष्ट्र बैंक जस्तै, ले National Cooperative Bank र People's Credit

Fund(PCF) अनुगमन गर्ने गरेको ।

- People's Credit Fund (PCF) मा सदस्य बन्नको लागि कम्तीमा १८ वर्ष उमेर पुग्नु पर्ने ।
- People's Credit Fund (PCF) मा सदस्य बन्नको लागि न्यूनतम ३,००,०००।- भियतनामी रकम जम्मा गर्नुपर्ने हुँदो रहेछ । जुन १५ डलर रकम बराबर हुन्छ । हरेक वर्ष सदस्यले ५ डलर बराबरको रकम संस्थामा योगदान गर्नुपर्ने ।
- People's Credit Fund (PCF) हरूले सदस्य तथा गैर सदस्य दुवैसँग बचत संकलन गर्न पाउँछन तर ऋण भने सदस्यलाई मात्र लगानी गर्न पाउने ।
- State Bank of Vietnam (SBV) ले सन् २०१४ देखि Safety Fund को सुरूवात गरेको, जसमा National Cooperative Bank र People's Credit Fund(PCF) दुवैले आफ्नो औषत ऋणको ०.०८% रकम योगदान गर्ने र संस्थामा कुनै वित्तिय संकट आईपरेमा उक्त फण्डबाट ऋण सहयोग प्राप्त गर्न सक्ने प्रावधान रहेको ।

हुने गाउँ हो । जहाँको जनसंख्या १४,५०० रहेको ।

- उक्त संस्थामा हालसम्म जम्मा ६४५ जना सदस्यहरू रहेका छन् र १२ जना कर्मचारीहरू कार्यरत रहेका । यो संस्थाको हालसम्म कुनै पनि शाखा कार्यालयहरू नरहेको ।
- यो संस्थाको कुल सम्पत्ति नेपाली रूपैयाँमा करिब ५८ करोड २४ लाख रूपैयाँ रहेको ।

People's Credit Fund(PCF) को भ्रमण गरेर फर्कदा उपहार तथा सम्झनाको चिनोको सामान खरिद गर्न डाउन टाउन

अरू कुनै औपचारिक कार्यक्रमहरू राखिएको थिएन । बिहानको नास्ता गरेपछि हामी सबैजना होटलबाट विदा भयौँ । हानोई शहरको प्रशिद्ध स्थल Ho chi Minh Mausoleum को भ्रमण गर्ने कार्यक्रम पनि रहेको थियो । त्यस ठाउँमा छोटो लुगा लगाएका महिलाहरूलाई प्रवेश गर्न रोक लगाईदो रहेछ । तसर्थ टुर गाईडले बसमा सो सम्बन्धी जानकारी गराई सकेकी थिईन । त्यस दिन भियतनाममा बौद्ध धर्मावलम्बीहरूको पर्व मनाईदै थियो । देश विदेशका बौद्ध धर्मावलम्बीहरू हानोई शहरमा आएको जानकारी प्राप्त भएको थियो । हामी टिकेट लिएर क्रमशः Mausoleum तर्फ



National Cooperative Bank र People's Credit Fund (PCF) बाट विदा भएपछि सबै सहभागीहरू खाना खाएर त्यहाँको एउटा People's Credit Fund(PCF) को अध्ययन अवलोकन गर्नको लागि लाग्यौं । हामी Van Phu People's Credit Fund अवलोकनको लागि पुग्यौं । अवलोकनको क्रममा त्यस संस्थाको बारेमा देहाय अनुसारको जानकारी प्राप्त गर्‍यौं ।

- संस्थाको नामः Van Phu People's Credit Fund
- यो संस्था सन् १९९५ मा स्थापना भएको हो जुन भियतनामको Ha Dong District को Van Phuc ward मा अवस्थित छ । Van Phuc ward एउटा प्राचीन सिल्क बुनाई

मार्केटमा पुगियो । सामान किन्नुपर्ने व्यक्तिहरू किन्नमा व्यस्त हुनुभयो, किन्न नपर्नेहरू नजिकैका सुन्दर ठाउँहरूको अवलोकन गर्न थाल्नुभयो । जम्मा २ घण्टाको समय त्यहाँ बिताएपछि नजिकै एउटा ईण्डियन खाना पाउने रेष्टुरेण्टमा बेलुकीको खाना खाईयो । उक्त रेष्टुरेण्टको सेफ भारतको कलकत्ताका नागरिक रहेछन् । नेपालीहरू आएको भन्ने थाहा पाएर बाहिर सम्म आइ परिचय र बोलचाल गर्न आईपुगेका थिए । त्यसपछि सबै सहभागीहरू होटल फर्की आराम गयौं ।

**सातौं दिन (२०७६।०२।०१)**

साँतौ दिन बेलुकी हामी भियतनामबाट बैंकक फर्कने कार्यक्रम थियो । तसर्थ

अगाडि बढ्यौ । स्वतन्त्र भियतनामका नायक स्व. Ho chi Minh को पार्थिव शरिरलाई जोगाएर राखिएको थियो । त्यो क्षेत्र Ho chi Minh ले आराम गर्ने स्थान भएकोले स्मारकको रूपमा विकास गरिएको पाईयो । Ho chi Minh बस्ने घर, आराम कक्ष, डुल्ने बगैंचा, पोखरी, चढ्ने कार आदि सबै स्मारकमा राखिएको थियो । Ho chi Minh Mausoleum को ठिक विपरित दिशा तर्फ त्यहाँको सांसद भवन रहेको छ । त्यस ठाउँको भ्रमणले भियतनाको ईतिहास, यसले व्यहोरेको युद्धको अवस्था र भियतनामीहरूको साहसको झझल्को दिइरहेको थियो ।

त्यस पछिको समय पुन बजार जानको लागि तय गरियो । ब्राण्डेड सामानहरू खरिद गर्न चाहने सहभागीहरूलाई समेत सहज हुने गरी कोरियाली

बहुराष्ट्रिय कम्पनि LOTTE ले निर्माण गरेको सपिङ कम्प्लेक्समा पुगियो । यो सपिङ कम्प्लेक्स ५९ तलाको थियो जुन भियतनामको सबैभन्दा अग्लो भवन हो । भियतनाममा धेरै अग्लो भवन बनाउन पाईदैन । क्रमशः समय सँगै परिवर्तन हुँदै भर्खर भर्खर मात्र अग्लो भवन बनाउन सुरू हुँदै छ ।

LOTTE मार्केट तथा आसपासका बजारमा सहभागीहरूले आवश्यकता अनुसार सामानहरू खरिद गरे । LOTTE मार्केट भित्रकै रेष्टुरेण्ट भित्र त्यस दिनको खानाको प्रबन्ध गरिएको थियो । हरेक दिन ईण्डियन खाना खाईरहेका सहभागीहरू आज फरक खाना, विशेष गरी सामुद्रिक जीवहरूको परिकार सहितको खाना (Seafood) खादै हुनुहुन्थ्यो । जेष्ठ तथा शाकाहारी व्यक्तिहरूले केही अप्ठ्यारो माने जस्तो गनुभएको देखिएता पनि प्राय सहभागीहरू त्यस दिनको खानामा रमाउनु भएको पाईयो । प्रति व्यक्ति १० डलर तिरेपछि त्यस रेष्टुरेण्ट भित्र तयार भएका सबै चिजहरू आफ्नो आवश्यकता अनुसार खाने प्रबन्ध मिलाईएको थियो । शाकाहारीको लागि साकाहारी चिजहरू मात्र लिएर पनि खान सकिन्थ्यो । मांसाहारीको लागि टेबल टेबलमा अक्टोपस, झिंगे माछा, ओईस्टर, सामुद्रिक हरियो सागसब्जी आदि आफ्नो आवश्यकता अनुसार पकाएर खाने सुविधा उपलब्ध थियो । पेय पदार्थ जुस तथा वियर उपलब्ध थियो । खासगरी दोऱ्याएर विदेश जानेहरूले यस प्रकारको खानाको रेसिपीलाई अनौठो मानेनन् । आनन्दका साथ ग्रहण गर्नुभयो ।

सो दिन बेलुकी ८:४५ बजेको उडान समय थियो । तसर्थ खाना पछि केही समय अलमल गरिसकेपछि सबैजना एकैठाउँमा भेला भई त्यष द्यबष विमानस्थल तर्फ लागियो । ट्राभल बसभित्र टुरगाईडले टिप्स दिनुपर्ने त्यहाँको नियम नै रहेको भनेर जानकारी गराईन । धेरै सहभागीहरूले खुसी भएर उनलाई टिप्स दिए । किनकी पर्यटकहरूलाई हेरचाह गर्ने, वास्ता गर्ने, जानकार बनाउने र मनोरञ्जन दिन सक्ने खुबीका कारण उनले सहभागीहरूको मनमा छाप बनाईसकेकी थिईन । विमानस्थलमा पनि भित्र सम्मै आएर सबैजना सुरक्षित पूर्वक अगाडि बढेको सुनिश्चित गरिन । कोही सहभागी उनीसंग छुट्ने बेलामा भावुक भएर निकै लामो समय कुरा गरेर बस्नुभयो । विकु साकोसका अध्यक्ष केशव प्रसाद सापकोटाकी पत्नी रिता पौड्याल जो यस अध्ययन कार्यक्रममा क्यानाडा देखि आई दोश्रो दिन देखिको कार्यक्रममा जोडिइनु भएको थियो, उहाँ यही विमानस्थलबाट क्यानडा तर्फ फर्किदै हुनुहुन्थ्यो । आफ्नोपन भनेको अचम्मको हुने, विकु साकोस समूहलाई मात्र नभएर अन्य सहभागीहरूलाई समेत उहाँलाई त्यहाँ छोडेर अगाडि बढ्नु पर्दा एकप्रकार पिडाको महसुस भईरहेको थियो ।

निर्धारित समयमै थाई एयरवेजको उडान नं TG 565 बाट हामीहरू सबै बैंकको सुवर्णभूमि विमानस्थल तर्फ प्रस्थान गऱ्यौं । सुवर्णभूमि विमानस्थल पुग्दा रातको १० :३५ बजीसेकेको थियो । नेपाल फर्कने समय भोलिपल्ट १०:१५ बजे मात्र भएकोले सबै सहभागीहरूले त्यस दिनको रात सोही विमानस्थलमा विताउनु पर्ने थियो । झण्डै १० घण्टा समय विताउनु पर्ने, त्यसमा पनि रातको समय । त्यति लामो समय ट्राञ्जिट रहँदा त बरू केही शुल्क बढाएरै भएपनि सबैलाई विमानस्थल नजिकको होटलमा लगेर राखेको भए हुने भने जस्तो पनि लाग्यो । तर त्यस्तो व्यवस्था थिएन । सहभागीहरू आ आफ्नै तरिकाले समूह समूह मिलेर त्यहाँ भएका कुर्सीहरूमा आराम गर्न थाल्नुभयो । नेफ्स्कूनका प्रमुख कार्यकारी








अधिकृत, विकु साकोसका अध्यक्ष, सोही संस्थाका प्रमुख कार्यकारी अधिकृत, जनउत्थान साकोसका व्यवस्थापक र म लगायत केही साथीहरू सहभागीहरूलाई व्यवस्थापन गर्न तर्फ लाग्यौ । केही समय यथासम्भव व्यवस्थापन भएपछि आ आफ्नो समूहमा साथीहरू आराम गर्न थाल्नुभयो ।

### आठौं दिन (२०७६।०२।०२)

अघिल्लो दिन खासै आराम गर्न पाईएको थिएन । १ गते राती त आँखा झिमिक्क पनि गर्न पाईएन । २ गते बिहान ३ बजे एकछिन विमानस्थलको C गेट तर्फको खाली कुर्सीहरूमा गएर सुत्ने प्रयास गरियो । ५ बजे सम्म आँखा चिम्लेर नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत र म उठ्यौं । विमानस्थलको कफी वर्ल्डमा

गएर कफि पियौँ त्यस पछि सहभागी साथीहरूसंग सम्पर्क गर्न थाल्यौं । विमानस्थलको ड्युटी फ्रि पसलहरूमा चकलेटहरू किने पछि हामी विमान तर्फ जाने गेटमा गएर बस्यौं । निर्धारित समयमै विमानतर्फको गेट खुल्यो र हामी विमान भित्र प्रवेश गऱ्यौं । सुवर्णभूमि विमानस्थलबाट काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तर्फ उडान नं TG 319 मार्फत निर्धारित समय बिहानको १०:१५ बजे प्रस्थान गरियो । काठमाडौं आईपुग्दा बिहानको करिब १२:३० बजेको थियो । बैंककबाट उड्नु अगाडि नै १२:३० बजे विमानस्थलसम्म लिन पठाउनको लागि कार्यालयमा मेसेज पठाएको थिएँ । विमान अवतरण गर्ने वित्तिकै फोनको स्विच अन गरैँ । फोन खोल्ने वित्तिकै कार्यालयबाट लिन आएको गाडीको चालकको फोन आयो । त्यसपछि विमानस्थलमै काम गर्ने एक जना साथी जो ATC को रूपमा काम गर्नुहुन्छ, म आउने सूचना थियो सायद उहाँलाई । विमान अवतरण गरेको एकै छिनमा फोन आयो, "नेपालमा स्वागत छ" भनेर । चेक ईन गरिसकेपछि, आफ्नो लगेज लिएर विमानस्थलबाट साथीहरूसँग विदा भएर थानकोट तर्फ प्रस्थान गरैँ ।

**निश्कर्ष**

करिब १ हप्ता लामो ACCU-NEFSCUN Savings and Credit Cooperative Exposure Program सिकाईको हिसाबले औषत मात्र रह्यो । उक्त भ्रमणमा सहभागी हुने साकोसहरू मध्ये धेरै अन्तर्राष्ट्रिय स्तरको छवि बनाउन सफल भइसकेका थिए । सहकारी अध्ययन भ्रमणमा संलग्न व्यवस्थापक तथा कार्यकारी प्रमुखहरू पनि लामो समय सम्म व्यवस्थापनको अनुभव भएका, नेपालमा उत्कृष्ट व्यवस्थापकको रूपमा सुपरिचित व्यक्तिहरू हुनुहुन्थ्यो । त्यस हिसाबले सहभागीहरूले थाईल्याण्डमा एशियाली ऋण महासंघ (ACCU) बाट प्रस्तुत भएका विषयवस्तु र भियतनाममा सहकारी बैंक (Coop Bank) बाट प्रस्तुत भएका विषय वस्तु बाहेक थाईल्याण्डको केन्द्रिय संघ (FSCT), प्रारम्भिक संस्था र भियतनामको प्रारम्भिक संस्थाबाट खासै ठूलो सिकाई हुन सकेन । तर यो एक पुनर्ताजगी कार्यक्रम पनि भएको हिसाबले समग्रमा यस भ्रमण कार्यक्रमले राखेको उद्देश्य पुरा भएको छ । सहभागीहरूले बचत तथा ऋण सहकारी क्षेत्रको मात्र नभएर थाईल्याण्ड, भियतनामको जनजीवन, त्यहाँको वित्तीय बजार, अर्थतन्त्रका साथै पर्यटन उद्योगको नजिगबाट अनुभुती गर्न पाइयो । त्यसैले विभिन्न सहकारी संघ संस्थाबाट सहभागी हुने सहकारीकर्मीहरूमा जानकारीहरू प्राप्त गर्ने कोणबाट यो भ्रमण सफल भएको छ ।

**सुझाव**:

आगामी दिनहरूमा यस प्रकारका कार्यक्रमहरू आयोजना गर्दा ध्यान पुऱ्याउन सजिलो होस भन्ने हेतुले निम्न सुझावहरू यहाँ प्रस्तुत गरिएका छन् ।

(१) थाईल्याण्डको बैंकक र पतैया तथा भियतनामको हानोई जस्तो शहरमा भ्रमण जाँदा सहभागी छनौटमा ध्यान दिन जरूरी देखिन्छ ।

(२) सहभागीको स्तर अनुसार भ्रमणको लागि प्रारम्भिक संस्थाहरू छनौट गर्दा अझ गुणस्तरीय संस्थाहरू छनौट गर्न सकिएमा भ्रमणको प्रभावकारीता बृद्धि हुने देखिन्छ ।

(३) लामो समय ट्राञ्जिटमा असमञ्जस्यताका साथ समय विताउन बाध्य बनाउनु भन्दा आयोजकले थप शुल्क लिएर भएपनि विमानस्थल नजिकको होटलहरूमा बस्ने व्यवस्था मिलाउन उपयुक्त हुन्छ ।

# साकोसमा तरलता व्यवस्थापन तालिम

नेफस्कून ललितपुर फिल्ड कार्यालयको आयोजनामास्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरमा असार १७ गते तरलता व्यवस्थापन तालिम सम्पन्न भएको छ ।

तालिम कार्यक्रममा ललितपुर जिल्लाका २४ वटा साकोसबाट १० जना महिला र १५ जना पुरूष सहित २५ जनाको सहभागिता रहेको थियो ।

तालिम समापन सत्रको अध्यक्षता नेफस्कूनका सञ्चालक एवं



ललितपुर फिल्ड व्यवस्थापन उपसमिति संयोजक नानीकाजी शाक्यले गर्नुभएको थियो । उक्त सत्रमा श्रोतकेन्द्र तथा शिक्षा उप समिति सदस्य इन्द्र घिमिरे, तालिम केन्द्रका प्राचार्य सञ्जयराज तिमल्सिनाको उपस्थिति थियो । तालिमका सहभागीरूलाई संघका सञ्चालक शाक्यले तालिम प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

तालिम समापन सत्रमा बोल्दै सभाध्यक्ष शाक्यले संस्थालाई नीति, विधि र प्रविधिमा चलाउनु पर्ने, संस्थाले वित्तीय अनुशासनलाई ध्यान दिनुपर्ने, सुशासित संस्था बन्नका लागि नेफ्स्कूनले सञ्चालनमा ल्याएका गुणस्तर सुनिश्चितताका कार्यक्रमहरूमा सहभागी भई अगाडि बढ्नका लागि सबैलाई आह्वान गर्दै संस्थाई परेको बेला सम्पूर्ण सहयोग गर्न नेफ्स्कून तयार रहेको धारणा व्यक्त गर्नुभयो ।

तरलता व्यवस्थापनसँग संस्थाको ख्याती, सञ्चालक तथा व्यवस्थापनको भविष्य, सदस्यको बचतको सुरक्षा, सहकारी अभियानको प्रतिष्ठा लगायतका विषयहरू जेडिएको हुँदा यी विषयहरूमा साकोसले सँधै ध्यान दिनुपर्नेमा जोड दिइएको थियो ।

तालिममा तरलता व्यवस्थापनका उपायहरू सम्बन्धमा संस्थाले छोटो अवधिको नयाँ बचत सेवाको थालनी गर्ने, सदस्य विस्तार गर्ने, बचतकर्ताहरूसँग सम्पर्क गरी बचतका लागि प्रोत्साहन गर्ने, ऋण लगानीलाई नियन्त्रण गर्ने, भाखा नाघेको ऋण अशुलीलाई पर्याप्त ध्यान दिने लगायतका विविध विषयहरूमा छलफल तथा अन्तरक्रिया समेत गरिएको थियो ।

तालिम सहजीकरण नेफ्स्कूनका बरिष्ठ तालिम अधिकृत बल्लभ तिमल्सिनाले गर्नुभएको थियो । तालिमको संयोजन तथा कार्यक्रम सञ्चालन ललितपुर फिल्ड ईन्चार्ज दिनेश गौतमले गर्नु भएको थियो ।

# सुर्खेतमा नेकोसप्लस सफ्टवेयर तालिम तथा अन्तरक्रिया

सुर्खेत र दैलेखमा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाहरूलाई लक्षित गरी जेष्ठ ७ देखि ९ गतेसम्म दुई छुट्टाछुट्टै नेकोसप्लस सफ्टवेयर तालिम तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

संघले उत्पादन गरेको नेकोसप्लस सफ्टवेयर प्रयोग गरिरहेका र प्रयोग गर्न बाँकी बचत तथा ऋण सहकारी संस्थाहरूलाई लक्षित गरी अन्तरक्रिया तथा तालिमको आयोजना गरिएको हो ।




तालिमको उद्घाटन गर्दै नेफ्स्कून फिल्ड कार्यालय व्यवस्थापन उपसमिति सदस्य ओम प्रकाश सुवेदीले आजको युग प्रविधिको युग हो, सबैले कार्यालयीय वातावरणलाई प्रविधिमैत्री बनाउँदै लैजाने हो भने कर्णाली प्रदेशलाई पनि पेपर रहित र प्रविधियुक्त बनाउन सकिने विचार व्यक्त गर्नुभयो ।

उहाँले बचत तथा ऋण सहकारीको एक मात्र केन्द्रीय संघ नेफ्स्कूनले सञ्चालनमा ल्यायको सफ्टवेयर नै सहकारीहरूका लागि सबैभन्दा सजिलो र विश्वसनिय रहेको भन्दै सबै बचत तथा ऋण सहकारी संस्थाहरूले नेकोसप्लस सफ्टवेयर जडान गरी सुरक्षित र गुणस्तरीय कारोवार मार्फत एकरूपता कायम गर्नुपर्ने आवश्यकता औल्याउनुभयो ।

यससँगै नेकोसप्लस सफ्टवेयर प्रोगकर्ता संस्थाका व्यवस्थापन प्रमुखहरूसँग अन्तरक्रिया गरी सफ्टवेयर सञ्चालनका दौरानमा आइपरेका समस्याहरू र सुधार गर्नु पर्ने पक्षहरूको विययमा छलफल भएको थियो । तालिम तथा अन्तरक्रिया कार्यक्रम सहजिकरण नेफ्स्कूनका सुचना प्रविधि अधिकृत राजन सुवेदी र सुर्खेत फिल्ड कार्यालय इन्चाज छत्र प्रसाद धमालाले गर्नु भएको थियो । अन्तरक्रिया कार्यक्रममा सुर्खेत र दैलेखका गरी १४ संस्थाबाट साकोस प्रतिनिधिहरूको सहभागिता रहेका थियो ।

# æ' ; d[4 gkfn, ; 'vL gkfnL'

# वित्तीय साक्षरताको अभ्यास अपरिहार्य

**नविन राज दाहाल**

बरिष्ठ अधिकृत
कार्यक्रम तथा विकास
नेफ्स्कून



> वित्तीय साक्षरताले अनियमित खर्चको अन्त्य, ऐच्छिक खर्चको न्यूनीकरण र अनिवार्य खर्चको विविधीकरण गरी बचत गर्ने बानीको विकास मार्फत कुल जम्मा बचतलाई उद्यममा लगानी गर्ने वातावरणको अभ्यास सबैमा जागरुक गराउन मद्दत मिलेको छ ।

वित्तीय साक्षरता अभ्यासको आवश्यकता घरदैलोमा पुग्नु पर्छ । राज्यले आर्थिक रूपान्तरणको अभ्याससँग जोडेर वि.स. २१०० सम्ममा नेपाललाई उच्च आय भएको मुलुकमा रूपान्तरण गरी "समृद्ध नेपाल, सुखी नेपाली" को साझा राष्ट्रिय आकांक्षा पुरा गर्ने दीर्घकालीन सोच लिएको छ । साथै राज्यले प्रतिव्यक्ति वार्षिक कुल राष्ट्रिय आय १२,१०० अमेरिकी डलर पुऱ्याउने लक्ष्य तय गरी आम्दानीको श्रोत वढाउने अभ्यासमा विभिन्न क्षेत्रगत योजना अगाडि सारेको छ । तसर्थ ग्रामीण भेगमा बसोवास गर्नेहरूले डिजिटल नगद प्रणालीको अभ्यासमा उत्रिन आवश्यक छ ।

भ्रमण, प्रकाशन तथा सिकाई आदान प्रदान गरी वित्तीय साक्षरताको सिकाई प्रवाह गर्दै आइरहेको छ । नेफ्स्कून र सामी/हेल्भेटास स्वीस इन्टरकोपरेशन नेपालको साझेदारीमा सुरक्षित आप्रवासन (सामी) परियोजना अन्तरगत नवलपरासी, सर्लाही र सुनसरी जिल्लाहरूमा ३२ वित्तीय साक्षरता कक्षा सञ्चालन गरिएको थियो जसमा ७६३ जना महिला र ३ जना पुरूषको सहभागिता थियो । यस कक्षामा आम्दानीबाट खर्च घटाई बचतको वानीको अभ्यास गरिनुपर्छ भन्ने वित्तीय रूपान्तरणीय प्रवाह गरियो । वैदेशिक रोजगारमा गएका परिवारहरूको भावी जीविकोपार्जन सहज हुनेछ भन्ने अवधारणा सहित चरणगतरूपमा



**नेफ्स्कूनमा वित्तीय साक्षरताको अभ्यास** :

नेफ्स्कूनले पनि राज्यको समग्र आर्थिक रूपान्तरणमा वित्तीय सहकारी र आवद्ध भएका सदस्यहरू माझ तालिम, गोष्ठी,

७६६ घरधुरीहरूलाई नमुना वित्तीय साक्षरता कक्षा सञ्चालन गरिएको थियो । यस रूपान्तरणीय अध्यायले खर्चको कटौती गरी बचत गर्ने बानीको विकासलाई बढी प्राथमिकतामा राखेको

थियो । साना-साना रकमलाई जोहो गरेर उत्पादन क्षेत्रमा लगानी गर्नुपर्छ भन्ने भावना र सोचको विकास भयो । आज भोली वित्तीय साक्षरता कक्षामा सहभागी भएका महिलाहरू आफ्नो श्रीमान, दाजु, भाई, काका र बाबुलाई स्वदेशमानै रोजगारीको अवसर सिर्जना गर्न जुटेका छन् । आप्रवासी स्रोत केन्द्र, कावासोती, नवलपरासीकी महिला श्री केशरी रानाको भनाईमा परिवारमा खुशी ल्याउन लाखौं लगानी चाहिदैन श्रम र व्यवहारको परिवर्तनले आम्दानी वढाउन सकिन्छ भन्नु हुन्छ । वित्तीय साक्षरता अभ्यासलाई जीवनमा वित्तीय सुकार्य परिवर्तनको शिक्षाको रूपमा लिएका छन् । वैदेशिक रोजगार प्राय नेपालीलाई आयको गन्तब्य बनेको छ । श्रम, पसिना, उमेर, उजागरता, चाहना, इच्छा शक्ति, परिवारको मायामोह र सुख त्यागेर परिवारको भावी आर्थिक अवस्था सुदृढ हुनेछ भन्ने अभिप्राय राखी नेपालीहरू विदेशमा श्रम गरिरहेका छन् । परिवार र राज्यको वाध्यताको उपज हो भन्ने लाग्छ । वित्तीय साक्षरताले अनियमित खर्चको अन्त्य, ऐच्छिक खर्चको न्यूनीकरण र अनिवार्य खर्चको विविधीकरण गरी बचत गर्ने बानीको विकास मार्फत कुल जम्मा बचतलाई उद्यममा लगानी गर्ने वातावरणको अभ्यास सवैमा जागरूक गराउन मद्दत मिलेको छ । बचतको रकमलाई सहकारीमा जम्मा गर्ने अभ्यासमा आफुलाई कसरी उतार्न सकिन्छ भन्ने विषयमा पनि छलफल तथा अभ्यास गरियो । बचत गर्ने बानीको विकास, सदस्यहरूको भूमिकालाई वित्तीय अनुशासनको माध्यमबाट आत्मसम्मान पूर्वक बाँच्न पाउने अधिकारमा वित्तीय साक्षरताको महत्व र विषेशतालाई उजागर गरियो । आर्थिक समृद्धि र समुन्नतिको लागि हरेक नेपालीले वित्तीय साक्षर भई यसको अभ्यासलाई स्वयंमा लागु गर्न आजैबाट यस मार्गमा हिड्नु पर्छ भन्ने जानकारीको विषयमा २८ चरणगत अभ्यासहरू गराई व्यक्तिगत जीवनमा परिवर्तनका शिल र प्रत्यक्ष ज्ञान (प्रज्ञा) प्रवाह भएको पाइन्छ । ग्रामीण क्षेत्रमा वसोबास गर्ने विपन्न समुदायले सरल रूपमा वित्तीय साक्षरता बुझ्न सक्ने साथै सहजकर्ता दक्ष र सीप लिई आफुलाई परिवर्तन गरी वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई स्वदेशमानै उद्यमी हुनुपर्छ भन्ने सन्देश प्रवाह गर्न प्रोत्साहन मिलेको छ । वित्तीय साक्षरता सिकाई र गराईको माध्यमबाट परिवारको सदस्यहरूवीच स्नेह, आत्मीयता र शान्ति परिवारको निर्माण गर्न सकिने विश्वास बोकी यस वित्तीय साक्षरता जागरणलाई नेफ्स्कूनले योजनामा राखी सदस्यहरू माझमा पुऱ्याउने चेष्टा गरेको छ ।

अहिले वित्तीय साक्षरता कक्षामा सहभागी भएका महिलाहरूले आम्दानी र खर्चको दैनिकी विवरण राख्ने गरेको पाइन्छ । अनावश्यक हिडडुलबाट पनि खर्च बढ्ने र परिवारलाई दिने समय अन्य अनावश्यक कार्यमा जाने भएको हुँदा गतिशीलतालाई व्यवहारमा रूपान्तरण गरी उत्पादन वृद्धि, राज्य विकास, सृजनशीलता र व्यवहार परिवर्तनमा दिनुपर्छ भन्ने सन्दर्भ जोड्न थालेका छन् वित्तीय साक्षरताका सहभागीहरू ।

> आप्रवासी स्रोत केन्द, कावासोती, नवलपरासीकी महिला श्री केशरी रानाको भनाईमा परिवारमा खुशी ल्याउन लाखौं लगानी चाहिदैन श्रम र व्यवहारको परिवर्तनले आम्दानी बढाउन सकिन्छ ।

**सहकारीमा वित्तीय साक्षरता :**

देशले आर्थिक समृद्धितर्फ हिडिरहँदा सहकारीमा वित्तीय साक्षरताको अभ्यास गरिनु पर्छ । अहिलेको सहकारीको तथ्यांक हेर्दा प्रारम्भिक सहकारी संस्थामा करिब ६३ लाख सदस्य रहेका छन् । सहकारी संघसंस्थाको कुल शेयर पूँजी ७३ अर्ब र परिचालित बचत रू.३ खर्ब २ अर्ब रहेको छ । सहकारी संघ संस्थाबाट रू.२७३ अर्ब ऋण परिचालन भएको छ । सहकारी संस्थामा करिब ५२ प्रतिशत महिला सदस्य रहेका छन् । सञ्चालकमा महिला सहभागिता ४० प्रतिशत रहेको छ । यस क्षेत्रले ६१ हजार जनालाई प्रत्यक्ष रोजगारी दिनुका साथै लाखौंको संख्यामा अप्रत्यक्ष रोजगारी सिर्जना गरेको छ । वित्तीय पहुँच अभिवृद्धि, महिला सशक्तिकरण, नेतृत्व विकास तथा क्षमता विकास, सामाजिक एकीकरण, उद्यमशीलता प्रवर्द्धन र गरिबी न्यूनीकरणमा यस क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ । यसै सदर्भमा सहकारीमा यस अभियानलाई रूपान्तरण गरी समग्र अर्थतन्त्रको सवलीकरणको लागि सहकारी अभ्यासको आवश्यकता छ । वित्तीय साक्षरता र समावेशीको अभ्यासलाई घरदैलोमा पुऱ्याउनु पर्छ । अवको अभ्यास भनेको विप्रेषणलाई उत्पादन क्षेत्रमा लगानी गर्नु हो । विदेशमा श्रम गर्ने व्यक्तिहरूको परिवारलाई उद्यमशीलता विकासमा प्रवर्द्धन गरिनु र रोजगार सिर्जनामा जोड दिनु राज्यले प्राथमिकतामा राखी योजनावद्ध रूपमा कार्यावन्य गरेको पाइन्छ । उद्यम सञ्चालनको उपयुक्त वातावरण तयार गरिनु पर्छ । वित्तीय साक्षरताको माध्यमबाट उद्यम सञ्चालन पूर्व व्यवसाय योजना बनाउने र योजना अनुरूप उद्यमलाई विविधीकरण गरिनु पर्छ भन्ने अभ्यासमा उतार्ने गरेको छ ।

वित्तीय साक्षरता हामी सवैले बुझ्नु पर्ने र आफ्नो बाल बच्चाहरूलाई यस शिक्षा प्रवाह गरिनुपर्छ तव राज्यको भावी पुस्ताले कुरिती, नैतिक पतन हुने तथा अव्यवाहरिक कार्यहरूको अन्त्य हुने अपेक्षा लिएको छ । यस अभ्यासले मानवको दैनिकी जीवनमा आय र व्ययको लेखाजोखामा परिवर्तन ल्याई बचत तथा उत्पादनशील क्षेत्रमा लगानी गर्ने प्रोत्साहन मिल्ने साथै समृद्ध नेपाल, सुखी नेपाली को अभ्यासमा केही भए पनि योगदान पुग्ने आशा तथा अपेक्षा लिएको छु ।



# प्रदेश नं ५ बचत तथा ऋण सहकारी संघ गठन




नेफ्स्कूनका सञ्चालक सदस्य एवम् प्रदेश नं. ५ का संयोजक कृष्ण प्रसाद नेपालको अध्यक्षतामा प्रदेश नं ५ मा बचत तथा ऋण प्रदेश सहकारी संघ गठन भएको छ । सहकारी ऐन २०७४ को परिच्छेद २ को दफा ५ बमोजिम प्रदेश विषयगत सहकारी संघ गठन गर्न पाउने व्यवस्था बमोजिम संघ गठन गरिएको हो ।

कपिलबस्तु बचत तथा ऋण सहकारी सघंको आयोजना र नेफ्स्कून प्रदेश नं. ५ को समन्वय तथा बाणगंगा नगरपालिकाको सहयोगमा सम्पन्न भेलामा नेफ्स्कूनका सञ्चालक कृष्ण प्रसाद नेपालको अध्यक्षता र नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष परितोष पौड्याल, महासचिव चन्द्र प्रसाद ढकाल, राष्ट्रिय सहकारी महासंघका सञ्चालक भिमप्रसाद तुलाचन, नेफ्स्कूनका सञ्चालक सदस्य भीमबहादुर गुरूङ, ५ नं. प्रदेश सहकारी संघका अध्यक्ष प्रेम सुवेदी, कपिलबस्तु जिल्ला सहकारी संघका उपाध्यक्ष तेजप्रसाद आचार्य, जिल्ला बचत संघ कपिलवस्तुका अध्यक्ष गुणनीति भुषाल, नेफ्स्कूनका निवर्तमान सञ्चालक नवराज सापकोटा लगायतको आतिथ्यता रहेको थियो ।

श्रावण १९ गते वाणगंगा नगरपालिकामा सम्पन्न उक्त भेलाले सञ्चालक नेपालको अध्यक्षतामा १५ सदस्यीय बचत तथा ऋण प्रदेश सहकारी संघ प्रदेश नं ५ गठन गरेको हो ।

**नवगठित कार्यसमितिमाः**

| | |
|---|---|
| अध्यक्ष | कृष्ण प्रसाद नेपाल, रूपन्देही |
| बरिष्ठ उपाध्यक्ष | श्री प्रकाश ज्ञवाली, बाँके |
| उपाध्यक्ष | श्री मिना सिग्देल, बाँके |
| महासचिव | श्री ऋषि सापकोटा, रूपन्देही |
| सचिव | श्री बसन्त ढकाल, रूपन्देही |
| कोषाध्यक्ष | श्री सन्दिप सापकोटा, रूपन्देही |
| सदस्य | श्री प्रकाश भूषाल, अर्घाखाँची |
| | श्री राधा पन्थी, गुल्मी |
| | श्री नारायण थापा, नवलपरासी |
| | श्री उदय केसी, बर्दिया |
| | श्री लक्ष्मण बेलवासे, कपिलवस्तु |
| | श्री ढाकाराम अधिकारी, कपिलवस्तु |
| | श्री ओमभक्त पण्डित, प्यूठान |
| | श्री डिल्लीराम गैरे, पाल्पा |

# कलंकीमा साकोससँग नेफ्स्कून अन्तरक्रिया

नेफ्स्कून कलंकी फिल्ड कार्यालय अन्तर्गत संघमा आवद्ध सदस्य संस्थाहरूको उत्साहजनक सहभागिताका बिच असार १३ गते कलंकीमा साकोससँग नेफ्स्कून अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा ९० बचत तथा ऋण सहकारी संस्थाबाट १४५ जना साकोसकर्मीहरूको सहभागिता रहेको थियो ।

नेफ्स्कूनका सञ्चालक दीपक पनेरूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमका प्रमुख व्यक्तित्वमा संघका अध्यक्ष डी.बी. बस्नेत लगायत संघका बरिष्ठ उपाध्यक्ष परितोष पौड्यालय, महासचिव चन्द्रप्रसाद ढकाल, सञ्चालक नानीकाजी शाक्य, संघका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटा, फिल्ड कार्यालय संचालन उप-समितिका सदस्यहहरू, कास्कूनका पदाधिकारीहरू, सिटिजन लाइफ इन्सुरेन्सका प्रमुख व्यक्तिहरू सहित अन्य सहकारीकर्मीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहभागी साकोसकर्मीहरूले साकोसद्वारा प्रवाह गरेको ऋण लगानी र त्यसको वीमा सम्बन्धी व्यवस्था, सहकारी ऐन तथा नियमावली, साकोस स्थिरीकरण कोष सम्बन्धमा आफ्ना जिज्ञासाहरू राख्नुभएको थियो भने सिटिजन लाइफ इन्सुरेन्सका प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेल, नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटा, प्राचार्य सञ्जयराज तिमिल्सिनाले सहभागीका जिज्ञासाहरूलाई प्रष्ट पार्नुभएको थियो ।

लेख

# सहकारी र सञ्चार



**रञ्जनमणि पौड्याल**

सञ्चार अधिकृत
नेफ्स्कून

नेपालका बचत तथा ऋण सहकारी संघसंस्थाहरूको एकमात्र छाता संगठन–नेफ्स्कून यही साउन ३२ गतेबाट औपचारिक रूपमा ३२ वर्ष प्रवेश गर्दै छ । गते र उमेरको यो संयोग मीठो संगम बनेको छ । राष्ट्रिय अन्तर्राष्ट्रिय मान्यतालाई आधार मान्ने हो भने यो उमेर युवावस्थाको उत्तरार्ध हो तर एउटा संस्थाको विकासक्रमलाई केलाउँदा यो उमेर परिपक्कताको द्योतक हो । हामी सिकारू शैशवकाल र संघर्षपूर्ण युवावस्थाबाट दृढसङ्कल्प र तद्अनुसारको मिहनेतका बुतामा कौशल स्थापित गर्ने वयमा उक्लिदै छौं । सरल विश्लेषणले पनि के प्रष्ट हुन्छ भने एउटा केन्द्रीय संस्था ३२ वर्ष पुग्नुभनेको सिकाई, बुझाई, गराई, टिकाई र अघि बढाईको स्पष्ट संकेत हो ।

संस्थापक अध्यक्ष भोजराज घिमिरेको पहलमा २१ जना सहकरीकर्मीहरूको सहमतिमा २०४५ साल साउन ३२ गते बचत समूह राष्ट्रिय संघ तदर्थ समितिबाट सुरू भएको यात्राले २०७६ सालसम्म आइपुग्दा ठूलो फड्को मारेको छ । साकोस अभियान सुरूवातको सम्झनामा प्रत्येक वर्ष साउन ३२ लाई नेफ्स्कूनले स्थापना दिवसका रूपमा देशभर विभिन्न कार्यक्रम गरी मनाउदै आएको छ । करिब १४ हजार बचत तथा ऋण सहकारीहरू भएको वर्तमान अवस्थामा करिब ८ हजार साकोस सदस्य रहेको नेफ्स्कूनको पहुँच ७६ जिल्लामा पुगिसकेको छ । क्रेडिट युनियनका अन्तर्राष्ट्रिय सञ्जालहरू– एशियाली ऋण महासंघ (अकु) र विश्व ऋण परिषद् (ओकु) सँगको नेफ्स्कूनको आवद्धता यसको विश्वव्यापी पखेटा फिजाईको उदाहरण हो । राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारहरू क्रमशः बढिरहेका छन् । राष्ट्रिय पूँजी निर्माणमा पनि महत्वपूर्ण योगदान रहेको छ ।

तर, आजको यो परिवेश निर्माणको यात्रा भने त्यति सहज रहेन । केही असफल अपवादलाई देखाएर सम्पूर्ण सहकारी आन्दोलन र त्यसमा पनि वित्तीय संलग्नता भएका बचत तथा ऋण सहकारी संस्थाहरूको कारोवार र उपलब्धिमाथि हिलो छ्याप्ने काम नभएका होइनन् । गलत प्रचारबाजीको मारमा हामी नपरेका होइनौं । सहकारीको सिद्धान्त, मूल्य र मान्यताका सम्बन्धमा आम सर्वसाधारणको कुरा त टाढैको विषय भयो, समाजका विविध क्षेत्रमा स्थापित शिक्षित जमातलेनै सहकारी र साकोसहरूप्रति सकारात्मक धारणा नबनाएकै हो । साकोसहरूको मियोका नाताले हामीप्रति अविश्वास, आशंका र संशयभाव झल्कने प्रश्न नठडिएका होइनन् । यद्यपि, यी र यसखाले विषयलाई समस्याभन्दा पनि चुनौतीका रूपमा स्वीकार गरेर अवसरमा बदेलेका छौं भन्ने गर्व गर्न सक्ने स्थितिमा आज नेफ्स्कून आइपुगेको छ । आम जनमानसमा सहकारी र साकोसहरूप्रति सहिष्णुता, सद्भावना र सहभागिता उल्लेख्य वृद्धि गर्न हामी सफल भएका छौं । सदस्यता संख्या, कारोवार, लगानी, आम नागरिकको आर्थिक सामाजिक परिवर्तन, जनचेतना, तालिम र शिक्षा, रोजगारीका अवसर सृजना, महिला, दलित जनजाति, मधेशी र अल्पसंख्यक समुदायको सर्वपक्षीय सशक्तिकरण गर्दै राष्ट्रिय अर्थतन्त्रको आयाम र आयातनलाई फराकिलो बनाउने काममा हामीले पुऱ्याएको सहयोग भनाईले भन्दापनि तथ्याङ्कले पुष्टि गरेको छ । यसमा हामीले गौरव गर्नुपर्छ । तर फेरि हामीले यहाँ जोड्नै पर्छ–हाम्रो यात्रा अविचलित र अथक छ । थप परिश्रम र सर्वपक्षीय सहभागिताका साथ हामी आर्थिक सम्पन्नता, सामाजिक न्याय, प्रजातान्त्रिक आचरण, सामाजिक सांस्कृतिक रूपान्तरणको अभियानमा दत्तचित्त भएर लागिपरेका छौं । अबको हाम्रो यात्रामा पनि धेरै अवरोधहरू आउन सक्छन् तर त्यसका लागि हामी तयार छौं । जस्तो–राष्ट्रिय अर्थतन्त्रसँग जोडेर हेर्दा हालै मात्र त्रासदीपूर्ण तथ्य बाहिर आएको छ । गत आर्थिक वर्ष २०७५/७६ मा मुलुकको व्यापार घाटा १३ खर्ब २१ अर्ब रूपैयाँ पुगेको छ जुन अघिल्लो

वर्षको तुलनामा १३.५५ प्रतिशतले बढी हो । ९७ करोड बराबरका सामाग्री मात्र निर्यात गर्न सकेका हामीले १४ खर्ब १८ अर्ब रूपैयाँ बराबरको आयात गर्‍यौं । आयात प्रतिस्थापन गर्दै निर्यात प्रोत्साहन गर्नुपर्ने अर्थतन्त्रको माग भएपनि त्यसतर्फ हाम्रा पाइलाहरू खासै बढेको छैन । यो रोगबाट त्राण पाउने एउटै अचूक औषधि भनेको उत्पादन हो । त्यसका लागि सहकारी तथा साकोसहरू शसक्त माध्यम बन्न सक्छ र बन्नुपर्छ । यि र यस्तै अहम् राष्ट्रिय मुद्दालाई ध्यानम राखी नयाँ आर्थिक वर्षका लक्ष्य, योजना, कार्यक्रम रणनीतिहरूमा सघन छलफल र मन्थनपछि नेफ्स्कून सम्पूर्णतः मन बचन र कर्मका साथ नयाँ उत्साह र उमंग बोकेर अभियानको श्रीवृद्विमा समर्पित भैसकेको छ । हाम्रा साकोसहरूलाई ग्रामीण अर्थतन्त्र सबलीकरण र सुदृढीकरणका लागि कृषि र हरित क्रान्तिको बलमा प्राप्त हुने आर्थिक सम्पन्नतालाई सामाजिक र साँस्कृतिक जीवनसँग अर्न्तघुलन गराउन सक्ने प्रजातान्त्रिक, विकेन्द्रीत, समावेशी र लचिलो अनि जिम्मेदार निकायको पर्यायका रूपमा स्थापित गर्ने दिशामा नयाँ कार्यक्रमहरू अघि बढेका छन् । नयाँ आर्थिक वर्षको योजना मात्र होइन उमेरको परिपक्कतासँगैको थप जिम्मेवारी पनि भएको महसूस गरेका छौं । साकोसहरू सदस्यहरूको जीवनपद्धतिसँग साँच्चिकै अभिन्न अंगका रूपमा गाँसिएका छन् भन्ने विगतका उदाहरणहरूले पनि पुष्टि गरिसकेका छन् ।

नेफ्स्कूनको प्रगति उन्मुख यात्राको अर्को ज्वलन्त उदाहरण हो-सहकारी शिक्षा, मूल्य, मान्यता, वित्तिय कारोवार आदिलाई राज्यको चौथो अंग अर्थात पत्रकारितासँगको सहकार्यमा सबलीकरण गर्ने । सहकारी र सञ्चार एक अर्काका पर्याय हुन् भन्दा अतिशयोक्ति नहोला । हाम्रा सत्य तथ्य सूचना, गतिविधि, कारोवार,संलग्नतालगायतका विविध पक्षहरू तत्काल सरोकारवालाहरू समक्ष कुनै तोडमतोड नगरी पुग्नुपर्छ । आमसञ्चारका माध्यममा ओझेलमा परेको सहकारीसम्बन्धी सानादेखि ठूला विषयलाई प्राथमिकताका साथ स्थान दिनुपर्छ । सहकारी पनि समाचार हो, यसका गतिविधि पनि सरस, सुरूचिपूर्ण, उदाहरणीय र प्राप्य हुन्छन् भन्ने विषय मानकका रूपमा स्थापित गर्ने हाम्रो जमर्को हो – साकोस आवाज र saccosaawaj.coop.np अनलाईन न्यूज पोर्टल । त्यसैले, साकोस आवाजका लागि पनि आज खुसीको डबल धमाका आएको छ । एकातर्फ नेफ्स्कून एक वर्ष पाको भएको छ भने अर्कोतर्फ साकोस आवाजको भगिनी संस्थाका रूपमा अनलाइन संस्करणपनि नवीन स्वरूप र कलेवरका साथ सञ्चालन हुँदै छ । हामीसँग अनलाइन नभएको त होइन तर विद्युतीय संस्करणलाई थप गतिशील, उर्जाशील, समससापेक्ष, सहभागीतामूलक, सान्दर्भिक बनाउँदै सम्रग सहकारी आन्दोलनको सांगोपांगो समेट्ने बृहत्तर योजना साथ न्यूज पोर्टल सुरू गर्दैछौं । आमसञ्चारको प्रभावकारी माध्यम पत्रिका र पछिल्लो समयमा न्यू मिडियाको रूपमा न्यूज पोर्टलको प्रभावकारीता विस्तार भएको जगजाहेर छ । यसमा थप्नै विषय के हो भने व्यावसायिक पत्रकारिताको मूल्य मान्यताभित्र रहेर समग्र सहकारी आन्दोलनको अविभाज्य अंगको दायित्वबोधका साथ पहरेदारी र खवरदारी गर्दै यसका मूल्य, मान्यता र आचरणको प्रवर्द्धनमा लाग्ने हाम्रो प्रयास हो । जनतासँग प्रत्यक्ष सरोकार राख्ने प्रजातान्त्रिक संस्था भएका कारण नेफ्स्कूनले जनउत्तरदायी गतिविधिलाई थप प्रभावकारी र समयसापेक्ष बनाउँदै लैजाने अभिप्रायका साथ सूचना र सञ्चारलाई प्राथमिकीकरण गरेको हो । 'जोसँग सूचनाको पहुँच छ उ धनी हो' भन्ने धारणा सर्वव्यापी बनिरहेको समयमा हामी हाम्रा साकोस र तिनमा आवद्ध लाखौं सदस्यहरूलाई सामाजिक, आर्थिक, सांस्कृतिक लगायत हर किसिमबाट वैभवशाली बनाउन चाहन्छौं । त्यसैले हामीले अनलाईन सेवालाई पनि विस्तार गर्न लागेका हौं । सहकारी र सञ्चारमाध्यम यस अर्थमा पनि पर्याय हुन् कि दुबैका लागि लोकतन्त्र उर्वरभूमि हो । जुन मुलुकमा लोकतान्त्रिक फस्टाउँछ त्यहाँ सञ्चारक्षेत्रको पनि श्रीवृद्वि हुन्छ । राष्ट्रिय अर्थतन्त्रको आधारशीला भएका कारण पनि सहकारी क्षेत्रले सञ्चारलाई महत्वका साथ हेर्नुपर्दछ । यस दिशामा अघि बढ्ने जमर्को केन्द्रीय निकाय र सहकारी अभियानको प्रमुख हिस्सेदार भएकाले नेफ्स्कूनले गरेको हो । अन्ततोगत्वा सबल र प्रभावकारी पत्रकारिताले सहकारीलाई बलियो र स्थायी टेको दिने काम गर्दछ ।




त्यसैगरी, सहकारी Trickle Down नभई Bottom Up Approach अनुरूप समुदायमा आधारित सदस्य केन्द्रित

संस्था भएकाले अबको हाम्रो ध्यान सञ्चारमाध्यममा कसरी समुदाय र सदस्यका बढीभन्दा बढी समाचार, गतिविधि, विचार, कथा, टीप्पणी, सल्लाह सुझाव र गुनासालगायतका विषयहरू प्रस्फुटित गर्न सकिन्छ भन्नेमा केन्द्रित हुनेछ । त्यसका लागि आमसञ्चारको माध्यमबाट हामी सहकारी आन्दोलन र विशेषतः हाम्रा हरेक साकोसको SWOT Analysis को प्रयासमा जुट्ने जमर्को गर्ने छौं । यसले नीतिनिर्माण तहमा बस्नेहरूलाई पनि वस्तुगत यथार्थसँग तादात्म्य भई तद्अनुरूप मार्गचित्र कोर्न सहज हुने विश्वास लिएका छौं ।

अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) द्वारा प्रतिपादित सहकारीका सातमध्येको ५ औं सिद्धान्तमा शिक्षा, तालिम र सूचना उल्लेख गरिनुले पनि सहकारीसम्बन्धी शिक्षा र सुचनाको प्रकाशन र प्रसारण गर्ने आमसञ्चारको महत्वलाई थप जोड दिन्छ । यतिमात्र नभई सञ्चारमाध्यमका सामाग्रीहरू तालिमको पनि काम गर्दछन् । सहकारी अध्येताहरूका लागि गतिलो खुराक बन्न सक्छ । ओजपूर्ण लेख रचना र समाचारले राष्ट्रिय अन्तर्राष्ट्रिय बहसहरू जन्माउन सक्छन् र गहन अनुसन्धानका लागि मार्ग प्रशस्त गर्न सक्छ भन्ने हाम्रो ठम्याई हो । स्रोत, साधन, समय, अनुकूलता वा अन्य कुनै कारणले उत्पन्न हुनसक्ने सहकारी शिक्षा तालिम र विज्ञताको अपूर्णतालाई सञ्चारमाध्यमले न्यूनीकरण गर्ने सम्भावना प्रबल रहन्छ । कतिपय बिषयमा उब्जिएका शंका उपशंका वा आशंकाहरूलाई चिर्ने काम पनि सञ्चारमाध्यमहरूले गर्दछन् । त्यही भएर नै नेफ्स्कूनले पनि सञ्चारमाध्यमको तेजलाई सहकारीसँग जोडेर जीवन र जगतमा प्रकाश छर्ने कामलाई महत्व दिदैं आएको छ ।

संविधानको धारा २७ ले सूचनाको हकलाई मौकिल हकको मानेको छ । त्यसलाई आधार मानेर सांसदले सूचनाको हक सम्बन्धी ऐन २०६४ पारित गरेको छ भने सरकारले २०६५ मा नियमावली बनाएर लागू गरेको छ । यी ऐन र नियमावलीले सार्वजनिक सरोकारका संघ/संस्थालगायतलाई सहज सूचनाको पहुँचको ब्यवस्था मिलाउन बाध्यकारी व्यवस्था गरेका छन् । राज्यद्वारा प्रतिपादित यिनै नियम कानूनको संरक्षण र संवर्द्धनका लागि नेफ्स्कूनले आफ्नो तर्फबाट पहल गरेको हो । हाम्रो प्रयासले सूचना दिने र लिने दुबै परिपाटीमा सहजता, नवीनता, सरलता र समय सापेक्षताका सामयिक पक्षलाई सम्बोधन गर्ने छ भन्ने हाम्रो विश्वास हो । यसका लागि हाम्रो समाचार कक्षलाई आवश्यकताका आधारमा स्रोत साधन र प्रविधियुक्त बनाई लैजाने कसरतमा हामी छौं । जसको जगमा प्रत्येक सहकारी संस्थाले आफ्ना मूल्य मान्यतामा पनि सदस्यहरूलाई संस्थाका गतिविधिहरूका बारेमा समयमा नै सूचना प्रदान गरिने उल्लेख गरेका हुन्छन् । त्यति मात्र नभई समग्र सहकारी अभियान, विषयगत संघ संस्थाहरू, सहकारी अभियानका अग्रज व्यक्तित्वहरू, उहाँहरूको संघर्षका पाटाहरू, सफलताका कथा, रोचक तथ्यहरू, अन्तर्राष्ट्रिय सहकारी गतिविधिहरू लगायतका विषयहरू हाम्रा खुराक हुनेछन् । हाम्रो संविधानको स्पिरिट, सरकारको सोचाई र लोकतन्त्र पक्षधर विश्व परिवेशसँग सहकारीका राष्ट्रिय अन्तर्राष्ट्रिय मुल्य मान्यताहरू मेल खाने भएकाले पनि सहकारी र बिशेषतः नेफ्स्कूनलाई खाली अर्थव्यवस्थाका रूपमा हेरिनुहुँदैन भन्ने छ । यिनले जिम्मेदार नेतृत्वदायी अभिभावकको रूपमा छवि उजिल्याउँदै जाने भएकाले त्यसतर्फ बलियो जनमत सङ्कलन हाम्रो अर्को अभियान बन्ने छ ।

२१ औं शताब्दीका सञ्चारमाध्यम भनेको आएको समाचारलाई प्रेषित गर्ने अर्थात् News makers मात्र नभई समाचार उत्पादक News creators पनि हुन् । यसको पछिल्लो उदाहरण सहकारी पत्रकार समाजले आयोजना गरेको सहकारीमा सन्दर्भ ब्याजदर विषयक अन्तरक्रिय कार्यक्रमलाई लिन सकिन्छ । जहाँ सहकारी आन्दोलन र सरकारका अगुवाहरू गोलमेलमा बसेर सन्दर्भ ब्याजदर, यसको औचित्य, यसका प्रभाव, चुनौती र जोखिमका सन्दर्भमा बहस पैरबी गरे । कतिपय वक्ताहरूले उक्त कार्यक्रम सहकारी विभागले आयोजना गर्नुपर्दथ्यो पनि भन्ने आवाज उठाएका थिए तर सहकारी पत्रकारी समाज जस्तो News making organization ले news manufacture गर्ने काम पनि गऱ्यो । जुन विषय त्यसै दिनमा रेडियो, एफएम र अनलाईनमा मात्र नभई भोलीपल्टका राष्ट्रिय अखबारहरूमा पनि कभरेज भए । यसरी हेर्दा भोलीका दिनमा सहकारीका जल्दाबल्दा विषयमा हामी पनि roundtable meeting हरू आयोजना गरेर विषयको उठान र बैठान दुबै गर्न सक्छौं भन्ने लाग्छ ।

यसैगरी, सन् २०२० को नेपाल भ्रमण वर्षको लक्ष्य हासिल गर्ने कार्यमा सहकारी क्षेत्रले खेल्न सक्ने भूमिकालाई पनि हाम्रा सञ्चारमाध्यमबाट उजागर गर्न सके राष्ट्रिय अयिभानको हिस्सेदार बन्न सकिन्छ । त्यसका लागि हामीले हाम्रा अन्तर्राष्ट्रिय सहयोगी र लाईनसंस्थाका प्रतिनिधिहरूलाई नेपाल भ्रमणका लागि हरसम्भव आग्रह गर्न सक्छौं । सँगै आगामी वर्ष सहकारी लक्षित केही ठूला र उपयोगी अन्तर्राष्ट्रिय सहकारी सम्मेलनहरू आयोजनाका लागि भूमिका खेल्नतर्फ पनि लक्षित हुने जानकरी गराउन चाहन्छौं ।

अन्त्यमा, हामी यो यात्राका सम्पूर्ण सहयात्रीहरूलाई उच्चसम्मानका साथ सम्झने मात्र होइन सबैको अझ दरिलो बिश्वास, सृजनात्मक सल्लाह रचनात्मक सुझावलाई शिरोधार्य गरी अघि बढ्ने प्रण गर्दछौं । हामी हाम्रा गतिविधिलाई समयानुकुल सदस्यको उच्चतम हितलाई ध्यानमा राखी थप परिस्कृत बनाउँदै लाने प्रण गर्दछौं । हाम्रो होस्टेमा सबै सहयात्रीहरूको हैसे एकदमै आवश्यक छ । सहयात्रा र सहकार्यको अर्को नाम नै सहकारी भएकाले हाम्रो प्रयासलाई समग्र सहकारी अभियानकै प्रयासका रूपमा सबैबाट हरसम्भव सहयोग मिल्ने अपेक्षा पनि राखेका छौं । साकोस आवज र साकोस खबर मार्फत हामीले पस्कने सामाग्रीहरूलाई ग्रहण गरेर मार्गनिर्देश गरिदिनुहुनेछ भन्ने विश्वास व्यक्त गर्दछौं ।

❑ ❑ ❑

# सहकारी एकीकरण अभियानमा सामुदायिक साकोस

काभ्रेको पनौतीमा केन्द्रीय कार्यालय रहेको सामुदायिक बचत तथा ऋण सहकारी संस्थाले समुदायका व्यक्तिहरूलाई संस्थामा आवद्ध गराउँदै कार्यक्षेत्र भित्रका विभिन्न सहकारी संस्थाहरूलाई एकीकृत गर्दै वित्तीय रुपमा सवल र सक्षम संस्था स्थापना गरी शेयर सदस्यहरूलाई प्रतिस्पर्धी सेवा स्थानीय तहमै उपलब्ध गराउने उद्देश्यले एकीकरण अभियानमा अर्को पाइला चालेको छ ।

यस अघि जेष्ठ १४ गते बासडोल सामुदायिक बहुउदेश्यीय सहकारी संस्था र असार २५ गते मिलिजुली नारी चेतना बचत तथा ऋण सहकारी संस्थासँग एकीकरणको सम्झौता गरिसकेको सामुदायिकले फेरी श्रावण ७ गते मंगलबार बल्थली स्थित श्री गाउँवेशी साना किसान कृषि सहकारी संस्थासँग एकीकरणको सम्झौता गरेको छ । यी ३ वटा सहकारी संस्थाहरू एकीकरण पश्चात २ अर्बको हाराहारीमा कुल पूँजी पुग्ने भएको छ भने यो संस्थामा २५ हजार भन्दा बढी शेयर सदस्य हुने भएका छन् ।

पनौती ४, टौखालमा मुख्य कार्यालय राखि जिल्लाको १३ वटा स्थानीय तह मध्ये ७ वटा स्थानीय तहमा आफ्नो वित्तीय पहुँच विस्तार गर्दै १० वटा कार्यालय मार्फत सदस्यहरूलाई वित्तीय तथा गैरवित्तीय सेवा उपलब्ध गराउदै आएको सामुदायिकले राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा समेत आफ्नो आफ्नो छवी उच्च राखेको छ । एक्सेस सिल्भर ब्राण्ड प्राप्त सामुदायिक बचत तथा ऋण सहकारी संस्थाले समुदायका व्यक्तिहरूलाई संस्थामा आवद्ध गराउँदै कार्यक्षेत्र भित्रका विभिन्न सहकारी संस्थाहरूलाई एकीकृत गर्दै वित्तीय रुपमा सवल र सक्षम संस्था स्थापना गरी शेयर सदस्यहरूलाई प्रतिस्पर्धी सेवा स्थानीय तहमै उपलब्ध गराउने उद्देश्यले एकीकरण अभियानमा निरन्तरता दिइरहेको छ ।



तत्कालिन पनौती नगरपालिका र जोडिएका ५ गाविस कार्यक्षेत्र भएको यस संस्थाले २०६८ सालबाट नै अन्य सहकारी संस्थाहरूसँग एकीकरणको प्रयास गर्दै आएको थियो । सामुदायिकले २०७३ सालमा बनेपा स्थित तत्कालिन जगत गुरू बचत तथा ऋण सहकारी संस्थासँग एकीकरण गरी आफ्नो कार्यक्षेत्र काभ्रेपलाञ्चोक जिल्लाभर कायम गरेको थियो भने छोटो अवधिमा नै जिल्लाका मुख्य मुख्य स्थानहरूमा ९ वटा सेवा केन्द्रहरू सञ्चालनमा ल्याएको छ ।

सामुदायिक र गाउवेशी दुवै संस्थाका एकीकरण कार्यदल बिच सामुदायिक बचत तथा ऋण सहकारी संस्थाको मुख्य कार्यालयको सभाहलमा वृहत छलफल गरी श्रावण ७ गते एकीकरण सम्झौता सम्पन्न भएको प्रमुख कार्यकारी अधिकृत मदन बस्नेतले बताउनुभयो । उक्त कार्यक्रममा गाउँवेशी साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष विद्यामणी हुमागाईले सानो पूँजीको संस्था वा शेयर सदस्यहरूले सम्पूर्ण वित्तीय सेवा पाउन नसक्ने र प्रशासनिक खर्चहरूका कारण सदस्यहरूले प्राप्त गर्ने सेवा तुलनात्मक रुपमा महंगो समेत हुने भएको साथै राज्यले एकीकरण अभियान समेत अघि सारेकोले हामी सामुदायिक साकोससँग एक भएर जान सहमत भएको बताउनु भएको थियो । उहाँले अन्य सहकारी संस्थाहरूलाई पनि एकीकरणको लागि आव्हान गर्नुभएको थियो । कार्यक्रममा सामुदायिक बचत तथा ऋण सहकारी संस्था अध्यक्ष प्रकाश बन्जाराले दुवै पक्षको एकीकरण कार्यदलले हस्ताक्षर गरेको सम्झौता पत्र आदन प्रदान गर्दै सहकारी ऐन २०७४, नियमावली २०७५ र नियामक निकायहरूले पनि सहकारी संस्थालाई एक हुन आग्रह गरीरहेको अवसरमा एकीकरण अभियानमा हातेमालो गर्न गाउँवेशी साना किसान कृषि सहकारी संस्थाले यो अवसर तयार गरेकोमा संस्थाका सबै पदाधिकारीप्रति आभार व्यक्त गर्नुभएको थियो ।

अध्यक्ष बञ्जाराले एकीकरण अभियानका सम्पूर्ण अभियन्ताहरू प्रति हार्दिक आभार व्यक्त गर्दै अन्य सहकारी संस्थाहरूसँग पनि एकीकरणको छलफल अगाडि बढेको, केही संस्थाहरू निर्णय तहमा पुगीसकेको जानकारी दिनुभएको थियो । यसै क्रममा उहाँले अवको अभियान सहकारी संस्था एकीकरण अभियान हो, त्यसैले सामुदायिक बचत तथा ऋण सहकारी संस्थाले एकीकरणको लागि ढोका सदैब खुल्ला गरेकोले निश्वार्थ स्वागत गर्न तयार रहेको अभिव्यक्ति व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. का लेखा तथा सुपरिवेक्षण समितिका संयोजक हरिप्रसाद तिमल्सिना, उपाध्यक्ष कुमार प्रसाद लामिछाने, सचिव मुकुन्द शर्मा, कोषाध्यक्ष प्रताप ताम्राकार, सञ्चालक सदस्य रामकृष्ण घिमिरे लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा गाउँवेशी साना किसान कृषि सहकारी संस्थाका एकीकरण कार्यदलका अन्य सदस्यहरू उपाध्यक्ष राजु थापा, सचिव पुनम त्रिपाठी, कोषाध्यक्ष शंकरमान लामा, व्यवस्थापक सरिता काफ्ले र कार्यालय सहायक सुवर्ण थापाले शेयर सदस्यका हितका लागि सञ्चालकहरूको व्यक्तिगत स्वार्थ त्याग गरी एकीकरणका लागि तयार रहेको प्रतिक्रीया राख्दै एकीकरण सम्झौता गरिएको बताएका थिए ।

एकीकरण सम्झौता कार्यक्रममा सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. का प्रमुख कार्यकारी अधिकृत मदन बस्नेतले एकीकरणको सम्झौता पत्र प्रस्तुत गर्नुभएको थियो । सामुदायिक बचत तथा ऋण सहकारी संस्थामा जिल्लाका २२४०० जना शेयर सदस्यहरू आवद्ध रहेका छन् भने १ अर्व ८४ करोड पूँजी रहेको छ । शेयर सदस्यहरूको १९ करोड शेयर पूँजी रहेको यो संस्थाले २३ प्रकारका बचतका शीर्षकहरूमा १ अर्ब ३० करोड बचत संकलन गरी १७ शीर्षकमा १ अर्ब ४६ करोड सदस्यहरूलाई नै ऋण परिचालन गरिरहेको छ । बचत र ऋणमा प्रतिस्पर्धी ब्याजदर कायम रहेको यस संस्थाले ५३ जनालाई रोजगारी प्रदान गरेको छ । संस्था सुशासनमा सञ्चालनका निमित्त ५६ वटा नीति तथा कार्यविधि तयार गरी अगाडि बढेको यस संस्थाले आन्तरिक लेखा परीक्षण र बाह्य लेखा परीक्षणका लागि छुट्टा छुट्टै एकाउन्टेन संस्थामा नियुक्त गरेको छ ।

गाउँवेशी साना किसान कृषि सहकारी संस्था लि.को ४ सय ५० जना शेयर सदस्यहरूको ६० लाख कुल पूँजी परिचालन गर्न सफल भएको छ । सहकारी संस्थाहरू एकीकरण पश्चात अब २ अर्बको हाराहारीमा कुल पूँजी पुग्ने, २५ हजार भन्दा बढी शेयर सदस्य, १० प्रतिशत संस्थागत पूँजी, नियन्त्रित भाखा नाघेको ऋण र गुणस्तरिय वस्तु तथा सेवा उपलब्ध गराउनेमा कुनै दुईमत देखिदैन । दुवै संस्थाका शेयर सदस्यहरू एकीकरण पश्चात गुणस्तरिय सेवा पाईने र संस्थाको सञ्चालन खर्चमा न्यूनीकरण भई लाभांश दरमा वृद्धि हुने अपेक्षा सहित संयुक्त साधारण सभा हुने प्रतिक्षामा उत्साहित रहेका छन् । सहकारी अभियन्ताहरूले संस्थाहरू एकीकरण गर्ने अभियानलाई सामुदायिकले नेतृत्व गर्नुपर्ने र अन्य सहकारी संस्थाहरूसँग समेत एकीकरणको प्रस्ताव पाई छलफल अगाडि बढाउनु पर्ने कुरा सुझाउँदै दुवै संस्था सिघ्र एकीकरण होस् भनि शुभकामना व्यक्त गरेका छन् ।

❑ ❑ ❑

g]kfn ;/sf/
e"ld Joj:yf, ;xsf/L tyf ul/aL lgjf/0f dGqfno
;xsf/L ljefu

## बचत तथा ऋणको मुख्य कारोवार गरेका बहुउद्देश्यीय तथा अन्य विषयगत सहकारी सङ्घसंस्थाहरूलाई सूचना

सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (२) मा बचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी दर्ता भएको संस्थाबाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न नपाउने र त्यस्ता विषयगत वा बहुउद्देश्यीय संस्थाले ऐन प्रारम्भ हुनुअघि बचत तथा ऋणको मुख्य कारोवार गर्दै आएको भए तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोवार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोवार गर्नुपर्ने व्यवस्था रहेको बेहोरा विदितै छ । कुनै सहकारी संस्थाले ऐनको दफा २ को खण्ड (ज) मा दिइएको मुख्य कारोवारको परिभाषाअनुसार आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण प्रतिवेदनका आधारमा उक्त आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्वको रकम र उक्त आर्थिक वर्षको सदस्यतर्फको खरिद वा विक्री कारोवारको रकम जोडी हुने जम्मा रकममा बचत दायित्वको रकम तीस प्रतिशतभन्दा बढी रहेको भए २०७७ साल असोज मसान्तसम्ममा बचत दायित्वको रकम आर्थिक वर्ष २०७६/७७ को सदस्यतर्फको खरिद वा विक्री कारोवारसमेत गर्दा हुने रकमको तीस प्रतिशत कायम गराउन यथाशीघ्र कार्ययोजना बनाएर कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुन सूचित गरिन्छ । स्थानीय तह वा प्रदेश सरकारमा अभिलेख हस्तान्तरण भइसकेका सहकारी संस्थाहरूले कार्ययोजनाको प्रति सम्बन्धित स्थानीय तह वा प्रदेशको सहकारी मन्त्रालयमा र विभागको नियमन क्षेत्राधिकारभित्र परेका सहकारी संस्थाहरूले सहकारी विभागमा पेस गर्नुपर्नेछ ।

g]kfn ;/sf/
el'd Joj:yf, ;xsf/L tyf ul/aL lgjf/0f dGqfno
;xsf/L ljefu

## सम्पत्ति शुद्धीकरण निवारण निर्देशनबमोजिम गर्ने, गराउने सम्बन्धमा सहकारी संस्थाहरुलाई सहकारी विभागको सूचना

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ प. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यस विभागबाट २०७४ साल माघ १५ गते सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई निर्देशन जारी गरिएको व्यहोरा विदितै छ । उक्त निर्देशन विभागको वेभसाइट www.deoc.gov.np बाट समेत प्राप्त गर्न सकिन्छ । तदनुसार सहकारी संस्था, सङ्घ र बैंकले अविलम्ब देहायका व्यवस्था मिलाउनु हुन सूचित गरिन्छ :-

- ऐनको दफा ७ घ. बमोजिम सदस्यहरूको जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्ने व्यवस्था अविलम्ब मिलाउने;
- कुनै सदस्यले एकै पटक वा पटक-पटक गरी एक दिनमा गरेको रू. १० लाख वा सोभन्दा बढी रकमको सीमा कारोवारको प्रतिवेदन १५ दिनभित्र र शङ्कास्पद कारोवारको प्रतिवेदन ३ दिनभित्र वित्तिय जानकारी इकाईमा तोकिएको ढाँचामा पठाउने;
- ऐनको दफा ७त. को उपदफा (१) बमोजिम सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी आन्तरिक नीति र कार्यविधि तर्जुमा गरी साधारण सभाबाट पारित गराई लागू गर्ने;
- सञ्चालक समितिले ऐनको दफा ७त. को उपदफा (३) बमोजिम व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त गर्ने वा नियुक्त नभएसम्म प्रमुख कार्यकारी अधिकृतलेनै कार्यान्वयन अधिकारीको कार्य गर्ने गरी जिम्मेवारी तोक्ने र
- ऐन, नियमावली र विभागबाट जारी निर्देशनका माथि उल्लिखित लगायतका सबै व्यवस्थाहरू तदारूकताका साथ पालना गर्ने, गराउने व्यवस्था मिलाएर रू. ५ करोडभन्दा बढी बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाले चौमासिक रूपमा र अन्य संस्थाले वार्षिक रूपमा सम्बन्धित डिभिजन सहकारी कार्यालय, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, वा विभागमा तथा स्थानीय तह वा प्रदेश सरकारमा अभिलेख हस्तान्तरण भएका सहकारी संस्थाहरूको हकमा स्थानीय तह वा प्रदेशको सहकारी मन्त्रालयमा निर्देशनमा तोकिएको ढाँचामा सम्पादित कार्यहरूको प्रतिवेदन पठाउने ।

अन्यथा कानून बमोजिम कारबाई गरिने बेहोरासमेत जानकारी गराइन्छ ।

g]kfn ;/sf/
el'd Joj:yf, ;xsf/L tyf ul/aL lgjf/0f dGqfno
;xsf/L ljefu

## दोहोरो सदस्यता लिएका सहकारी संस्थाका सदस्यहरुलाई सूचना

सहकारी ऐन, २०७४ को दफा ३२ को उपदफा (१) मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनुअघि त्यसरी एकभन्दा बढी संस्थाको सदस्य रहेको भए तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने व्यवस्था भएको बेहोरा विदितै छ ।

सहकारी ऐन, २०७४ मिति २०७४ साल कात्तिक १ गतेदेखि जारी भएकाले कसैले एकै स्थानीय तहभित्र कार्यसञ्चालन गरिरहेका एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थाहरूको सदस्यता लिनुभएको भए २०७७ साल असोज मसान्तभित्रै आफूले छनौट गरेको कुनै एकमात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्था वा संस्थाहरूको सदस्यता अन्त्य गर्नु हुन अनुरोध छ । सहकारी संस्थाहरूले पनि आफ्ना सदस्यहरुलाई अवगत गराएर तदनुसार गर्ने, गराउने व्यवस्था मिलाउनु हुन सूचित गरिन्छ ।

अन्यथा कानूनबमोजिम कारबाई गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

# २०७६ जेष्ठ – श्रावणसम्म नेफ्स्कूनद्वारा सदस्यता प्रदान गरिएका बचत तथा ऋण सहकारी संस्थाहरुको विवरण

| क्र.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | मनि महल साकोस | कालिमाटी ३१ , काठमाडौं |
| २ | मान्यता साकोस | कालिमाटी १३, काठमाडौं |
| ३ | ऋषेश्वर साकोस | सोल्टीमोड १४ , काठमाडौं |
| ४ | सगुन साकोस | भिमेश्वर ०६ , दोलखा |
| ५ | प्रणव साकोस | काठमाण्डौ १४, काठमाडौं |
| ६ | नवजागरण साकोस | शहरे ०४ , दोलखा |
| ७ | पूर्णश्री साकोस | सुविधानगर ३२ , काठमाडौं |
| ८ | टसी साकोस | कागेश्वर मनोहरा-८, काठमाडौं |
| ९ | युवा साकोस | भरतपुर ०६ , चितवन |
| १० | समावेशी गरिबी निवारण साकोस | खैरहनी ०६ , चितवन |
| ११ | करूणा स्वावलम्वन साकोस | लगमागाढा गुठी ०१, धनुषा |
| १२ | उन्नतिशिल महिला साकोस | चन्द्रपुर ०१ ,रौतहट |
| १३ | चमत्कार साकोस | नयाँ बानेश्वर, काठमाडौं |
| १४ | जुझारू महिला साकोस | नयाँ बानेश्वर, काठमाडौं |
| १५ | लाली गुराँस साकोस | नेपालगञ्ज ०५ , बाकेँ |
| १६ | धनतेरस साकोस | पिडारी ०८ , सर्लाही |
| १७ | नमुना साकोस | सुन्दर बजार ०६ , लमजुङ |
| १८ | शृङगेश्वर साकास | कालिन्चोक ०८ , दोलखा |
| १९ | द्रव्यपुर साकोस | गण्डकी ०५ , गोरखा |
| २० | चौतारी साकोस | सूर्यविनायक ०५ , भक्तपुर |
| २१ | झरना साकोस | मध्यपुर थिमि ०४ , भक्तपुर |
| २२ | जागरण साकोस | सूर्यविनायक ०४ , भक्तपुर |
| २३ | गंगाजल साकोस | कोटेश्वर ३२, काठमाडौं |
| २४ | शुभकिरण साकोस | माछापोखरी १६, काठमाडौं |
| २५ | परिकल्पना साकोस | कलंकी १४, काठमाडौं |
| २६ | झरना साकोस | महालक्ष्मीस्थान १५, ललितपुर |
| २७ | स्वस्तिक साकोस | पेप्सीकोला ३२ , काठमाडौं |
| २८ | भगवती विकास साकोस | मालिकार्जन ०१ , दार्चुला |
| २९ | दर्शन साकोस | किर्तिपुर ०९ , काठमाडौं |
| ३० | ओडिसी साकोस | कालिमाटी १४ , काठमाडौं |
| ३१ | सुपरटप साकोस | कंलकी १४, काठमाडौं |
| ३२ | हेल्प विथ अस साकोस | चावहिल ०७ , काठमाडौं |
| ३३ | शुभलक्ष्य साकोस | कपन १०, काठमाडौं |
| ३४ | सहयोगी साकोस | कंचनपुर ०८, सप्तरी |
| ३५ | श्री मितेरी साकोस | असनपुर ०७, सिरहा |
| ३६ | लक्ष्मी साकोस | मिथिला ०६, धनुषा |
| ३७ | साझा साकोस | गोलबजार ०६, सिरहा |
| ३८ | महालक्ष्मी साकोस | त्रिपुरा सुन्दरी ०२, धादिङ |
| ३९ | बोधिसत्व साकोस | चावहिल ०७ , काठमाडौं |
| ४० | अग्नी साकोस | बनेपा ०८, काभ्रे |
| ४१ | पनौती साकोस | पनौती ०७, काभ्रे |

| क्र.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| ४२ | सुन्दरवस्ती साकोस | पनौती ०७, काभ्रे |
| ४३ | स्टार साकोस | बनेपा ०८, काभ्रे |
| ४४ | शुभ साकोस | सुर्यविनायक, भक्तपुर |
| ४५ | मनि केयर साकोस | मैतीदेवी २९, काठमाडौं |
| ४६ | आवर स्ट्यान्डर्ड साकोस | बनेपा ०८, काभ्रे |
| ४७ | उपकार साकोस | बनेपा ०६, काभ्रे |
| ४८ | खल्पीटार साकोस | सूर्यविनायक , भक्तपुर |
| ४९ | सिद्धेश्वर महिला साकोस | कौसलटार ०३, भक्तपुर |
| ५० | कृपालु साकोस | असन ३०, काठमाडौं |
| ५१ | मंगल ज्योती साकोस | विरेन्द्र चोक ०९, काठमाडौं |
| ५२ | कोटिला साकोस | कोटेश्वर ३२ , काठमाडौं |
| ५३ | दर्पण साकोस | मध्यपुर थिमि ०४ , भक्तपुर |
| ५४ | सिन्धुसागर साकोस | सरस्वतीनगर ०६, काठमाडौं |
| ५५ | स्वर्णपुरी साकोस | चावहिल ०७ , काठमाडौं |
| ५६ | सक्षम साकोस | मध्यपुर थिमि ०३ , भक्तपुर |
| ५७ | फन्डस साकोस | कुमारीपाटी १९, ललितपुर |
| ५८ | देउली महिला विकास साकोस | डुङगेश्वर ५, दैलेख |
| ५९ | क्षितिज साकोस | बुटवल १, रूपन्देही |
| ६० | रेसुङ्गा साकोस | तिलोत्तमा ४, रूपन्देही |
| ६१ | मिरमिरे साकोस | बटुक भैरव, ललितपुर |
| ६२ | सहस्राब्दी साकोस | हेटौंडा ११, मकवानपुर |
| ६३ | परिक्रमा साकोस | हेटौंडा ४, मकवानपुर |
| ६४ | हेटौडेली साकोस | हेटौंडा ४, मकवानपुर |
| ६५ | जगदम्बा साकोस | मल्सिऐसिया १, धनुषा |
| ६६ | आदर्श स्वाबलम्बन साकोस | बहेडाबेला ०९, धनुषा |
| ६७ | क्षिरेश्वर कृषक साकोस | महेन्द्रनगर ०१, धनुषा |
| ६८ | ज्ञानोदय शिक्षक साकोस | भद्रपुर ०८, झापा |
| ६९ | श्री सेतो गुँरास साकोस | तुम्ववो ०५, पाँचथर |
| ७० | हाम्रो उद्यमी साकोस | नयाँ बजार १६, काठमाडौं |
| ७१ | ओस्ला साकोस | मध्यपुर ठिमी ४, भक्तपुर |
| ७२ | सुभर्णभुमी साकोस | नागार्जुन ०२, काठमाडौं |
| ७३ | उषाकिरण महिला साकोस | खैरहनी १०, चितवन |
| ७४ | सौजन्य साकोस | रत्ननगर १०, चितवन |
| ७५ | नागरिक साकोस | रूपौलिया १०, नवलपरासी |
| ७६ | बुद्ध साकोस | सुनवल ०३, नवलपरासी |
| ७७ | आँचल साकोस | मध्यपुर ठिमी ०४, भक्तपुर |
| ७८ | तारापुञ्ज साकोस | महालक्ष्मी ०५, ललितपुर |
| ७९ | माइ पश्चिम साकोस | दमक ०५, झापा |
| ८० | मध्यपुर ठिमी साकोस | मध्यपुर ठिमी ४, भक्तपुर |
| ८१ | गुप्तेश्वर साकोस | सूर्यविनायक ०२, भक्तपुर |
| ८२ | लोकशान्ती साकोस | सुन्दरहरैचा ०९, मोरङ्ग |

| क्र.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| ८३ | आयात साकोस | केराबारी ८, मोरङ्ग |
| ८४ | सक्रिय साकोस | इटहरी ०७, सुनसरी |
| ८५ | लोकविन्दु साकोस | बनेपा ०९, काभ्रे |
| ८६ | जेथा साकोस | बौद्ध ०६, काठमाडौं |
| ८७ | कुनफेन साकोस | बौद्ध ०६, काठमाडौं |
| ८८ | घ्याम्पेसाल साकोस | भिमसेन थापा ०१, गोर्खा |
| ८९ | अक्सन साकोस | न्यूरोड २२, काठमाडौं |
| ९० | नव टाकुरा साकोस | न्यूरोड २४, काठमाडौं |
| ९१ | क्लिक साकोस | सेतोपुल ९, काठमाडौं |
| ९२ | फ्रेन्डस साकोस | गोदावारी १२, ललितपुर |
| ९३ | कञ्चनजंघा साकोस | इमाडोल ६, ललितपुर |
| ९४ | नमस्ते साकोस | महालक्ष्मी ०१, ललितपुर |

| क्र.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| ९५ | सिर्जना साकोस | भिमेश्वर ६, दोलखा |
| ९६ | जनदृष्टी साकोस | तामाकोशी ०३, दोलखा |
| ९७ | सुनौलो संसार साकोस | तिनकुने ३२, काठमाडौं |
| ९८ | शिक्षक हित साकोस | हेटौंडा, मकवानपुर |
| ९९ | रमान्टार डिपाङ साकोस | मनहरी ३, मकवानपुर |
| १०० | बंशगोपाल साकोस | हर्नामाडी, मकवानपुर |
| १०१ | हरियाली स्वावलम्वन साकोस | बकैया ०९, मकवानपुर |
| १०२ | आइडियल साकोस | चावहिल ०७, काठमाडौं |
| १०३ | पञ्चकन्या साकोस | खिचापोखरी, काठमाडौं |
| १०४ | बाघ भैरव साकोस | किर्तिपुर ०९, काठमाडौं |

# २०७६ जेष्ठ - श्रावणसम्म नेफ्स्कूनका विभिन्न तहमा नियुक्त कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | नियुक्ती मिति |
|---|---|---|---|
| १ | सुनिता घिमिरे | कार्यालय सहायक, धादिङ फिल्ड कार्यालय | २०७६/०२/०१ |
| २ | प्रेम प्रसाद अधिकारी | कार्यालय सहायक, चितवन फिल्ड कार्यालय | २०७६/०२/०१ |
| ३ | लक्ष्मण प्रसाद अधिकारी | व्यवसाय सहायक, कास्की फिल्ड कार्यालय | २०७६/०२/०५ |
| ४ | गजेन्द्र बहादुर साउद | कार्यालय सहायक, डडेलधुरा फिल्ड कार्यालय | २०७६/०२/०५ |
| ५ | लिला अम्माई | कार्यालय सहायक, केन्द्रीय कार्यालय | २०७६/०२/०९ |
| ६ | सन्देश घिमिरे | कार्यालय सहायक, लमजुङ फिल्ड कार्यालय | २०७६/०२/१२ |
| ७ | राजीब आचार्य | कार्यालय सहायक, केन्द्रीय कार्यालय | २०७६/०२/१४ |
| ८ | प्रकाश प्रसाद पोखरेल | नायव प्रमुख कार्यकारी अधिकृत, केन्द्रीय कार्यालय | २०७६/०३/०१ |
| ९ | पुजा कुमारी अग्रहरी | कार्यालय सहायक, दाङ फिल्ड कार्यालय | २०७६/०३/०१ |
| १० | प्रलिना श्रेष्ठ | कार्यालय सहायक, केन्द्रीय कार्यालय | २०७६/०३/०१ |
| ११ | निर्मला शर्मा | कार्यालय सहायक, केन्द्रीय कार्यालय | २०७६/०३/०१ |
| १२ | रिता सापकोटा | कार्यालय सहायक, भक्तपुर फिल्ड कार्यालय | २०७६/०३/०१ |
| १३ | मंकेश श्रेष्ठ | स्टोर किपर, केन्द्रीय कार्यालय | २०७६/०३/०१ |
| १४ | राजन तिमिल्सीना | अधिकृत, कास्की फिल्ड कार्यालय | २०७६/०३/०१ |
| १५ | कमल अधिकारी | अधिकृत, रूपन्देही फिल्ड कार्यालय | २०७६/०३/०१ |
| १६ | गणेश प्रसाद रेग्मी | अधिकृत, दोलखा फिल्ड कार्यालय | २०७६/०३/०१ |
| १७ | गौतम कुमार शाह | अधिकृत, जनकपुर फिल्ड कार्यालय | २०७६/०३/०१ |
| १८ | ध्रुब भुसाल | अधिकृत, सुनसरी फिल्ड कार्यालय | २०७६/०३/०१ |
| १९ | सुरेन्द्र श्रेष्ठ | कार्यालय सहायक, मकवानपुर फिल्ड कार्यालय | २०७६/०३/१५ |
| २० | हिमाल कोइराला | कानूनी सहायता अधिकृत, केन्द्रीय कार्यालय | २०७६/०४/०१ |
| २१ | चित्र प्रसाद भण्डारी | बरिष्ठ सहायक, केन्द्रीय कार्यालय | २०७६/०४/०१ |
| २२ | नेत्र प्रसाद सापकोटा | व्यवसाय सहायक, रूपन्देही फिल्ड कार्यालय | २०७६/०४/०५ |
| २३ | रञ्जनमणि पौड्याल | सञ्चार अधिकृत, केन्द्रीय कार्यालय | २०७६/०४/१० |
| २४ | प्रविण वाग्ले | बरिष्ठ सहायक, लमजुङ फिल्ड कार्यालय | २०७६/०४/१६ |

# नेफस्कून फिल्ड कार्यालय सम्बन्धी जानकारी

| क्र.सं. | फिल्ड कार्यालय | स्थापना मिति | सम्पर्क नं. | ईमेल |
|---|---|---|---|---|
| १ | चावहिल | २०७० असार १५ | ०१-४४७९५४४ | chabahilfo@nefscun.org.np |
| २ | ललितपुर | २०७१ बैशाख १० | ०१-५५३२६५० | lalitpurfo@nefscun.org.np |
| ३ | चितवन | २०५८ कार्तिक २५ | ०५६-५७२१५१ | chitwanfo@nefscun.org.np |
| ४ | नेपालगञ्ज, बाँके | २०६३ आश्विन १ | ०८१-५२७५९१ | bankefo@nefscun.org.np |
| ५ | ईटहरी, सुनसरी | २०६० पौष १३ | ०२५-५८४८०५ | sunsarifo@nefscun.org.np |
| ६ | दोलखा | २०६७ आश्विन २ | ०४९-४२१६८४ | dolakhafo@nefscun.org.np |
| ७ | सर्लाही | २०७० जेठ १८ | ०४६-५३०६८७ | sarlahifo@nefscun.org.np |
| ८ | रूपन्देही | २०७१ असार २१ | ०७१-५४०३६८ | rupandehifo@nefscun.org.np |
| ९ | कञ्चनपुर | २०७१ बैशाख २४ | ०९९-५२५२०५ | kanchanpurfo@nefscun.org.np |
| १० | पोखरा, कास्की | २०७२ फागुन १२ | ०६१-५३३३८९ | kaskifo@nefscun.org.np |
| ११ | झापा | २०७२ फागुन १२ | ०२३-५८५३५५ | jhapafo@nefscun.org.np |
| १२ | कलंकी, काठमाडौं | २०७३ भाद्र १५ | ०१-५२३४३५० | kalankifo@nefscun.org.np |
| १३ | दाङ | २०७३ आश्विन २० | ०८२-५६१८०९ | dangfo@nefscun.org.np |
| १४ | डडेलधुरा | २०७३ आश्विन १८ | ०९६-४१०१२७ | dadeldhurafo@nefscun.org.np |
| १५ | बीरगञ्ज, पर्सा | २०७३ मंसिर १२ | ०५१-५२८१०६ | parsafo@nefscun.org.np |
| १६ | लमजुङ्ग | २०७३ पौष २० | ०६६-५२१०९३ | lamjungfo@nefscun.org.np |
| १७ | सुर्खेत | २०७४ माघ ४ | ०८३-५२५७६० | surkhetfo@nefscun.org.np |
| १८ | बनेपा,काभ्रे | २०७४ फागुन ७ | ०११-६६२७५४ | banepafo@nefscun.org.np |
| १९ | न्यूरोड, काठमाडौं | २०७५ बैशाख १० | ०१-५७१३३०१ | newroadfo@nefscun.org.np |
| २० | जनकपुर, धनुषा | २०७५ असार २८ | ०४१-५९०५९० | janakpurfo@nefscun.org.np |
| २१ | धादिङ | २०७५ भाद्र १७ | ०१०-५२१२९९ | dhadingfo@nefscun.org.np |
| २२ | मकवानपुर | २०७५ आश्विन १७ | ०५७-५२३७१२ | makawanpurfo@nefun.org.np |
| २३ | लेटाङ्ग, मोरङ्ग सम्पर्क कार्यालय | २०७५ मंसिर १७ | ०२१-५६०६०५ | letangfo@nefscun.org.np |
| २४ | भक्तपुर | २०७५ मंसिर २६ | ०१-५०९३३०३ | bhaktapurfo@nefscun.org.np |

नेफस्कून

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून)**

केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-४७८१९६३, ४७८०२०१

इमेलः nefscun@nefscun.org.np,

वेबसाइटः www.nefscun.org.np

# संघका विविध गतिविधिका झलकहरू




















दर्ता नं.: १५४/०५१/०५२

पान नं. ३०२७५६६७८

सदस्यहरुको पूर्ण वित्तीय समाधान सहितको समुदायमा आधारित सहकारी संस्था

सबल र सुरक्षित संस्था

# सामुदायिक

## बचत तथा ऋण सहकारी संस्था लि.

नेफ्स्कून

ACCESS SILVER

### ऐतिहासिक पृष्टभूमि :

तत्कालिन टौखाल देवीस्थान गा.वि.स. वडा नं १ र २ का ४१ जना समाजसेवी युवाहरूको अगुवाईमा साहु महाजनको चर्को ब्याजदरबाट मुक्त गर्दै समुदायका सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर अभिवृद्धि गरी समृद्धि तर्फ उन्मूख गराउने उद्देश्यले सहकारी ऐन २०४८ अन्तर्गत २०५१ साल माघ १४ गते स्थापना भई फागुन २८ गते तत्कालिन जिल्ला सहकारी कार्यालय धुलिखेलमा दर्ता भई स्थापना भएको बचत तथा ऋण सहकारी संस्था हो । यो संस्थाले २०७३ सालमा तत्कालिन जगतगुरू बचत तथा ऋण सहकारी संस्थासँग एकिकरण गरेको र हाल ५ वटा सहकारी संस्थाहरूसँग एकिकरणको सम्झौता गरिसकेको छ । संस्थाले जिल्ला भित्रका विभिन्न सहकारी संस्थाहरूलाई एकिकरण गर्दै जिल्लाका सबै स्थानीय तहहरूमा आफ्नो सेवाहरू विस्तार गर्ने मुख्य लक्ष्य लिएको छ ।

### परिकल्पना (Vision):

"समुदायमा आधारित एशियाली स्तरको गुणस्तरीय साकोस"

### ध्येय (Mission):

"समुदायको समृद्धि निर्माणका लागि उपलब्ध प्रविधिको उपयोग गर्दै वित्तीय साक्षरता, परामर्स र तालिम सहितको बचत, ऋण, बीमा तथा विप्रेषण सेवा स्थानीय तहमै उपलब्ध गराउने"

### कार्यक्षेत्र :

काभ्रेपलाञ्चोक जिल्ला

### बचत योजनाहरु :

६.५ देखि १२.०० सम्म ब्याजदर कायम भएका २३ प्रकारका विभिन्न शीर्षकका बचतहरू, १४ देखि १६ सम्म ब्याजदरमा १७ शीर्षकहरूमा ऋण लगानी, IME, Himal, Prabhu, Western Union, Reliable, Siddhartha Remit कम्पनीका माध्यमबाट विभिन्न कम्पनीहरूका रेमिटेन्स सुविधा उपलब्ध, युटिलिटि बिल्स पेमेन्टको सुविधा (मोबाईल रिचार्ज, ल्याण्ड लाईन टेलिफोनको बिल भुक्तानी, डिसहोमको रिचार्ज), जीवन तथा निर्जीवन बीमा, स्वास्थ्य विमा, वित्तीय परामर्श, मुख्य कार्यालय बाहेक ९ वटा सेवा केन्द्रहरू मार्फत सेवा, बिहान ९:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म सदस्यहरूलाई कारोवारको सुविधा र ३६२ दिन काउन्टरका सेवाहरू उपभोग गर्न सकिने सुविधा उपलब्ध गराइएको छ । युवा सदस्यहरूलाई आकर्षित गरी सेवा पुऱ्याउन कार्ड लेस ए.टी.एम. सेवा र मोबाईल बैंकिङ्ग सुविधा उपलब्ध गराइएको छ । यूनियन पेए र एस.सी.टि. नेटवर्क भित्रका ए.टी.एम. मेशिनहरूबाट संस्थाका शेयर सदस्यहरूको बचत फिर्ता झिक्न सकिने सुविधाका लागि ए.टी.एम. कार्ड उपलब्ध गराउनुका साथै संस्थाकै ए.टी.एम. मेशिन मार्फत समेत शेयर सदस्यहरूलाई रकम झिक्न सक्ने सुविधा उपलब्ध गराइएको छ ।

### अन्य गतिविधिहरु :

विपत् व्यवस्थापन राहत कार्यक्रम, सदस्य समवेदना राहत कार्यक्रम, सदस्य स्वास्थ्य सुरक्षा कार्यक्रम, नवजात शिशु तथा सुत्केरी भेटघाट कार्यक्रम तथा खुत्रुके र भोटो उपहार, सदस्य तथा सदस्यका परिवार मध्येबाट वार्षिक ४ जनालाई छात्रवृत्ति, उत्कृष्ट एस.एल.सी./एस.ई.ई. सम्मान कार्यक्रम, जेष्ठ सदस्य सम्मान, सदस्य सहकारी शिक्षा शिविर, सहकारी सुरक्षा योजना तथा बीमाका कार्यक्रमहरू, अस्पताल तथा भेटेनरीमा सदस्यहरूलाई छुटको व्यवस्था, सामुदायिक बुलेटिन मासिक प्रकाशन, सदस्य केन्द्रित तालिम तथा कार्यक्रमहरू सञ्चालन, सहभागितात्मक समूह परिचालन कार्यक्रम सञ्चालन गरिएको छ ।

### मानव संशाधन

| | |
|---|---|
| सञ्चालक समिति | १५ जना |
| लेखा तथा सुपरिवेक्षण समिति | ३ जना |
| कर्मचारी | ४६ जना |

### संस्थाको वित्तीय अवस्था : २०७६ असारसम्मको

| | |
|---|---|
| सदस्य संख्या | : २२४०५ |
| वासलात | : १,८४,४१,७३,७३८.१० |
| शेयर पूँजी | : १८,७२,८७,६००.०० |
| संस्थागत पूँजी | : १५,८५,८२,४९०.२८ |
| बचत संकलन | : १,३०,१७,००,५९९.०१ |
| ऋण लगानी | : १,४६,६८,४६,०२१.५४ |

### संस्थाका हालसम्मका उपलब्धीहरु

- उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०६५ - राष्ट्रिय सहकारी संघ
- उत्कृष्ट साकोस २०६८ - नेफ्स्कून
- उत्कृष्ट व्यवस्थापक २०६८ - नेफ्स्कून
- अन्तराष्ट्रिय एक्सेस ब्राण्ड ई.सं. २०१२ मा प्राप्त गरी निरन्तर नविकरण - एसियाली ऋण महासंघ (अकु)
- अन्तर्राष्ट्रिय एक्सेस ब्राण्ड ई.सं.२०१७ देखि सिल्भर ब्राण्ड प्राप्त - एसियाली ऋण महासंघ (अकु)
- उत्कृष्ट साकोस २०७३ (प्रदेश नं. ३) - राष्ट्रिय सहकारी बैंक
- उत्कृष्ट व्यवस्थापक २०७५ - नेफ्स्कून

### सेवाकेन्द्रहरु

पनौती सेवाकेन्द्र
पनौती-६, नमोबुद्धरोड

बनेपा सेवाकेन्द्र
बनेपा-७, चाँदनीचोक

कुशादेवी सेवाकेन्द्र
पनौती-२, चाम्लेबजार

महेन्द्रज्योति सेवाकेन्द्र
बनेपा-१२, बाँसडोल

पनौती-४, टोखा, काभ्रे
फोन नं. : ०११-४४०२८६, ४४११०६, ४४१२१६, ४४१३८२
इमेलः info@samudayiksaccos.org.np

www.samudayiksaccos.com

## संस्थागत गुणस्तर सुनिश्चितताका लागि प्रोबेशन कार्यक्रम

**प्रोबेशनमा सहभागिता: गुणस्तर र व्यावसायिकता**

PROBATION
Program for Building Absolute & Professionalization

### Program for Building Absolute and Professionalization (PROBATION)

**पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम**






## कार्यक्रमका उद्देश्यहरु

- प्रमाणीकरण मार्फत संस्थाको स्तरिकरण गरी गुणस्तर सुनिश्चित गर्ने
- वित्तीय रुपमा स्वस्थ तथा सुरक्षित रहँदै सदस्य मैत्री प्रतिस्पर्धात्मक सेवा प्रवाह गर्न सक्षम बनाउने
- साकोसको योजनाबद्ध विकास तथा व्यवसायिक सेवा प्रवाहमा गुणस्तरको सुनिश्चितता गर्ने

### गुणस्तर मापनका लागि प्रयोग गरिने औजारहरु

| वित्तीय व्यवस्थापनको लागि | संस्थागत सुशासन तथा व्यवस्थापनको लागि |
|---|---|
| **PEARLS** | **HIMAL** |

### पूँजीको आधारमा सहभागिता शुल्क

| | |
|---|---|
| रु.२५ देखि ५० करोडसम्म | रु. ५०,००० |
| रु.५० करोड देखि १ अर्बसम्म | रु. ७५,००० |
| रु.१ अर्ब भन्दा माथि | रु. १,००,००० |

# NECOS
LITE
PLUS
ULTIMATE

## "साकोस अभियानको आफ्नै सफ्टवेयर" नेकोस

**परिचयः**

नेपालमा सञ्चालित वित्तीय कारोवार गर्ने सहकारीहरूको लेखा प्रणालीमा एकरूपता कायम गर्न तथा कारोवारलाई सुरक्षित, चुस्त, दुरूस्त तथा पारदर्शी बनाउनको लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. द्वारा यस नेकोस सफ्टवेयरको विकास गरिएको हो ।

## नेकोस सफ्टवयरका विशेषताहरू

- नेफ्स्कूनद्वारा विकास गरिएको सबैभन्दा विश्वासीलो एवं भरपर्दो सफ्टवेयर,
- नविनतम् प्रविधिमा आधारित, मजबुत सुरक्षा प्रणाली मार्फत तथ्याङ्कको सुरक्षा गर्ने,
- सहकारीको सम्पूर्ण वित्त व्यवस्थापनको लागि सक्षम सफ्टवेयर,
- सहकारीलाई आवश्यक पर्ने सबै प्रकारका प्रतिवेदनहरू समेटिएको,
- सहकारी चार खाता समावेश भएको,
- डिभिजन सहकारी प्रतिवेदन, पर्ल्स प्रतिवेदन र लोन एजिङ समावेश भएको,
- संस्थाको आवश्यकता बमोजिम Customized Report तयार गर्न सकिने,
- SMS, E-Necos सुविधा भएको तथा ATM नेटवर्क जडान गर्न मिल्ने,
- ऋणको किस्ता तथा आवधिक बचत म्याच्युरिटीको पुर्व सूचना दिने,
- प्रयोगकर्ताले चाहेको समयमा तथा कम्प्युटरद्वारा स्वचालित तरिकाले व्याकअप लिन सकिने,
- सफ्टवेयरको प्रयोगकर्ता अनुसार क्षेत्राधिकार तय गर्न सकिने,
- कम्प्युटर सम्बन्धी सामान्य ज्ञान भएको व्यक्तिले समेत सजिलै सञ्चालन गर्न सकिने,
- वेभमा आधारित (Web Based) सफ्टवयर भएकोले एउटै मात्र कम्प्युटरमा जडान गरी एकै साथ LAN मार्फत २५३ वटा कम्प्युटर मार्फत सञ्चालन गर्न सकिने,
- ईन्टरनेट/ईन्ट्रानेट मार्फत असिमित कम्प्युटर तथा प्रयोगकर्ताले एकै साथ सञ्चालन गर्न सकिने,
- सेवा केन्द्रहरूको कारोवार छुट्टाछुट्टै सेवा केन्द्रमा प्रविष्टी हुने, सेवा केन्द्र अनुसार छुट्टाछुट्टै एवं एकमुष्ट वित्तीय प्रतिवेदनहरू तयार हुने,
- सेवा केन्द्रहरूको छुट्टाछुट्टै दैनिक खाता बन्दी (EOD) को व्यवस्था भएको,
- भुक्तानी पुर्जा (चेक), शेयर प्रमाण पत्र तथा कारोवारका बिल, भौचरहरू प्रिन्ट गर्न सकिने,
- हरेक प्रतिवेदनहरू एक्सेल, पिडिएफमा एक्स्पोर्ट गर्न सकिने ।